विश्वासीहरूका निम्ति लेखिएको
पवित्र बाइबलको टिप्पणी

# एफेसीहरूलाई लेखिएको प्रेरित पावलको पत्रको टिप्पणी

विलियम म्याक डोनाल्ड

Title of the English Original:
**Believer's Bible Commentary by William MacDonald**

Indian Publisher of the English Original:
**Authentic Media, Medchal Road, Suchitra Junction, Secunderabad – 500 067, India**

ISBN of the English Original: ISBN 9789381905593

Copyright of the English Original: © 1995 by Christian Mission in Many Lands, Inc. P.O. Box 13, Spring Lake, NJ 07762, USA www.cmml.us

Copyright of the Nepali translation: © 2015 by Christian Mission in Many Lands, , Inc. P.O. Box 13, Spring Lake, NJ 07762, USA www.cmml.us

Publisher of the Nepali translation:

जीवन मार्ग प्रकाशन
पी.ओ. बोक्स नं. २३
पी.ओ. कालिम्पोङ्ग - ७३४३०१
दार्जीलिङ्ग, पश्चिम बंगाल
भारत

Printed at:

# एफेसीहरूलाई लेखिएको प्रेरित पावलको पत्र

## भूमिका

*‘एफेसीहरूलाई लेखिएको पत्रचाहिँ प्रेरित पावलका लेखहरूमा ग्रन्थरत्नरूपी मुकुट हो।’*

*श्री जे. आर्मिटेज रबिन्सन*

*‘एफेसीहरूलाई लेखिएको पत्र प्रेरित पावलको तेस्रो स्वर्गको पत्र हो।’*

*श्री ए. टि. पियर्सन*

### १) कानुनमा त्यसको अद्वितीय स्थान

एफेसीहरूलाई लेखिएको पावलको पत्र कति कुराहरूमा पावलको ठेट पत्रको रूपमा देखा पर्छ, जस्तैः अभिवादन, धन्यवाद-ज्ञापन, शिक्षाको प्रस्तुति, त्यस शिक्षामाथि आधारित हाम्रो व्यवहारिक कर्तव्य र बिदाको नमस्कार। एफेसीहरूलाई लेखिएको पत्र एउटा वास्तविक चिट्ठी

नै हो, तर यसको रूप एउटा प्रवचन दिएजस्तै, अथवा मण्डली-सभाको क्रमजस्तै देखिन्छ, जुन सभामा वचनको सेवाको साथमा प्रार्थनाहरू र एउटा स्तुतिगान पनि हालिएका हुन्छन् । यस विषयमा श्री विलियम जी. मूरहेडले यसो लेखेका छन्ः

*'यहाँ हामी पवित्रस्थानको चकमन्न र सुनसान सन्नाटामा प्रवेश गर्छौं । ... यहाँ विश्राम, मनन-चिन्तन, अँ, उपासना र शान्तिको वातावरणले राज्य गर्छ ।'* 1)

धेरैभन्दा धेरै टिप्पणीकारहरू श्री जे. आर्मिटेज रबिन्सनको उक्त मूल्याङ्कनरूपी रायसित सहमत हुन्छन् । तब केही आधुनिक धर्म-विद्वान्हरूले अठार-उन्नाइस शताब्दीहरूभरिका इसाई शिक्षकहरूद्वारा कायम राखिएको शिक्षामा कसरी लात हान्ने आँट गर्छन् र एफेसीहरूलाई लेखिएको पत्र पावलको रचना होइन भन्ने दाबी कसरी गर्न सक्छन् ? के तिनीहरूको यो धारणा तथ्यहरूमाथि स्थापित भएको छ कि कल्पना-माथि ?

## २) त्यस पत्रको लेखकको विषयमा पाइने जानकारी

*बाहिरी प्रमाणः* एफेसीहरूलाई लेखिएको पत्र पावलको वास्तविक रचना हो भन्ने प्रमाण पक्का र बलियो छ । किनभने यस पत्रको निम्ति शुरुदेखि नै लगातार भइरहने साक्षीहरू छन्, जस्तै रोमको क्लेमेन्ट (इस्वी संवत् ३५-९९), इग्नाटियस (इस्वी संवत् -१०८), पोलिकार्प (इस्वी संवत् ६९-१५५) र हेर्मास् (दोस्रो शताब्दी), अनि आलेक्जान्ड्रियाको क्लेमेन्ट (इस्वी संवत् १५०-२१५), इरेनेयस (इस्वी संवत् १३०-२००) र हिप्पोलिटस (इस्वी संवत् १७०-२३५) । यस्ता धेरै साक्षीहरू त पावलको अरू कुनै पत्रका निम्ति छैनन् । अनि मुराटोरी कानुनले एफेसीहरूलाई लेखिएको पत्र प्रेरित पावलका अरू पत्रहरूसँग राख्छ ।

*भित्री प्रमाणः* एफेसीहरूलाई लेखिएको पत्रको लेखक आफूले 'म पावल हुँ' भन्छन् (एफेसी १:१ र ३:१) । अनि एफेसीको पत्र र

कलस्सीको पत्रका अन्तर्विषयहरू उस्तै-उस्तै छन्, यहाँसम्म कि यी दुईवटा पत्रहरू एकै समयमा एकै व्यक्तिबाट लेखिएका हुनुपर्छ। एफेसीहरूलाई लेखिएको पत्रको ढाँचाचाहिँ प्रेरित पावलले आफ्ना पत्रहरू लेख्दा अपनाएको तिनलाई चिनाउने विशेष ढाँचा हो। यसको चर्चा भूमिकाको शुरुमा गरिसकियो।

हुन त हामी मान्न तयार छौं, पावलले यस पत्रमा केही नयाँ कुराहरू हालेका छन्। तर के कुनै लेखकले केही नयाँ कुरा लेख्नुहुँदैन र? नयाँ कुरा लेख्दाखेरि तिनलाई जालसाजी गरेको आरोप किन लाग्नुपर्ने? तब बाइबलका लेखकहरूले पवित्र जनहरूलाई परिपक्व तुल्याउने सेवकाइ कसरी पूरा गर्न सक्छन्? नयाँ कुराहरू लेख्न नपाउँदा उनीहरूसँग यसो गर्ने मौकाहरू निक्कै कम हुनेथिए।

श्री फ्रिड्रिक ए. डी. श्लाइरमग्खरले एफेसीको पत्र प्रेरित पावलको रचना होइन भनेर इन्कार गरे। ती जर्मन उदारवादी धर्मविज्ञानी यसो गर्नुमा प्रथम थिए। धेरै आधुनिकवादीहरू त्यही लहैलहैमा लागे, जस्तै श्री मोफ्फट र श्री गूडस्पीड। शब्दभण्डार, शैली र विकसित शिक्षा आदि विषय-उपविषयहरू लिएर तिनीहरूले यो पत्र पावलको होइन पार्न खोज्छन्। तर तिनीहरूले आविष्कार गरेका एक-एक परिकल्पनाको सठीक उत्तर दिन सकिन्छ। पावलको पक्षमा बाहिरी प्रमाणहरू यति विघ्न छन् र विद्वान् टिप्पणीकारहरू ठूलो सङ्‌ख्यामा छन्। तब एफेसीहरूलाई लेखिएको पत्रमा पावलको मनस्विता र व्यक्तित्व मात्र देख्नु पर जाओस्, तर यो पत्र तिनको 'सर्वोच्च दिव्य रचना' मान्नुपर्छ, जसरी श्री कोल्‌रिड्‌चले एफेसीको पत्रलाई भनेका छन्। यसर्थ हामी स्वीकार गर्छौं, कि एफेसीको पत्र प्रेरित पावलको वास्तविक रचना हो।

## ३) त्यस पत्रको लेख्ने मिति

एफेसी, कलस्सी, फिलिप्पी र फिलेमोनका पत्रहरूले 'झ्यालखानामा लेखिएका पत्रहरू' भन्ने नाम पाएका छन्। पावलले झ्यालखानाबाट यो एफेसीको पत्र त लेखे (एफेसी ३:१ र ४:१), तर तिनले यो पत्र कुनचाहिँ

कैदमा लेखे, सो कुरा तर्कमा सीमित रहेको छ। कतिको विचारमा, पावलले सिजरियाको जेलमा बसेको दोस्रो वर्षमा यो पत्र लेखे; अरूले यो पत्र तिनी एफेससमा कैदी भएको अवस्थाको फल हो भन्छन्, जुन तर्क पूरा प्रमाणरहित हो। तर भारी प्रमाणहरूमाथि आधारित विचार यस प्रकारको छः रोममा तिनी पहिलो पल्ट कैदमा हालिएको समयमा अर्थात् इस्वी संवत् ६० सालतिर तिनले यो पत्र लेखे। तुखिकसले कलस्सी-हरूलाई लेखिएको पत्र र एफेसीहरूलाई लेखिएको पत्र बोकेर एशिया प्रान्तमा लगे (कलस्सी ४:७-९ र एफेसी ६:२१-२२)। यी पत्रहरूमा शिक्षाका अन्तर्विषयहरू किन उस्तै-उस्तै छन्, सो कुरा यसैबाट स्पष्ट हुन्छ; किनभने जब प्रेरित पावलले यी पत्रहरू लेखे, तब एकै किसिमका विचारहरूले तिनको मनमा खेलिबसेका थिए।

## ४) सन्दर्भ र विषयवस्तु

एफेसीहरूलाई लेखिएको पत्रको मुख्य विषयलाई पावलले 'रहस्य' भन्ने नाम दिन्छन्। तर जुन कुरा तिनले यहाँ, यस पत्रमा 'रहस्य' भन्छन्, त्यो कुरा बुझ्नै सकिँदैन भन्ने अर्थ हुँदैन; तर त्यो त यस्तो अद्‌भुत सत्यता हो, जुन सत्यता अघि कहिल्यै प्रकट भएको थिएन, तर अहिले प्रकाशमा आएको छ।

यस पत्रको विषयवस्तु त्यो महान् सत्यतारूपी सूचना होः विश्वास गर्ने यहूदीहरू र विश्वास गर्ने अन्यजातिका मानिसहरू ख्रीष्ट येशूमा एक भएका छन्। उनीहरू ख्रीष्टको देहमा अङ्गहरू अर्थात् उहाँको मण्डलीका सदस्यहरू भएका छन्। वर्तमान समयमा उनीहरूको आत्मिक अधिष्ठानरूपी स्थान ख्रीष्टमा स्वर्गीय स्थानहरूमा छ। अनि भविष्यमा उनीहरू ख्रीष्ट येशूको महिमा सहभागी हुनेछन्, जुन ख्रीष्ट येशू सबै कुराहरूको शिर हुनुहुन्छ।

त्यो 'रहस्य' भन्ने शब्द हामी एफेसीको पत्रको एक-एक अध्यायमा अर्थात् यसको जम्मै छवटा अध्यायहरूमा पाउँछौं, जस्तैः

एक अध्यायमा त्यस रहस्यले 'परमेश्वरको इच्छाको रहस्य' भन्ने नाम पाएको छ (एफेसी १:९); किनभने भविष्यमा यस्तो एउटा समय आउनेछ, जब ख्रीष्ट येशू स्वर्गमा र पृथ्वीमा भएका सबै कुराहरूको शिर हुनुहुनेछ (एफेसी १:९-१०)। विश्वास गर्ने यहूदीहरू र विश्वास गर्ने अन्तजातिका मानिसहरूले त्यस दिनको महिमामा सहभागी हुनेछन्। (हामी भन्नाले विश्वास गर्ने यहूदीहरू बुझ्नुपर्छ (एफेसी १:११); अनि तिमीहरू भन्नाले विश्वास गर्ने अन्यजातिका मानिसहरू बुझ्नुपर्छ (एफेसी १:१३)।) उनीहरूले सारा विश्वमाथि राज्य गर्नेछन् (एफेसी १:२२-२३); किनभने उनीहरू उहाँको शरीर र उहाँको परिपूर्णता हुन्।

दुई अध्यायमा त्यो रहस्य यस प्रक्रमको रूप लिन्छ, जुन प्रक्रमअनुसार क) यहूदीहरू र अन्यजातिका मानिसहरूले परमेश्वरको अनुग्रहद्वारा मुक्ति पाउनेछन्; ख) उनीहरू पहिले परमेश्वरसित मेलमिलापमा ल्याइनेछन्, त्यसपछि उनीहरूले आपसमा मेलमिलाप राख्नेछन्; ग) अनि ख्रीष्ट येशूसितको एकीकरणद्वारा उनीहरू एक नयाँ मानिस बन्नेछन्; अनि घ) उनीहरू एउटा पवित्र मन्दिर बन्नेछन्, जहाँ परमेश्वरले आफ्नो आत्माद्वारा वास गर्नुहुनेछ।

तीन अध्यायमा 'ख्रीष्टको रहस्य'को नाममा त्यस रहस्यको सम्पूर्ण स्पष्टीकरण दिइन्छ। (जी. एन. डार्बीअनुसार 'ती ख्रीष्टको रहस्य'।) 'ती ख्रीष्ट'को अर्थ ख्रीष्ट त्यस आत्मिक शरीरको शिर हुनुहुन्छ र सबै विश्वासीहरू उहाँको देह हुन्छन्। अनि यस आत्मिक देहमा विश्वास गर्ने अन्यजातिका मानिसहरू साझा-हकवाला, सङ्गी-अङ्गहरू र परमेश्वरको प्रतिज्ञाका साझा-भागीदार भएका हुन्छन् (एफेसी ३:६)।

चार अध्यायमा शरीरको एकतामाथि र त्यो शरीर परिपक्वतासम्म आइपुग्नलाई परमेश्वरले वृद्धिको कुन प्रणाली अपनाउनुभएको हो, सो कुरामा जोड़ दिइएको छ (एफेसी ४:१-१६)।

पाँच अध्यायमा त्यस रहस्यले 'ख्रीष्ट र मण्डली' भन्ने नाम पाएको छ (एफेसी ५:३२)। ख्रीष्ट येशू र मण्डलीको बीचको सम्बन्ध पति र पत्नीको बीचको सम्बन्धको निम्ति प्रतीक र आदर्श-नमुना हो।

अनि छ अध्यायमा प्रेरित पावलले सुसमाचारको रहस्यको कुरा गर्छन् (एफेसी ६:१९-२०), जुन सुसमाचारको राजदूत भई तिनी कैदी भएका थिए।

यस पत्रमार्फत यो समाचार यी अन्यजातिका विश्वासीहरूकहाँ आइपुगेको कल्पना गर्ने कोशिश गर्नुहोस्! किनकि यिनीहरू यस पत्रका प्रापकहरू थिए। परमेश्वरको अनुग्रहमा यिनीहरूले विश्वासद्वारा मुक्ति पाए, यहूदी मानिसहरूले जस्तै। त्यत्ति मात्र होइन, तर यिनीहरूले पहिलो पल्ट तिनीहरूसित उस्तै सौभाग्यशाली स्थान पाए र यिनीहरू तिनीहरूकै स्तरमा उठाइए। अबचाहिँ परमेश्वरको सामु यिनीहरूको ठहरमा कुनै कमी छैन; यिनीहरूको र तिनीहरूको ठहर बराबर भयो। अनि ख्रीष्ट येशूको देह र उहाँकी दुलहीको रूपमा यिनीहरू उहाँसँग सिंहासन-आरोहक हुनेछन्, र उहाँको विश्वव्यापी राज्यको महिमामा सहभागी हुनेछन्।

एफेसीहरूलाई लेखिएको पत्रको अर्को महत्त्वपूर्ण विषयवस्तु 'अगापे'-प्रेम हो, जुन प्रेमचाहिँ प्रेम गर्ने इच्छाको फल हो। प्रेरित पावलले आफ्नो पत्र यस प्रेमको विषयबाट शुरु गर्छ र यस विषयसित अन्त गर्छ (एफेसी १:४ र ६:२४)। तिनका अरू सबै पत्रहरूमा भन्दा तिनले एफेसीहरूलाई लेखेको यस पत्रमा 'प्रेम' भन्ने संज्ञा र 'प्रेम गर्नु' भन्ने क्रियापद बढ़ी मात्रामा प्रयोग गरेका छन्। यस कुराले पवित्र आत्मासँग यस ठूलो र सक्रिय मण्डलीको विषयमा पूर्वज्ञान भएको बोध गराउँला; किनभने तीस वर्षपछिको कुरा होः त्यस बेलामा यस मण्डलीले झूटो शिक्षाको सामना गर्ने आज्ञा अझै पनि पालन गर्नेछ, तर आफ्नो पहिलो प्रेम छोड़िसकेको हुनेछ, जसरी हाम्रा प्रभुले एफेससमा भएको मण्डलीको दूतलाई लेख्नुभएको पत्रमा उनीहरूको विरोधमा आरोप लगाएर उनीहरूलाई भन्नुभयो (प्रकाश २:४)।

# रूपरेखाः

## खण्ड १) एफेसी १ः-३ः ख्रीष्ट येशूमा विश्वासीहरूको ठहर

**क) एफेसी १ः१-२ः** अभिवादन

**ख) एफेसी १ः३-१४ः** प्रेरित पावलले अनुग्रहका आशिषहरूका निम्ति परमेश्वरलाई धन्यवाद चढ़ाउँछन्।

**ग) एफेसी १ः१५-२३ः** प्रेरित पावलले पवित्र जनहरूका निम्ति धन्यवाद चढ़ाउँछन् र उनीहरूका निम्ति प्रार्थना गर्छन्

**घ) एफेसी २ः१-१०ः** अन्यजातिहरू र यहूदीहरूले मुक्ति पाएकोमा परमेश्वरको शक्तिको प्रदर्शन भएको छ

**ङ) एफेसी २ः११-२२ः** विश्वास गर्ने यहूदीहरू र विश्वास गर्ने अन्यजातिहरूको बीचमा ख्रीष्ट येशूमा एकता भएको छ

**च) एफेसी ३ः१-१३ः** बीचमा आएर पावलद्वारा अब रहस्यको ढुकुटी खोलिन्छ

**छ) एफेसी ३ः१४-१९ः** पवित्र जनहरूका निम्ति प्रेरित पावलको दोस्रो प्रार्थना

**ज) एफेसी ३ः२०-२१ः** प्रेरित पावलको स्तुतिगान

## खण्ड २) एफेसी ४ः-६ः प्रभुमा विश्वासीहरूको व्यवहार कस्तो हुनुपर्छ ?

**क) एफेसी ४ः१-६ः** ख्रीष्टीय सङ्गतिमा एकताका निम्ति हुने आह्वान

**ख) एफेसी ४ः७-१६ः** ख्रीष्टको देहका अङ्गहरू सठीक काम गर्ने पद्धति

**ग) एफेसी ४:१७-५:२१:** नयाँ नैतिकताका निम्ति हुने आह्वान

**घ) एफेसी ५:२२-६:९:** ख्रीष्टीय परिवारमा व्यक्तिगत भक्तिका निम्ति हुने आह्वान

**ङ) एफेसी ६:१०-२०:** आत्मिक लड़ाइँका निम्ति हातहतियाररूपी अर्तीहरू

**च) एफेसी ६:२१-२४:** प्रेरित पावलका विभिन्न व्यक्तिगत अभिवादनहरू

# एफेसीहरूलाई लेखिएको पावलको पत्रको टिप्पणी

## खण्ड १) एफेसी १ः-३ः ख्रीष्ट येशूमा विश्वासीहरूको ठहर

### क) एफेसी १ः१-२ः अभिवादन

**एफेसी १ः१ः** पावलको अर्थ 'सानो' हो। हुन सक्छ, पावलको शरीरलाई 'सानो' भन्न मिल्थ्यो होला, तर तिनको आत्मिक प्रभावचाहिँ विशाल थियो। तिनले आफ्नो परिचय दिँदा आफूलाई येशू ख्रीष्टको प्रेरित भन्छन्। यसबाट स्वर्गारोही हुनुभएको प्रभुले तिनलाई नियुक्त गर्नुभएको र

तिनलाई विशेष कार्यभार सुम्पनुभएको कुरा स्पष्ट बुझिन्छ। अनि यो कार्यभारचाहिँ अन्यजातिहरूको बीचमा सुसमाचार प्रचार गर्नु थियो र मण्डलीको सम्बन्धमा त्यो महान् सत्यता सिकाउनु थियो (एफेसी ३:८-९)। एफेसीहरूलाई लेखिएको पत्रको विषयवस्तु ख्रीष्टको मण्डली हो; अनि मण्डली सम्बन्धित यो सत्यता पहिले प्रेरितहरू र भविष्यवक्ता-हरूलाई प्रकट भयो; यसकारण पावलले आफूलाई प्रेरित भनेर परिचय गर्नु यहाँ पूरा सुहाउँछ। तिनले यसो गरेको तिनको घमण्डको फल थिएन; तर तिनले यस विषयमा पूरा अधिकारको साथ बोल्न सक्नु हुन्छ भन्ने स्पष्टीकारण हो। तिनको अधिकार कहाँबाट आउँछ? *'परमेश्वरको इच्छाद्वारा'* बोल्छु भन्ने शब्दले तिनको अधिकारको स्रोत बताउँछ। पावलको सेवकाइ तिनले रोजेको पेसागत काम थिएन। कसैले तिनलाई यस काममा नियुक्त गरेन; यसमा मानिसहरूको हात थिएन। तर त्यो त शुरुदेखि अन्तसम्म परमेश्वरको बोलावट थियो (गलाती १:१)।

तिनको पत्रका प्रापकहरूचाहिँ *'एफेससमा भएका पवित्र जनहरू र ख्रीष्ट येशूमा विश्वासयोग्य हुनेहरू'* थिए। संसारबाट परमेश्वरका निम्ति अलग गरिएका मानिसहरू पवित्र जनहरू हुन्। अनि नयाँ नियमअन्तर्गत यो पवित्र जन हुने नाम नयाँ जन्म पाएका सबै ख्रीष्ट-विश्वासीहरूलाई दिइएको छ। अनि यस नामले उनीहरूको आफ्नो पवित्रता होइन, तर ख्रीष्ट येशूमा उनीहरूको ठहर सङ्केत गरेको छ। ख्रीष्टमा सबै विश्वासीहरू पवित्र जनहरू हुन्, यद्यपि उनीहरू आफूमा सधैं पवित्र नहोलान्। यसको निम्ति हामी यहाँ यो उदाहरण दिन्छौं: प्रेरित पावलले कोरिन्थका विश्वासीहरूलाई पवित्र जनहरू भन्छन् (१ कोरिन्थी १:२), तर यस पत्रमा अघि बढ्दाखेरि ती विश्वासीहरूमध्ये सबैजना पवित्र जीवन नजिएका थाहा लाग्छ। तर परमेश्वरको इच्छा जारी रहन्छः हाम्रो व्यवहार हाम्रो ठहरअनुसार हुनुपर्छ; पवित्र जनहरू पवित्र जीवन जिउनुपर्छ।

*'... र ख्रीष्ट येशूमा विश्वासयोग्य हुनेहरू;'* विश्वासयोग्य हुनेहरू भन्ने शब्दको अक्षरशः अर्थ 'विश्वास गर्नेहरू' हो। सबै साँचो ख्रीष्ट-विश्वासी-हरूले प्रभु येशूमाथि विश्वास गर्छन्। यसकारण यो उनीहरूको बारेमा

सत्य कथन हो । हुन पनि हो, ख्रीष्ट-विश्वासीहरू विश्वासयोग्य हुनुपर्छ; उनीहरू विश्वासी र भरपर्दा हुनुपर्छ । तर पावलले यहाँ भन्न खोजेको कुरा यो हो, कि यी विश्वासीहरूले ख्रीष्ट येशूलाई आफ्नो व्यक्तिगत प्रभु र मुक्तिदाताको रूपमा स्वीकार गरे ।

'एफेससमा' भन्ने शब्द प्रायः सबै पाण्डुलिपिहरूमा पाइन्छ, केवल दुईवटा निक्कै पुराना पाण्डुलिपिहरूमा यो शब्द छैन। यसकारण धेरै शास्त्र-वैज्ञानिकहरूले अनुमान गरेका छन्, कि यो पत्र एउटा गस्ती-पत्र हुनुपर्ला । अनि यो गस्ती-पत्र यस उद्देश्यले लेखियो, कि विभिन्न ठाउँका मण्डलीहरूमा ख्रीष्ट-विश्वासीहरूले यो पत्र पढ्न पाऊन्, जुन मण्डली-हरूमध्ये एफेससको मण्डलीको यो पत्र पाउने पालो पहिलो भयो अरे । परमेश्वरलाई धन्यवाद होस्, यस कुराले हाम्रा निम्ति न यस पत्रको मौलिकताबाट, न यस पत्रको महत्त्वबाट केही मूल्य घटाउँछ ।

**एफेसी १:२:** अब अभिवादनको कुरा आयो । प्रेरित पावलले यहाँ यी पवित्र जनहरूलाई अफ्नो शुभेच्छा टक्राउँछन् । अनि तिनले प्रयोग गरेका एक-एक शब्दमा आत्मिक महत्त्व हुन्छ। तब हामीले वर्तमान समयमा चलाइरहेका हाम्रा फोस्रा अभिवादनहरूको विषयमा केकसो हो ? यी खोक्रा अभिवादनहरू परिवर्तन गर्ने बेला आएको छ ।

*अनुग्रहः* पावलको यो पत्र पढ्ने पाठकहरूले परमेश्वरको अनुग्रहद्वारा मुक्ति पाइसके । यी अयोग्यहरू र आफ्ना पापहरूमा हराएका मानिसहरू परमेश्वरको निगाहका पात्र भए। तर अब उनीहरूलाई दिन-प्रतिदिनको जीवनमा परमेश्वरको सहायताको खाँचो परेको थियो । अब उनीहरूको जीवनमाथि आइपर्ने समस्याहरू, परीक्षाहरू, दुःखकष्ट र पीरहरू सामना गर्न उनीहरूलाई परमेश्वरको शक्तिको आवश्यकता परेको थियो। अनि 'तिमीहरूलाई अनुग्रह मिलोस्' भनेर प्रेरित पावलले उनीहरूलाई यही आशिषको शुभकामना टक्राएका छन् ।

*शान्तिः* जसको अन्तरात्मा बिसाएको छ, उसको मनमा शान्ति हुन्छ, उसको जीवनका परिस्थितिहरू जेजस्ता किन नहोऊन्। यी पवित्र जनहरूले प्रभु येशूकहाँ फर्केको बेलामा परमेश्वरसित मेलमिलाप

राखिसके। तर दिन-दिनै उनीहरूलाई आफ्नो जीवनमा परमेश्‍वरको शान्तिको खाँचो थियो। यो प्रशान्तता कुनै परिस्थितिमा निर्भर गर्दैन, तर यो मनको विश्राम प्रार्थनाको फल हो (फिलिप्पी ४:६-७)। तब किन कुनै चिन्ता नगरीकन हामी सबै कुराहरू प्रार्थनामा परमेश्‍वरको सामु ल्याउँदैनौं त?

के तपाईंले याद गर्नुभयो? पहिले अनुग्रह, त्यसपछि शान्ति आउँछ। क्रम सधैं यस प्रकारको छ। पहिले परमेश्‍वरको अनुग्रहले पापको मुद्दा छिन्नुपर्छ; त्यसपछि शान्तिको अनुभव गरिन्छ। अनि दिन-दिनको जीवनमा कुरा उस्तै हुन्छः परमेश्‍वरले आफ्नो निगाहमा हामीलाई बल दिनुहुन्छ; यसकारण हामीमा शान्ति हुन्छ। तब जीवनको हरेक मोड़मा सिद्ध र पूर्ण शान्ति अनुभव हामी किन नगरौं?

अनुग्रह भन्ने शब्द एउटा प्रचलित ग्रीक शब्द हो। अनि यहूदीहरूले 'शालोम' अर्थात् 'शान्ति' भनेर एक-अर्कालाई अभिवादन गर्थे र गर्छन्। यी दुईवटा शुभेच्छाका शब्द र भाषाहरूमा सारा संसारका मानिसहरू समेटिएका छन्, जसको निम्ति मुक्तिको सुसमाचार छ। यी दुईवटा शब्दहरू मिलाएर हेर्नु हो भने, हामीले मण्डलीको विषयमा नयाँ नियमभित्र प्रस्तुत गरिएको सत्यताको मसिनो संक्षिप्त देख्छौं; किनभने एफेसीहरूलाई लेखिएको पत्रमा प्रेरित पावलले यही शिक्षा दिन लागेका छन्ः यहूदीहरू र अन्यजातिका मानिसहरू मिलेर ख्रीष्टमा एउटा शरीर भएका छन्।

परमेश्‍वर हाम्रा पिता र प्रभु येशू ख्रीष्टबाट अनुग्रह र शान्ति आउँछन्। प्रेरित पावल प्रभु येशूलाई परमेश्‍वर पितासित बराबर एउटै स्तरमा राख्न डराएनन्। तिनले पिताको सम्मान गर्नुको साथै पुत्रको पनि आदर गर्छन्; अनि हामीले पनि यसो गर्नुपर्छ (यूहन्ना ५:२३)।

परमेश्‍वर हाम्रा पिता! यी अद्‌भुत शब्दहरूको रचनामाथि ध्यान दिन नभुलौं! परमेश्‍वर – यस्ता सर्वोच्च, अद्वितीय अधिराजको नजिक को आउन सक्छ र? पिता – उहाँजस्तो नजिकै र आत्मीय व्यक्ति अरू को हुन सक्छ? अनि यी दुईवटा संज्ञाको बीचमा 'हाम्रा' भन्ने सर्वनाम राखिएको

छ। अचम्म! अनन्तकालमा वास गर्नुहुने सर्वोच्च अधिराज परमेश्वर ख्रीष्ट येशूमा हाम्रा प्रेमी बुबा हुनुभएको छ। परमेश्वर प्रभु येशूमाथि विश्वास गरेर नयाँ जन्म पाउनेहरू सबैको बुबा हुनुभएको छ। यो रिङ्गटा गराउने यो अद्भुत सत्यता पक्रनुहोस्!

हाम्रा मुक्तिदाताको सम्पूर्ण नाम प्रभु येशू ख्रीष्ट हो। *प्रभुः* उहाँ हाम्रा एकमात्र मालिक हुनुहुन्छ, जसको सर्वाधिकार हाम्रो जीवन र हाम्रो सम्पत्तिमाथि छ। *येशूः* उहाँ हाम्रा मुक्तिदाता हुनुहुन्छ, जसले हामीलाई हाम्रा पापहरूबाट बचाउनुहुन्छ। *ख्रीष्टः* उहाँ परमेश्वरको नियुक्तिअनुसार हाम्रा भविष्यवक्ता, हाम्रा महापूजाहारी र हाम्रा राजा हुनुहुन्छ। हरेक जसको सुन्ने कान छ, उसका निम्ति उहाँको नामबाट धेरै अर्थहरू प्रकट हुँदै जान्छन्।

## ख) एफेसी १ः३-१४ः प्रेरित पावलले अनुग्रहका आशिषहरूका निम्ति परमेश्वरलाई धन्यवाद चढ़ाउँछन्।

**एफेसी १ः३ः** आफ्नो अभिवादन यत्तिमै राखेर प्रेरित पावलले यहाँ आफ्नो सोर उचाल्छन् र यस प्रतापी स्तुतिगानद्वारा परमेश्वरको उपासना गर्छन्; नयाँ नियमभरि योजस्तो उच्च र श्रेष्ठ स्तुतिगान कहीं नपाइएला; किनभने यहाँ परमेश्वरको अनुग्रहका आशिषहरू सम्झेर उहाँको उपासना गर्ने पावलको हृदय भरिएर पोखिएको छ। यस खण्डमा पावलले मुक्तिको सम्बन्धमा परमेश्वरको प्रभावकारी कार्य अनादिकालदेखि लिएर वर्तमान समय हुँदै अनन्त भविष्यसम्म पछ्याइरहेका छन् (एफेसी १ः३-१४)। अनि अनिवार्य छ, कि यसको सिलसिलामा हामीले परमेश्वरको इच्छाको रहस्य छलफल गर्नुपर्छ; किनभने विश्वास गर्ने यहूदी मानिसहरू र विश्वास गर्ने अन्यजातिका मानिसहरू उहाँको महिमित पैतृक-सम्पत्तिमा सहभागी हुनेछन्।

आफ्नो यस स्तुतिगानको शुरुमा तिनले परमेश्वरलाई चिन्नेहरू सबैलाई उहाँको गुणानुवाद र तारिफ गर्ने आह्वान गर्छन्। यसकारण आउनुहोस्,

हामी परमेश्वरलाई आनन्दित तुल्याऔं ! उहाँप्रति हाम्रो प्रेम पोखाएर उहाँको आराधना गरौं ! किनभने हाम्रा प्रभु येशू ख्रीष्टका परमेश्वर र पिता धन्य हुनुहुन्छ। कुनै समयमा प्रभु येशूले 'हे परमेश्वर' भनेर पिता परमेश्वरको सम्बोधन गर्नुभयो (मत्ती २७ : ४६)। तर अरू बेलामा उहाँले परमेश्वरलाई 'पिता' भनेर सम्बोधन गर्नुहुन्थ्यो (यूहन्ना १० : ३०)। परमधन्य परमेश्वर पिता आशिष दिनुहुने परमेश्वर हुनुहुन्छ। अनि उहाँले हामीमाथि आफ्नो अनुग्रहको धन बर्साएर हामीलाई खुशी तुल्याउनुहुन्छ; हामी कति आशिषित छौं ! उहाँको प्रशंसा गर्दै हामी उहाँलाई खुशी तुल्याउन नभुलौं !

*'उहाँले ख्रीष्टमा हामीलाई स्वर्गीय स्थानहरूमा सबै आत्मिक आशिषहरूले आशिषित पार्नुभएको छ।'* यहाँ उहाँको अनुग्रहको पिरामिड यस प्रकारले प्रस्तुत गरिन्छः

**आशिषहरू**

**आत्मिक आशिषहरू**

**सबै आत्मिक आशिषहरू**

**स्वर्गीय स्थानहरूका सबै आत्मिक आशिषहरू**

**ख्रीष्टमा स्वर्गीय स्थानहरूका सबै आत्मिक आशिषहरू**

हेर्नुहोस्ः सबै आत्मिक आशिषहरू दिएर उहाँ कति उदारचित्त हुनुहुन्छ, र उहाँका हातहरूले दिएको आशिष कति प्रचुर हुन्छ ! याद गर्नुपर्ने अर्को कुरा पनि छः उहाँका यी आशिषहरू आत्मिक आशिषहरू हुन्। आत्मिक आशिषहरू के हुन् ? यसको परिभाषा सरल छ, जब हामी यी आत्मिक आशिषहरू इस्राएली जातिले व्यवस्थाअन्तर्गत पाएका आशिषहरूसित तुलना गर्छौं। पुरानो नियममा विश्वासयोग्य, आज्ञाकारी यहूदी मानिसले जीवनको लामो आयु पाउँथ्यो, उसको ठूलो परिवार हुन्थ्यो र उसका अन्नबालीहरू प्रशस्त हुन्थे; ऊ आफ्ना शत्रुहरूबाट सुरक्षित रहन्थ्यो (व्यवस्था २८ : २-८)। तर नयाँ नियमका आशिषहरू आत्मिक हुन्। हाम्रो धन अलौकिक, अदृश्य र अविनाशी सम्पत्ति हो। हुन पनि हो,

पुरानो नियमको समयमा जिउने पवित्र जनहरूले पनि कति आत्मिक आशिषहरू उपभोग गर्न पाउँथे। तर हामी के पत्ता लगाउँदै जान्छौं भने, वर्तमान समयमा जिउने ख्रीष्ट-विश्वासीहरूले अघि कुनै समयमा कहिल्यै उपभोग नगरिएका आशिषहरू उपभोग गर्न पाउँछन्।

हाम्रा आशिषहरू 'स्वर्गीय स्थानहरूमा' छन्, झन् अक्षरशः 'स्वर्गका' हुन्। किनभने भौतिक आशिषहरूचाहिँ पृथ्वीका ठाउँहरूमा पाइन्छन् भने आत्मिक आशिषहरू स्वर्गका हुन्। एफेसीहरूलाई लेखिएको यस पत्रमा 'स्वर्गीय स्थानहरूमा' भन्ने वाक्यांश पाँच पल्ट पाइन्छ, जस्तैः

**क)** एफेसी १ः३ः हाम्रा आत्मिक आशिषहरू प्राप्त हुने स्थान

**ख)** एफेसी १ः२०ः वर्तमान समयमा ख्रीष्ट येशूको सिंहासन अवस्थित भएको स्थान

**ग)** एफेसी २ः६ः ख्रीष्टमा हाम्रो वर्तमान उच्च आसन भएको स्थान

**घ)** एफेसी ३ः१०ः मण्डलीमा परमेश्वरको बुद्धिको प्रदर्शन हेरिरहने स्वर्गदूतहरूको स्थान

**ङ)** एफेसी ६ः१२ः वर्तमान समयमा दुष्ट आत्माहरूसित हामीले लड्नुपर्ने स्थान

यी पाँचवाट पदहरू मिलाउँदाखेरि स्वर्गीय स्थानहरूको सठीक बाइबलीय अर्थ निस्कन्छ। श्री मेरिल एफ. उङरले यसो भनेका छन्ः

> 'आत्माको बप्तिस्माद्वारा विश्वासीहरू ख्रीष्ट येशूसित एक भएको फलस्वरूप स्वर्गीय स्थानहरूचाहिँ उनीहरूको ठहर र आत्मिक अनुभव गर्ने क्षेत्र भएका हुन् ।'

सबै आत्मिक आशिषहरू ख्रीष्टमा छन्। प्रभु येशूले क्रूसमा पूरा गर्नुभएको आफ्नो त्राणको कामद्वारा यी सबै आशिषहरू हाम्रा निम्ति हासिल गर्नुभएको हो। अनि अहिले यी आत्मिक आशिषहरू उहाँद्वारा प्राप्त गरिएका छन्। हामी विश्वासीहरूका निम्ति परमेश्वरले जे प्रबन्ध गर्नुभएको छ, त्यो सबका सब प्रभु येशूमा छ। यी आशिषहरू प्राप्त

गर्नलाई हामी विश्वासद्वारा ख्रीष्ट येशूसित एक हुनुपर्छ। ख्रीष्टमा हुने बित्तिकै मानिस यी सबै आशिषहरूको भागी भएको हुन्छ। यस सिलसिलामा श्री लूइस एस. चाफरले यसो लेखेका छन्ः

> 'ख्रीष्टमा हुनु मुक्ति पाएकाहरू सबैको भाग हो; अनि ख्रीष्टमा भएकाहरू ख्रीष्ट येशूले पूरा गर्नुभएका सबै कामहरूमा सहभागी भए; ख्रीष्ट येशू जे हुनुहुन्छ र जे हुनुहुनेछ, यी सबै कुराहरूमा उनीहरू भागीदार भएका हुन्छन् ।' 2)

एफेसीहरूलाई लेखिएको पत्रको कुञ्जी-शब्द 'ख्रीष्टमा' हो। अनि नयाँ नियममा सत्यताका दुईवटा सुत्रहरू छन्, जसको बीचमा नजिकको पारस्परिक सम्बन्ध छ, जस्तैः ख्रीष्ट-विश्वासीहरूको ठहर र उनीहरूको व्यवहार।

प्रथम, ख्रीष्ट-विश्वासीहरूको ठहर आउँछ। यस संसारमा जन्मेको हरेक मानिस कि त 'आदममा' कि त 'ख्रीष्टमा' छ। आदममा हुनेहरू आफ्ना पापहरूमा छन्; यसकारण तिनीहरू सबैजना परमेश्वरको दृष्टिमा दोषी छन्। तिनीहरूले कुनै हालतमा पनि परमेश्वरलाई खुशी पार्न सक्दैनन्; तिनीहरूले आफ्नो कर्मले वा आफ्ना कोशिशहरूले उहाँको निगाह प्राप्त गर्न सक्दैनन्। परमेश्वरमा तिनीहरूको कुनै हिस्सा छैन। तिनीहरूले पाउनुपर्ने दण्ड पाउनु हो भने तिनीहरूले अनन्त विनाश भोग्नुपर्नेछ।

कुनै मानिस प्रभुकहाँ फर्कन्छ भने, परमेश्वरले त्यस मानिसलाई आदमको दोषी सन्तानको रूपमा हेर्न छोड्नुहुन्छ; किनभने उहाँले उसलाई ख्रीष्टमा भएको देख्न थाल्नुहुन्छ; किनकि परमेश्वरले उसलाई ख्रीष्टमा ग्रहण गर्नुभएको छ। यो कुरा बुझ्नु महत्त्वपूर्ण हो। पापी मानिस विश्वासको खातिर परमेश्वरको दृष्टिमा ग्रहणयोग्य हुन्छ। उसमा योग्य अरू केही पनि छैन नै। ऊ ख्रीष्टमा छ; अनि यो गनिन्छ। अनि जो ख्रीष्टमा छ, ऊ धार्मिकताको पोसाकरूपी ख्रीष्ट येशूको पूरा योग्यतामा परमेश्वरको सामु उभिएको छ। अनि जबसम्म परमेश्वरको अनुकूल दृष्टि

ख्रीष्ट येशूमाथि रहिरहनेछ र उहाँ परमेश्वरको सामु ग्रहणयोग्य रहि-रहनुहुनेछ, तबसम्म ख्रीष्ट-विश्वासीले परमेश्वरको निगाह अनुभव गर्ने नै छ; यसर्थ ऊ अनन्तसम्म ग्रहणयोग्य रहिरहनेछ।

यसो हो भने, ख्रीष्ट-विश्वासीहरूको ठहरचाहिँ ख्रीष्टमा उनीहरूको स्तर हो। तर यस सत्यतारूपी सिक्काको अर्को पट्टि पनि छः ख्रीष्ट-विश्वासीहरूको व्यवहार। उनीहरूको व्यवहारले उनीहरूलाई उनीहरू आफूमा को हुन्, सो चिनाइदिन्छ। उनीहरूको ठहर सिद्ध र पूर्ण छ; तर उनीहरूको व्यवहार सिद्ध छैन। अब उनीहरूका निम्ति परमेश्वरको इच्छा के हो भने, उनीहरूको व्यवहार बढ़ी, अँ, झन् बढ़ी मात्रामा उनीहरूको ठहरसित मिल्नुपर्छ। उनीहरू स्वर्ग नपुगेसम्म व्यवहारमा सिद्ध हुनै सक्दैनन्। तर जबसम्म उनीहरू यस पृथ्वीमा जीवित रहन्छन्, तबसम्म उनीहरू पवित्रता, आत्मिक वृद्धि र ख्रीष्टको समानतामा लगातार बढ़ि-रहनुपर्छ।

ख्रीष्ट-विश्वासीहरूको ठहर र उनीहरूको व्यावहारिक अवस्थाको बीचमा छुट्ट्याउन सक्ने मानिसले निम्न नमिल्ने पदहरूको अर्थ बुझ्नेछः

**क)** हिब्रू १०:१४: विश्वासीहरू सिद्ध छन्
मत्ती ५:४८: विश्वासीहरू सिद्ध हुनुपर्छ।

**ख)** रोमी ६:२: विश्वासीहरू पापको लेखि मरेका छन्
रोमी ६:११: विश्वासीहरूले आफूलाई पापको लेखि मरेका ठान्नुपर्छ।

**ग)** १ पत्रुस २:९: विश्वासीहरू पवित्र जाति हुन्
१ पत्रुस १:१५: विश्वासीहरू पवित्र हुनुपर्छ।

पहिलो कुराले ख्रीष्ट-विश्वासीहरूको ठहरको कुरा गर्छ भने दोस्रो पङ्क्तिले उनीहरूको व्यवहारको कुरा गर्छ।

यस सत्यताका ठहरको पक्ष र व्यवहारको विपक्ष देखाउने प्रतिरूपअनुसार एफेसीहरूलाई लेखिएको पावलको पत्र दुई भागमा विभक्त गर्न मिल्छः एफेसी १:-३: ख्रीष्टमा भएको हाम्रो ठहर
एफेसी ४:-६: आफूमा हुनुपर्ने हाम्रो व्यवहार

यस पत्रको पहिलो भागमा शिक्षा प्रस्तुत गरिएको छ; यस पत्रको दोस्रो भागमा हाम्रो व्यावहारिक कर्तव्य पेश गरिएको छ। एफेसीको पत्रका एकदेखि तीन अध्यायभित्र हामीले निम्न शब्द पढ्न पाउँछौंः 'ख्रीष्टमा', 'ख्रीष्ट येशूमा', 'उहाँमा' र 'जसमा'। अनि यस पत्रको बाँकी अध्यायमा 'प्रभुमा' भन्ने शब्द बेसी पाइन्छ। ख्रीष्ट येशू हाम्रा प्रभु हुनुहुन्छ भने उहाँप्रति हाम्रो जिम्मेवारी के हो, सो देखाउनलाई यो शब्द प्रयोग गरिएको छ। एकजना अज्ञात व्यक्तिले यो कुरा के राम्रो गरी यसो व्यक्त गरेका छन्ः 'यस पत्रको पहिलो भागमा ख्रीष्ट-विश्वासी कसरी ख्रीष्टमा स्वर्गीय स्थानहरूमा बसेको चित्र कोरिएको छ भने यस पत्रको दोस्रो भागमा उसलाई भान्सा आदि काम गर्ने ठाउँहरूमा व्यस्त भइरहेको चित्रण गरिएको छ।'

अबचाहिँ हामी केही आत्मिक आशिषहरू नियाल्न तयार भयौं, जुन स्वर्गका आशिषहरू ख्रीष्टमा हाम्रा भएका हुन्छन्।

**एफेसी १ः४ः** पहिलो स्वर्गीय आशिष चुनाव भनिन्छ। *'जसरी नै हामी उहाँको सामु प्रेममा पवित्र र निर्दोष होऔं भन्ने उद्देश्यले उहाँले हामीलाई संसारको उत्पत्तिभन्दा पहिल्यै ख्रीष्टमा चुन्नुभयो।'*

आउनुहोस्, हामी चुनावको विषयमा निम्न सकारात्मक शब्दहरूमा पहिले ध्यान दिऔं! 'उहाँले हामीलाई चुन्नुभयो।' त्यसपछि हाम्रो ठहरको विषयमा लेखिएको छः 'उहाँमा' अर्थात् ख्रीष्टमा। किनभने प्रभु येशू र उहाँको त्राणको कामद्वारा परमेश्वरले आफ्ना जनहरूका निम्ति सोच्नुभएका र तयार गर्नुभएका आफ्ना सबै मनसाय र उद्देश्यहरू पूरा गर्नुहुन्छ। परमेश्वरले हामीलाई कहिले चुन्नुभयो? यसको समय 'संसारको उत्पत्तिभन्दा पहिले' हो। अनि हामीलाई चुन्नमा परमेश्वरको उद्देश्य के थियो? हामी उहाँको सामु प्रेममा पवित्र र निर्दोष हुनु यसमा उहाँको अभिप्राय छ। अनि जबसम्म हामी उहाँको साथमा स्वर्गमा बस्दैनौं, तबसम्म उहाँको यो उद्देश्य हामीमा पूरा भएको छैन (१ यूहन्ना ३ः२)। तर जबसम्म हामी यस संसारमा जिइरहेका छौं, तबसम्म यो प्रेममा पवित्र र निर्दोष हुने प्रक्रिया जारी भइरहनेछ।

प्रार्थनाः 'हे प्रभु, मलाई पवित्र पार्नुहोस्! किनभने मेरो जीवनको निम्ति तपाईंको उद्देश्य यही हो। आमेन!'

# परमेश्वरको चुनाव

चुनावको शिक्षाले मानिसको दिमागले समाधान गर्न नसकिने जटिल समस्याहरू सृजना गर्छ। यसकारण पवित्र बाइबलमा यस सिलसिलामा कस्तो शिक्षा पाइन्छ अनि कस्तो शिक्षा पाइँदैन, सो हामीले ख्याल गर्नुपर्छ।

*पहिलो कुराः* परमेश्वरले कुनै न कुनै मानिसहरूलाई मुक्ति पाउनलाई छान्नुहुन्छ (२ थेस्सलोनिकी २:१३)। अनि ख्रीष्ट-विश्वासीहरूलाई 'परमेश्वरको पूर्वज्ञानअनुसार चुनिएकाहरू' भनेर सम्बोधन गरिएका छन् (१ पत्रुस १:२)। अनि बाइबलको शिक्षाअनुसार मानिसहरूले चुनिएका हुन् कि होइनन् भन्ने कुरा जान्न सक्छन्। यो त सुसमाचार सुनेर तिनीहरूको प्रतिक्रियामा भर पर्छ। जसले सुन्छ र विश्वास गर्छ, ऊ चुनिएको हुन्छ (१ थेस्सलोनिकी १:४-७)।

*दोस्रो कुराः* परमेश्वरले मानिसहरूलाई नाश हुनका निम्ति चुन्नुभएको कुरा पवित्र बाइबलमा कहीं लेखिएको छैन। उहाँले कतिजनालाई मुक्तिको निम्ति चुन्नुहुन्छ; ठिक्कै हो। तर यति भनेपछि उहाँले अरू सबै मानिसहरूलाई जथाभावी दोषी ठहराउनुहुन्छ भन्ने निष्कर्षमा आइपुग्नु-हुँदैन; यो अनिवार्य होइन। उहाँले बचाउनु योग्य कसैलाई कहिल्यै दोषी ठहराउनुहुनेछैन; तर योग्य को छ त? बचाउनु योग्य कोही पनि छैन। तर उहाँले दोषी भएकाहरूमध्ये कतिजनालाई बचाउनुहुन्छ।

जब प्रेरित पावलले चुनिएकाहरूको कुरा गर्छन्, तब तिनले उनीहरूलाई कृपाका पात्र भन्ने नाम दिन्छन्, जुन कृपाका पात्रहरू उहाँले पहिलेदेखि नै महिमाको निम्ति तयार पार्नुभएको छ (रोमी ९:२३)। तर जब तिनले नाश हुनेहरूको कुरा गर्छन्, तब तिनले तिनीहरूलाई क्रोधका पात्र भन्ने नाम दिन्छन्, जुन क्रोधका पात्रहरू विनाशको निम्ति बनाइएका

छन् (रोमी ९:२२)। परमेश्वरले कृपाका पात्रहरूलाई महिमाको निम्ति तयार गर्नुहुन्छ, तर उहाँले मानिसहरूलाई विनाशको निम्ति तयार पार्नुहुन्न; तिनीहरूले आफूलाई दोषी ठहराउँछन् र आफ्नो अविश्वासको फल भोग्नुपर्नेछ।

चुनावको शिक्षाले परमेश्वरलाई, उहाँलाई दिनुपर्ने स्थान दिन्छ। अनि उहाँ सर्वाधिकारी हुनुहुन्छ। अनि उहाँले जे पनि गर्न सक्नुहुन्छ। तर यसो भए पनि उहाँले कहिल्यै कुनै अन्याय गर्नुहुनेछैन। सबै मानिसहरू नाश हुने योग्य छन्। तिनीहरूलाई त्यत्तिकै छोड़ेमा तिनीहरू सबै नाश हुनेछन्। तब के परमेश्वरले कसै-कसैलाई दया देखाउन पाउनुहुन्न? उहाँको यस्तो अधिकार किन नहुने र?

तर यस कुराको विपक्ष पनि छ। चुनावको सम्बन्धमा परमेश्वरको सर्वाधिकार छ भन्ने कुरा सिकाउने पवित्र बाइबलमा मानिसको जिम्मेवारीको कुरा पनि सिकाइएको छ। कसैले मुक्ति नपाएको खण्डमा चुनावको शिक्षा आफ्नो निहुँपिहुँको आधार बनाउन पाउँदैन। सद्भावी परमेश्वरले सारा संसारका सबै मानिसहरूका निम्ति बराबर मुक्ति उपलब्ध गर्नुहुन्छ (यूहन्ना ३:१६; यूहन्ना ३:३६; यूहन्ना ५:२४; रोमी १०:९ र १३)। आफ्ना पापहरूको विषयमा कायल हुँदै पश्चात्ताप गर्ने र प्रभु येशू ख्रीष्टमाथि विश्वास गर्ने प्रत्येक मानिसले मुक्ति पाउन सक्छ। यसकारण कुनै मानिस नाश हुनु हो भने, त्यो त त्यस मानिसको निर्णयमा निर्भर गर्छ। परमेश्वरले त्यस मानिसको विनाश नचाहँदा-नचाहँदै त्यसले आफ्नो विनाश आफूले छानेको छ।

एउटै पवित्र बाइबलले दुईवटा कुराहरू सिकाउँछः चुनावमा परमेश्वरको सर्वाधिकार छ र इच्छा हुनेहरू सबैका निम्ति सित्तैंमा मुक्ति छ। इच्छा गर्नेले मुक्ति ग्रहण गर्छ। एउटा पदमा दुवै शिक्षाहरू यस प्रकारले व्यक्त गरिएको छः *'पिताले मलाई जतिजना दिनुहुन्छ, ती सबैजना मकहाँ आउँछन्; अनि जो मकहाँ आउँछ, उसलाई म कुनै रीतिले बाहिर अफाल्नेछैनँ'* (यूहन्ना ६:३७)। यस पदको पहिलो भागमा चुनावमा परमेश्वरको सर्वाधिकार छ भन्ने कुरा पेश गरिएको छ भने, यसको दोस्रो

भागमा सबै मानिसहरूका निम्ति परमेश्वरको दया पाउने प्रबन्ध गरिएको छ।

यस कुराबाट केवल मानिसको दिमागमा गड़बड़ी भएको छ। कतिजनालाई छान्नुहुने परमेश्वरले कसरी सबै मानिसहरूका निम्ति सित्तैंमा मुक्ति उपलब्ध गर्न सक्नुहुन्छ? यसको समस्या हाम्रो हो, परमेश्वरको होइन। तब कसो गरेर हामी सठीक काम गरौं त? हामीले यी दुईवटा शिक्षाहरू ग्रहण गर्नुपर्छ; किनभने पवित्र बाइबलले दुवै कुराहरू सिकाइदिन्छ। सत्यता भेट्टाउने मानिसले परमेश्वरको चुनाव र मानिसको स्वतन्त्र इच्छाको बीचमा खिचड़ी गरेर सत्यता पाउँदैन। दुवै शिक्षाहरू आफ्नो ठाउँमा रहन दिनुहोस्, तिनको बीचमा सम्झौता गर्ने कोशिश नगर्नुहोस्! श्री डब्ल्यू. जी. ब्लाइकीले यस शिक्षाको सार यस प्रकारले दिएका छन्ः

> 'पवित्र धर्मशास्त्रमा चुनावमा परमेश्वरको सर्वाधिकार भएको, मुक्ति पाउनुमा मानिसको जिम्मेवारी भएको र ख्रीष्ट येशूमा सारा संसारका मानिसहरूका निम्ति सित्तैंमा उहाँको दयाको प्रबन्ध गरिएको कुरा पाइन्छ। यी कुराहरू हाम्रो मस्तिष्कमा नमिल्लान्; ता पनि यी कुराहरूले हाम्रो मनमा आ-आफ्नो उचित ठाउँ पाउनैपर्छ।' [3)]

**एफेसी १:५:** परमेश्वरको अपार अनुग्रहको भण्डारबाट हामी दोस्रो आत्मिक आशिष नियालौं! यो दोस्रो आशिष उहाँको पूर्वठहराइ वा पूर्वनिर्धारितता हो। यो कुरा उहाँको चुनावसित मिल्न खोज्छ, तर यो चुनाव नै होइन। चुनावमा परमेश्वरले मुक्तिको निम्ति कति मानिसहरूलाई चुन्नुहुन्छ। तर पूर्वठहराइचाहिँ चुनावभन्दा अगाड़ि आउँछ। किनभने परमेश्वरले अघिबाट के ठहराउनुभयो? मुक्ति पाउनेहरू सबैजनाले उहाँको परिवारमा धर्मपुत्र-धर्मपुत्री हुने हक पाउनेछन् र उनीहरू उहाँका छोराछोरीहरूको स्तरमा उठाइनेछन्। हामीलाई मुक्ति दिएर उहाँले हामीलाई आफ्ना छोराछोरीहरू नतुल्याउन सक्नुहुनेथियो। तर हामीलाई मुक्ति दिनु र हामीलाई छोराछोरीहरू तुल्याउनु उहाँको इच्छा थियो।

अनुवादको कुरा होः कति अनुवादकहरूले 'प्रेममा' भन्ने शब्द पाँच पदमा ल्याएर अनुवाद गरेका छन्, जस्तैः 'प्रेममा उहाँले हामीलाई

अघिदेखि नै धर्मपुत्रहरू ठहराउनुभयो।' परमेश्वरले हामीसित दयाको व्यवहार किन गर्नुहुन्छ? यो त उहाँको अनुपम प्रेमको फल हो। यो कुरा हामी कहिल्यै नबिर्सौं!

यस पदमा हाम्रो धर्मपुत्र हुने महिमित हक र अधिकार यस प्रकारले व्यक्त गरिएको छः 'उहाँले हामीलाई अघिबाट नै धर्मपुत्रहरू ठहराउनुभयो।' नयाँ नियममा जब हामी धर्मपुत्र हुने हकको कुरा पढ्छौं, तब यसको मतलब यस प्रकारको छः हामीलाई धर्मपुत्र तुल्याउँदा परमेश्वरले हामी ख्रीष्ट-विश्वासीहरूलाई लिएर आफ्नो परिवारमा राख्नुहुन्छ, जहाँ हाम्रो ठहर परिपक्व, वयस्क, प्रौढ़ छोराहरूको स्तर हुन्छ। धर्मपुत्रको हकसित त्यसका सबै सौभाग्यहरू र सबै कर्तव्यहरू हाम्रै हुनेछन् (गलाती ४:४-७)। अनि हामीलाई धर्मपुत्र तुल्याउनुहुने आत्माले ख्रीष्ट-विश्वासीहरूमा त्यो सहजबोध हाल्नुहुन्छ, जसले गर्दा हामीले परमेश्वरलाई 'बुबा' भनेर सम्बोधन गर्छौं (रोमी ८:१५)।

ख्रीष्ट येशूद्वारा हामी परमेश्वरका धर्मपुत्रहरू भएका छौं। हामी आफ्ना पापहरूमा भएको अवस्थामा परमेश्वरले हामीलाई आफ्ना निम्ति धर्मपुत्र जस्तै प्यारो र घनिष्ठ ठहरमा ल्याउन सक्नुभएन। यसकारण प्रभु येशू यस संसारमा आउनुभयो; अनि आफ्नो मृत्यु, दफन र बौरिउठाइद्वारा उहाँले पापको मामिला छिनाउनुभयो, र यसमा परमेश्वर पूरा सन्तुष्ट हुनुभयो। परमेश्वरले हामीलाई धर्मपुत्रहरू कुन आधारमा तुल्याउन सक्नुहुन्छ? प्रभु येशूको बलिदानरूपी मृत्युमा अनन्त महत्त्व र अनन्त मूल्य हुन्छ। यस धार्मिक आधारमा परमेश्वरले हामीलाई धर्मपुत्रहरू तुल्याउनुभएको हो।

अनि यो सब परमेश्वरको इच्छाको शुभ अभिप्रायअनुसार भएको हो। हामीप्रति उहाँको शुभेच्छाचाहिँ हामीलाई अघिबाट धर्मपुत्रहरू ठहराउने प्रेरणा थियो। 'उहाँले किन यसो गर्नुभयो' भन्ने प्रश्नको उत्तर यहाँ छ। यो त अरू कुनै कारणले होइन, तर केवल उहाँको शुभेच्छाको फल हो। जबसम्म परमेश्वरले आफ्नो वरिपरि छोराछोरीहरूको ठूलो घेरा लाउन

सक्नुभएन, तबसम्म उहाँले सन्तुष्ट हुन मान्नुभएन – यस्ता छोरा-छोरीहरूको घेरा, जुन छोराछोरीहरूले उहाँको एकमात्र जन्माइएका पुत्रको रूप धारण गरेका छन् र जो अनन्त-अनन्तसम्म उहाँको पुत्रसित रहिरहनेछन् र उहाँको पुत्रजस्तै हुनेछन् ।

**एफेसी १ः६ः** *'उहाँको अनुग्रहको महिमाको प्रशंसाका निम्ति, जुन अनुग्रहद्वारा उहाँले हामीलाई उही प्रियमा ग्रहणयोग्य तुल्याउनुभयो ।'* पावलले यहाँ आफ्नो विचारमा परमेश्वरको अनुग्रहको पछि लागेका छन्, जुन अनुग्रह हामीलाई चुँदाखेरि पहिले काममा लगाइएको थियो, र त्यसपछि हामीलाई अघिबाट धर्मपुत्रहरू तुलाउँदाखेरि पनि कार्यकारी भएको थियो । अब तिनले आफ्नो मनन एकक्षण स्थगित गर्छन् । तिनको उद्घोषणा, स्पष्टीकरण र अर्ती – तिनको त्रीएक रूपी अन्तरिम विराम सुन्नुहोस् !

*उद्घोषणाः* यस दिव्य अनुग्रहको ज्ञानातीत महिमाको प्रतापले पावललाई सास न वास तुल्याइदिएको छ ।

*स्पष्टीकरणः* परमेश्वरले आफ्नो अनुग्रहमा हामीसित गर्नुभएका सबै मङ्गलकारी व्यवहारहरूको अन्तिम उद्देश्य प्रकट गरिएको छः सबै कुराहरूमा उहाँको महिमा हुनुपर्छ । हामीप्रति उहाँको अनुपम निगाहको खातिर परमेश्वर अनन्त-अनन्तसम्म हाम्रो आराधना पाउनु योग्य हुनुहुन्छ ।

के तपाईंले उहाँको अनुग्रह पाउने सर्त याद गर्नुभयो ? उहाँले हामीलाई सित्तैंमा उही प्रियमा ग्रहण गर्नुभयो । उहाँको अनुग्रहका प्रापकहरू को हुन् ? उहाँको अनुग्रहका पात्र हामी हौं । उहाँको अनुग्रहको सोतारूपी माध्यम के हो ? उहाँको प्रिय पुत्रद्वारा परमेश्वरको अनुग्रह हामीकहाँ आउँछ ।

*अर्तीः* अन्तमा प्रेरित पावलले हामीलाई कुन अर्ती दिन्छन् ? 'उहाँको यस प्रतापी अनुग्रहको निम्ति हामी परमेश्वर पितालाई प्रशंसा चढ़ाऔं !' आउनुहोस्, हामी यसो गरौं ! त्यसपछि मात्र हाम्रो अध्ययनमा अघि बढ़ौं !

*हे श्रद्धा र प्रशंसाको योग्य महान् परमेश्वर,*
*तपाईंका सबै चालहरूले तपाईंका ईश्वरीय गुणहरूको प्रदर्शन गर्दछन् ।*
*तर तपाईंका यी सबै अद्‌भुत प्रशंसनीय गुणहरूभन्दा*
*तपाईंको अनुग्रह प्रतापी महिमाको तेजले चम्कन्छ;*
*तपाईंजस्तो परमेश्वर को छ र, जसले हामीलाई हाम्रा पापहरू क्षमा गर्नुहुन्छ? किनकि हामीलाई सित्तैंमा प्रशस्त अनुग्रह देखाउनुहुने केवल तपाईं हुनुहुन्छ ।*

*श्री शमूएल डेविस*

**एफेसी १:७:** आफ्ना जनहरूका निम्ति परमेश्वरको अनन्त योजनाको विषयमा कहाँदेखि कहाँसम्मको पहुँचको रूपरेखा प्रस्तुत गर्दा-गर्दै हामी अर्को बुँदामा आइपुग्यौं: छुटकारा । ख्रीष्टको त्राणको कामको सम्बन्धमा हामीलाई पापको बन्धन र पापको दोषबाट मुक्त गर्ने कार्यचाहिँ छुटकारा भनिन्छ; अनि त्यस दिव्य छुटकाराले हामीलाई स्वतन्त्रताको जीवनभित्र प्रवेश गराउँछ। प्रभु येशूचाहिँ हामीलाई छुटकारा दिनुहुने उद्धारक हुनुहुन्छ; उहाँमा हाम्रो छुटकारा छ । अनि त्यो छुटकारा प्राप्त गरेका प्रापक हामी हौं । अनि छुटकाराको दाम उहाँको रगत हो । त्योभन्दा कम्ती कुनै अरू दाम पुग्दैन ।

अब छुटकाराको परिणामहरूको कुरा आयो । यसको एक परिणाम पापहरूको क्षमा हो । छुटकारा र पापको क्षमा भिन्न-भिन्नै कुराहरू हुन् । पापको क्षमा छुटकाराको एउटा फल हो । किनभने हाम्रा पापहरू क्षमा हुन सक्नु हो भने ख्रीष्ट येशूले पहिले हाम्रा पापहरूको ऋण चुक्ता गर्नुपरेको थियो । अनि हाम्रो पापको ऋण चुक्ता गर्ने दाम क्रूसमा तिरियो ।

*हामीलाई दयामाया केही पनि नगर्ने त्यस निष्ठूर न्यायको माग पूरा भयो;*
*अब वितरण गर्न तयार भएको उहाँको अपार कृपाको भण्डार हाम्रा निम्ति खोलियो, अँ, खोलियो है!*

हाम्रा पापहरूको क्षमा कुन नापले नाप्न सकिन्छ, कुन शब्दले व्यक्त गर्न सकिन्छ? त्यो त 'उहाँको अनुग्रहको धनअनुसार' भएको छ। के हामीले परमेश्वरको अनुग्रहको धन नापजोख गर्न सक्छौं? तब उहाँले

हामीलाई कतिसम्म र कुन हिसाबले क्षमा गर्नुभयो, सो कुरा जान्न र मूल्याङ्कन गर्न सक्छौं। उहाँको अनुग्रह असीमित छ; र उहाँले दिनुभएको क्षमा पनि उस्तै असीमित छ।

**एफेसी १:८:** उहाँले हामीलाई छान्नुभयो, आफ्नो अनुग्रहमा; उहाँले हामीलाई अघिबाट ठहराउनुभयो, आफ्नो अनुग्रहमा; उहाँले हामीलाई छुटकारा दिनुभयो, आफ्नो अनुग्रहमा। अनि कुरा अझै सकिएको छैन। *'त्यही अनुग्रह उहाँले **सारा बुद्धि र समझमा** हामीलाई प्रशस्त गरी दिनुभयो।'* परमेश्वरले हाम्रा निम्ति निर्धारित गरिएका आफ्ना योजनाहरू र आफ्ना उद्देश्यहरू हामीबाट लुकाउनुभएन, तर आफ्नो दयामा यी कुराहरू हामीकहाँ प्रकट गर्नुभयो। मण्डली र सारा सृष्टिका निम्ति उहाँका योजनाहरू के-के छन्, सो कुरा जान्नुबुझ्नु हाम्रो निम्ति उहाँको इच्छा छ। हामीलाई समझ र यसको पूरा जानकारी मिलोस् भन्ने उहाँको चाहना छ। यसकारण मानौं हामीलाई आफ्ना अन्तरङ्ग मित्र तुल्याएर उहाँले हामीकहाँ आफ्नो यो महान् लक्ष्य प्रकट गर्नुभयो, जुन लक्ष्यतिर समस्त इति लम्किरहेको छ।

**एफेसी १:९:** अब पावल कुरा स्पष्ट पार्दै जान्छन्: 'आफ्नो इच्छाको रहस्य हामीकहाँ प्रकट गरेर नै' परमेश्वरले हामीप्रति आफ्नो सारा बुद्धि र समझ प्रशस्त मात्रामा देखाउनुभयो। यस पत्रको प्रमुख विषयवस्तु यो होः ख्रीष्ट र उहाँको मण्डलीको विषयमा हुने महिमित सत्यता। रहस्यको अर्थ भेद कहिल्यै नजानिने मर्म होइन, तर रहस्यको अर्थ हामीले यसरी बुझ्नुपर्छः बितेको समयमा लुकिरहेको, तर अहिले पवित्र जनहरूलाई प्रकट गरिएको पवित्र, गुप्त भेदचाहिँ रहस्य भनिन्छ। ख्रीष्ट र मण्डलीका निम्ति निर्धारित गरिएको त्यो महिमित योजना कहाँबाट शुरु भयो ? त्यो त परमेश्वरको सर्वाधिकारमाथि स्थापित भएको उहाँको इच्छाको फल हो। यसमा कुनै बाहिरी प्रभाव परेको छैन। यो त 'उहाँको शुभ अभिप्रायअनुसार' पो हो। 'आफूभित्र संकल्प गर्नुभएको' वाक्यांशले सङ्केत गरेअनुसार परमेश्वरको यस योजनाको महान् केन्द्रबिन्दु प्रभु येशू ख्रीष्ट हुनुहुन्छ।

**एफेसी १:१०:** अबचाहिँ पावलले परमेश्वरको योजनाको रहस्य के हो, सो बेलिविस्तार गर्न लागेका छन्। अनि यस अध्यायमा तिनले भविष्यमा यस रहस्यले कुन रूप लिन्छ, सो कुरामा आफ्नो विचार पुर्‍याउँछन् भने एफेसी २-३ अध्यायमा तिनी वर्तमान समयमा यस रहस्यले लिएको रूपमाथि प्रकाश पार्दै जानेछन्।

पावलले यहाँ कुन समयको कुरा गर्छन्, सो कुरा निम्न शब्दबाट स्पष्ट हुन्छः 'समयहरू पूरा हुने प्रबन्धमुताबिक'। हाम्रो बुझाइअनुसार यसको सन्दर्भ ख्रीष्टको हजार वर्षको राज्य हो। किनकि एकदिन ख्रीष्ट येशू यस पृथ्वीमा फर्केर आउनुहुनेछ, अनि राजाहरूको महाराजा र प्रभुहरूको परमप्रभुको रूपमा उहाँले यस पृथ्वीमाथि राज्य गर्नुहुनेछ। यसर्थ मानव-इतिहासको अन्तिम युगको निम्ति परमेश्वरले आफ्नो योजना पूरा गर्न एउटा विशेष प्रबन्ध वा व्यवस्था तयार गर्नुभएको छ।

परमेश्वरको योजना यस प्रकारको छः *'उहाँले सबै कुराहरू ख्रीष्टमा एकत्र गर्नुहुन्छ।'* हजार वर्षको राज्यभरि स्वर्गमा भएका सबै कुराहरू र पृथ्वीमा भएका सबै कुराहरू ख्रीष्टको अधीनतामा बस्नेछन्। हालैमा मानिसहरूले मुक्तिदाता प्रभुलाई इन्कार र बहिष्कार गर्लान्; तर त्यस समयमा उहाँ सर्वश्रेष्ठ हुनुहुनेछ, सबैका प्रभु हुनुहुनेछ; सबैले उहाँलाई दण्डवत् गर्नेछन्। यो परमेश्वरको अन्तिम उद्देश्य होः ख्रीष्ट येशू त्यस राज्यमा सबै कुराहरूको शिर हुनुहुनेछ, चाहे ती कुराहरू स्वर्गका होऊन्, चाहे ती कुराहरू पृथ्वीका होऊन्।

*'स्वर्गमा भएका कुराहरू र पृथ्वीमाथि भएका कुराहरू'* भन्ने शब्दले ख्रीष्टको विशाल शासन-क्षेत्र स्पष्ट पार्छन्। यस सम्बन्धमा श्री जोह्न जी. बेल्लेटले यसो लेखेका छन्:

> 'यहाँ एउटा यस्तो रहस्य प्रस्तुत गरिएको छ, जुन रहस्य अघि कहिल्यै प्रकट भएको थिएन। भविष्यवक्ता यशैयाको पुस्तकमा हामीले पृथ्वीमाथि स्थापित हुने हजार वर्षको राज्यको सुन्दर चित्रण देख्छौं; तर हजार वर्षको यस राज्यमा स्वर्गका कुराहरूमाथि शिर हुनुहुने ख्रीष्टको

दर्शन कहाँ पाइन्छ र? स्वर्गमा भएका र पृथ्वीमाथि भएका सबै कुराहरूमाथि महिमित ख्रीष्ट एकदिन शिर हुनुहुनेछ कुरा यशैयाले कहिले र कहाँ भनेका थिए त?' [4)]

एफेसी १:१० पद 'सबै मानिसहरूले मुक्ति पाउनेछन्' भन्ने भूटा शिक्षाको आधार लिइएको छ। यस पदको अर्थ टेढ़ामेढ़ा गरेर मात्र 'अन्तमा सबै कुराहरू र हरेक मानिसको सम्बन्ध ख्रीष्टसित मेलमिलापमा पुनर्स्थापित हुनेछ' भन्ने माने निक्लिन्छ होला। तर यस प्रकारको अनौठो अर्थ हददेखि बाहिर छ; किनकि पावलले ख्रीष्ट येशूको विश्वव्यापी शासनको कुरा गरेका छन्, विश्वव्यापी मुक्तिको कुरा होइन।

**एफेसी १:११:** यस रहस्यरूपी परमेश्वरको महान् योजनामा विश्वास गर्ने यहूदीहरू र विश्वास गर्ने अन्यजातिका मानिसहरूको भाग छ; अनि उनीहरू यसमा निक्कै ठूलो भूमिका खेल्छन्। अनि एफेसी १:११-१२ पदमा प्रेरित पावलले यस रहस्यको सम्बन्धमा विश्वास गर्ने यहूदीहरूको भूमिका के हो, र एफेसी १:१३ पदमा विश्वास गर्ने अन्यजातिका मानिसहरूको भूमिका के हो, सो स्पस्ट पार्छन्; अनि अन्तमा, एफेसी १:१४ पदमा तिनले यी दुवैलाई सम्बद्ध गरेर कुरा गर्छन्।

यहूदी पृष्ठभूमिबाट आएका ख्रीष्ट-विश्वासीहरूको सम्बन्धमा प्रेरित पावलले निम्न कुरा लेख्छन्: *'उहाँमा हामीले पनि पैतृक-सम्पत्ति पाएका छौं।'* ख्रीष्टमा तिनीहरूको उत्तर-अधिकारको भाग तिनीहरूका पिता-पुर्खाहरूलाई परमप्रभुको प्रजाको नाताले दिइएका सौभाग्यहरूको फल होइन। केवल ख्रीष्ट येशूसित तिनीहरूको एकीकरण र एकमात्र नाता भएकोले तिनीहरूले यो पैतृक-सम्पत्ति पाएका हुन्। अब पैतृक-सम्पत्तिको कुरा आयो। यस पैतृक-सम्पत्तिले त्यो दिन पर्खिरहेको छ, जब यी यहूदी विश्वासीहरू अरू सबै साँचो विश्वासीहरूसित ख्रीष्टको देह र थुमाकी दुलहीको रूपमा एउटा अवाक् संसारकहाँ प्रकट हुनेछन्।

*'हामी जो सबै कुराहरू आफ्नो इच्छाको सल्लाहमुताबिक गर्नुहुनेको सङ्कल्पअनुसार पहिल्यै ठहराइएका थियौं;'* अनादिकालदेखि परमेश्वरको सर्वाधिकारमाथि आधारित इच्छा पक्का भइसकेको थियो: यी यहूदी

विश्वासीहरू यस सौभाग्यशाली स्थानका निम्ति अघिबाटै ठहराइएका थिए।

**एफेसी १ः१२ः** अनि यस पूर्वठहराइको उद्देश्यअनुसार तिनीहरूचाहिँ उहाँको महिमाको प्रशंसाको कारण हुनु थियो। अर्को शब्दमा भन्नु हो भने, तिनीहरू परमेश्वरको अनुग्रहले जितेको उहाँको जितको माल भए। किनकि असम्भव हुने कुरा सम्भव तुल्याउनुहुने परमेश्वरले यी कच्चा मालरूपी यहूदीहरूसित के-के गर्न सक्नुभयो, सो कुरा देखाउन तिनीहरू ख्रीष्टमा उहाँको महिमा बढ़ाउने पात्र भए।

*'हामी जसले ख्रीष्टमा पहिल्यै भरोसा राखेका छौं;'* प्रेरित पावलले यहाँ आफ्नो विषयमा र अरू विश्वास गर्ने यहूदीहरूको विषयमा कुरा गरेका छन्। तिनले यहाँ यहूदीहरूको बाँकी भागरूपी भक्त जनहरूमाथि आफ्नो विचार पुर्‍याएका छन्, जसले इसाई युगको शुरुका दिनहरूमा ख्रीष्टको सुसमाचारमा विश्वास गरेर उहाँप्रति आफ्नो सक्रिय प्रतिक्रिया देखाए। किनकि सुसमाचार पहिले यहूदीहरूलाई प्रचार गरिएको थियो। तर यहूदी जातिका धेरजसो मानिसहरूले उहाँलाई सरासर इन्कार गरे। तर तिनीहरूमध्ये प्रभु येशूमाथि विश्वास गर्नेहरू कोही-कोही थिए; पावल पनि बाँकी भागरूपी यी भक्त जनहरूमध्ये एक थिए।

एक दिन मुक्तिदाता प्रभु यस पृथ्वीमाथि फर्केर आउनुहुनेछ; अनि उहाँको दोस्रो आगमनमा तिनीहरूको कुरा अर्को हुनेछ। तब यहूदी जातिका मानिसहरूले *'उहाँलाई हेर्नेछन्, जसलाई तिनीहरूले छेंड़ेका थिए; अनि आफ्नो एकमात्र छोराका निम्ति विलाप गरेझैं तिनीहरूले उहाँका निम्ति विलाप गर्नेछन्'* (जकरिया १२ः१०)। *'अनि यसरी सारा इस्राएलले मुक्ति पाउनेछ, जस्तो लेखिएको छः "छुटकारा दिनुहुने उद्धारक सियोनबाट आउनुहुनेछ, र उहाँले याकूबबाट भक्तिहीनता हटाइदिनुहुनेछ" '* (रोमी ११ः२६)।

यहूदी-पृष्ठभूमिबाट आउने पावल र तिनका समकालीन इसाईहरूले आफ्नो जातिको बाँकी मानिसहरूले भन्दा पहिले आफ्ना मसीहमाथि भरोसा गरे। यसकारण पावलले यहाँ तिनीहरूलाई बयान गर्दा *'हामी*

*जसले ख्रीष्टमा **अघिबाटै** भरोसा राखेका छौं'* भन्ने शब्द प्रयोग गरे। (एफ. डब्ल्यू. ग्राण्ट)

ती 'अघिबाट मसीहमा आशा गर्नेहरू'ले उहाँसँग पृथ्वीमाथि राज्य गर्नेछन्; अनि यहूदी जातिका बाँकी मानिसहरू पृथ्वीमा उहाँको राज्यका नागरिक हुनेछन्।

**एफेसी १:१३:** अबचाहिँ पावलले जन्मजात यहूदी विश्वासीहरूदेखि सरेर ती ख्रीष्ट-विश्वासीहरूमाथि आफ्नो ध्यान लगाइदिन्छन्, जो अन्तजातिका मानिसहरू भएर जन्मे। यसको निम्ति तिनले 'हामी' भन्ने प्रथम पुरुषको सर्वनाम 'तिमीहरू' भन्ने द्वितीय पुरुष सर्वनाममा बदली गर्छन्। गैरयहूदी-पृष्ठभूमिबाट मुक्ति पाएकाहरू परमेश्वरको इच्छारूपी रहस्यमा सहभागी भएका छन्, यहूदीको पृष्ठभूमिबाट प्रभुकहाँ फर्केका-हरूजस्तै। यसकारण प्रेरित पावल ती कदमहरू पहिल्याउँदै जान्छन्, जुन-जुन कदमअनुसार एफेसीहरू र अन्य जातिका मानिसहरू ख्रीष्ट येशूको सम्बन्धमा ल्याइए।

**क)** उनीहरूले सुसमाचार सुने।

**ख)** उनीहरूले ख्रीष्ट येशूमाथि विश्वास गरे।

**ग)** अनि उनीहरूमाथि प्रतिज्ञा गरिनुभएको पवित्र आत्माको छाप लगाइयो।

पहिले उनीहरूले सत्यताको वचन अर्थात् उनीहरूको मुक्तिको सुसमाचार सुने। यसको सर्वसाधारण सन्दर्भ मुक्तिको शुभ सन्देश होः 'प्रभु येशूमाथि विश्वास गर्नुहोस्, र तपाईंले मुक्ति पाउनुहुनेछ।' तर सत्यताको वचनको घेराभित्र ख्रीष्ट येशू र उहाँका प्रेरितहरूको समस्त शिक्षा समावेश हुन्छ।

यो शुभ सन्देश सुनेपछि उनीहरूले विश्वासको साथ आफूलाई ख्रीष्ट येशूको हातमा सुम्पे। उनीहरूको निश्चित संकल्प विश्वासको काममा परिणत भयो। उनीहरूले प्रभु येशूमाथि आफ्नो विश्वास लगाएर बिसाए; किनभने मुक्ति उहाँमा छ, अँ, केवल उहाँमा छ।

अनि उनीहरूले उहाँमाथि विश्वास गर्नेबित्तिकै उनीहरूमाथि प्रतिज्ञा गरिनुभएको पवित्र आत्माको छाप लगाइयो। यस भनाइको अर्थ हामी राम्ररी बुझौं र पक्रौंः हरेक साँचो विश्वासीले परमेश्वरको आत्मा पाउँछ; ऊ परमेश्वरको हो, अनि आफ्नो महिमित शरीर नपाउन्जेलसम्म ऊ परमेश्वरमा सुरक्षित रहिरहन्छ भन्ने चिन्ह-स्वरूप पवित्र आत्माको छाप लगाइन्छ। हामी कानुनी कुरा गरौंः मोहरछापचाहिँ अधिकार भएको वस्तुको हक र सुरक्षाको चिन्ह हो। आत्मिक हिसाबले कुरा पनि उस्तै छ। हामीमा वास गर्नुभएको पवित्र आत्माले हामीमाथि परमेश्वरको हकिकत सम्पत्तिको निसान लगाउनुभएको छ (१ कोरिन्थी ६ः१९-२०)। पवित्र आत्माचाहिँ छुटकाराको दिन नभएसम्म हाम्रो सुरक्षाका निम्ति जमानी बस्नुभएको छ (एफेसी ४ः३०)।

हाम्रो छापको नाम 'प्रतिज्ञाको पवित्र आत्माको छाप' हो। पहिले, परमेश्वरको आत्मा पवित्र हुनुहुन्छ; उहाँ पवित्र आत्मा हुनुहुन्छ। त्यसपछि उहाँ प्रतिज्ञाको आत्मा हुनुहुन्छ। पिता परेमश्वरले उहाँको प्रतिज्ञा गर्नुभएको थियो (योएल २ः२८ र प्रेरित १ः४); अनि प्रभु येशूले उहाँको प्रतिज्ञा गर्नुभयो (यूहन्ना १६ः७)। परमेश्वरले ख्रीष्ट-विश्वासीको खातिर आफ्ना सबै प्रतिज्ञाहरू पूरा गर्नुहुन्छ भन्ने कुरा सुनिश्चित गर्न पवित्र आत्मा यसको जमानी बस्नुहुन्छ।

एफेसी १ः१३ पदमा त्रिएक परमेश्वरको कुरा गरिएको पहिलो चक्कर पूरा भयोः एफेसी १ः३ पदमा पिता परमेश्वरको कुरा छ भने, एफेसी १ः७ पदमा परमेश्वरको पुत्रको कुरा छ, अनि यहाँ एफेसी १ः१३ पदमा परमेश्वरको आत्माको कुरा छ। यस प्रकारका बयानहरू यस पत्रमा धेरै छन्।

**एफेसी १ः१४ः** प्रेरित पावलले यहाँ सर्वनाम फेरि पनि बदली गर्छन्। एफेसी १ः११-१२ पदमा सर्वनाम 'हामी' थियो भने, एफेसी १ः१३ पदमा सर्वनाम 'तिमीहरू' थियो; अनि एफेसी १ः१४ पदमा यी दुईवटा सर्वनामबाट एउटा संयुक्त सर्वनाम 'हाम्रो' भएको छ। त्यो त साहित्यकारको कला हो; किनभने यसरी नै पावलले एफेसी २-३

अध्यायमा विस्तृत रूपले प्रस्तुत गर्न लागेको विषयको पूर्वसङ्केत दिन्छन्ः विश्वास गर्ने यहूदीहरू र विश्वास गर्ने अन्यजातिका मानिसहरू ख्रीष्ट येशूमा एक भएका छन्, एउटा नयाँ समाज भएका छन्, ख्रीष्टको मण्डली बनेका छन्।

पवित्र आत्मा हाम्रो उत्तर-अधिकारको भागको बैना हुनुहुन्छ। बैनाचाहिँ त्यो अग्रिम रकम हो, जुन रकमले पूरा दामको भुक्तानी हुने कबुलको काम गर्छ। बैनाको रकम र भुक्तानीको पूरा रकम एकै मुद्रामा दिइन्छ; यी दुई कुरामा परिणाम मात्र फरक हुँदो रहेछ।

हामीले मुक्ति पाउनेबित्तिकै पवित्र आत्माले हामीलाई ख्रीष्ट येशूमा पाएका धनसम्पत्तिहरूको विषयमा प्रकाश दिन थाल्नुहुन्छ। उहाँले हामीलाई भावी महिमाका पूर्वस्वाद र पूर्वानुभवहरू दिनुहुन्छ। तर एक दिन हामीले सम्पूर्ण अधिकारको भाग पाउनेछौं भन्ने कुरा हामी कसरी निश्चित रूपले जान्न सक्छौं? पवित्र आत्मा स्वयम् यसको बैना हुनुहुन्छ वा यसको निम्ति जमानी बस्नुहुन्छ।

हाम्रो उत्तर-अधिकारको भाग नपाउन्जेल हामी सुरक्षित रहनेछौं भन्ने कुरा सुनिश्चित गराउँदै पवित्र आत्माले छापको काम गर्नुहुन्छ। हाम्रो निम्ति अधिकारको भाग सुनिश्चित रहनेछ भन्ने कुरा सुनिश्चित गराउँदै पवित्र आत्माले बैनाको काम गर्नुहुन्छ।

*'जुन आत्माचाहिँ किनिएको सम्पत्तिको छुटकाराको समयसम्म हाम्रो पैतृक-सम्पत्तिको बैना हुनुहुन्छ।'* पहिलो-फलले पूरा फसल हुने पूर्वजानकारी दिएझैं बैनाले पूरा भुक्तानीरूपी छुटकाराको पूर्वजानकारी दिन्छ। जब किनिएको सम्पत्तिको पूरा भुक्तानी गरिनेछ, तब पवित्र आत्माको बैना हुने काम समाप्त हुनेछ। तर किनिएको सम्पत्ति भनेर पावलले भन्न चाहेको के हो? यसका तीनवटा मतलब सम्भव हुन्छन्, जस्तैः

**क)** तिनले हाम्रो अधिकारको भाग भनेको हुन सक्छ।

परमेश्वरको सारा धनसम्पत्ति प्रभु येशूमार्फत हाम्रै हुनेछ। हामी परमेश्वरका हकवाला र येशू ख्रीष्टको साथमा साझा-हकवाला

भएका छौं (रोमी ८:१७; १ कोरिन्थी ३:२१-२३)। सारा सृष्टि पापको प्रवेशले गर्दा अशुद्ध भएको छ; यसकारण त्यो परमेश्वरसित मेलमिलापमा ल्याइनुपर्नेछ र शुद्ध पारिनुपर्नेछ (कलस्सी १:२० र हिब्रू ९:२३)। जब ख्रीष्ट येशू यस पृथ्वीमा राज्य गर्न आउनुहुनेछ, तब ऐय्या-आत्था गरिरहेको सृष्टिले विनाशको बन्धनबाट छुटकारा पाउनेछ र परमेश्वरका छोराछोरीहरूको महिमापूर्ण स्वतन्त्रताभित्र प्रवेश गर्नेछ (रोमी ८:१९-२२)।

**ख)** किनिएको सम्पत्ति ख्रीष्ट-विश्वासीहरूको शरीर हुन सक्छ।

हामीले विश्वास गरेको क्षणमै हाम्रो आत्मा र हाम्रो प्राणको छुटकारा भइसक्यो; तर हाम्रो शरीरको छुटकारा भविष्यमा पूरा हुन बाँकी रहेको छ। हामी दुःखकष्टमा पर्छौं, हामी वृद्ध हुन्छौं र मर्नुपर्छ; यी सबै कुराहरूले एउटै कुरा प्रमाणित गर्छन्: हाम्रो शरीरको छुटकारा भएकै छैन। जब ख्रीष्ट येशू हाम्रा निम्ति फर्केर आउनुहुनेछ, तब हाम्रा शरीरहरूले एउटा नयाँ रूप धारण गर्नेछन् र उहाँको महिमापूर्ण शरीरको जस्तो रूप लिनेछन् (१ थेस्सलोनिकी ४:१३-१८ र फिलिप्पी ३:२१)। तब, अँ, तब नै हाम्रा शरीरहरूको छुटकारा अनन्तसम्म पूरा समाप्त हुनेछ (रोमी ८:२३)।

**ग)** किनिएको सम्पत्ति ख्रीष्टको मण्डली हुन सक्छ (१ पत्रुस २:९ पदअनुसार उहाँको 'निज प्रजा')। यसको सिलसिलामा मण्डलीको भावी छुटकारा ख्रीष्ट-विश्वासीहरूको उठाइलगिने क्षण हो, जुन बेलामा ख्रीष्ट येशूले उनीहरूलाई आफ्नो सामु एउटा महिमित मण्डलीको रूपमा उपस्थित गराउनुहुनेछ, जुन मण्डलीमा कुनै दाग, कुनै चाउरी छैन, अँ, यस प्रकारको अरू कुनै कलङ्क नै छैन (एफेसी ५:२७)। यस सन्दर्भमा कतिजनाले परमेश्वरको निजी सम्पत्तिअन्तर्गत पुरानो नियमका पवित्र जनहरूलाई पनि समावेश गर्नुपर्छ भन्ने विचारधारणा अपनाएका छन्।

किनिएको सम्पत्तिको छुटकाराचाहिँ उहाँको महिमाको प्रशंसाको कारण हुनेछ। त्यस बेलामा परमेश्वरका जनहरूका निम्ति निर्धारित गरिएको उहाँको उदेकको योजना महिमाले पूर्ण आफ्नो चरमसीमामा आइपुग्नेछ। यसका निम्ति अनन्त-अनन्तसम्म परमेश्वरको प्रशंसा भइरहने नै छ। उहाँ त्यस प्रशंसाको एकमात्र योग्य कारण हुनुहुन्छ। पावलले यस अध्यायमा हामीलाई तीन पल्ट सम्झाउँछन्, कि परमेश्वरका सबै कामहरूको उद्देश्य र लक्ष्य अनि ती कामहरूबाट निस्केको एकमात्र अनिवार्य परिणाम उहाँको प्रताप र महिमा बढ़ाउनु नै हो।

एफेसी १ः६ः उहाँको अनुग्रहको महिमाको प्रशंसा हुनुपर्छ।

एफेसी १ः१२ः हामी उहाँको महिमाको प्रशंसाको कारण हुनेछौं।

एफेसी १ः१४ः किनिएको सम्पत्तिको छुटकाराबाट उहाँको महिमाको प्रशंसा हुनेछ।

## ग) एफेसी १ः१५-२३ः प्रेरित पावलले पवित्र जनहरूका निम्ति धन्यवाद चढ़ाउँछन् र उनीहरूका निम्ति प्रार्थना गर्छन्

**एफेसी १ः१५ः** उक्त खण्डमा प्रेरित पावलले बितेको अनादि-कालदेखि शुरु गरेर भावी अनन्तकालसम्म परमेश्वरको अनन्त योजनाको संक्षिप्त रोमाञ्चित रूपरेखा दिएका छन् (एफेसी १ः३-१४)। (अचम्मको कुरा के हो भने, ग्रीक भाषामा यो खण्ड केवल एउटै वाक्य हो।) तिनले यहाँ आत्मिक पर्वत-मालारूपी अति उच्च विषय-वस्तुहरूमाथि आफ्नो नजर लगाए, जुन विषयहरू हाम्रो मनन र चिन्तनका योग्य, सर्वश्रेष्ठ वस्तु हुन्छन्, र जुन विषयहरूले हाम्रो मनमा श्रद्धायुक्त विस्मय पैदा गर्छन्। पावलका विचारहरू यहाँ अति उच्चमा पुगे, यहाँसम्म कि तिनले थाम्न सक्दैनन्, तर अब आफ्ना पाठकहरूलाई उनीहरूका निम्ति आफ्नो प्रार्थनामा कत्रो बोझ उठाएका छन्, सो बताइदिन्छन्ः यी विषयहरूको सम्बन्धमा उनीहरूको आत्मिक ज्ञानोदय भएको हुनुपर्छ।

उनीहरूले ख्रीष्ट येशूमा प्राप्त भएका आफ्ना महिमित सौभाग्यहरू मूल्याङ्कन गर्न र उपभोग गर्न पाऊन् भन्ने पावलको ठूलो चाहना थियो। ख्रीष्ट येशूलाई सारा सृष्टिको शिर तुल्याएर मण्डलीलाई दिनका निम्ति परमेश्वरले काममा लगाउनुभएको शक्तिको महानता उनीहरूले बुझून् भन्ने तिनको इच्छा थियो।

'यसैकारण ...' भन्ने नयाँ विषयको परिचय दिने यस शब्दले नयाँ विषय र अघिको खण्डको बीचमा सम्बन्ध जोड्छ (एफेसी १:३-१४), जुन उक्त खण्डमा परमेश्वरले ख्रीष्टको देहमा अङ्गहरू भएकाहरूका निम्ति पूरा गर्नुभएका सबै कामहरू र पूरा हुन बाँकी कामहरूको बयान गरिएको छ।

*'प्रभु येशूमा भएको तिमीहरूको विश्वास र सबै पवित्र जनहरूप्रति भएको तिमीहरूको प्रेमको विषयमा सुनेर।'* बितेको समयमा पावलले एफेससका विश्वासीहरूको विषयमा जानकारी पाए। अनि जब तिनले उनीहरूको विश्वासको विषयमा यो सूचना पाए, तब तिनले उनीहरूका निम्ति प्रार्थना गर्न थाले; किनभने निश्चय उनीहरू यी आत्मिक आशिषहरूमा सहभागी भए, जुन आशिषहरूको बेलिबिस्तार हामीले उक्त खण्डमा पढ़ेका छौं। प्रभु येशूमाथि राखिएको उनीहरूको विश्वासले उनीहरूको जीवनमा मुक्तिको आश्चर्यकर्म पूरा गरिदियो। सबै पवित्र जनहरूप्रति उनीहरूको प्रेम थियो, र यस प्रेमले उनीहरूको जीवनमा वास्तविक परिवर्तन भएको पक्का गवाही दियो।

यो पत्र एफेसीहरूलाई मात्र लेखिएको थिएन भन्ने कुरा विश्वास गर्ने बाइबल-विद्वान्हरूले यो पद आफ्नो धारणाको आधार बनाएका छन्, जुन पदमा पावलले आफ्ना पाठकहरूको विश्वासको विषयमा सुने भन्छन्। के उनीहरू तिनले उनीहरूलाई कहिल्यै नभेटेका विश्वासीहरू थिए? तर पावलले एफेससमा कम्तीमा तीन वर्ष बिताए (प्रेरित २०:३१)। यसकारण ती विद्वान्हरू यस निष्कर्षमा आइपुगे, कि यो पत्र एफेससमा मात्र नभएर अरू स्थानीय मण्डलीहरूकहाँ पनि पठाइएको पत्र हुनुपर्छ।

सौभाग्यवश यस प्रकारको प्रश्नले हामीले यस पदबाट सिक्नुपर्ने पाठहरू कुनै नराम्रो असर गर्दैन। हामीले सिक्नुपर्ने पहिलो पाठः 'प्रभु येशूमा भएको तिमीहरूको विश्वास'को अर्थ यस प्रकारको छः प्रभु येशूचाहिँ उनीहरूको विश्वासको एकमात्र मूलकेन्द्र हुनुहुन्थ्यो। हामी कुनै विश्वासको सारमा विश्वास गर्ने होइनौं, कुनै मण्डलीमाथि अथवा ख्रीष्ट-विश्वासीहरूमाथि पनि विश्वास गर्दैनौं। मुक्ति दिलाउने विश्वास बौरिउठ्नुभएको र उच्च स्वर्गमा परमेश्वरको दाहिने हातपट्टि बस्नुभएको ख्रीष्ट येशूमाथि राखिएको विश्वास हो।

'सबै पवित्र जनहरूप्रति तिमीहरूको प्रेम' भन्ने वाक्यमा हामीले सिक्नुपर्ने दोस्रो पाठ छः हामीले आफ्नो प्रेम आफ्नो सङ्गति वा आफ्नो सम्प्रदायको घेराभित्र रहेका विश्वासीहरूमा सीमित राख्नुहुँदैन। हामीले ख्रीष्ट येशूको रगतले धोएर शुद्ध पारिएकाहरू सबैजनालाई अर्थात् विश्वासको घरानाका सबैजनालाई प्रेम गर्नुपर्छ।

हामीले सिक्नुपर्ने तेस्रो पाठः विश्वास र प्रेमको संयोग हुनुपर्छ। कति मानिसहरूसँग आफ्नो स्वीकारअनुसार विश्वास छ रे, तर तिनीहरूको जीवनमा प्रेमै छैन। अरू मानिसहरूको कुरा पत्याउनु हो भने तिनीहरूसँग ठूलो प्रेम छ रे, तर ख्रीष्ट येशूमाथिको विश्वासै छैन। साँचो इसाई-विश्वास दुईमुखी हुन्छ; त्यसको शिक्षा खाँटी हुन्छ र त्यसको व्यवहार पनि सठीक हुन्छ।

**एफेसी १:१६:** यी ख्रीष्ट-विश्वासीहरूको विश्वास र प्रेमले प्रेरित पावललाई उनीहरूका निम्ति प्रभुलाई धन्यवाद चढ़ाउने र उनीहरूका निम्ति निरन्तर प्रार्थना गर्ने प्रेरणा दिलायो। यो कुरा श्री डब्ल्यू. ग्राहेम स्क्रोग्गीले सुन्दर ढङ्गमा यसो भनेका छन्ः

> 'विश्वासीहरूको जीवनमा बसालिएको आत्मिक जगको निम्ति धन्यवाद दिइन्छ, तर त्यस जगमाथि खड़ा गर्नुपर्ने भवनरूपी निर्माण-कार्यको निम्ति प्रार्थना गर्नुपर्छ। बितेको समयमा हासिल गरिएका सफलताहरूका निम्ति धन्यवाद चढ़ाइन्छ, तर आगामी प्रगति र विकासको निम्ति प्रार्थना गर्नुपर्छ। उनीहरूको जीवनमा गरिएको

आत्मिक अनुभवको वास्तविकताको निम्ति धन्यवाद चढ़ाइन्छ, तर उनीहरूको जीवनमा परमेश्वरको उद्देश्य पूरा भएको होस् भन्ने प्रार्थना गर्नुपर्छ।’

**एफेसी १ः१७ः** पावलजस्तै परमेश्वरको वीरको प्रार्थनाको जीवनमा नियाल्न पाएकोमा परमेश्वरलाई धन्यवाद होस्! हामी कति भाग्यमानी भएका छौं। खास गरी यस पत्रमा तिनको प्रार्थनाको जीवनका दुईवटा झलकहरू पाइन्छन्ः एफेसी १ः१५-२३ र ३ः१४-२१ पदको खण्डमा। यहाँ पावलको प्रार्थनाको विषयचाहिँ एफेसी विश्वासीहरूको आत्मिक प्रकाश हो भने, एफेसीको पत्रको तीन अध्यायमा उनीहरूको आत्मिक शक्ति तिनको प्रार्थनाको विषय हो। यहाँ तिनको प्रार्थनाले परमेश्वरलाई सम्बोधन गरेको छ भने त्यहाँ तिनको प्रार्थनाले पितालाई सम्बोधन गर्छ। तर पावलका प्रार्थनाहरू जहिले पनि निरन्तर गरिने, विषयबद्ध र मानिस-हरूको वर्तमान खाँचोगाह्रोअनुसार थिए। यहाँ पावलले आफ्नो प्रार्थनामा *‘हाम्रा प्रभु येशू ख्रीष्टको परमेश्वर, महिमाको पितालाई’* सम्बोधन गर्छन्। हामी ‘महिमाको पिता’ भन्ने वाक्यांशमा एकक्षण ध्यान दिऔं, जसको अर्थ यस प्रकारका हुन सक्छः

**क)** पिता परमेश्वर सबै महिमाको स्रोत र मूल-कारक हुनुहुन्छ।
**ख)** सारा महिमा उहाँले पाउनुपर्छ। अथवा,
**ग)** उहाँ प्रभु येशूको पिता हुनुहुन्छ, जुन प्रभु येशूचाहिँ परमेश्वरको महिमाको प्रकाश हुनुहुन्छ।

*‘उहाँले तिमीहरूलाई उहाँको पहिचानमा बुद्धि र प्रकाशको आत्मा दिएका होऊन्’* भनेर पावलले यहाँ आफ्नो प्रार्थनाको विषय पेश गर्छन्। पवित्र आत्मा बुद्धिको आत्मा हुनुहुन्छ (यशैया ११ः२); अनि उहाँ प्रकाशको आत्मा हुनुहुन्छ (१ कोरिन्थी २ः१०)। तर हरेक ख्रीष्ट-विश्वासीभित्र पवित्र आत्माले वास गर्नुभएको कारणले ‘उनीहरूले पवित्र आत्मा पाऊन्’ भन्ने अर्थ आफ्ना पाठकहरूको निम्ति गरिएको पावलको

प्रार्थनाको मतलब हुन सक्दैन। होइन, उनीहरूले पवित्र आत्माद्वारा आत्मिक प्रकाश बुझ्ने विशेष क्षमता पाउनुपर्छ।

ज्ञानको बोध गराउने काम प्रकाश भनिन्छ; तर बुद्धिचाहिँ आफूले पाएको ज्ञान आफ्नो जीवनमा सदुपयोग गर्ने क्षमता हो। प्रेरित पावलको विचार यहाँ सामान्य ज्ञानमाथि होइन, तर 'उहाँको पहिचान'माथि अड़िएको छ। ख्रीष्ट-विश्वासीहरूसँग परमेश्वरको गहन, आत्मिक, अनुभवयुक्त पहिचान हुनुपर्छ। यस प्रकारको पहिचान मगजको फल होइन, तर केवल पवित्र आत्माको अनुग्रहकारी सेवकाइद्वारा प्राप्त गरिन्छ। श्री आर. डब्ल्यू. डेलले यो कुरा स्पष्ट पारेर यसो भनेका छन्ः

> 'यी एफेसी विश्वासीहरूसँग ईश्वरीय प्रकाश भइसकेको थियो, नत्र यिनीहरू ख्रीष्टियान हुनेथिएनन्। तर पावलको प्रार्थना के थियो भने, यी विश्वासीहरूमा वास गर्नुभएको परमेश्वरको आत्माले उनीहरूको दृष्टि अझै सफा, झन् स्पष्ट र बड़ो तीखो पारिदिऊन्। परमेश्वरको शक्ति, उहाँको प्रेम र महानता अझ बढ़ी, अझ पूर्ण ढङ्गमा यिनीहरूकहाँ प्रकट होऊन्। अनि हुन सक्छ, यी दिनहरूमा मण्डलीले 'बुद्धि र प्रकाशको आत्मा पाऔं' भन्ने प्रार्थना गर्नुपर्ने आवश्यकता झन् बढ़ी देखिन्छ; किनभने मानिसहरूले आत्मिक हिसाबले निम्न स्तरका, नगण्य क्षेत्र-हरूमा यति छिटो किसिम-किसिमका आविष्कारहरू गर्दैछन्, यहाँसम्म कि यी मोहित र उत्तेजित पार्ने आविष्कारहरूले ख्रीष्ट-विश्वासीहरूमा पनि ख्रीष्ट येशूमा प्रकट भएको परमेश्वरको प्रकाशमा हुने चासोसित प्रतिस्पर्धा पो गर्दा रहेछन्। यस प्रार्थनाको उत्तरमा हामी अबदेखि उसो देखिने, क्षणिक कुराहरूको ज्ञानको तिरमिर पार्ने प्रभावमा रहनेछैनौं; किनकि नदेखिने, तर रहिरहने अनन्त कुराहरूको ज्ञानातीत महिमाको तेजको चमकले यी देखिने कुराहरू माथ गरेको छ, जितेको छ, ओझेल पारेको छ।' 5)

**एफेसी १ः१८ः** हामीले यहाँसम्म बुझेको कुरा यस प्रकारको छः आत्मिक प्रकाश दिने स्रोत परमेश्वर हुनुहुन्छ भने प्रकाशको माध्यमरूपी

सोताचाहिँ पवित्र आत्मा हुनुहुन्छ। अनि प्रकाशको प्रमुख विषयवस्तुचाहिँ परमेश्वरको पूरा पहिचान हो। *'तिमीहरूको मनका*[6] *आँखाहरू उज्याला पारिएका होऊन्'* भनेर कुन ज्ञानेन्द्रियाहरूले प्रकाश पाउनुपर्छ, सो कुरा अब स्पष्ट पारिन्छ।

यस चित्रणात्मक भाषाद्वारा सिकाउन चाहिएको मतलब यही होः परमेश्वरका वास्तविकताहरू सठीक रूपले बुझ्नलाई तीखो बुद्धि भएको मस्तिष्क चाहिँदैन, तर हामीलाई एउटा कोमल मन, एउटा नरम हृदय चाहिन्छ। यो कुरा त हाम्रो मनमा भएको प्रेममा पो निर्भर गर्छ। परमेश्वरलाई प्रेम गर्नेहरूलाई उहाँका प्रकाशहरू दिइन्छन्। यस कुराले हरेक ख्रीष्ट-विश्वासीलाई सुनौला र सुन्दर मौकाहरू सृजना गर्छ; किनभने हाम्रो बौद्धिक स्तर जेजस्तो भए पनि हामी सबैजनासँग परमेश्वरलाई प्रेम गर्ने हृदय भएको हुन सक्छ नि।

पवित्र जनहरूलाई ईश्वरीय ज्ञानको प्रकाश कुन तीनवटा क्षेत्रहरूमा खाँचो परेको छ, सो कुरा पावलले यहाँ प्रस्तुत गर्छन्। किनभने तिनले उनीहरूलाई के चाहना गर्छन् भने,

**क)** उहाँको बोलावटको आशा के हो,

**ख)** पवित्र जनहरूमा उहाँको पैतृक-सम्पत्तिको महिमाको धन के हो,

**ग)** हामी विश्वास गर्नेहरूप्रति उहाँको सामर्थ्यको असीम महानता के हो, सो उनीहरूले जान्नुपर्छ।

उहाँको बोलावटको आशा के हो? यस आशाले हामीलाई भविष्यमा हुने त्यस क्षणतिर लैजान्छ, जुन बेलामा परमेश्वरले हाम्रो विषयमा सोच्नुभएका सबै कुराहरू पूरा हुनेछन् र हामी त्यस अन्तिम लक्ष्यमा आइपुग्नेछौं, जसको निम्ति परमेश्वरले हामीलाई सुसमाचारद्वारा बोलाउनु-भयो। हाम्रो सुदृढ़ आशा छ, कि हामी ख्रीष्ट येशूसित हुनेछौं र अनन्तसम्म उहाँजस्ता हुनेछौं। हामी परमेश्वरका छोराछोरीहरूको रूपमा सारा सृष्टि-कहाँ प्रकट हुनेछौं। हामी उहाँकी निष्कलङ्क दुलही हुनेछौं, र उहाँको साथमा राज्य गर्नेछौं। यो हाम्रो आशा हो; यसका निम्ति हामी आशा गर्छौं,

तर 'आशा गर्नू, भरोसा नपर्नू' भनेजस्तो चाहिँ होइन। होइन, हाम्रो आशा सुदृढ़ र सुनिश्चित छ। तर हाम्रो मुक्तिको सम्बन्धमा कति कुराहरू भविष्यमा हुनआउन बाँकी रहेका छन्, जसको बाटो हामी हेरिरहेका हुन्छौं।

पवित्र जनहरूमा उहाँको पैतृक-सम्पत्तिको महिमाको धन के हो ? यो दोस्रो कुरा ख्रीष्ट-विश्वासीहरूले खोजेर पत्ता लगाउने कति विशाल आत्मिक क्षेत्र हुँदो रहेछ ! ! के तपाईंले याद गर्नुभयो ? पावलले यहाँ शब्दहरूमाथि शब्दहरू थप्दै चर्चित विषयवस्तुको विशालता र महानता बढ़ाउँदै लान्छन्, जस्तैः

**उहाँको पैतृक-सम्पत्ति**
**पवित्र जनहरूमा उहाँको पैतृक-सम्पत्ति**
**पवित्र जनहरूमा उहाँको पैतृक-सम्पत्तिको महिमा**
**पवित्र जनहरूमा उहाँको पैतृक-सम्पत्तिको महिमाको धन**

यस वाक्यको अर्थ हामीले दुई प्रकारले बुझ्न सक्छौं। अनि यी दुईवटा वाख्याहरू अर्थपूर्ण हुन्छन्; यसकारण हामी यी दुईवटा वाख्याहरू प्रस्तुत गर्छौं। पहिलो व्याख्या यस प्रकारको छः पवित्र जनहरू उहाँको पैतृक-सम्पत्ति हुन्। अनि परमेश्वरले उनीहरूलाई आफ्नो मूल्यवान् अनुपम धन सम्झनुहुन्छ। ख्रीष्ट-विश्वासीहरूले तीतस २:१४ पदमा 'विशेष जाति' भन्ने नाम र १ पत्रुस २:९ पदमा 'निज प्रजा' भन्ने नाम पाएका छन्। हामीजस्तै दुष्ट, पापी मानिसहरूप्रति देखाइएको प्रदर्शन हामीले बयान गर्न नसिकने अनुग्रह भन्नुपर्छ, जसको योग्य हामी तुच्छ, नीच र निकृष्ट कहिल्यै हुन सक्दैनौं। हामी ख्रीष्ट येशूद्वारा मुक्ति पाएकाहरूले परमेश्वरको हृदयमा यस्तो आत्मीय स्थान ओगट्नु सम्झनादेखि बाहिरको कुरा हो। तर उहाँले हामीलाई आफ्नो पैतृक-सम्पत्ति ठान्नुभएको छ।

यसको दोस्रो व्याख्या यस प्रकारको छः पैतृक-सम्पत्ति भन्नाले हाम्रो समस्त अधिकारको भाग बुझिन्छ। छोटकरीमा भन्नु हो भने, सारा सृष्टि ख्रीष्ट येशूको राज्य बन्नेछ; अनि हामी उहाँकी दुलहीले उहाँको साथमा

सारा विश्वमाथि राज्य गर्नेछौं । उहाँले हाम्रा निम्ति साँचेर राख्नुभएको सारा धनको महिमा हामीले मूल्याङ्कन गर्ने सके त, त्यस कुराले हामीमा यस संसारका आकर्षित कुराहरू, यसका सुखहरू र मनोरञ्जनहरूको निम्ति गरिने अभिरुचि पूरा बिगारिदिन्छ ।

**एफेसी १ः१९ः** अब यी पवित्र जनहरूका निम्ति चढ़ाइएको पावलको अन्तर्विन्तीको तेस्रो कुरा आयो । किनकि उनीहरू यी सबै कुराहरू हुनआउन पारिदिने परमेश्वरको महान् शक्तिको निम्ति आभारी हुनुपरेको छ, जुन असीम र महान् शक्ति उहाँले हामी विश्वास गर्नेहरूका निम्ति काममा लगाउनुहुन्छ ।

यस सम्बन्धमा श्री एफ. बी. मेयरले यसो भनेका छन्ः

> 'यसो गर्न शक्ति चाहिन्छ, परमेश्वरको शक्ति चाहिन्छ; अँ, परमेश्वरको ठूलो शक्ति चाहिन्छ । त्योभन्दा कम कुनै कुरा चल्दैन, पुग्दैन । उहाँले हाम्रा निम्ति आफ्नो ठूलो, असीम र अपार शक्ति चलाउनुहुन्छ; यसमा कुनै शङ्का छैन ।' [7)]

यस प्रकारको महान् शक्ति परमेश्वरले हाम्रो छुटकाराको निम्ति काममा लगाउनुभयो; अनि हाम्रो सुरक्षाको निम्ति उहाँले त्यही अपार शक्ति काममा लगाउनुहुन्छ, अनि हामीलाई महिमित तुल्याउन उहाँले त्यही असीम शक्ति काममा लगाउनुहुनेछ । यस सम्बन्धमा श्री लूइस् एस. चाफरले यसो लेखेका छन्ः

> 'प्रेरित पावलले यहाँ यी ख्रीष्ट-विश्वासीहरूलाई त्यस महान् शक्तिको विषयमा प्रभावित पार्न खोजेका छन्, जुन महाशक्ति परमेश्वरले आफ्ना सबै उद्देश्यहरू पूरा गर्नलाई काममा लगाउनुभएको छ, चाहे उहाँको यो काम चुनाव होस्, अघि ठहराउने काम होस् अथवा धर्मपुत्र तुल्याउने सर्वाधिकारयुक्त कार्य किन नहोस् ।' [8)]

**एफेसी १ः२०ः** परमेश्वरले काममा लगाउनुभएको शक्तिको महानता हामी केसित तुलना गरौं ? प्रेरित पावलले अब त्यस ईश्वरीय शक्तिको सर्वोच्च प्रदर्शन पेश गर्दैछन् । त्योभन्दा ठूलो शक्ति संसारको कुनै

मानिसले जान्न सक्दैन। ईश्वरीय शक्तिको सर्वोच्च प्रदर्शन यहाँ छः परमेश्वरले ख्रीष्ट येशूलाई मरेकाहरूको बीचबाट बौराएर उठाउनुभयो र उहाँलाई आफ्नो दाहिने हातपट्टि सिंहासनमाथि बसाल्नुभयो। हुन सक्छ, हामीमध्ये कतिजनाको विचारमा, परमेश्वरको शक्तिको सबैभन्दा ठूलो प्रदर्शन उहाँको सृष्टिको उत्पत्तिमा भएको थियो। अथवा परमप्रभु परमेश्वरले आफ्नो प्रजालाई अद्भुत प्रकारले लाल समुद्र पार गराउनुभएकोमा कतिले उहाँको ठूलो शक्तिको प्रदर्शन देख्छन्। तर होइन, नयाँ नियमको शिक्षाअनुसार परमेश्वरको सबैभन्दा ठूलो शक्ति प्रभु येशूको बौरिउठाइ र उहाँको स्वर्गारोहणमा दरकार परेको थियो।

यसो हुने कारण के थियो? ख्रीष्ट येशूलाई चिहानमा राखिछोड्न अथवा बौरिउठ्नुभएको प्रभुलाई स्वर्गमा चढ़िजानदेखि रोकिराख्नलाई शैतानका सबै सेनाहरू एकत्रित भएको देखिन्छ। तिनीहरूले परमेश्वरका उद्देश्यहरू व्यर्थ तुल्याउन खोजे होलान्। तर परमेश्वर हर प्रकारको विरोधमाथि विजयी हुनुभयो। प्रभु येशू बौरिउठ्नुभयो; उहाँको स्वर्गारोहण भयो। शैतान र त्यसका सेनाहरूले हार खानुपर्‍यो। अनि विजयी शक्तिको महिमित तमाशा भयो।

कसले यस प्रकारको शक्ति बयान गर्न सक्छ र? यसकारण हाम्रो पक्षमा काममा लगाइएको यस दिव्य शक्तिको बयान गर्दा पावलले शब्दहरूको खोजीमा गति-विज्ञानको शब्दभण्डारबाट केही शब्द झिकाउँछन्। *'उहाँको **शक्तिशाली सामर्थ्य**को **काम**अनुसार .. जुन सामर्थ्य यहाँले ख्रीष्टमा **काममा लगाउनुभयो**, जब यहाँले उहाँलाई मरेकाहरूबाट बौराएर उठाउनुभयो।'* यहाँ पेश गर्ने खोजेको विचार यति गहकिलो छ, कि शब्दहरूको वजन अझै पनि पुग्दैन कि के हो? हामीले यहाँ एक-एक शब्दको बीचको अर्थ खुट्ट्याउनु नपर्ला; परमेश्वरको असीम शक्तिको प्रदर्शनमा ताजुब हुनलाई यति पुगिहाल्छ। आउनुहोस्, हामी सर्वशक्तिमान् परमेश्वरलाई उहाँको असीम शक्तिका निम्ति दण्डवत् गरौं!

श्री एफ. बी. मेयरले आफ्नो उद्‌गार यसरी व्यक्त गरेका छन्ः

> 'मरणशील चिहानदेखि अनन्त परमेश्वरको सिंहासनमाथि उठाइनु, अँध्यारो चिहानदेखि कोही मानिस नजिक जान नसकिने अपार ज्योतिमा पुग्नु, यस सानो धरतीबाट ब्रह्माण्डको केन्द्ररूपी राजधानीमा सर्नु – यो कत्रो उत्थापन थियो ! ! भाइबहिनीहो, विश्वासरूपी वृत्त कोर्ने परकार लिनुहोस्, अनि पाताल र उच्च स्वर्गको बीचको यो अथाह खाँदको अन्तर नाप्नुहोस् ! त्यसपछि हाम्रा प्रभुलाई पातालदेखि उच्च स्वर्गमा पुर्‍याउने शक्ति अनुमान गरेर अचम्म मान्नुहोस् !' 9)

पवित्र धर्मशास्त्र बाइबलको शिक्षाअनुसार मानव-इतिहासमा ख्रीष्ट येशूको बौरिउठाइचाहिँ प्रथम थियो (१ कोरिन्थी १५ः२३)। हुन त अरू मानिसहरू पनि मरेकाहरूबाट बौरेर उठे, तर तिनीहरू सबैजना फेरि मरे। तर प्रभु येशू प्रथम व्यक्ति हुनुहुन्थ्यो, जो अनन्त जीवनको शक्तिमा बौरिउठ्नुभयो। ख्रीष्ट येशू बौरिउठ्नुभयो र उहाँको स्वर्गारोहण भयो; त्यसपछि *'परमेश्वरले उहाँलाई आफ्नो दाहिने हातपट्टि ... स्वर्गीय स्थानहरूमा बसाल्नुभयो।'* परमेश्वरको दाहिने हातचाहिँ सौभाग्यशाली स्थान हो (हिब्रू १ः१३), शक्तिको स्थान हो (मत्ती २६ः६४), आदरको स्थान हो (हिब्रू १ः३), आनन्दको भरपूरीको स्थान हो (भजन १६ः११), र शासन-अधिकारको स्थान हो (१ पत्रुस ३ः२२)।

प्रभु येशूलाई बसाइएको स्थानको विषयमा अझ पनि के भनिएको छ भने, त्यो ठाउँ त स्वर्गीय स्थानहरूमै छ। यसर्थ स्वर्गीय स्थानहरूअन्तर्गत परमेश्वरको वासस्थान पनि पर्दो रहेछ। किनभने आज प्रभु येशू मासु र हाड़को वास्तविक शरीरमा त्यहीं हुनुहुन्छ। उहाँको महिमित शरीर अमर हुन्छ, त्यो फेरि कहिल्यै मर्नेछैन। अनि उहाँ जहाँ हुनुहुन्छ, त्यहाँ हामी पनि अब चाँड़ै हुने नै छौं।

**एफेसी १ः२१ः** यस पदमा पनि हाम्रा मुक्तिदाता प्रभुको महिमा-स्थलको परिभाषा अघि बढ़िरहेको छ। उहाँ त *'सबै प्रधानता, अधिकार, सामर्थ्य, प्रभुत्व र यस संसारमा मात्र होइन, तर आउने युगमा पनि लिइने हरेक नामभन्दा धेरै माथि'* हुनुहुन्छ। प्रभु येशू हिजो, आज र सदासर्वदा

हरेक शासक र हरेक अधिकारीभन्दा सर्वोच्च हुनुहुन्छ, चाहे ती शासन-अधिकारीहरू मानिस होऊन्, वा स्वर्गका दूतहरू होऊन्।

स्वर्गीय स्थानहरूमा विभिन्न ओहदामा रहेका स्वर्गदूतहरू छन्। तीमध्ये कति असल, कति दुष्ट छन्। स्वर्गदूतहरूको अधिकार पनि बेग्ला-बेग्लै हुन्छ। तिनीहरूको ओहदाको कुरा गर्नु हो भने जसरी मानिसका शासन-अधिकारीहरूमा राष्ट्रपति, प्रधानमन्त्री, मुख्यमन्त्री, राज्यपाल, नगर-महानगरपति वा गाउँबूढ़ा/पञ्चायतका मुख्य आदि हुन्छन्, त्यसरी नै तिनीहरूको बीचमा पनि उस्तै-उस्तै श्रेणीहरू हुन्छन् होला। तिनीहरूको शासन-अधिकार, तिनीहरूको शक्ति र प्रभुत्य जति ठूलो किन नहोस्, ख्रीष्ट येशू तिनीहरू सबैभन्दा अति उच्च हुनुहुन्छ।

अनि हाम्रो यस वर्तमान युगमा मात्र होइन, तर आउँदो युगमा पनि यो कुरा यस्तै हुनेछ। आउँदो युग भन्नाले ख्रीष्ट येशूको हजार वर्षको राज्य बुझ्नुपर्छ; किनभने प्रभु येशूले यस पृथ्वीमा आफ्नो वास्तविक राज्य स्थापित गर्नुहुनेछ। त्यस बेलामा उहाँ सबै राजाहरूको महाराजा हुनुहुनेछ र सबै प्रभुहरूको परमप्रभु हुनुहुनेछ। सारा सृष्टिका नामैनाम भएका सबै प्राणीहरूभन्दा उहाँ अति उच्च हुनुहुनेछ। कुनचाहिँ प्राणी उहाँको अधीनतामा नहोला? यस्तो कुनै पनि प्राणी हुनेछैन।

**एफेसी १:२२:** *'परमेश्वरले सबै कुराहरू उहाँका पाउहरूमनि पारिदिनुभयो।'* त्यो अर्को कुरा हो। किनभने उहाँको शासन-अधिकार केवल मानिसहरू र स्वर्गदूतहरूमाथि चल्नेछैन, तर परमेश्वरको सारा सृष्टिमाथि उहाँको हुकुम चल्छ, चाहे त्यो प्राणि-जगत् होस्, चाहे निर्जीव वस्तुहरू हुन्। हिब्रूको पुस्तकको लेखकले हामीलाई याद दिलाउँछन्, कि वर्तमान समयमा हामी अझै पनि सबै कुराहरू उहाँको अधीनतामा राखिएका देख्दैनौं (हिब्रू २:८)। हो, कुरा यस्तै छ। सारा शासन-अधिकार ख्रीष्ट येशूको हो, तर उहाँले हालैसम्म आफ्नो यो अधिकार काममा लगाउनुभएको छैन। मानिसहरू अझ पनि उहाँको विरोधमा विद्रोह गर्छन्, उहाँलाई इन्कार गर्छन् वा उहाँको विरोध गर्छन्। तर परमेश्वरको उर्दी जारी रहन्छः एक दिन उहाँको पुत्रको राजदण्ड सारा

विश्वमाथि पर्ने नै छ। यो कुरा यथार्थ सत्तारूपी अस्तित्व भइसकेको सम्झिनुहोस्; किनभने यो कुरा पक्काभन्दा पनि पक्का हुन्छ।

अबको कुरा झन् विश्वास नलाग्दो सुनिन्छ। आफ्ना हातहरूमा काँटीको डोबका चिन्हहरू बोकिरहनुभएको प्रभु येशू जसले सारा सृष्टिमाथि सर्वाधिकार जमाउनुहुनेछ, त्यही महिमित प्रभु येशू परमेश्वरले मण्डलीलाई दिनुभयो। परमेश्वरको इच्छारूपी रहस्यको सम्बन्धमा पावलले यहाँ हामीलाई आश्चर्यचकित पार्ने प्रकाश प्रकट गर्छन्। अहिलेसम्म तिनले एक कदमदेखि अर्को कदममा पुऱ्याउँदै हामीलाई यस चरमबिन्दुमा लाँदैथिए र अहिले यस सर्वोच्च कुराको उद्घोषणा गर्छन्। पहिले तिनले कति सिपालु कलाकारले झैं प्रभु येशूको बौरिउठाइको चित्रण गरे, त्यसपछि उहाँको स्वर्गारोहण र स्वर्गीय सिंहासनमाथि उहाँको आसन ग्रहणको नक्सा कोरे। अनि त्यसपछि तिनले सारा सृष्टिमाथि हुने ख्रीष्ट येशूको प्रभुत्वको तस्बीर गरे। हाम्रा महामहिम प्रभुको मननले हाम्रो मन र हृदय अझै पनि विस्मयाकुल भएको बेलामा प्रेरित पावलले अब भन्छन्ः 'ख्रीष्ट येशू जो सबै कुराहरूको शिर हुनुहुन्छ, उहाँ यस ओहदामा मण्डलीलाई दिइनुभएको छ।'

होशियारसँग नपढ्नेले यहाँ प्रभु येशू मण्डलीको शिर हुनुहुन्छ भन्ने कुरा बुझ्न सक्छ। त्यो साँचो नभएको होइन। तर यस पदमा त्योभन्दा अति नै बढ़ी कुरा लेखिएको छ। यस पदले भनेको कुरा के हो भने, मण्डलीको घनिष्ठ सम्बन्ध उहाँसित छ, जसलाई सारा सृष्टिमाथिको शासन-अधिकार दिइएको छ।

एफेसी १ः२१ पदबाट हामीले के सिक्यौं भने, यस वर्तमान युगमा र आउँदो युगमा पनि ख्रीष्ट येशू स्वर्गको र पृथ्वीको हरेक प्राणिभन्दा अति नै माथि हुनुहुन्छ। अनि एफेसी १ः२२[क] पदमा हामीले बुझ्न पायौं, कि सबै अजीव कुराहरू र सबै सजीव कुराहरू उहाँका पाउहरूमनि पारिए। अनि अब हामीले के सिक्छौं भने, ख्रीष्ट येशूको असीमित शासन-अधिकारमा मण्डली उहाँसित सहभागी हुनेछ। मण्डली ख्रीष्ट येशूको शासनमा भागीदार हुनेछ। बाँकी सृष्टि उहाँको शासनको अधीनस्थ हुनेछ।

**एफेसी १ः२३ः** हामी एक अध्यायको यस अन्तिम पदमा ख्रीष्ट येशू र उहाँको मण्डलीको बीचमा घनिष्ठ सम्बन्ध रहेको कुरा सिक्छौं। यस सम्बन्धको परिभाषा यस प्रकारको छः **क)** ख्रीष्टको मण्डली उहाँको शरीर हो; **ख)** ख्रीष्टको मण्डली उहाँको परिपूर्णता हो, जसले सबैमा सबै कुराहरू भरिदिनुहुन्छ।

**क)** ख्रीष्टको मण्डली उहाँको शरीर हो। शिर र शरीरको बीचको सम्बन्ध सबैभन्दा नजिकको सम्बन्ध हो। त्योभन्दा नजिकको सम्बन्ध छैन। शिर र शरीरको बीचमा सजीव र नभई नहुने एकता छ; अनि एकै आत्माले यी दुईमा वास गर्नुहुन्छ। ख्रीष्टको मण्डली के हो त ? पेन्टेकोष्टको दिनदेखि ख्रीष्ट-विश्वासीहरूलाई माथि आकाशमा उठाइलगिने क्षणसम्म भइरहने मण्डली-युगमा सुसमाचारद्वारा संसारबाट बोलाइएका मानिसहरूको समूहचाहिँ मण्डली हो। परमेश्वरको अचम्मको अनुग्रहद्वारा उनीहरू सबैजनाले मुक्ति पाए। उनीहरूलाई ख्रीष्टको देह हुने अद्वितीय सौभाग्य दिइएको छ। बितेको समयमा होस् वा आउँदो समयमा होस्, अरू कुनै युगका विश्वासीहरूले सामूहिक रूपले यस प्रकारको सम्मान पाएनन् र पाउनेछैनन्।

**ख)** ख्रीष्टको मण्डली उहाँको परिपूर्णता हो, जसले सबैमा सबै कुराहरू भरिदिनुहुन्छ। यस परिभाषाको साधारण अर्थअनुसार मण्डलीचाहिँ ख्रीष्टको पूरक हो, जुन ख्रीष्ट एकै समयमा सबै ठाउँहरूमा हुनुहुन्छ। भरिने कुरा वा घटीकमी पूरा गर्ने कुरालाई पूरक भनिन्छ। पूरकको साथमा दुईवटा कुराहरू एउटा सिङ्गै वस्तु बन्छन्। शिरको पूरक शरीर हो; ठीक त्यस्तै ख्रीष्टको पूरक मण्डली हो।

यसो भए ख्रीष्ट आफूचाहिँ सिद्ध र पूर्ण हुनुहुन्न रहेछ भन्ने विचार यहाँबाट कसैमा नउठोस्! किनकि पावलले भनेका छन्ः 'उहाँ त सबै कुरामा सबै कुराहरू भरिदिनुहुने हुनुहुन्छ।' प्रभु येशूमा के पो छैन, जसको पूर्ती कसैले गर्नुपरेको छ ? यस्तो कुनै कुरा नै छैन। किनभने उहाँ स्वयम्

सबैमा सबै कुराहरू पूर्ति गर्नुहुने हुनुहुन्छ। उहाँमा कुनै कमी हुने कुरा परै जाओस्, सारा सृष्टिमा व्याप्त हुनुहुने अनि सबै कुराहरू अनुप्राणित र सजीव पार्नुहुने व्यक्तिले पो सबैको खाँचो पूरा गर्नुहुनेछ।

हो, हामी मानिलिन्छौंः यहाँ प्रस्तुत गरिएको कुरा हाम्रो निम्ति बुझ्न कठीन छ, अँ, बुझ्नलाई हददेखि बाहिर गएको छ। तर आउनुहोस्, हामी यसो गरौंः हामी परमेश्वरको यस अगम्य विचार र यस उच्च योजनामा मग्न होऔं, र यस सम्बन्धमा आफ्नो समझको कमजोरी स्वीकार गरौं !

## घ) एफेसी २ः१-१०ः अन्यजातिहरू र यहूदीहरूले मुक्ति पाएकोमा परमेश्वरको शक्तिको प्रदर्शन भएको छ

**एफेसी २ः१ः** अध्यायहरू छुट्ट्याउने विच्छेदले एक अध्यायको अन्तिम खण्ड र दुई अध्यायको पहिलो भागको बीचको सजीव सम्बन्ध धमिलो नपारेको होस् ! किनभने एक अध्यायको अन्तिम खण्डमा हामीले परमेश्वरको अनुपम शक्तिको प्रदर्शन देख्यौं, जुन महाशक्तिले ख्रीष्ट येशूलाई बौराएर उठायो र उहाँलाई महिमा र सम्मान हुने सर्वोच्च स्थानमा राख्यो। अनि अहिले हामी यी ईश्वरीय शक्ति हाम्रो जीवनमा काम गरेको देख्न लागिरहेका छौं, जुन महाशक्तिले हामीलाई आत्मिक मृत्युबाट बौराएर उठाउँछ र हामीलाई ख्रीष्टमा स्वर्गीय स्थानहरूमा बसाल्छ।

एफेसीको पत्रको दुई अध्यायको यस खण्डको सन्दर्भ उत्पत्ति एक अध्याय हो। किनभने परमेश्वरको वचनका यी दुईवटा खण्डहरूमा निम्न तीनवटा कुराहरू प्रस्तुत गरिएका छन्ः क) गोलमाल र विध्वंसरूपी उजाड़ अवस्था छ (उत्पत्ति १ः२[क]; एफेसी २ः१-३), ख) त्यसपछि ईश्वरीय शक्ति काममा लगाइएको छ (उत्पत्ति १ः२[ख]; एफेसी २ः४) अनि ग) नयाँ जीवनको उत्पत्ति भएको छ (उत्पत्ति १ः३-३१; एफेसी २ः५-२२)।

एफेसीको पत्रको दुई अध्यायको शुरुमा हामी मृतकहरूको बेंसीमा पड़िरहेका आत्मिक लासहरू हौं। यस अध्यायको अन्तमा हामी स्वर्गीय

स्थानहरूमा बस्दैछौं, ख्रीष्टमा। त्यत्ति मात्र होइन, तर हामी आत्माद्वारा परमेश्वरको वासस्थान बनेका छौं। अनि यस अध्यायको बीचको खण्डमा त्यो शक्तिशाली आश्चर्यकर्म पेश गरिएको छ, जुन आश्चर्यकर्मले हामीमा यस प्रकारको अद्‌भुत परिवर्तन ल्याएको छ।

एफेसी २:१-१० पदको खण्डमा अन्यजातिहरू र यहूदीहरूले मुक्ति पाएकोमा परमेश्वरको शक्तिको प्रदर्शनको बयान दिइएको छ। सिन्ड्रेलाको कुरा छोड़ौं; किनकि हामीजस्तै कुनै उपेक्षित व्यक्ति नै छैन, जो थाङ्‌नाबाट उठाइयो र यति उच्च धनाढ्य स्थितिमा राखियो।

एफेसी २:१-२ पदमा पावलले आफ्ना यी अन्यजातीय पाठकहरूलाई के सम्झाउँछन् भने, उनीहरू प्रभुकहाँ फर्कनुभन्दा अघि उनीहरूको आत्मिक अवस्था एउटा मरेको, दुष्ट र भ्रष्ट, शैतानिक र अनाज्ञाकारी अवस्था थियो। उनीहरूको आत्मिक मरेको अवस्था उनीहरूका अपराध र पापहरूको फल थियो। आत्मिक रूपले मरेको भन्नाले उनीहरू परमेश्वरप्रति निर्जीव मुर्दा थिए। उहाँसित उनीहरूको कुनै सजीव सम्बन्ध नै थिएन। परमेश्वर हुनुहुन्न भएझैं उनीहरू आफ्नो जीवन जिउँथे। उनीहरूका अपराध र पापहरू उनीहरूको आत्मिक मृत्युको कारण थिए। जानी-बुझी गरिएका वा अनजानमा गरिएका जुनसुकै अधर्महरू पाप हुन्, जस्तैः सबै कुविचार, सबै कुशब्द र सबै कुकर्महरू, जुनचाहिँ परमेश्वरको सिद्ध स्तररूपी मानदण्ड आइपुग्दैनन्। अनि अपराधहरू – विदित धर्म-व्यवस्थाको कुनै नियम वा आज्ञा भङ्ग गर्दा मानिसले अपराध गर्छ। तर अपराध हामी यस अर्थमा किन सीमित राख्ने? जुनसुकै गलत कदम चालेको वा भूलचूक गरेको काम अपराध ठहरिन्छ।

**एफेसी २:२ः** एफेससका मानिसहरू आत्मिक रूपले मरेका र भ्रष्ट थिए। किनकि उनीहरू यस संसारको रीतिअनुसार चल्दथिए। उनीहरू यस युगको चालसित एक थिए, युगभोगी, युगढोगी मानिसहरू थिए। उनीहरू आफ्नो जमानाका पापकर्महरूमा मस्त हुन्थे। संसारको एउटै ढाँचा, एउटा फर्मा छ; संसारको श्रद्धा गर्नेहरू त्यसकै ढाँचामा ढालिन्छन्-ढालिन्छन्। संसारको ढाँचा यस प्रकारको छः छलकपट, व्यभिचार,

अनैतिकता, भक्तिहीनता, स्वार्थ, अत्याचार, शोषण र विद्रोह। एकै शब्दमा भन्नु हो भने, भ्रष्टाचारचाहिँ संसारको ढाँचो हो। अनि एफेससका बासिन्दाहरू यस्तै थिए।

उनीहरूको व्यवहार भ्रष्ट मात्र कहाँ थियो र, उनीहरूको चाल शैतानिक पनि थियो। उनीहरूले वायुमण्डलमाथि अधिकार जमाउने शासक शैतानको देखासिकी गरे। दुष्ट आत्माहरूको शासकले जहाँ-जहाँ त्यसलाई इच्छा लाग्यो, त्यहाँ-त्यहाँ उनीहरूलाई डोऱ्याउँदैथियो। दुष्ट आत्माहरूको शासकको अधिकार-क्षेत्र वायुमण्डल हो। यस युगको ईश्वरप्रति उनीहरू राजीखुशीले आज्ञाकारी हुन्थे। मुक्ति नपाएका मानिस-हरूको कुव्यवहार कहिलेकाहीं किन पशुहरूको भन्दा पनि नीच र भ्रष्ट हुन जान्छ, सो कुरा बुझ्नका निम्ति यहाँबाट स्पष्टीकारण मिलेको छ।

अन्तमा, उनीहरू अनाज्ञाकारी थिए। उनीहरू आज्ञा नमान्ने सन्तानहरूमा काम गर्ने आत्माअनुसार चल्दथिए। मुक्ति नपाएका सबै मानिसहरू आज्ञा नमान्ने सन्तानहरू हुन्छन्। परमेश्वरप्रति अनाज्ञाकारी हुने आदत तिनीहरूलाई चिनाउने तिनीहरूको कुचरित्र हो। शैतानले तिनी-हरूलाई प्रेरणा र शक्ति दिइरहेको छ; यसकारण तिनीहरू प्रभुलाई हाँक दिन, अनादर गर्न र अटेरी गर्नदेखि पछि सर्दैनन्।

**एफेसी २:३:** अबचाहिँ पावलले यहाँसम्म प्रयोग गरेको सर्वनाम बदली गर्छन्। 'तिमीहरू' भन्ने सर्वनामको सट्टामा तिनले यहाँदेखि 'हामी' भन्ने सर्वनाम प्रयोग गर्छन्। यसर्थ तिनले यहाँ प्रायः यहूदी विश्वासी-हरूको कुरा गरेको हुनुपर्छ। तर तिनले यहाँ भनेका कुराहरू प्रभुकहाँ फर्कनुभन्दा अघि हरेक मानिसको अवस्थाको विषयमा सत्य ठहर्छन्। किनभने तीनै शब्दहरूले तिनीहरूको अवस्था बयान गर्छन्: शारीरिक, भ्रष्ट र दोषी।

*'जसको बीचमा हामी सबैजनाले पनि ... बितेको समयमा आफ्ना शरीरका कुइच्छाहरूमा जीवन बितायौं।'* बितेको समयमा, नयाँ जन्म पाउनुभन्दा अघि पावल र तिनका सङ्गी-विश्वासीहरू पनि अनाज्ञाकारिताका सन्तानहरूको बीचमा थिए र तिनीहरूजस्तै चल्थे।

तिनीहरूको जीवन शारीरिक थियो अर्थात् आफ्ना शरीरका कुइच्छा र अभिलाषाहरू तृप्त पार्ने खोज्ने जीवन थियो। हामी पावलको कुरा गरौंः तिनी बाहिरी तवरले एउटा नैतिक जीवन जिउँथे, तर तिनी आफू कति स्वकेन्द्रित र अहङ्कारी रहेछन्, सो तिनले पछि चाल पाएः तिनले पूरा गरेको जुनसुकै कुकर्मभन्दा तिनको पापी स्वभाव नै खराब रहेछ।

मुक्ति नपाएका यहूदी मानिसहरू पनि भ्रष्ट थिए र छन्। तिनीहरूले शरीर र मनका लालसाहरू पूरा गर्दैथिए र गर्दैछन्। तिनीहरू कुनै लगाम नलगाईकन हरेक स्वाभाविक इच्छामा लिप्त थिए, त्यसको वशमा थिए। शरीर र मनका लालसाहरूमा मनाही नगरिएका विभिन्न उचित रुचि र चाहनाहरूदेखि लिएर व्यभिचार र कामविकृतिसम्म सबै नैतिक र अनैतिक अभिलाषाहरू समावेश हुन्छन्। अनि सायद यहाँ यसको अर्थ अश्लील पापहरू हुन्छन् होलान्। अनि याद गर्नुहोस्ः पावलले यहाँ मनको सोचाइद्वारा गरिने पापहरू र पाप-कर्महरूको कुरा गर्छन्।

यस सम्बन्धमा श्री एफ. बी. मेयरले चेताउनी दिएर यसो भनेका छन्ः

> 'शरीरका अभिलाषाहरूमा लिप्त हुनु जत्ति हानिकारक छ, मनका अभिलाषाहरूमा ललित हुनु उत्तिकै हानिकारक हुन्छ। कल्पना गर्नु एउटा अचम्मको वरदान हो; तर अशुद्ध, अश्लील कल्पनाहरूको सागरमा डुब्न हामी यो वरदान किन दुरुपयोग गर्ने? वासनाको लगाम छोड्नु र पापकर्म पूरा गर्नुभन्दा अगाड़ि ब्रेक लगाउनु – यो के हो? लुकी-लुकी कामुकताको कल्पना-संसारमा हामी अप्सराहरूसित नाचेको कुरा कसले देख्छ र? रतिरागको टापुरूपी भूलभुलैयामा हामी हराएको कुरा कसले जान्दछ? हाम्रो मन त्यहाँ पुगेको र त्यहाँबाट फर्केको नजिकभन्दा नजिक वरकोले पनि चालै पाउँदैन; कसैले शङ्का गर्दैन। हिउँजस्तो सेतो हाम्रो मनको शुद्धता खोसिएको छैन, कम्तीमा त्यसको नाम त रह्यो। अझ पनि हामी दस कन्याहरूको बीचमा रहन पायौं; अँ, अझै पनि दुलहाको आगमनको बाटो हेर्न पायौं। तर यस प्रकारको आचरण र बानीबेहोर नजाँचिएर छोड़िन्छ र यस प्रकारको मनले गरिने पाप मानिलिइँदैन भने होशियार! किनकि त्यस कुराले

अपराधीलाई आज्ञा नमान्ने सन्तान र क्रोधको सन्तानको रूपमा चिनाइदिन्छ।' [10)]

पावलले मुक्ति नपाएका यहूदीहरूलाई आफ्नो सन्दर्भ तुल्याएको यो अन्तिम पल्ट हो। 'स्वभावैले तिनीहरू पनि अरूजस्तै क्रोधका सन्तान थिए।' रिस, द्वेष, तीतोपन र आरिस गर्ने तिनीहरूको आदमबाट पाइएको पुर्खौली स्वभाव थियो। त्यसमा तिनीहरू मानव-जातिका अरू बाँकी मानिसहरूसित मिल्छन्। हुन पनि हो, तिनीहरूमाथि परमेश्वरको क्रोध रहेको थियो। तिनीहरूको मृत्यु र न्याय सुनिश्चित छ। एफेसी २:२-३ पदमा उल्लेख गरिएका मानिसहरूका तीनवटा शत्रुहरू याद गर्नुहोस्ः संसार, शैतान र शरीर।

**एफेसी २:४ः** *'तर परमेश्वर'*; साहित्यको कुरा आयोः योजस्तो महत्त्वपूर्ण, अर्थपूर्ण र अभिप्रेरित परिवर्तन अरू के हुन सक्थ्यो र? यहाँ एउटा अद्‌भुत परिवर्तन भएको छ। यो त मृत्युको बेंसीको दुर्भाग्य र निराशादेखि हामीलाई निकालेर परमेश्वरको प्रिय पुत्रको राज्यको अवर्णनीय आनन्दमा ल्याइपुऱ्याउने परिवर्तन हो।

अनि यो परिवर्तन ल्याउनुहुने कर्ता परमेश्वर आफै हुनुहुन्छ। यो परिवर्तन अरू कसैले पनि ल्याउन सक्नेथिएन। अरू कसले हामीमा यस प्रकारको परिवर्तन ल्याउने इच्छा गऱ्यो र? अहँ, अरू कसैले पनि यसो गर्ने इच्छा गरेन।

धन्य-धन्य, परमधन्य परमेश्वर, दया गर्नुमा धनवान्!! जसले हामीसित हाम्रा पापहरूअनुसार व्यवहार गर्नुहुन्न, र हामीमाथि दया देखाउनुहुन्छ (भजन १०३:१०)। यस सम्बन्धमा श्री जोह्न इडीले यस प्रकारको टिका-टिप्पणी गरेका छन्ः

'छ हजार वर्षसम्म उहाँ दया देखाउँदै आउनुभएको छ, अनि लाखौंलाख मानिसहरू उहाँको दयामा भागीदार भएका छन्, तैपनि उहाँको दयाको सम्पत्ति अलिकति पनि घटेको छैन, कति अचम्म!' [11)]

*'आफ्नो महान् प्रेमको कारणले, जुन प्रेमले उहाँले हामीलाई प्रेम गर्नुभयो ।'* यी शब्दहरूमा हामी उहाँले हाम्रो हराएको अवस्थामाथि किन हस्तक्षेप गर्नुभयो, सो उचित कारण पाउँछौं। उहाँको प्रेम ठूलो छ; किनभने उहाँ त्यसको स्रोत हुनुहुन्छ। दान दिने दाताको महानताले तिनले दिएको दानमाथि महानताको प्रभामण्डलरूपी छाया पार्छ भने उहाँको प्रेमको विषयमा कसो हो ? परमेश्वरको अपार सर्वश्रेष्ठताको प्रभामण्डल उहाँको प्रेममाथि परेको छ, र त्यसले उहाँको प्रेमलाई अति प्रकाशमान् तुल्याएको छ। किनकि आफूजस्तै भएको मानिसको प्रेम पाउनुभन्दा सारा सृष्टिका मालिकको प्रेम पाउनु ठूलो कुरा हो। परमेश्वरको प्रेम किन ठूलो छ ? किनभने उहाँले त्यसको निम्ति तिर्नुभएको दाम ठूलो थियो। प्रेमले गर्दा परमेश्वरले आफ्ना एकमात्र पुत्र प्रभु येशूलाई पठाउनुभयो, जो हाम्रा निम्ति क्रूसमा असह्य दुःख सहेर मर्नुभयो। परमेश्वरको प्रेम किन ठूलो छ? किनभने उहाँले हामीमाथि आफ्नो अपार धन बर्साउनुभयो र बर्साउनुहुन्छ।

**एफेसी २ः५ः** अनि परमेश्वरको प्रेम किन ठूलो छ ? किनकि हामी उहाँका प्रेम-पात्रहरू अति अयोग्य र निकम्मा हौं, अँ, अलिकति पनि प्रेम गर्न लायक छैनौं। किनकि हामी अपराधहरूमा मरेका थियौं। हामी परमेश्वरका शत्रु थियौं। हामी गरिब, दुःखी र अभागी थियौं; हामी तुच्छ, विकृत र भ्रष्ट थियौं। तापनि उहाँले हामीलाई प्रेम गर्नुभएको छ।

परमेश्वरले हामीलाई प्रेम गर्नुभएको फलस्वरूप र ख्रीष्ट येशूको त्राणको कामको फलस्वरूप **क)** हामी ख्रीष्टसँग जीवित पारियौं, **ख)** उहाँसँग-सँगै बौराइउठ्यौं, र **ग)** उहाँमा बसालियौं।

यी शब्दहरूले हाम्रो आत्मिक ठहर बयान गर्छन्, जुन ठहरचाहिँ ख्रीष्ट येशूसित हाम्रो एकीकरण भएको फल हो। उहाँले जे गर्नुभयो, हाम्रो प्रतिनिधि भएर गर्नुभयो। उहाँले हाम्रो निम्ति काम गर्नुभयो; अनि उहाँले हाम्रो ठाउँ लिनुभयो। यसकारण उहाँ मर्नुहुँदा हामी पनि मऱ्यौं। जब उहाँ गाड़िनुभयो, तब हाम्रो पनि दफन भएको थियो।

अनि जब उहाँ जीवित पारिनुभयो, बौरिउठ्नुभयो र स्वर्गीय स्थानहरूमा बस्नुभयो, तब हामी पनि जीवित पारियौं, बौरिउठ्यौं र स्वर्गीय स्थानहरूमा बसालियौं। ख्रीष्ट येशूसित हाम्रो व्यक्तिगत सम्बन्ध भएको हुनाले हामीले उहाँको पापबलिरूपी मृत्युबाट आउने सबै आशिषहरू उपभोग गर्न पाएका छौं। उहाँसँग-सँगै जीवित पारिएको मतलबचाहिँ मुक्ति पाएका यहूदीहरू र मुक्ति पाएका अन्यजातिका मानिसहरू अब जीवनको नयाँपनामा उहाँसित सम्मिलित भएका छन्; किनकि जुन शक्तिले उहाँलाई पुनरुत्थानको जीवन दियो, त्यस शक्तिले हामीलाई पनि त्यही जीवन दिएको छ।

यस कुरामा आश्चर्यचकित भएका पावलले आफ्नो विचारको प्रवाहमाथि एकक्षण लगाम लगाएर उद्घोषणा गर्छन्ः *'अनुग्रहद्वारा तिमीहरूले मुक्ति पाएका छौ।'* परमेश्वरको निगाह पाउन पूरा अयोग्य हुनेहरू हामीमाथि परमेश्वरले आफ्नो अपरम्पार दया देखाउनुभएकोमा पावल अवाक् भए। यस प्रकारको निगाहको व्यवहार अनुग्रह भनिन्छ।

हामीले कृपाको विषयमा अघि भनिसक्यौं, कि कृपा गर्नुहुने परमेश्वर हामीसित हाम्रा पापहरूअनुसार व्यवहार गर्नुहुन्न, नत्र ता उहाँले हामीलाई हामीले पाउनुपर्ने सजाय दिनुपर्नेथियो। अनि अनुग्रहचाहिँ – अनुग्रह गर्नुहुने परमेश्वरले हामीलाई मुक्ति दिनुहुन्छ, जसको निम्ति हामी पूरा अयोग्य छौं। अनि मुक्ति उहाँको अनुग्रहको वरदान हो; मुक्ति कमाउन सकिँदैन। अनि परमेश्वरमा हामीलाई मुक्ति दिने बाध्यता के छ र? यस सम्बन्धमा श्री ए. टी. पियर्सनले यसो भनेका छन्ः

> 'परमेश्वरलाई प्रेम गर्ने बाध्यता परेको छैन, तर उहाँको प्रेम उहाँको स्वेच्छाको फल हो। अनि परमेश्वरको अनुग्रहको महिमा बढ़ाउने कुरा केमा छ त? उहाँले स्वतन्त्रतापूर्वक र कुनै करकापमा नपरीकन आफ्नो स्वच्छन्द प्रेम गरिब, असहाय पापी मानिसहरूप्रति देखाउनुभयो।' [12)]

**एफेसी २ः६ः** ख्रीष्टसँग-सँगै हामी जीवित पारियौं; त्यत्ति मात्र होइन, तर हामी उहाँसँग-सँगै बौराइउठ्यौं पनि। मृत्यु र न्याय उहाँले आफ्नो

पछाड़ि छोड्नुभयो; ठीक त्यस्तै मृत्यु र न्याय हाम्रो पछाड़ि परेका छन्। चिहानका दुईपट्टिहरू छन्, मृत्यु त्यसको एकपट्टि र बौरिउठाइ त्यसको अर्कोपट्टि छ; अनि हामी चिहानको अर्कोपट्टि, बौरिउठाइमा आइपुगिसक्यौं। यो महिमित ठहरचाहिँ ख्रीष्ट येशूसित हाम्रो एकीकरण भएको फल हो। हाम्रो विषयमा कुरा यस्तो हो भने, हामीले यस ठहरअनुसार जिउनु पनि पर्छ। हामी मरेकाहरूबाट बौरिउठेका मानिसहरूजस्तै जिउनुपर्छ।

हाम्रो ठहरमा अर्को भाग पनि छ। ख्रीष्ट येशूमा हामी स्वर्गीय स्थानहरूमा बसालिएका छौं। उहाँसँग हाम्रो एकता भएको छ; यसकारण हामीले यस वर्तमान संसारबाट छुटकारा पाइसकेका छौं र ख्रीष्टमा हामी स्वर्गको महिमामा बसिसकेका छौं। परमेश्वरले हामीलाई यस प्रकारले देख्नुहुन्छ। अनि जसले यो दृष्टिकोण विश्वासद्वारा पक्रन्छ र अपनाउँछ, यस दृष्टिकोणले उसको जीवनको चरित्र परिवर्तन गर्छ। हामी यस संसारका महत्त्वहीन र क्षणिक कुराहरूमा सीमित रहनेछैनौं। हामी माथिका कुराहरू खोज्नेछौं, जहाँ ख्रीष्ट येशू परमेश्वरको दाहिने हातपट्टि बस्नुभएको छ (कलस्सी ३:१)।

एफेसी २:५-६ पदको कुञ्जी-शब्द 'ख्रीष्ट येशूमा' भन्ने शब्द हो। किनभने उहाँमा हामी जीवित भयौं, उहाँमा हामी बौरिउठ्यौं, उहाँमा हामी बस्छौं। उहाँ हाम्रो प्रतिनिधि हुनुहुन्छ; यसकारण उहाँको विजय हाम्रै हो, अनि उहाँको ठहर पनि हाम्रै हो। श्री जर्च विलियम्सले उद्घोषणा गरेर यसो भनेका छन्: 'अचम्म, मरियम मग्दलिनी र प्रभुसँग क्रूसमा टाँगिएको त्यस चोरले परमेश्वरका पुत्रको महिमामा सहभागी हुन पाउनु कति उदेकको तथ्य हो।'

**एफेसी २:७:** अनि यो परिवर्तनकारी अनुग्रहरूपी आश्चर्यकर्मचाहिँ अनन्त प्रकाशको विषयवस्तु हुनेछ। परमेश्वरले आफ्ना पुत्रलाई पापले भरिएको यस संसारमा पठाउँदा कत्रो दाम चुकाउनुपर्‍यो, अनि प्रभु येशूले हाम्रा पापहरूका निम्ति क्रूसमा कत्रो मूल्य चुकाउनुपर्‍यो – यस सिलसिलामा परमेश्वर युगानुयुगसम्म आफ्नो स्वर्गको असङ्ख्य

भीड़लाई कुरा प्रकट गर्दै र खुलस्त पार्दै जानुहुनेछ। यो एउटा कहिल्यै नटुङ्गिने विषय हो। फेरि पनि पावलले शब्दहरूमाथि शब्दहरूको रास थुपार्छन्; किनभने तिनले एउटा अत्यन्तै महान् कुरा भन्न खोज्छन्।

**उहाँको दया**
**हामीप्रति भएको उहाँको दया**
**हामीप्रति भएको उहाँको दयामा उहाँको अनुग्रहको धन**
**हामीप्रति भएको उहाँको दयामा उहाँको अनुग्रहको अपार धन**

परमेश्वरले युगानुयुगसम्म यस रहस्यको भेद खोल्नुहुनेछ; यसबाट के बुझिन्छ भने, हामी अनन्त-अनन्तसम्म सिक्दै रहनेछौं; स्वर्ग हाम्रो पाठशाला हुनेछ; परमेश्वर हाम्रा शिक्षक हुनुहुनेछ। उहाँको अनुग्रह हामीले सिक्नुपर्ने हाम्रो पाठ्य विषय हुनेछ। हामी विद्यार्थी हुनेछौं; अनि शैक्षिक अवधि अनन्तकाल हुनेछ।

यसर्थ 'जब हामी स्वर्गमा पुग्नेछौं, तब हाम्रो ज्ञान पनि पूर्ण हुनेछ' भन्ने विचार गलत रहेछ। परमेश्वर मात्र सबै कुराहरू जान्नुहुन्छ, अनि यस सम्बन्धमा हामी कहिल्यै उहाँसित समान हुनेछैनौं। [13)]

'स्वर्ग नपुगेसम्म हाम्रो ज्ञान कहाँसम्म पुग्न सक्ला' भन्ने चाखलाग्दो प्रश्न यहाँ प्रसङ्गबाट उठेको प्रश्न हो। अनि यसको सम्भवतः उत्तर यस प्रकारको छः 'स्वर्गको विद्यालयमा भर्ति हुन तयार हुनुहोस्, र अहिलेदेखि पवित्र बाइबल अध्ययन गर्नुहोस्, र बाइबलको ज्ञानमा परिपक्व हुनुहोस्!'

**एफेसी २:८:** अबका तीनवटा पदहरूमा हामी मुक्तिको योजनाको सरल परिभाषा पाउँछौं। किनकि मुक्तिको योजना पवित्र बाइबलमा प्रस्तुत गरिएको छ।

मुक्तिको योजना कहाँबाट शुरु हुन्छ? यो परमेश्वरको अनुग्रहबाट शुरु भएको छ। उहाँले मुक्तिको प्रबन्ध गर्नुभएको छ। मुक्ति प्रभु येशू ख्रीष्ट र उहाँको त्राणको कामको आधारमा मुक्ति पाउन अयोग्य हुनेहरूलाई दिइन्छ।

मुक्ति वर्तमान समयमा पाउने सम्पत्ति हो। जस-जसले मुक्ति पाएका छन्, तिनीहरूले यो जान्दछन्। पावलले एफेसी विश्वासीहरूलाई के लेखे? तिनले 'तिमीहरूले मुक्ति पाएका छौ' भनेर लेखे। यसर्थ तिनले यो कुरा जान्दथिए, र उनीहरूले पनि मुक्ति पाएको कुरा जान्दथिए।

अनन्त जीवनको वरदान विश्वासद्वारा ग्रहण गरिन्छ। विश्वास गर्ने मानिसले आफ्नो हराएको पापी, दोषी भएको अवस्था स्वीकार गर्छ; उसले मुक्ति पाउनलाई केवल प्रभु येशूमाथि भरोसा गर्छ र उहाँलाई प्रभु र मुक्तिदाताको रूपमा ग्रहण गर्छ। मुक्ति पाउने विश्वास जीवनको समर्पण हो। के तपाईंले मुक्ति पाउनुभयो? के तपाईंले आफ्नो जीवन प्रभु येशूको हातमा सुम्पनुभयो?

'यो तिमीहरू आफैबाटको होइन' भन्ने वाक्यले 'कतै मुक्ति कमाउन सकिन्छ, अथवा मानिस आफैआफ मुक्तिको योग्य बन्न सक्छ' भन्ने विचार चक्नाचूर पारेको छ। आत्मिक रूपले मरेका मानिसहरूले के गर्न सक्थे र? पापी मानिसहरू सजाय पाउनुबाहेक अरू के कुरा पाउन योग्य छन्?

मुक्ति परमेश्वरको वरदान हो। वरदान सित्तैंमा दिइन्छ; यो त सर्तविना दिइएको उपहार हो। मानिसले कि त मुक्ति वरदानको रूपमा पाउनुपर्छ, कि त उसले मुक्ति पाउँदै-पाउँदैन। परमेश्वरको मुक्ति पाउने सर्त यस प्रकारको छ। मुक्ति परमेश्वरको वरदान हो, जुन वरदान उहाँको अनुग्रहले प्रबन्ध गरेको छ, र जुन वरदान मानिसले विश्वासद्वारा ग्रहण गर्नुपर्छ। मुक्तिको यो उपलब्धी सबै ठाउँका सबै मानिसहरूको निम्ति हो।

**एफेसी २:९:** मुक्ति कामहरूबाट होइन, अर्थात् कुनै पनि मानिसले मुक्ति कमाउन सक्दैन; किनकि मुक्ति पुण्यफल होइन। निम्न लिखित कामहरूले मुक्ति कमाउँदैनन्:

क) दृढ़करणले

ख) पानीको बप्तिस्माले

ग) मण्डलीको सदस्यताले

घ) मण्डलीको सभामा विश्वासयोग्य उपस्थितिले

ङ) प्रभुभोजमा सहभागी भएर

च) दस आज्ञा पालन गरेर

छ) पहाड़ी उपदेशअनुसार जिएर

ज) दान-पुण्ड गरेर

झ) असल छिमेकी भएर

ण) नैतिक, इमानदार जीवन जिएर

मानिसहरूले काम गरेर मुक्ति पाउँदै-पाउँदैनन्। अनि मानिसहरूले विश्वास र कामहरू सँगसँगै एकसाथ गरेर पनि मुक्ति पाउँदैनन्। मानिसले मुक्ति पाउनु हो भने उसले अरू केही पनि होइन, केवल विश्वास गरेरै मुक्ति पाउनुपर्छ। कुनचाहिँ काम, अँ, कति कामहरू अनन्त जीवन पाउनलाई गर्नुपर्छ? जुन क्षणमा अनन्त जीवन पाउने उपायमा कामहरू थपिन्छन्, त्यस क्षणदेखि मुक्ति अनुग्रहको फल हुन छोड्छ (रोमी ११:६)। यसमा कामहरू किन बाहेक गरिएका छन्? किनभने मानिस-हरूले गर्व गर्नेथिए; अनि यसो हुनुहुँदैन। कसैले आफ्ना कामहरूद्वारा मुक्ति पाउन सकेको भएदेखि परमेश्वरको सामुन्ने उसको घमण्ड गर्ने कारण हुनेथियो (रोमी ३:२७)। तर यो असम्भव छ।

आफ्ना धर्मकर्म वा आफ्ना सुकर्महरूद्वारा कसैले मुक्ति पाउँछ भने प्रभु येशूका निम्ति मर्नु के आवश्यकता पर्नेथियो र? (गलाती २:२१)। तर हामीलाई थाहै छः पापी र दोषी मानिसहरूले मुक्ति पाऊन् भन्ने हेतुले उहाँ मर्नुभयो; किनभने अरू कुनै उपाय नै थिएन।

आफ्ना धर्मकर्म वा आफ्ना सुकर्महरूद्वारा मुक्ति पाउने मानिसलाई केको मुक्तिदाताको आवश्यकता पर्छ र? यस्तो मानिस स्वयम् आफ्नो मुक्तिदाता हुनेथियो; यस मानिसले आफ्नै प्रशंसा गर्न सक्नेथियो। त्यो त मूर्तिपूजा बराबर हुनेथियो; अनि जुनसुकै मूर्तिपूजा परमेश्वरले मनाही गर्नुभएको छ (प्रस्थान २०:३)।

मानौं, कुनै मानिसले ख्रीष्ट येशूमाथि राखिएको विश्वासमाथि सुकर्महरू थपेर मुक्ति पाउन सकेको भए त्यस कुराले एउटा जटिल समस्या सृजना गर्छः दुईजना मुक्तिदाताहरू भए; येशू एक मुक्तिदाता हुनुहुन्छ र पापी मानिस अर्को मुक्तिदाता हुनेथियो। अनि मुक्तिदाता प्रभुले

पाउनुपर्ने महिमा दुईजनाको बीचमा बाँड़चुड़ गर्नुपर्नेथियो। तर उहाँले आफ्नो महिमा अरू कसैलाई दिनुहुनेछैन नै (यशैया ४२:८)।

अन्तमा, कुनै मानिसले कामहरू गरेर आफ्नो मुक्तिमा साथ दिन सकेको भए परमेश्वर उसप्रति ऋणी हुनुहुनेथियो। तर यो पनि असम्भव कुरा हो। परमेश्वर कहिल्यै कसैको ऋणी हुनुहुन्न (रोमी ११:३५)।

कामहरू गर्ने मानिसले घमण्ड गर्न सक्ला, तर विश्वास गर्ने मानिसको घमण्ड खोई, कहाँ छ? कामविनाको विश्वासले गर्व गर्ने सबै कारण बाहेक गर्छ (रोमी ३:२७)। किन, कसरी? किनभने विश्वासमा कुनै पुण्यफल हुँदैन। प्रभु येशूमाथि विश्वास गर्ने मानिसले यसो गरेकोमा के घमण्ड गर्न सक्ला? यसमा घमण्ड गर्ने कुनै कारणै छैन।

प्रभु येशूमाथि विश्वास राख्नु मानिसले गर्न सक्ने सबैभन्दा समझदार, सबैभन्दा बुद्धिमान्, सबैभन्दा न्यायसँगत कुरा हो। आफ्नो सृष्टिकर्तामाथि, अँ, आफ्नो मुक्तिदातामाथि विश्वास गर्नु – त्योजस्तो तर्कसँगत, त्योजस्तो तात्त्विक र त्योजस्तो यथोचित कुरा अरू केही पनि नहोला। किनभने उहाँमाथि भरोसा गर्न सकिँदैन भने अरू कसमाथि भरोसा गर्न सकिन्छ त?

**एफेसी २:१०:** मुक्ति पाएको नतिजा के हो? हामी उहाँका हातको कारिगरी भयौं। हस्तकला उहाँको हो, हाम्रो होइन। नयाँ जन्म पाएको विश्वासीचाहिँ परमेश्वरको उत्कृष्ट कलाकृति हो। उहाँले जुन कच्चा मालबाट आफ्नो रचना शुरु गर्नुभयो, त्यो कच्चा माल के थियो, सो विचार गरेपछि उहाँको सीप र सफलता कति स्मरणीय छ, यो हामीले मान्नुपर्छ। वास्तवमा उहाँको श्रेष्ठकृति एउटा नयाँ सृष्टि हो, जुन नयाँ सृष्टिचाहिँ मानिस ख्रीष्ट येशूसित एक भएको फल हो; किनकि *'कोही ख्रीष्टमा छ भने ऊ एउटा नयाँ सृष्टि हुन्छ; पुराना कुराहरू बितिगएका छन्; हेर, सबै कुराहरू नयाँ भएका छन्'* (२ कोरिन्थी ५:१७)।

यो नयाँ सृष्टि किन रचियो, यसको कारण र उद्देश्य यस प्रकारले दिइएको छः *'असल कामहरूका निम्ति।'* हामीले असल कामहरू गरेर मुक्ति पाएनौं; त्यो कुरा सत्य हो। तर हामीले असल कामहरू गर्नका निम्ति

मुक्ति पाएका हौं; यो कुरा उत्तिकै सत्य र साँचो हो। असल कामहरू विश्वास गरेको फल हुन्, विश्वास गर्ने जरारूपी जग होइनन्। मुक्ति पाउनलाई हामी काम गर्दैनौं, तर मुक्ति पाएको कारणले हामी असल कामहरू गर्दछौं।

याकूब २:१४-२६ पदको खण्डमा सत्यता यस दृष्टिकोणले हेरिन्छ र यसमा जोड़ गरिएको छ। जब याकूबले 'कामहरूविनाको विश्वास मुर्दा हो' भन्छन्, तब उनले 'मुक्ति पाउनलाई हामीले त्यस विश्वासमाथि कामहरू पनि थप्नुपर्छ' भन्न खोजेका होइनन्। तर उनले भन्न खोजेको तात्पर्य के हो भने, असल कामहरूले युक्त जीवनचाहिँ मुक्ति पाउने विश्वासको फल हो। मुक्ति पाउने विश्वास यस्तो पो छ। कामहरूले हाम्रो विश्वासको वास्तविकताको पक्का प्रमाण दिन्छन्। प्रेरित पावलले याकूबको कुरामा आफ्नो हार्दिक समर्थन दिएर भन्छन्: 'हामी उहाँका हातको कारिगरी हौं; असल कामहरूका निम्ति ख्रीष्ट येशूमा सृजना गरिएका उहाँको हस्तकला हौं।'

यस विषयमा परमेश्वरको क्रम यस्तो छः

विश्वास – मुक्ति – असल कामहरू – इनाम

विश्वास गर्नेले मुक्ति पाउँछ; मुक्ति पाएको मानिसले असल कामहरू गर्छ; अनि असल कामहरूका निम्ति परमेश्वरले त्यस मानिसलाई इनाम दिनुहुनेछ।

तर एउटा प्रश्न रहेको छ। हामीले कस्ता किसिमका असल कामहरू गर्नुपर्छ? पावलले यस प्रश्नको उत्तर यस प्रकारले दिन्छन्: *'जुन असल कामहरूमा हामी हिँड्नुपर्छ भन्ने उद्देश्यले परमेश्वरले ती कामहरू अघिबाटै तयार पार्नुभएको छ।'* अर्को शब्दमा भन्नु हो भने, हरेक जीवनको निम्ति परमेश्वरको आ-आफ्नो रूपरेखा छ। हामी प्रभुकहाँ फर्कनुभन्दा अघि नै परमेश्वरले हाम्रो जीवनको आत्मिक दौड़ र हाम्रो जीवन-कार्यका निम्ति योजना गरिसक्नुभयो। हाम्रो निम्ति परमेश्वरको इच्छा के हो, सो जान्नु र पालन गर्नु नै हाम्रो जिम्मेवारी हो। हामीले आफ्नो जीवनको निम्ति

योजना बनाउनुपर्दैन, तर उहाँले हाम्रो निम्ति तयार गर्नुभएको योजनामा आफूलाई सुम्पनुपर्छ र त्योअनुसार चल्नुपर्छ। के हामी यसो गर्न राजी छौं? तब हामी मानसिक चिन्ता र व्याकुलताबाट, अँ, बेखुशी र चिढ़ाइबाट छुटकारा पाउनेछौं। यसरी नै हाम्रो जीवनबाट परमेश्वरले सबैभन्दा बढ़ी महिमा पाउनुहुनेछ, अरू मानिसहरूले सबैभन्दा बढ़ी आशिष पाउनेछन् र हामीले सबैभन्दा बढ़ी इनाम पाउनेछौं।

परमेश्वरले हाम्रो व्यक्तिगत जीवनका निम्ति कुन-कुन असल कामहरू तयार गर्नुभएको छ, सो कुरा जान्नलाई हामीले निम्न कुराहरू गर्नुपर्छः **क)** हामीले आफ्नो जीवनमा कुनै पाप छ भन्ने कुरा जान्नसाथ यो पाप मानिलिनुपर्छ र छोड्नुपर्छ। **ख)** प्रभुमा हाम्रो समर्पण स्थायी हुनुपर्छ; हाम्रो समर्पण सर्तरहित हुनुपर्छ। **ग)** परमेश्वरको इच्छा जान्न उहाँको वचन अध्ययन गर्नुपर्छ र उहाँले हामीलाई जे अह्राउनुहुन्छ, त्यो ढिलो नहुने गरी पूरा गर्नुपर्छ। **घ)** हामीले दिनदिनै प्रार्थनामा समय बिताउनुपर्छ। **ङ)** हामीलाई दिइने सेवा गर्ने मौकाहरू हामीले छोप्नुपर्छ। **च)** अरू ख्रीष्ट-विश्वासीहरूको सङ्गतिमा रहनुपर्छ र उनीहरूबाट परामर्श लिनुपर्छ।

परमेश्वरले हामीलाई असल कामहरूका निम्ति तयार पार्नुहुन्छ; अनि उहाँले हाम्रा निम्ति हामीले पूरा गर्नुपर्ने असल कामहरू तयार पार्नुभएको छ। त्यसपछि हामीले ती कामहरू पूरा गर्‍यौं भने, उहाँले हामीलाई इनाम दिनुहुन्छ। उहाँको अनुग्रह यस्तै छ!

## ङ) एफेसी २:११-२२: विश्वास गर्ने यहूदीहरू र विश्वास गर्ने अन्यजातिहरूको बीचमा ख्रीष्ट येशूमा एकता भएको छ

यस पत्रको दुई अध्यायको पहिलो खण्डमा पावलले अन्यजाति र यहूदी मानिसहरूले अलग-अलग कसरी मुक्ति पाए, सो कुरा बयान गरे। अनि अबचाहिँ तिनले तिनीहरूको बीचमा अघिदेखि भएका जातीय भिन्नता र विभेदहरू कसरी रद्द गरिए, सो कुरा प्रस्तुत गर्छन्; त्यसपछि अघि बढ्दै तिनले ख्रीष्टमा तिनीहरूको एकता कसरी भएको र

तिनीहरूबाट ख्रीष्टको मण्डली कसरी बनेको, तिनीहरू प्रभुमा एउटा पवित्र मन्दिर कसरी बनेका, सो बताउँछन् ।

**एफेसी २:११:** पावलका पाठकहरूका निम्ति एघार र बाह्र पद सम्झना दिलाउने पदहरू हुन् । उनीहरू मुक्ति पाउनुभन्दा अघि उनीहरूको जन्मअनुसार अन्यजातिका मानिसहरू थिए; अनि यही कारणले यहूदी-हरूले उनीहरूलाई अछूट सम्झन्थे। उनीहरू तुच्छ मानिएका थिए; किनभने यहूदीहरूले उनीहरूलाई 'विनाखतनाकाहरू' भन्थे । इस्राएलीहरू परमेश्वरको वाचाका मानिसहरू थिए; तिनीहरूको शरीरमा खतनाको चिन्ह थियो । तर अन्यजातिहरूको शरीरमा यस प्रकारको चिन्ह थिएन । गैर-यहूदी मानिसलाई निन्दा गर्न 'विनाखतनाको' एउटा निन्दा गर्ने शब्द थियो, जसरी वर्तमान समयमा पनि हेला गरिएका जाति-जातिका मानिसहरूका निम्ति निन्दात्मक नामहरू प्रचलित छन्। दाऊदले गोलियतको विषयमा 'जीवित परमेश्वरका सेनाहरूलाई ललकार गर्ने त्यो खतना नभएको पलिस्ती को हो ?' भनेकोमा हामीलाई पनि चस्स परेको महसुस हुन्छ (१ शमूएल १७:२६) ।

अनि यहूदीहरूचाहिँ – तिनीहरूले आफूलाई 'खतनाकाहरू' भन्थे । 'पृथ्वीमा परमेश्वरको चुनिएको जाति हामी नै हौं; हामी पृथ्वीका अरू सबै जातिहरूबाट अलग छौं' भनेर तिनीहरूले यस नाममा घमण्ड गर्थे; किनभने खतनाले तिनीहरूलाई अरू सबै मानिसहरूदेखि छुट्टाउँथ्यो । तर पावलले तिनीहरूको घमण्ड-गराइमा आफ्नो आपत्ति जनाएर के भन्छन् भने, 'त्यो त तिनीहरूको शरीरमा हातले गरिएको खतना मात्र थियो ।' खतना केवल एउटा शारीरिक चिन्ह थियो। परमेश्वरको वाचाका मानिसहरू हौं भन्ने कुरा देखाउने चिन्ह तिनीहरूका शरीरमा त थियो, तर तिनीहरूभित्र यसको वास्तविकता थिएन; किनकि परमप्रभुमाथि राखिएको विश्वास तिनीहरूको खास कुरा हुनुपर्नेथियो। अनि त्यही विश्वास तिनीहरूसँग थिएन। *'किनभने जो बाहिरी यहूदी हो, ऊ खास यहूदी होइन; न ता बाहिर, शरीरमा भएको खतना नै खास खतना हो । तर जो भित्रबाटको यहूदी हो, ऊचाहिँ यहूदी हो, र हृदयको खतनाचाहिँ खास*

*खतना हो, जुन खतना लेखिएको व्यवस्थामा होइन, तर आत्मामा हुन्छ, जसको प्रशंसाचाहिँ मानिसहरूबाट होइन, तर परमेश्वरबाट हुन्छ'* (रोमी २:२८-२९)।

तर यी यहूदीहरूको हृदयको खतना भए-नभए, एघार पदको खास कुरा यसैमा छः तिनीहरू आफ्नै आँखामा परमेश्वरको चुनिएको जाति थिए, र अन्यजातिहरू अवहेलित थिए। जानकारीअनुसार यहूदीहरू र अन्यजातिहरूको बीचमा भएको शत्रुता जातीय र धर्मको हिसाबले संसारको सबैभन्दा ठूलो विभेद हो। परमेश्वरको सामु यहूदीहरूको सुखद ठहर तिनीहरूको ठूलो सौभाग्य थियो (रोमी ९:४-५)। अन्यजातिहरू बिराना र परदेशी थिए। अन्यजातिको कुनै मानिसले सत्य परमेश्वरलाई विधिवत् रूपले मान्न र उपासना गर्न चाहेमा त्यस मानिसले यहूदीधर्म अपनाउनुपर्थ्यो, राहाब र रूथले जस्तो। यस पृथ्वीमा अरू कुनै ठाउँमा होइन, तर केवल यरूशलेममा, त्यहाँ अवस्थित भएको मन्दिरमा परमेश्वरले आफ्नो नाम राख्नुभयो। मानिसहरूले उहाँलाई त्यहीं खोज्नुपर्थ्यो, र केवल त्यहीं उहाँको नजिक जान सक्थे। अन्यजातिका मानिसहरू त्यस मन्दिरको बाहिरी चोकसम्म आउन पाउँथे; तर भित्री चोकमा आउने अन्यजातिको मानिसलाई मृत्युदण्ड दिइन्थ्यो।

प्रभु येशूको कुरा आयो। टायर र सिडोनका इलाकाहरूमा हुनुहुँदा एउटी अन्यजाति स्त्रीले उहाँलाई दुष्ट आत्मा लागेकी आफ्नी छोरीको विषयमा विन्ती गरी। त्यस बेलामा प्रभु येशूले उसको विश्वास जाँच्नुभयो। उहाँले यहूदीहरूलाई छोराछोरीहरूसित तुलना गर्नुभयो, तर अन्यजातिका मानिसहरूलाई टेबलमनि बसेका ससाना कुकुरहरूसित तुलना गर्नुभयो। अनि यस स्त्रीले आफू एउटा सानो कुकुर भएको स्थान स्वीकार गरी र यसो भनीः 'ज्यू प्रभु, तरै पनि टेबलमनि कुकुरहरूले घरका नानीहरूका रोटीका टुक्राटुक्रीहरूबाट खान पाउँछन् नि !' उसको विश्वास खेर गएन, र त्यसले उचित इनाम पायो (मर्कूस ७:२४-३०)।

एफेसी २:११ पदमा प्रेरित पावलले आफ्ना पाठकहरूलाई त्यही कुरा सम्झाउँछन्ः बितेको समयमा उनीहरू अन्यजातिका मानिसहरू थिए, र यसैले उनीहरू अवहेलित हुन्थे।

**एफेसी २ः१२ः** दोस्रो कुराः अन्यजातिका मानिसहरू ख्रीष्टविहीन थिए। तिनीहरूका मसीह कहाँ हुन्थ्यो र!! इस्राएली जातिले मसीह आउनुहुनेछ भन्ने प्रतिज्ञा पाएको थियो। यसो भए पनि तिनीहरूका मसीहको सेवकाइद्वारा आशिष अन्यजातिहरूकहाँ बग्नेछ भन्ने भविष्य-वाणीहरू छँदैछन्, जस्तै यशैया ११ः१० र ६०ः३ आदि। तर मसीहचाहिँ यहूदी भएर जन्मनुभयो र उहाँको सेवकाइचाहिँ प्रायः इस्राएलको घरानाका हराएका भेड़ाहरूमाथि केन्द्रित थियो (मत्ती १५ः२४)।

तेस्रो कुराः अन्यजातिका मानिसहरू इस्राएलको नागरिकताबाट अलग भएका पराई हुन्थे। पराई मानिस बाहेक हुन्छ। त्यो त एक विदेशी, अँ, एक परदेशी हो। इस्राएलीहरूको बीचमा त्यसको नागरिकताको हक र अधिकार कहाँ हुन्थ्यो र? अन्यजातिका मानिसहरू इस्राएली समाजदेखि बाहिर हुन्थे, र यिनीहरूले तिनीहरूलाई बाहिरबाट हेर्थे।

चौथो कुराः अन्यजातिका मानिसहरू प्रतिज्ञाका वाचाहरूबाट पराई थिए। परमेश्वरले अब्राहाम, इसहाक र याकूब, अनि मोशा, दाऊद र सुलेमानमार्फत इस्राएली जातिसँग विभिन्न वाचाहरू बाँध्नुभएको थियो। अनि यी वाचाहरूअन्तर्गत प्रतिज्ञा गरिएका सबै आशिषहरू केवल यहूदीहरूका निम्ति थिए। व्यावहारिक तवरले अन्यजातिका मानिसहरू र यहूदीहरूको बीचमा सधैं एउटा छेक्ने बार रहन्थ्यो।

पाँचौं कुराः जातिगत र व्यक्तिगत हिसाबले अन्यजातिका मानिसहरूको आशा थिएन। जातिगत हिसाबले तिनीहरूसँग आ-आफ्नो देश, आ-आफ्नो सरकार, आ-आफ्नो जातिको अस्तित्व रहने निश्चयता थिएन। अनि व्यक्तिगत हिसाबले तिनीहरूको भविष्य उज्ज्वल थिएन। तिनीहरूको मृत्यु सुनिश्चित थियो, तर मृत्युपार तिनीहरूको हालतचाहिँ शुन्य थियो। अज्ञात व्यक्तिले यसो भनेका छन्ः 'अन्यजातिहरूको भविष्यचाहिँ ताराहरू नभएको रातजस्तै थियो।'

छैटौं र अन्तिम कुराः तिनीहरू यस संसारमा परमेश्वररहित थिए। यसबाट तिनीहरू नास्तिक थिए भन्ने अर्थ बुझ्नुहुँदैन। तिनीहरूसँग त आ-आफ्ना काठ र ढुङ्गाका मूर्तिहरू थिए, जुन मूर्तिहरू तिनीहरूले आफ्ना

देवीदेवता मानेर पूजा गर्थे। तर तिनीहरूले एकमात्र सत्य परमेश्वरलाई चिनेनन्। तिनीहरू परमेश्वररहित भएको अवस्थामा एउटा दुष्ट, विरोधी संसारमा जिउनुपरेको थियो।

**एफेसी २:१३:** *'तर अब'* भन्ने शब्दले एउटा अभिन्न परिवर्तन सङ्केत गर्छ, एफेसी २:४ पदमा जस्तो। यी एफेससमा बस्ने अन्यजातिका मानिसहरूको अवस्था अचानक परिवर्तन भएको छ। परमेश्वरबाट टाढ़ा र अलग भएको अवस्थादेखि उनीहरूलाई उहाँको नजिकमा ल्याइयो। यो परिवर्तन कहिले भएको थियो? उनीहरू प्रभु येशूकहाँ फर्केको बेलामा। त्यस बेलामा उनीहरूले मुक्तिदाता प्रभुमाथि विश्वास गरे, र परमेश्वरले उनीहरूलाई ख्रीष्ट येशूमा राख्नुभयो; अनि आफ्ना प्रिय पुत्रमार्फत उहाँले उनीहरूलाई ग्रहण गर्नुभयो। त्यस दिनदेखि उनीहरू परमेश्वरको नजिकै भए – ख्रीष्ट येशू परमेश्वरको जति नजिकै हुनुहुन्छ, त्यत्ति नै उनीहरू परमेश्वरको नजिकमा भएका छन्; किनभने उनीहरू ख्रीष्ट येशूमा छन्। यस अचम्मको परिवर्तन ल्याउने दाम ख्रीष्टको रगत थियो। यी अन्य-जातिका मानिसहरू पापीहरू थिए, अनि जबसम्म उनीहरू आफ्ना पापहरूबाट शुद्ध भएनन्, तबसम्म उनीहरू परमेश्वरको घनिष्ठ सम्बन्धमा जिउने सौभाग्यदेखि वञ्चित भएका थिए। केवल क्रूसमा बगाइएको ख्रीष्टको रगतले उनीहरूलाई उनीहरूका पापहरूबाट शुद्ध पार्न सक्यो। अनि जब उनीहरूले पूरा विश्वास र निश्चयताको साथ प्रभु येशूलाई ग्रहण गरे, तब प्रभु येशूको बहुमूल्य रगतमा भएको शुद्ध पार्ने मूल्य उनीहरूका निम्ति चुकाइयो र उनीहरूको हिसाबमा लगाइयो।

प्रभु येशूले उनीहरूलाई नजिक ल्याउनुभयो; त्यत्ति मात्र होइन, तर उहाँले एउटा नयाँ समाज सृष्टि गर्नुभयो, जुन समाजमा यहूदीहरू र अन्यजातिका मानिसहरूको बीचमा उहिलेदेखि रहेको शत्रुता सधैंका निम्ति खारिज गरियो। नयाँ नियमको समयसम्म सारा संसार केवल दुई वर्गका मानिसहरू हुन्थेः यहूदी र गैर-यहूदीहरू। अनि हाम्रा मुक्तिदाता प्रभुले तिनीहरूमा तेस्रो वर्ग थप्नुभयो, जुन तेस्रो वर्ग परमेश्वरको मण्डली हो (१ कोरिन्थी १०:३२)। अबका पदहरूमा हामी देख्दै जान्छौं, कि

विश्वास गर्ने यहूदीहरू र विश्वास गर्ने अन्यजातिका मानिसहरू ख्रीष्टमा एक भए र त्यस नयाँ समाजमा समावेश गरिएका छन्, जुन समाजमा न यहूदी, न अन्यजातिको मानिस नै रहेको छ।

**एफेसी २:१४:** *'किनकि उहाँ हाम्रो मेलमिलाप हुनुहुन्छ।'* याद रहोस्, कि उहाँले मेलमिलाप गराउनुभयो भन्ने कुरा यहाँ लेखिएको छैन। त्यो कुरा पनि सत्य हो, र पन्ध्र पदमा लेखिएको छ। तर यहाँचाहिँ प्रभु येशू हाम्रो मेलमिलाप हुनुहुन्छ। तर एकजना व्यक्ति कसरी हाम्रो मेलमिलाप हुन सक्छ त ?

यो कुरा यसरी नै सम्भव हुन्छः जब एकजना यहूदी मानिसले प्रभु येशूमाथि विश्वास गर्छ, तब उसले आफ्नो जातित्व गुमाउँछ; किनभने त्यस दिनदेखि उसो ऊ ख्रीष्टमा छ; त्यस्तै, जुन समयमा एकजना अन्यजातिको मानिसले मुक्तिदाता प्रभुलाई ग्रहण गर्छ, त्यस समयदेखि उसो ऊ अन्यजातिको मानिस रहँदैन; किनभने ऊ ख्रीष्टमा छ। अर्को शब्दमा भन्नु हो भने, बितेको समयमा आपसी शत्रुताले गर्दा विभाजित भएकाहरू – त्यो विश्वास गर्ने यहूदी र त्यो विश्वास गर्ने अन्यजातिको मानिस दुवैजना अबचाहिँ ख्रीष्टमा छन्। ख्रीष्ट येशूसित भएको एकताले उनीहरूलाई आपसमा पनि मेलमिलापमा ल्याएको छ। यो अनिवार्य हो। यसकारण उहाँ नै शान्ति अर्थात् मेलमिलाप हुनुहुन्छ, जसरी मीकाले भविष्यवाणी गरेका थिए (मीका ५:५)।

हाम्रो शान्तिको रूपमा प्रभु येशूले मेलमिलाप ल्याउने कार्यक्षेत्रको बेलिबिस्तार एफेसी २:१४-१८ पदको खण्डमा गरिन्छ।

माथि उल्लेख गरिएअनुसार मेलमिलापको सम्बन्धमा एकता ल्याउने काम यसको प्रथम काम थियो, जसरी लेखिएको छः *'उहाँले दुवैलाई एक बनाउनुभयो'*, चाहे उनीहरू विश्वास गर्ने यहूदीहरू, चाहे विश्वास गर्ने अन्यजातिका मानिसहरू होऊन्। अबदेखि उसो उनीहरू यहूदी र अन्य-जातिका मानिसहरू होइनन्, तर ख्रीष्ट-विश्वासीहरू भएका हुन्छन्। सही किसिमले कुरा गर्नु हो भने, उनीहरू न यहूदी इसाई, न अन्यजातिका इसाई

हुन्। यसो भन्नु ठीक होइन; किनभने जातपातजस्तो सबै शारीरिक भिन्नताहरू क्रूसमा टाँगिए।

ख्रीष्टको मेलमिलाप ल्याउने कामको दोस्रो कार्यलाई हामीले 'भत्काउने काम' भन्नुपर्‍यो, जसरी लेखिएको छः *'उहाँले बीचको अलग पार्ने भित्ता भत्काइदिनुभयो।'* यो भित्ता एउटा वास्तविक पर्खाल होइन, तर यो त मोशाको व्यवस्थाले खड़ा गरेको अदृश्य पर्खाल थियो, जुन व्यवस्थाका विभिन्न विधि-विधानहरूसित सम्बन्धित नियमहरूले इस्राएली जातिलाई अरू सबै देशका जातिहरूबाट अलग पार्थे। यरूशलेमको मन्दिरमा अन्यजातिका मानिसहरूका निम्ति एउटा चोक थियो, जुन चोकको पर्खालले गैर-यहूदीहरूलाई यहूदीहरूबाट अलग पार्थ्यो। यहाँ, एफेसी दुई अध्यायमा भन्न खोजेको कुरा चित्रण गर्ने उदाहरण त्यो पर्खाल हो। त्यस पर्खालमा 'प्रवेश निषेध' भन्ने पाटीहरू टाँगिएका थिए, जसमा यसो लेखिएको थियोः 'सूचनाः कुनै गैर-यहूदीले पवित्रस्थानको क्षेत्र घेर्ने पर्खाल नाघ्ने कोशिश नगरोस्! किनकि यसो गर्न खोज्नेले अवश्य मृत्यु-दण्ड भोग्नुपर्नेछ।'

**एफेसी २ः१५ः** ख्रीष्ट येशूको मेलमिलाप ल्याउने कार्यमा तेस्रो बुँदा यस प्रकारको छः उहाँले यहूदी र अन्यजातिका मानिसहरूको बीचमा, साथै मानिसहरू र परमेश्वरको बीचमा भएको, आपसी सम्बन्ध रोकि-राख्ने शत्रुता खारिज गर्नुभयो। पावलको भनाइअनुसार व्यवस्थाचाहिँ शत्रुताको मूलकारण थियो। तर यस सम्बन्धमा विभिन्न विधिविधान-हरूको सम्बन्धमा दिइएका आज्ञाहरूको व्यवस्थालाई कुनै दोष नलाग्नुपर्ने, होइन र?

अब मोशाको व्यवस्थाको कुरा आयो। त्यो त एक सिङ्गै नियमकानुन हो, जुन कानुनअन्तर्गत विभिन्न लिखित आज्ञाहरू छन्। अनि यी आज्ञाहरूअन्तर्गत विभिन्न विधि-विधानहरू छन्, जुन विधिविधानहरूले यहूदीहरूको जनजीवनका प्रायः सबै क्षेत्रहरूमा मानिस-मानिसको बीचको व्यवहार निर्धारित गर्छन्। यसो भए व्यवस्था पवित्र, न्यायसँगत र असल मान्नुपर्छ (रोमी ७ः१२); अनि मानिसको पापी स्वभावमा खास दोष

हुनुपर्छ; किनभने व्यवस्थामा निहुँ पाएर त्यसको दुष्ट स्वभावले घृणा गर्ने मौका छोपिहाल्यो। हुन पनि हो, मोशाको व्यवस्थाले इस्राएली जातिलाई यस पृथ्वीको एकमात्र परमेश्वरको चुनिएको जातिको रूपमा उच्च स्थानमा राख्यो; यो त ठिक्कै हो, तर धेरै यहूदीहरू अहङ्कारी भए, र तिनीहरूले अन्यजातिका मानिसहरूलाई पूरा अवहेलना गर्थे। अनि अन्यजातिहरूचाहिँ – तिनीहरू पनि केही कम भएनन्। त्यसको बदलमा तिनीहरूले यहूदीहरूलाई घोर दुस्मनी गरे। तिनीहरूको बीचमा यो 'यहूदी-विरोधी भावना' आजको दिनसम्म सुप्रख्यात छ।

तर ख्रीष्ट येशूले यस शत्रुताको मूलकारण, त्यो व्यवस्था कसरी हटाउनुभयो? पहिले, उहाँले व्यवस्था भङ्ग गर्नेहरूले भोग्नुपर्ने सजाय भोग्नुभयो र आफ्नो क्रूसको मृत्युद्वारा तिनीहरूको ऋण तिर्नुभयो। यसरी नै परमेश्वरका सबै धार्मिक मागहरूको सम्पूर्ण पूर्ति भयो। यसकारण अबचाहिँ मोशाको व्यवस्थाले 'ख्रीष्टमा' हुनेहरूको विरोधमा कुनै दोष लगाउन पाउँदैन; किनभने उनीहरूका निम्ति सजायको पूरा दाम तिरि-सकियो। ख्रीष्ट-विश्वासीहरू व्यवस्थाको अधीनतामा होइनन्, तर अनुग्रहको अधीनतामा राखिएका छन्। तर उनीहरूले मनपरी गरेर जिउन पाउँछन् भन्ने यसको मतलब होइन। किनकि उनीहरू ख्रीष्टको नयाँ व्यवस्थाले बाँधिएका हुन्छन्, र उहाँलाई खुशी पार्ने जीवन जिउनुपर्छ।

व्यवस्थाबाट उब्जेको यो शत्रुता हटाउनुभएपछि प्रभु येशूले एउटा नयाँ सृष्टि उद्घाटन गर्न सक्नुभयो। उहाँले आफैमा दुईजनाबाट एउटा नयाँ मानिस सृष्टि गर्नुभयो, अर्थात् विश्वास गर्ने यहूदी र विश्वास गर्ने अन्यजातिको मानिसबाट मण्डलीको सृजना गर्नुभयो। बितेको समयमा यी दुईजना आपसमा लड्ने लड़ाकूहरू थिए भने अहिले उनीहरू ख्रीष्ट येशूसित एक भए र यस नयाँ सङ्गतिमा एक-अर्कासित पनि एक भए।

मण्डली नयाँ कुरा कसरी भयो? बितेको समयमा यस प्रकारको शरीर-रचनारूपी संस्था वा संघ कहिल्यै भएको थिएन। यो कुरा बुझ्नु महत्त्वपूर्ण छ। नयाँ नियममा प्रस्तुत गरिएको मण्डलीमा पुरानो नियमको इसाएली जातिले निरन्तरता पाएन। त्यसबाट मण्डली पूरा रूपले अलग

छ। मण्डलीजस्तै कुरा अघि कहिल्यै भएको थिएन र पछि कहिल्यै हुनेछैन पनि। निम्न कुराहरूबाट यो स्पष्ट बुझिन्छः

**क)** अन्यजातिको मानिस अधिकार र सौभाग्यहरूको सम्बन्धमा यहूदी मानिससित पूरा बराबर भएको कुरा नयाँ हो।

**ख)** यहूदीहरू र अन्यजातिका मानिसहरूका निम्ति इसाई भएकोमा आ-आफ्नो जातित्व हराउनु नयाँ कुरा थियो।

**ग)** यहूदी र अन्यजातिका मानिसहरू ख्रीष्टको देहमा सङ्गी-अङ्गहरू हुनु नयाँ कुरा थियो।

**घ)** यहूदी मानिसले ख्रीष्ट येशूको राज्यमा उहाँको प्रजाको ठाउँ ओगट्ने होइन, तर उहाँको साथमा राज्य गर्ने उच्च स्थानमा बस्न पाउनु नयाँ कुरा थियो।

**ङ)** यहूदी मानिसका निम्ति मोशाको व्यवस्थको अधीनतामा नहुनु एउटा नयाँ कुरा थियो।

मण्डलीचाहिँ एउटा नयाँ सृष्टि हो, जसको बोलावट अर्को र जसको उद्देश्य पनि अर्को छ। परमेश्वरका योजनाहरूमा मण्डलीको स्थान अद्वितीय छ।

तर ख्रीष्ट येशूको मेलमिलाप ल्याउने कार्य यहाँ टुङ्गो भएको छैन। उहाँले यहूदी र अन्यजातिको मानिसको बीचमा मेलमिलाप गराउनुभयो। उहाँले शत्रुताको खास कारण हटाउनुभयो; उहाँले उनीहरूमा नयाँ स्वभाव हाल्नुभयो; अनि उहाँले एउटा नयाँ एकता सृजना गर्नुभयो। मानिस-मानिसको बीचमा भएको जातीय भेदभाव, अमेल, यहूदी-विरोधी भावना, कट्टरता, धर्मान्धता र झैझगड़ा, अँ, हर प्रकारको फूटका निम्ति परमेश्वरको एकमात्र जवाफ ख्रीष्ट येशूको क्रूसको मृत्यु हो।

**एफेसी २:१६:** ख्रीष्ट येशूले आफ्नो मेलमिलापको कार्यअन्तर्गत यहूदीहरू र अन्यजातिहरूलाई एक-अर्कासित मेलमिलाप गराउनुको साथसाथै ती दुवैलाई परमेश्वरसँग पनि मेलमिलाप गराउनुभयो। इस्राएली जाति र अन्यजातिहरू एक-अर्काका तिक्त दुस्मन र वैरी थिए; तर एउटै

कुरामा तिनीहरू मिले, परमेश्वरसँगको शत्रुतामा। यस शत्रुताको मूल-कारण पाप थियो। प्रभु येशूले आफ्नो क्रूसको मृत्युद्वारा यो शत्रुता हटाउनुभयो। कसरी? पापरूपी यसको मूलकारण हटाईकन उहाँले यसो गर्नुभयो। अनि जस-जसले प्रभु येशूलाई ग्रहण गर्छन्, तिनीहरू सबैजना धर्मी ठहरिन्छन्, तिनीहरूका पापहरू क्षमा हुन्छन्, तिनीहरूले मुक्ति र माफ पाउँछन्; तिनीहरूले पापको शक्तिदेखि छुटकारा पाउँछन्। शत्रुता हटिगयो; परमेश्वरसित तिनीहरूको मेलमिलाप भयो। प्रभु येशूले विश्वास गर्ने यहूदीहरू र विश्वास गर्ने अन्यजातिका मानिसहरूलाई एकै शरीरमा अर्थात् मण्डलीमा एक तुल्याउनुहुन्छ र त्यही मण्डलीरूपी शरीर परमेश्वरकहाँ हाजिर गर्नुहुन्छ, जसमा अब शत्रुताको गन्ध अलिकति पनि छैन।

परमेश्वरलाई हामीसँग मेलमिलाप गर्नु के खाँचो हुन्थ्यो!? उहाँले हामीलाई कहिल्यै घृणा गर्नुभएन। तर हामीलाई पो उहाँसँग मेलमिलाप गर्नु खाँचो थियो। अनि हाम्रा प्रभु येशूको क्रूसको त्राणात्मक मृत्यु त्यही धार्मिक आधार बन्यो, जुन आधारमा हामीलाई परमेश्वरको उपस्थितिमा हाजिर गराउनु सम्भव भयो – शत्रुहरूको रूपमा होइन, तर मित्रहरूको रूपमा।

**एफेसी २:१७:** चौधा पदमा के लेखिएको छ? *'उहाँ हाम्रो मेलमिलाप हुनुहुन्छ।'* अनि पन्ध्र पदमा के लेखिएको छ? *'उहाँले मेलमिलाप गराउनुभयो।'* अनि अबचाहिँ के लेखिएको छ? *'आएर उहाँले हामीलाई मेलमिलापको सुसमाचार सुनाउनुभयो।'* उहाँ कहिले आउनुभयो, र कसरी उहाँले यसो गर्नुभयो? पहिलो कुराः उहाँ व्यक्तिगत रूपले आउनुभयो – बौरिउठाइमा। दोस्रो कुराः पवित्र आत्मा उहाँको प्रतिनिधि हुनुहुन्छ; अनि यही पवित्र आत्माको प्रतिनिधित्वमा उहाँ पनि आउनुभयो। बौरिउठाइमा उहाँले 'शान्ति'को प्रचार गर्नुभयो। खास गरी, मरेकाहरूबाट बौरिउठ्नुभएको प्रभु येशूले बोल्नुभएको प्रथम शब्द 'शान्ति' थियो (लूका २४:३६; यूहन्ना २०:१९, २१ र २६)। त्यसपछि उहाँले आफ्ना प्रेरितहरूलाई पवित्र आत्माको शक्तिमा पठाउनुभयो र

तिनीहरूद्वारा 'शान्ति'को प्रचार गर्नुभयो (प्रेरित १०:३६)। *'तिमीहरूलाई, जो टाढ़ामा थियौ'* अर्थात् अन्यजातिका मानिसहरूलाई र *'उनीहरूलाई जो नजिकमा थिए'* अर्थात् यहूदीहरूलाई सुसमाचारद्वारा 'शान्ति'को प्रचार गरियो; यशैया ५७:१९ पदमा परमेश्वरले जुन प्रतिज्ञा गर्नुभयो, त्यो प्रतिज्ञा यसरी नै पूरा भयो।

**एफेसी २:१८ः** त्यस एकै आत्मिक शरीरका सदस्य-सदस्याहरू र परमेश्वरको बीचमा शान्तिको सम्बन्ध स्थापित भएको प्रमाण केले दिन्छ? उनीहरू जुनसुकै समयमा परमेश्वरको उपस्थितिमा जान पाउँछन्। यस प्रवेशले व्यावहारिक रूपले यो कुरा प्रमाण गर्छ। किनभने पुरानो नियमको प्रबन्धमा कुरा अर्कै थियो; त्यस समयमा महापूजाहारीले मात्र महापवित्र-स्थानमा प्रवेश गर्न पाउँथे, जुन महापवित्रस्थानमा परमेश्वर उपस्थित हुनुहुन्थ्यो। अनि महापूजाहारी वर्षमा एकै दिनमा मात्र त्यहाँ प्रवेश गर्न सक्थे। यस सम्बन्धमा श्री जोह्न इडीले पुरानो नियम र नयाँ नियमको भिन्नता यस प्रकारले स्पष्ट पारेका छन्ः

> 'तर टाढ़ाभन्दा टाढ़ा भएको अन्यजातिको मानिस जुन समयमा ऊ ख्रीष्टमा हुन्छ, त्यस समयदेखि उसो लगातर उससँग साँच्ची नै परमेश्वरको उपस्थितिमा प्रवेश गर्ने प्रतापी आत्मिक सौभाग्य हुन्छ, जुन सौभाग्य पुरानो नियमको समयमा केवल एकै जातिको एकै कुलको एकैजना मानिससँग हुन्थ्यो, अँ, त्यो पनि वर्षको एकै दिनमा मात्र। अनि महापूजाहारीसँग भएको यो म्यादी सौभाग्यचाहिँ केवल प्रतीकात्मक थियो।' [14)]

प्रार्थनाद्वारा हरेक विश्वासी परमेश्वरको स्वर्गीय सिंहासनको सामुन्ने आउन सक्छ। ब्रह्माण्डका सर्वाधिकारीको सामु घुँड़ा टेकेर उसले उहाँलाई 'बुबा' भनेर सम्बोधन गर्न पाउँछ।

यहाँ प्रार्थनाका निम्ति अपनाउनुपर्ने अनुक्रम प्रस्तुत गरिएको छ। पहिलो कुराः *'उहाँद्वारा नै'* अर्थात् प्रभु येशूमार्फत हामी परमेश्वरकहाँ पुग्न सक्छौं। प्रभु येशू परमेश्वर र मानिसहरूको बीचमा एकमात्र मध्यस्थ हुनुहुन्छ। परमेश्वरको उपस्थितिमा प्रवेश गर्न नपाउने कानुनी अवरोधहरू

उहाँको मृत्यु, उहाँको दफन र उहाँको बौरिउठाइले हटाइदिए। अनि हालैमा उहाँ हाम्रो मध्यस्थको रूपमा सर्वोच्च स्वर्गमा विराजमान् हुनुहुन्छ, जहाँ उहाँले हामीलाई सधैं परमेश्वर पिताको सङ्गतिको योग्य अवस्थामा जारी राख्नुहुन्छ। हामी येशूको नाममा परमेश्वरकहाँ प्रवेश गर्छौं। हामीमा कुनै योग्यता छैन; यसकारण हामी उहाँको योग्यता दाबी गर्छौं। *'हामी दुवै'* भनेर प्रार्थना गर्ने टोलीका सदस्यहरूलाई विश्वास गर्ने यहूदीहरू र विश्वास गर्ने अन्यजातिका मानिहरू भनेर तोकिएका छन्। *'पिताकहाँ पुग्न पाउँछौं'* भनेर हाम्रो प्रवेश-अधिकाररूपी सौभाग्य बयान गरिएको छ। अनि प्रार्थनामा हाम्रो सहायकको विषयमा यसो लेखिएको छः *'एउटै आत्मामा।' 'आत्माले पनि हाम्रा कमजोरीहरूमा सहायता गर्नुहुन्छ; किनकि हामी कुन प्रार्थना कसरी गर्नुपर्ने हो, सो हामी जान्दैनौं, तर आत्मा आफैले व्यक्त गर्न नसकिने व्यथा पोख्दै हाम्रा निम्ति अन्तर्विन्ती गर्नुहुन्छ'* (रोमी ८:२६)।

हामी त पिताकहाँ प्रवेश गर्छौं। पुरानो नियमअन्तर्गत जिउने पवित्र जनहरूमध्ये कसैले पनि परमेश्वरलाई पिताको रूपमा जिन्दैनथियो। ख्रीष्ट येशूको बौरिउठाइ नभएको समयसम्म मानिसहरू परमेश्वरको सामु कस्तो गनिन्थे? तिनीहरू त सृष्टिकर्ताको सामु उभिएका उहाँले सृष्टि गर्नुभएका प्राणीहरू थिए। तर बौरिउठ्नुभएको प्रभुले यसो भन्नुभयोः *'मेरा भाइहरूकहाँ जाऊ र उनीहरूलाई भनिदेऊ, कि मचाहिँ माथि मेरा पिता र तिमीहरूका पिता, अनि मेरा परमेश्वर र तिमीहरूका परमेश्वरकहाँ जान्छु'* (यूहन्ना २०:१७)। प्रभु येशूको त्राणात्मक कार्य पूरा भएको फलस्वरूप त्यस समयका विश्वासीहरूले पहिलो पल्ट परमेश्वरलाई 'पिता' भनेर सम्बोधन गर्न पाए। अनि एफेसी २:१८ पदअनुसार साधारणभन्दा साधारण विश्वासीले प्रार्थना गर्दा त्रीएक परमेश्वरका तीनैजना व्यक्तिहरू कार्यरत हुनुहुन्छ; किनकि उसले आफ्नो प्रार्थनामा पिता परमेश्वरलाई पुकार्छ; ऊ प्रभु येशू ख्रीष्टमार्फत उहाँकहाँ जान्छ; अनि पवित्र आत्माको शक्तिमा प्रार्थना गर्छ।

**एफेसी २ः१९ः** यस अध्यायका अन्तिम चार पदहरूमा प्रेरित पावलले विश्वास गर्ने अन्यजातिका मानिसहरूले पाएका नौला, महत्त्वपूर्ण सौभाग्यहरूमध्ये कुनै-कुनैचाहिँ प्रस्तुत गर्छन्। अबदेखि उसो उनीहरू पराई र परदेशी होइनन्। अब कहिल्यै उनीहरू बिराना, 'कुकुर' भनिने, बेखतनाका, बाहिरका हुनेछैनन्। किनकि अब त उनीहरू नयाँ नियमका सबै पवित्र जनहरूको साथमा सङ्गी-नागरिक भएका छन्। उनीहरू केही कुरामा यहूदी पृष्ठभूमिबाट आएका विश्वासीहरूभन्दा केही कम छैनन्। सबै ख्रीष्ट-विश्वासीहरू स्वर्गका श्रेष्ठ नागरिकहरू हुन्; यसमा कुनै श्रेणीहरू छैनन् (फिलिप्पी ३ः२०-२१)। उनीहरू परमेश्वरको घरानाका सदस्य-सदस्याहरू भएका छन्। उनीहरू अलौकिक देशीकरणद्वारा परमेश्वरको राज्यका नागरिक भए; त्यत्ति मात्र होइन, तर धर्मपुत्री-करणद्वारा उनीहरू परमेश्वरको परिवारका सदस्य-सदस्या बने।

**एफेसी २ः२०ः** अन्तमा, उनीहरू मण्डलीका सदस्य-सदस्या पनि भए। पावलले यस कुरामा निम्न रूप दिन्छन्ः उनीहरू पवित्र मन्दिरको भवनका ढुङ्गाहरू भएका छन्। अब प्रेरित पावलले विस्तृत वर्णनद्वारा यस मन्दिरको बनावटको बेलिबिस्तार गर्छन्, जस्तै यसको जग, यसको कुनेढुङ्गा, यसको संशक्तिको गुँद, यसको एकता र सन्तुलन, यसको वृद्धि र अन्य विशेषताहरू।

यो मन्दिरचाहिँ प्रेरितहरू र भविष्यवक्ताहरूको जगमाथि बसालिएको छ र त्यहाँबाट यसको निर्माण हुँदै जान्छ। नयाँ नियमका प्रेरित र भविष्यवक्ताहरू यसको सन्दर्भ हुन्। यो सन्दर्भ पुरानो नियममा भविष्य-वक्ताहरूसित सम्बन्ध राख्दैन; किनकि तिनीहरूले मण्डलीको विषयमा केही पनि जानेनन्। अनि यी प्रेरितहरू र भविष्यवक्ताहरू मण्डलीको जग हुने कुरा पनि खास होइन; किनभने मण्डलीको जग ख्रीष्ट येशू हुनुहुन्छ (१ कोरिन्थी ३ः११)। तर तिनीहरूले प्रभु येशू र उहाँको त्राणको कामको विषयमा शिक्षा दिँदै मण्डलीको जग बसाले। प्रेरितहरू र भविष्य-वक्ताहरूको योगदान र शिक्षाद्वारा जसरी ख्रीष्ट येशू प्रकट हुनुभयो, त्यस प्रकाशअनुसार ख्रीष्ट येशूमा मण्डलीको जग बसालियो। जब पत्रुसले प्रभु

येशूलाई 'तपाईं जीवित परमेश्वरका पुत्र, ख्रीष्ट हुनुहुन्छ' भनेर स्वीकार गरे, तब उहाँले त्यस स्वीकारको उत्तरमा यसो भन्नुभयोः उहाँ परमेश्वरको अभिषिक्त जन र परमेश्वरको अद्वितीय पुत्र हुनुहुन्छ। अकाट्य सत्यता यही हो; अनि यस सत्यतारूपी बलियो चट्टानमाथि उहाँको मण्डली स्थापित गरिनेछ (मत्ती १६:१८)। प्रकाश २१:१४ पदमा प्रभुका प्रेरितहरू र नयाँ यरूशलेम, त्यस पवित्र शहरका बाह्र जगहरूको बीचमा सम्बन्ध भएको देखिन्छ। तिनीहरू आफै त्यसको जग होइनन्, तर त्यस जगसित तिनीहरूको सम्बन्ध रहेको छ; किनभने तिनीहरूले नै ख्रीष्ट र मण्डलीको विषयमा त्यो महान् सत्यता पहिले सिकाउने गर्थे। अनि जुनसुकै भवनको जग एकैपल्टमा बसालेर सिद्धिन्छ; यसकारण प्रेरितहरू र भविष्यवक्ताहरूले एकैपल्टमा त्यो जग बसालेर छोड़े। अनि तिनीहरू हामीसँग नरहे पनि तिनीहरूले बसालेको जग नयाँ नियमका लेखहरूमा सुरक्षित छ, हामीसँग छँदैछ।

यसमा उप-अर्थ पनि छ, जस्तैः सबै युगहरूमा यस्ता मानिसहरू थिए र छन्, जसको सेवकाइ प्रेरितिक वा भविष्यवक्ता-आत्मक हुन्छ। मिशनरी र नयाँ-नयाँ मण्डलीहरूका स्थापकहरू यस उप-अर्थमा 'प्रेरितहरू' होलान्; अनि आत्मिक उन्नतिका निम्ति वचनको सेवकाइ पाएकाहरू 'भविष्यवक्ताहरू' होलान्। तर मूलभूत अर्थअनुसार तिनीहरू प्रेरितहरू र भविष्यवक्ताहरू गनिँदैनन्।

ख्रीष्ट येशू यस मन्दिरको जग हुनुहुन्छ; उहाँ यसको मुख्य कुनेढुङ्गा पनि हुनुहुन्छ।

**क)** कुनेढुङ्गा त्यही ढुङ्गा मानिन्छ, जुन ढुङ्गा घरको कुनै कुनामा जगको रूपमा लगाइन्छ; अनि त्यस कुनेढुङ्गाले त्यो जग सङ्केत गर्छ, जुन जगमाथि सारा भवन अड़ेको हुन्छ। यसकारण आधारभूत महत्त्व भएको कुरालाई कुनेढुङ्गा भनिन्छ। यस सम्बन्धमा कुनेढुङ्गा प्रभु येशूलाई सङ्केत गर्ने सठीक प्रतीक हुन्छ। अनि कुनेढुङ्गाले दुईतिरका गाराहरू एक-अर्कासित बाँध्ने काम गर्छ। यसैले विश्वास गर्ने

यहूदीहरू र विश्वास गर्ने अन्यजातिका मानिसहरू उहाँद्वारा मण्डलीमा एक भएका छन् ।

**ख)** अनि बाइबलका कति विद्वान्हरूले यो कुनेढुङ्गाचाहिँ चापरूपी प्रवेशद्वारको टुप्पामा लगाइने मूलढुङ्गा सम्भन्छन् । तोरणको रचनाको टुप्पामा यो ढुङ्गा लगाइएपछि त्यो समाप्त हुन्छ, अनि यस ढुङ्गाको बलले सम्पूर्ण रचना थामेको हुन्छ । ख्रीष्ट येशूले मण्डलीमा प्रथम स्थान ओगट्नुहुन्छ; अनि उहाँ नभई निर्माणको रचना मजबुत र एकबद्ध हुनै सक्दैन, तर गल्र्यामगुर्लुम ढल्छ ।

**ग)** अनि तेस्रो धारणा यस प्रकारको छः यो कुनेढुङ्गाचाहिँ पिरामिडको टुप्पामा लगाइने शिरढुङ्गा हो, जुनचाहिँ निर्माण-रचनाको सर्वोच्च ढुङ्गा हो । शिरढुङ्गाको आकार अद्वितीय छ; अनि त्यस आकारले लमाइ-चौधाइ, अँ, सम्पूर्ण पिरामिडको रूप निर्धारित गर्छ । यसरी नै ख्रीष्ट येशू मण्डलीको शिर हुनुहुन्छ; उहाँ आफ्नो व्यक्तित्व र आफ्नो सेवकाइमा अद्वितीय, सर्वश्रेष्ठ हुनुहुन्छ । मण्डलीले उहाँको आकारमा आफ्नो रूप र अन्य गुणहरू लिन्छ। पहिले उहाँले मण्डलीलाई यसको जग दिनुहुन्छ ।

**एफेसी २:२१:** 'जसमा' भन्ने शब्दको सन्दर्भ ख्रीष्ट येशू हुनुहुन्छ। उहाँ नै मण्डलीको जीवन र वृद्धिको स्रोत हुनुहुन्छ। यस विषयमा श्री डब्ल्यू. जी. ब्लाइकीले यसो भनएका छन्ः

'उहाँमा, अँ, उहाँमार्फत हामी यस मन्दिरमा थपिन्छौं; अनि उहाँमा हामी एउटा मन्दिर बन्नलाई बढ्छौं; अनि उहाँमा सारा मन्दिर बढ्दै जान्छ र त्यस दिनमा सिद्धिनेछ, जुन दिनमा "अनुग्रह, त्यसलाई अनुग्रह !" भन्ने चिच्च्याहटहरूको साथ यस मन्दिरमा त्यसको शिर-ढुङ्गालाई लगाइनेछ ।' [15)]

*'सारा भवन टम्म मिलेर'* भन्ने शब्दले यस मन्दिरको एकता र सन्तुलन सङ्केत गर्छ । त्यो सिङ्गै भवन धेरै व्यक्तिरूपी अंशहरूले बनेको छ । एक-एक अंशले यस भवनमा आ-आफ्नो निर्धारित स्थान पाउँछ, जुन स्थान

उसलाई पूरा सुहाउँछ। परमेश्वरको अनुग्रहद्वारा 'मृत्युको बेंसी'को खानिबाट निकालिएका यी ढुङ्गाहरू आपसमा ठ्याक्कै मिल्दा रहेछन्। यस मन्दिरको विशेषता केमा छ? यो बढ्छ। तर यो मन्दिर र इँटाहरू र सिमेण्टको जोड़ाइद्वारा बनेको घरको वृद्धि भिन्नै हुन्छ। यहाँ मानि-लिनुहोस्ः यस मन्दिरको वृद्धि बरु मानिसको जस्तै शरीर-रचनाको वृद्धिसित मिल्छ। मण्डलीचाहिँ प्राणहीन भवन होइन। मण्डली कुनै संस्था पनि होइन। यो त एउटा जिउँदो वस्तु हो, जसको शिर ख्रीष्ट येशू हुनुहुन्छ, र सबै ख्रीष्ट-विश्वासीहरू यसका अङ्गहरू हुन्छन्, जो सबै मिलेर एउटा शरीर बन्छन्। पेन्टेकोष्टको दिनमा मण्डलीको जन्म भयो; त्यस दिनदेखि मण्डली बढ्दै आएको छ, र त्यस दिनसम्म बढ्दै जानेछ, जुन दिनमा सबै ख्रीष्ट-विश्वासीहरू आकाशमा प्रभुलाई भेट्न उठाइनेछन्।

जीवित अंशहरूले बनिएको, यो बढ्दै गरेको भवन के हुने हो, के बनिनेछ? *'प्रभुमा एउटा पवित्र मन्दिर बनिँदै जान्छ'* भन्ने वाक्यले यसको जवाफ दिन्छ। आउनुहोस्, हामी पावलले यहाँ मन्दिरको निम्ति प्रयोय गरेको शब्दमा एक क्षण ध्यान दिऔं! 'नओस्' भन्ने ग्रीक शब्दको अर्थअनुसार यसको अर्थ मन्दिरका बाहिरी चोकहरू होइन, तर यसको भित्री थान, यसको पवित्रस्थान बुझिन्छ। पावलको सम्झनामा, मन्दिर-क्षेत्रभित्र एउटा मुख्य भवन थियो, जसमा महापवित्रस्थान अवस्थित भएको थियो। त्यहाँ, त्यस महापवित्रस्थानमा परमेश्वरले वास गर्नुहुन्थ्यो, र त्यहाँ उहाँले तेजस्वी बादलद्वारा आफूलाई प्रकट गर्नुहुन्थ्यो।

यहाँ हामीले सिक्नुपर्ने केही पाठहरू छन्, जस्तैः **क)** परमेश्वर मण्डलीमा वास गर्नुहुन्छ। मुक्ति पाएका यहूदीहरू र मुक्ति पाएका अन्यजातिका मानिसहरू मिलेर एउटा जिउँदो पवित्रस्थान बन्दछन्, जहाँ परमेश्वर वास गर्नुहुन्छ र जहाँ उहाँले आफ्नो महिमा प्रकट गर्नुहुन्छ। **ख)** यो मन्दिर पवित्र छ, अर्थात् संसारबाट अलग पारिएको छ, अँ, परमेश्वरका निम्ति, उहाँका पवित्र कार्यहरूको लागि समर्पण गरिएको छ। **ग)** पवित्र मन्दिरको रूपमा मण्डलीले परमेश्वरको प्रशंसा, उपासना र

आराधनाको केन्दको भूमिका खेल्छ, जुन प्रशंसा, उपासना र आराधना प्रभु येशू ख्रीष्टद्वारा उहाँलाई धूपको रूपमा चढ़ाइन्छन् ।

यो पवित्र मन्दिर 'प्रभुमा' बनिँदै जाँदो रहेछ । अर्को शब्दमा भन्नु हो भने, यस मन्दिरको पवित्रता यसले प्रभु येशूबाट पाउँछ । उहाँ यसको पवित्रताको स्रोत हुनुहुन्छ । यस मन्दिरका अंशहरू प्रभुसँग एक भएका हुनाले तिनीहरूको ठहरअनुसार सबै पवित्र हुन्छन्; तर प्रभुप्रति तिनी-हरूको प्रेमले गर्दा तिनीहरू व्यावहारिक रूपले पनि पवित्र हुनुपर्छ ।

**एफेसी २ः२२ः** यस अचम्मको मन्दिरमा विश्वास गर्ने अन्यजातिका मानिसहरूले विश्वास गर्ने यहूदीहरूसित बराबर स्थान पाएका छन् । यस कुराले हामीलाई हर्षले विभोर तुल्याउनुपर्नेथियो । निस्सन्देह, यस कुराले यी एफेसी विश्वासीहरूलाई पनि यस्तै गरेको हुनुपर्छ, जसरी यसले यो कुरा पहिलो पल्ट सन्नेहरू सबैलाई हर्षले बुरुकबुरुक पार्छ । 'आत्मामा परमेश्वरको वासस्थान बनिनु' मामुली कुरा होइन, तर ख्रीष्ट-विश्वासी-हरूको ठहररूपी उच्च पदको महिमा यो हो । यस मन्दिरको उद्देश्य के हो ? यो त परमेश्वरले आफ्ना जनहरूसित सङ्गति गर्ने स्थल हो । मण्डली यो सङ्गतिको स्थल हो । तपाईंले यो कुरा पुरानो नियमको समयमा अन्य-जातिहरूको ठहरसित तुलना गर्नुभयो भने, के बुझ्नुहुन्छ भने, तिनीहरूले परमेश्वरको वासस्थानको नजिकै आउन धरि पाउँदैनथिए । तर अबचाहिँ तिनीहरू यस वासस्थानको भाग बनेका छन् ।

के तपाईंले मण्डलीको सम्बन्धमा त्रिएक परमेश्वरको एक-एक व्यक्तिको भूमिका याद गर्नुभयो ? **क)** 'उहाँमा'ः ख्रीष्टमा हामी उहाँसित एक भई एउटा पवित्र मन्दिर बनिँदै जान्छौं । **ख)** 'परमेश्वरको वासस्थान'ः यो मन्दिर यस पृथ्वीमा परमेश्वर पिताको घर हो । **ग)** 'आत्मामा'ः अनि पवित्र आत्माद्वारा परमेश्वर मण्डलीमा वास गर्नुहुन्छ (१ कोरिन्थी ३ः१६) ।

यो अध्याय कसरी शुरु भयो ? अन्यजातिका मानिसहरू प्रभुकहाँ फर्कनुभन्दा अघि उनीहरूको आत्मिक अवस्थाचाहिँ एउटा मरेको, दुष्ट र भ्रष्ट, शैतानिक र अनाज्ञाकारी अवस्था थियो । अनि यस अध्यायको

अन्तमा उनीहरूको अवस्था के-कस्तो छ ? यी अन्यजातिका मानिसहरू ख्रीष्ट येशूमा सबै दोष, कलङ्क र अशुद्धताबाट शुद्ध पारिएको अवस्थामा आत्मामा परमेश्वरको वासस्थान पो बनेका छन् ।

## च) एफेसी ३ः१-१३ः बीचमा आएर पावलद्वारा अब रहस्यको ढुकुटी खोलिन्छ

**एफेसी ३ः१ः** पावलले यहाँ एक पदमा एउटा विषयमा कुरा गर्न शुरु गर्छन्, जुन विषय तिनले दुई पदमा बिसाउँछन्, अनि एफेसी ३ः१४ पदमा मात्र फेरि उठाउँछन् । अनि यसको बीचमा राखिएको अन्तरालमा तिनको विषयवस्तु निम्न रहस्य होः ख्रीष्ट र मण्डली ।

यस सम्बन्धमा रोचक कुरा के हो भने, वर्तमान मण्डली-युगचाहिँ परमेश्वरका योजनाहरूको बीचमा एउटा विशिष्ट अन्तरालको समय हो । हामी यो कुरा यस प्रकारले बुझ्छौं र स्पष्ट पाछौंः पुरानो नियममा उल्लेख गरिएको प्रायः सारा मानव-इतिहासमा परमेश्वरले केवल यहूदी जातिसित व्यवहार गर्नुभयो । उत्पत्तिको बाह्र अध्यायदेखि मलाकी चार अध्यायसम्म सम्पूर्ण बाइबलीय वृत्तान्तचाहिँ अब्राहाम र तिनको वंशमाथि केन्द्रित रहेको छ ।

त्यसपछि प्रभु येशू यस संसारमा आउनुभयो, जसलाई इस्राएली जातिले इन्कार गऱ्यो । फलस्वरूप परमेश्वरले इस्राएली जातिलाई केही समयका निम्ति यस पृथ्वीमा आफ्नो चुनिएको प्रजा हुनदेखि पन्साउनुभयो । अनि हामीचाहिँ – हामी यस मण्डलीको युगमा जिइरहेका छौं, जुन युगमा यहूदीहरू र अन्यजातिका मानिसहरू परमेश्वरको सामु बराबर र एकै स्तरका हुन्छन् । तर एकदिन मण्डलीको निर्माण-कार्य पूरा हुनेछ र मण्डली स्वर्गको घरमा उठाइनेछ। त्यसपछि परमेश्वरले इस्राएली जातिसितको योजनाको अनुक्रम अघि बढ़ाउँदै लानुहुनेछ। तब भविष्यवाणीरूपी घड़ीका काँटाहरू फेरि चल्न थाल्छन् ।

यसकारण बितेको समयमा परमेश्वरले इस्राएली जातिसित व्यवहार गर्नुभयो, र आउँदो दिनमा उहाँले फेरि त्यस जातिसित व्यवहार गर्नुहुनेछ। तर बीचमा एउटा अन्तराल समय आएको छ, अँ, वर्तमान मण्डली-युग बीचमा आएको छ। मण्डलीको युग परमेश्वरको योजनामा एउटा नयाँ प्रबन्ध, अँ, एउटा नयाँ सञ्चालन हो। यस प्रकारको प्रबन्ध अघि कहिल्यै भएको थियो; अनि यो अद्वितीय प्रबन्धजस्तो अरू कुनै प्रबन्ध फेरि कहिल्यै हुनेछैन।

एफेसी ३:२-१३ पदको खण्डमा पावलले निक्कै विस्तृत रूपले यस अन्तराल समयको बेलिबिस्तार गर्छन्। यी युगहरूको बीचमा आएको यस अन्तराल समयको विषयमा आफ्नो स्पष्टीकरण दिँदा तिनले कोष्ठकमा राख्ने, सन्निविष्ट गराउने साहित्य-कला प्रयोगमा ल्याएको कुरा अवश्य संयोगको फल होइन।

प्रेरित पावलले यो खण्ड यस प्रकारले शुरु गर्छन्ः *'यही कारणले म, पावल तिमी अन्यजातिहरूका निम्ति ख्रीष्ट येशूको कैदी।'* 'यही कारणले ...' भन्ने शब्दले अघिको खण्डसित सम्बन्ध जोड्छ, जहाँ तिनले विश्वास गर्ने अन्यजातिका मानिसहरूको सौभाग्यशाली स्तरको विषयमा चर्चा गरे, जुन स्तरमा उनीहरू ख्रीष्ट येशूसित एक भएका हुनाले ल्याइए।

सामान्य विश्वासअनुसार, पावल रोममा पहिलो पल्ट झ्यालखानामा हालिएको बेलामा यो पत्र लेखियो। तर आफ्नो विषयमा लेख्दाखेरि तिनले 'म रोममा कैदी हुँ' भनेर भन्दैनन्। 'रोमको कैदी हुँ' भन्नु आफ्नो हार स्वीकार गरेको, आत्मदया गरेको वा सहानुभूति पाउन खोजेको तिनको प्रयास गनिन्थ्यो होला। पावलले यहाँ आफूलाई 'ख्रीष्ट येशूको कैदी' भन्ने नाम दिन्छन्। अनि योचाहिँ सकारात्मक सुनिन्छ, अँ, गौरव र विजयको भाषा हो। श्रीमती प्याक्षणले यो कुरा के राम्रो भनेकी छिन्, जब तिनले यसो भनेकी छिन्ः

> 'एफेसीहरूलाई लेखिएको यस पत्रमा झ्यालखानाको कुनै गन्ध छैन; किनकि पावलको आत्मा बाँधिएको थिएन। हुन त तिनी रोमको झ्यालखानामा बसिरहेका थिए, तर त्यो कुरा तिनले माएनन्; तर तिनले

यहाँ "येशू ख्रीष्टको कैदी हुँ" भन्ने दाबी गरेका छन्। तिनमा यस प्रकारको अलौकिक विजयको रहस्य केमा थियो? पावलको शरीरले झ्यालखानामा कष्ट भोगिरहेको बेलामा तिनको आत्मा ख्रीष्ट येशूसँग स्वर्गीय स्थानहरूमा बसिरहेको छ।' [16)]

अन्यजातिहरूको खातिर पावल कैदी भएका थिए। यो पक्का हो। तिनले आफ्नो सेवकाइको अवधिभरि तिक्त विरोधको सामना गर्नुपरेको थियो; किनभने ख्रीष्टको मण्डलीमा विश्वास गर्ने अन्यजातिका मानिसहरूका अधिकार र सौभाग्यहरू विश्वास गर्ने यहूदीहरूसित बराबर भएका छन् भन्ने कुरा तिनले सिकाए। अन्तमा तिनको गिरफ्तार र सम्राटको सामु भएको न्यायजाँच यहूदीहरूले तिनको विरोधमा लगाएको झूटो आरोपको फल थियो; किनकि तिनीहरूको झूटो आरोपअनुसार तिनले एफेसीवासी ट्रोफिमसलाई यरूशलेमको मन्दिरभित्र ल्याए अरे, जुन मन्दिर-क्षेत्रको प्रवेश अन्यजातिका मानिसहरूका निम्ति निषेध गरिएको थियो (प्रेरित २१:२९)। तर पावलसित धर्मनेताहरूको घोर दुस्मन थियो; अनि यो यस झूटो अभियोगको प्रेरणा गर्ने शक्ति थियो।

**एफेसी ३:२:** अबचाहिँ पावलले यस विषयमा आफ्नो विचार पोख्ने प्रवाह रोकिराख्छन्, अनि त्यस रहस्यको विषयवस्तु उठाउँछन्, जसको विषयमा हामीले अघि भनिसकेका छौं, कि परमेश्वरका युगहरूको बीचमा आएको यस अन्तराल समयको विषयमा आफ्नो स्पष्टीकरण दिँदा तिनले कोष्ठकमा राख्ने, सन्निविष्ट गराउने साहित्य-कला प्रयोगमा गरेका छन्।

*'यदि तिमीहरूले ... सुनेका छौ भने;'* दुई पदमा लेखिएको 'यदि ... भने' शब्दले प्रेरित पावलका पाठकहरूले अन्यजातिहरूका निम्ति तिनको विशेष अभिभारा के हो, सो विषयमा अनजान थिए भन्ने शङ्का पैदा गर्न खोज्छ। अनि साँच्चै यो पद लिएर कहिलेकाहीं कतिजनाले प्रमाणित गर्न खोज्छन्, कि पावलले आफ्ना पाठकवर्गलाई व्यक्तिगत रूपले चिनेनन्; यसकारण यो पत्र एफेससमा बस्ने तिनका प्रियजनहरूलाई लेखिएको हुन सक्दैन अरे। तर यो कुरा बुझ्नुपरेको छ, कि 'यदि ... भने' भन्ने शब्दको अर्थ 'भएको हुनाले' हो। यसकारण श्री फिलिप्स्ले यसो अनुवाद गरेका

छन्ः 'किनकि तिमीहरूले सुनेको हुनुपर्छ।' किनकि पक्का पनि उनीहरूले पावलको जिम्मामा सुम्पिएको तिनको विशेष सेवकाइको विषयमा जानकारी पाएका थिए। तिनले आफ्नो सेवकाइ 'परमेश्वरको अनुग्रहको प्रबन्ध' भनेर भन्छन्। अनि यहाँ प्रबन्धको अर्थ भण्डारीपन हो। एउटा भण्डारीले अरू कसैको सम्पत्तिको देखरेख गर्छ। अनि पावल परमेश्वरको भण्डारी थिए, जसको जिम्मेवारीचाहिँ नयाँ नियमको मण्डलीको सम्बन्धमा त्यसको महान् सत्यता प्रस्तुत गर्नु थियो। यो तिनको सेवकाइ परमेश्वरको अनुग्रहको भण्डारीपन थियो। यस सम्बन्धमा तीनवटा अर्थहरू सम्भव देखिन्छन्, जस्तैः

**क)** परमेश्वरको अनुग्रहमा पावल यस कामका निम्ति चुनिएका थिए। तिनलाई चुनेर यस उच्च सौभाग्यमा ल्याइपुऱ्याउने निगाह तिनी पाउनु योग्य थिएनन्।

**ख)** परमेश्वरको अनुग्रह पावलको सन्देशको मुख्य विषय-वस्तु थियो; किनकि परमेश्वरको स्वतन्त्र इच्छामा निर्भर गर्ने उहाँको दया अर्जित गरिएको वस्तु होइन, तर सित्तैंमा दिइन्छ।

**ग)** अन्यजातिका मानिसहरू परमेश्वरको अनुग्रहका पात्र भए। उनीहरू यस प्रकारको निगाह पाउनु पूरा अयोग्य थिए।

तर उहाँको अनुग्रहको भण्डारीपन पावललाई यस हेतुले दिइयो, कि तिनले परमेश्वरको अनुग्रह उनीहरूलाई प्रदान गरून्।

**एफेसी ३ः३ः** रहस्यको सम्बन्धको ज्ञान तिनले अरू कसैबाट सिकेनन्। अनि तिनले यो रहस्य आफ्नो खूबीले पत्ता पनि लगाएनन्। तर यो रहस्य तिनलाई सीधा परमेश्वरको प्रकाशद्वारा प्रकट गरियो। यो तिनलाई कहिले र कहाँ दिइयो, सो हामीलाई विदितै छैन। तर हामी यति जान्दछौंः परमेश्वरले पावललाई अद्भुत र अलौकिक रीतिले मण्डलीको सम्बन्धमा आफ्नो योजना प्रकट गर्नुभएको हुनुपर्छ, कि मण्डलीमा मुक्ति पाएका यहूदीहरू र मुक्ति पाएका अन्यजातिका मानिसहरू समावेश हुन्छन्। हामीले अघि रहस्यको परिभाषा दिइसकेका छौं, जसको माने यस

प्रकारको छः बितेको समयमा लुकिरहेको, कुनै मानिसले आफैआफ जान्न नसकिने, तर ईश्वरीय प्रकाशद्वारा मात्र प्राप्त हुने पवित्र, गुप्त भेदचाहिँ रहस्य भनिन्छ। प्रेरित पावलले अघि एफेसी १ः९-१४, एफेसी १ः२२-२३ र एफेसी २ः११-२२ पदका खण्डहरूमा यस रहस्यको छोटो-छोटो सङ्केत दिइसके।

**एफेसी ३ः४ः** पावलले अघि यस सम्बन्धमा जेजति लेखे, त्यही नै तिनलाई परमेश्वरबाट ख्रीष्टको रहस्य जान्न पूरा ज्ञान दिइएको कुरा प्रमाणित गर्न पर्याप्त थियो। श्री डब्ल्यू. जी. ब्लाइकीले यस खण्डको भावानुवाद यस प्रकारले गरेका छन्ः

> 'मैले अघि जुन सन्दर्भमा लेखें, यस सन्दर्भमा म अब बड़ो बोधगम्य प्रकारले लेख्दछु, यस हेतुले कि तिमीहरूको शिक्षकसँग यस रहस्यको विषयमा पूरा जानकारी छ भन्ने कुरा तिमीहरूले बुझ्न सक।' [17)]

श्री जी. एन. डार्बीको अनुवादमा ख्रीष्टको रहस्य 'ती ख्रीष्टको रहस्य' भनेर अनुवाद गरिएको छ, जसको सुझाउ यस प्रकारको छः पावलले यहाँ शिर र शरीर दुवैको कुरा गरेको हुनुपर्छ, अर्थात् तिनले आध्यात्मिक ख्रीष्टको कुरा गरेका छन्। यस सम्बन्धमा हामी १ कोरिन्थी १२ः१२ पद यसको अर्को सन्दर्भ पद दिन्छौं, जहाँ ख्रीष्ट भन्ने शब्दमा प्रभु येशू र उहाँका जनहरू समावेश गरिएका हुन्छन्।

**एफेसी ३ः५ः** पाँच र छ पदमा हामी यस रहस्यको विस्तृत परिभाषा पाउँछौं। पावलले पहिले रहस्य भनेको के हो, सो स्पष्ट पार्छन्, त्यसपछि ख्रीष्टको रहस्यको अर्थ खोल्छन्।

पहिलो कुराः *'यो रहस्यचाहिँ अरू पुस्ताहरूमा मानिसका सन्तान-हरूलाई बताइएको थिएन।'* यसकारण यो रहस्य भेट्टाउन पुरानो नियम-भित्र नियालेर हेर्नु व्यर्थ छ। पुरानो नियममा यसका प्रतीकहरू र चित्रण-हरू पाइएलान्, तर त्यस समयमा यो सत्यता जानिएको थिएन।

दोस्रो कुराः अहिले यो सत्यतारूपी रहस्य पवित्र आत्माद्वारा परमेश्वरका पवित्र प्रेरितहरू र भविष्यवक्ताहरूकहाँ प्रकट गरिएको छ।

परमेश्वरचाहिँ रहस्य प्रकाशन गर्नुहुने प्रकाशक हुनुहुन्छ। अनि प्रेरितहरू र भविष्यवक्ताहरूले यो प्रकाश पाए। तिनीहरू यो प्रकाश पाउने पात्रको रूपमा चुनिए। अनि पवित्र आत्मामार्फत यो प्रकाश तिनीहरूकहाँ आयो। उहाँ यस प्रकाशको सोतारूपी माध्यम हुनुहुन्थ्यो।

यी प्रेरितहरू र भविष्यवक्ताहरू पुरानो नियमकाहरू थिएनन्, तर नयाँ नियमको समयमा जिउने मानिसहरू थिए भन्ने कुरा जसले बुझ्दैन, छुट्ट्याउँदैन, उसका निम्ति यो पदको अर्थ स्पष्ट हुँदैन, तर खण्डनात्मक हुन्छ। याद रहोस्, यस पदको पहिलो भागमा भनिएको छ, कि यो सत्यता अघि कुनै समयमा प्रकट भएकै थिएन। यसकारण पुरानो नियमका भविष्यवक्ताहरू यस विषयमा अनजान थिए। अनि यो पनि बताइनसक्ने कुरा होः सयौं वर्ष मरिसकेका भविष्यवक्ताहरूले पावलको जमानामा यो रहस्य कसरी प्रकट गरे त ? यस पदको सफा र सुस्पष्ट अर्थ यस प्रकारको छः ख्रीष्ट र मण्डलीको महान् सत्यता मण्डली-युगका पावलजस्तै मानिसहरूलाई प्रकट भयो। अनि बौरिउठ्नुभएको प्रभुको नियुक्तिमा यी मानिसहरू उहाँका प्रचारकरूपी मुखपत्र बने। 'यो आध्यात्मिक रहस्य मलाई मात्र प्रकट भयो' भनेर पावलले दाबी गर्दैनन्। तिनी धेरैजनामध्ये एक थिए। तर तिनी यो सत्यता आफ्नो पुस्ताभित्र अन्यजातिहरूकहाँ पेश गर्नुमा अग्रसर हुन्थे। अनि तिनका पत्रहरूमार्फत यो सत्यता धेरै पुस्ता-हरूसम्म जारी रह्यो।

ठिक्कै छ, यस सम्बन्धमा धेरै इसाईहरूको बीचमा उक्त व्याख्याभन्दा फरक भएको अर्को धारणा छ भन्ने कुरा हामी मान्न तयार छौं। तिनीहरूको भनाइ यस प्रकारको छः मण्डलीचाहिँ पुरानो नियमको समयमा पनि थियो। त्यस बेलाको इस्राएली जाति मण्डली थियो अरे। तर अहिलेचाहिँ मण्डलीको विषयमा हुने सत्यता बढ़ी प्रकाश भएको मात्र हो रे। तिनीहरूले आफ्नो कुरा यस प्रकारले पेश गरेका छन्ः 'रहस्य अहिले जस्तो प्रकट भएको छ, त्यस प्रकारले त्यो अघिका समयहरूमा सफासँग जानिएको थिएन। त्यो त अलि-अलि जानिएको थियो, तर वर्तमान समयमा जानिएको जस्तो सफा र पूर्ण होइन। हामीसँग भएको प्रकाश

तिनीहरूको भन्दा पूर्ण छ। तर हामी नै परमेश्वरको प्रजारूपी इस्राएली जाति हौं।' आफ्नो तर्क पुष्टि गर्न तिनीहरूले प्रेरित ७:३८ पद लिन्छन्, विशेष गरी त्यस पदको के.जे.वी.को अनुवाद लिन्छन्, जहाँ इस्राएली जातिलाई चाहिँ 'उजाड़स्थानमा भएको मण्डली' भनिएको छ।

यस तर्कको उत्तर हामी यस प्रकारले दिन्छौं: परमेश्वरको चुनिएको जातिलाई 'उजाड़स्थानमा भएको समुदाय' भनिएको हो, यो ठीक छ। तर यसको मतलब तिनीहरू र ख्रीष्टको मण्डलीसित केही सम्बन्ध छ भन्ने कुरा अनिवार्य होइन। मण्डलीको निम्ति प्रयोग गरिएको 'एक्लेसिया' भन्ने ग्रीक शब्दको अर्थ कुनै सभा, कुनै समुदाय वा कुनै सङ्गठित जमात हुन सक्छ। यो शब्द प्रेरित ७:३८ पदमा इस्राएली जातिका निम्ति प्रयोग गरिएको हो, तर यही शब्द प्रेरित १९:३२ र ४१ पदहरूमा ठूलो जन-सभाका निम्ति प्रयोग गरिएको छ। यसकारण यस शब्दको अर्थ प्रसङ्ग-अनुसार कि त समुदाय, कि त मण्डली, कि त जनसभा हुँदो रहेछ।

तर पाँच पदबाट उठेको तर्कको विषयमा कसो हो? के पुरानो नियमको समयमा मण्डली थियो त? के हालैमा मण्डलीको विषयमा प्रकाश मात्र बढ़ेको छ र? यी प्रश्नहरूको उत्तर कलस्सी १:२६ पदले दिन्छ, जहाँ सफासँग लेखिएको छ, कि *'त्यो रहस्यचाहिँ युग-युगदेखि र पुस्ता-पुस्तादेखि लुकाइराखिएको थियो, तर अहिले उहाँका पवित्र जनहरूकहाँ प्रकट गरिएको छ।'* यस रहस्यको धेरथोर प्रकाश भएको कुरा यहाँ सवालको विषय नै होइन; किनकि यो रहस्य अघि अलिकति पनि जानिएको थिएन।

**एफेसी ३:६:** अब हामी यस रहस्यको मुटुरूपी मुख्य तथ्य देख्न लागिरहेका छौं। किनकि प्रभु येशू ख्रीष्टको मण्डलीमा विश्वास गर्ने अन्यजातिका मानिसहरू साझा-हकवाला, एकै शरीरका साझा-अङ्गहरू र सुसमाचारद्वारा 'ख्रीष्टमा' प्रस्तुत गरिएको उहाँको प्रतिज्ञाका साझा-भागीदार भएका छन्। अर्को शब्दमा भन्नु हो भने, मुक्ति पाएका अन्यजातिका मानिसहरू र मुक्ति पाएका यहूदीहरूको हक बराबर र तिनीहरूका सौभाग्यहरू एकै हुन्।

पहिलो कुराः उनीहरू साझा-हकवाला हुन्। पैतृक-सम्पत्तिरूपी अधिकारको भागको सम्बन्धमा उनीहरूको हक र मुक्ति पाएका यहूदीहरूको हक बराबर हो। उनीहरू परमेश्वरका हकवाला र येशू ख्रीष्टसित साझा-हकवाला भएका छन्, अँ, दाम तिरेर छुटाइएकाहरू सबैजनासित उनीहरू सङ्गी-हकवाला हुन्छन्।

दोस्रो कुराः उनीहरू एकै शरीरका साझा-अङ्गहरू हुन्। मण्डलीमा अब उनीहरूलाई बाहेक गर्ने भेदभाव अथवा उनीहरूलाई असुविधा र प्रतिकूल परिस्थिति छैन; तर मण्डलीमा उनीहरूको स्तर मुक्ति पाएका यहूदीहरूको भन्दा केही कम छैन, तर उनीहरू तिनीहरूसित पूरा बराबर भएका हुन्छन्।

तेस्रो र अन्तिम कुराः सुसमाचारद्वारा 'ख्रीष्टमा' प्रस्तुत गरिएको परमेश्वरको प्रतिज्ञामा उनीहरू साझा-भागीदार भएका छन्। यहाँ प्रतिज्ञा गरिएको कुराको अर्थ पवित्र आत्मा हुन सक्छ (प्रेरित १५:८; गलाती ३:१४)। हुन सक्छ, ख्रीष्ट येशूमा हामीलाई सुसमाचारद्वारा जे प्रतिज्ञा गरिएको छ, त्यो सबै कुरा यस प्रतिज्ञाभित्र समावेश गरिएको हुन्छ होला। अन्यजाति विश्वासीहरू मुक्ति पाएका यहूदीहरूसित सबका सबमा साझा-भागीदार भएका छन्।

पुरानो नियमको समयमा यी तीनवटा कुराहरू अन्यजातिका मानिसहरूको विषयमा भन्न सकिँदैनथियो, न ता ख्रीष्टको आउँदो राज्यमा यो कुरा यस्तो हुनेछ। किनकि पुरानो नियमको समयमा इस्राएली जातिले चाहिँ परमेश्वरको सामु सौभाग्यशाली स्थान पाएको थियो। अनि परमेश्वरका प्रतिज्ञाहरूमा आफूले जस्तो अन्यजातिको मानिसले पनि बराबर भाग पाउने कुरामा यहूदी मानिस हा-हा-हा गर्दै हाँस्नेथियो। किनकि यो अन्यजातिहरूको भाग नै थिएन। तर इस्राएलीहरूका भविष्यवक्ताहरूले अन्यजातिहरूको बोलावट हुने विषयमा भविष्यवाणी गरेका थिए (यशैया ४९:६ र ५६:६-७)। तर यी भविष्यवाणीहरूमा अन्यजातिका मानिसहरू एकै शरीरमा सङ्गी-अङ्गहरू हुने कुराको गन्ध समेत थिएन – एउटा यस्तो शरीरमा, जसमा यहूदीहरूले कुनै प्राथमिकता पाउने प्रावधान हुनेछैन।

अनि हाम्रा प्रभुको आउँदो राज्यको विषयमा कुरा यस्तै छः इस्राएली जाति सबै जातिहरूको शिर हुनेछ (यशैया ६०:१२)। त्यस बेलामा अन्यजातिहरू आशिषित हुनेछन्, तर तिनीहरूले इस्राएली जातिमार्फत यी आशिषहरू पाउनेछन् (यशैया ६०:३ र ६१:६; जकरिया ८:२३)।

इस्राएली जातिको बोलावट कस्तो थियो? तिनीहरूका प्रायः सबै आशिषहरू यस पृथ्वीमाथि पाउने भौतिक, अस्थायी आशिषहरू थिए (व्यवस्था २८:; आमोस ९:१३-१५)। तर मण्डलीको बोलावटचाहिँ प्रायः स्वर्गीय स्थानहरूमा आत्मिक आशिषहरू पाउनलाई हो (एफेसी १:३)। इस्राएली जातिले यस पृथ्वीमा परमेश्वरको चुनिएको जाति हुने बोलावट पाएको थियो। तर मण्डलीचाहिँ ख्रीष्टकी स्वर्गीय दुलही हुन बोलाइएको छ (प्रकाश २१:२ र ९)। हजार वर्षको राज्यको समयमा इस्राएली जाति ख्रीष्ट येशूको शासन अधीनस्त आशिषित हुनेछ (होशे ३:५); तर मण्डलीले चाहिँ उहाँको साथमा सारा विश्वमाथि राज्य गर्नेछ; त्यो त उहाँको महिमामा सहभागी हुनेछ (एफेसी १:२२-२३)।

यसकारण मण्डली र इस्राएली जाति एकै कुरा हुँदैन, अनि मण्डली र परमेश्वरको राज्य पनि एउटै कुरा हुँदैन भन्ने कुरा स्पष्ट देखिन्छ। मण्डलीचाहिँ एक नयाँ समाज हो; मण्डली एक अद्वितीय सङ्गति हो; अनि पवित्र बाइबलअनुसार विश्वासीहरूको सबैभन्दा सौभाग्यशाली समूह मण्डली नै हो। ख्रीष्ट येशूको स्वर्गारोहण भएपछि पवित्र आत्मा दिइनुभयो; अनि त्यस दिनमा अर्थात् पेन्टेकोष्टको दिनमा मण्डलीको शुरु भयो (प्रेरित २:)। पवित्र आत्माको बप्तिस्माद्वारा मण्डलीको रचना भयो (१ कोरिन्थी १२:१३)। अनि ख्रीष्ट-विश्वासीहरू आकाशमा उठाइलगिने क्षणमा मण्डली पूरा हुनेछ (१ थेस्सलोनिकी ४:१३-१८; १ कोरिन्थी १५:२३ र १ कोरिन्थी १५:५१-५८); किनकि त्यस दिनमा ख्रीष्टका हुनेहरू जति सबै स्वर्गको घरमा उठाइलगिनेछन्।

**एफेसी ३:७ः** अघि पावलले मण्डलीमा अन्यजातिका मानिसहरू र यहूदीहरूसँग साझा हक र साझा हिस्सा छ भन्ने कुरामा जोड़ दिए; अनि अबचाहिँ तिनले यस सिलसिलामा आफ्नो सेवकाइको भूमिका के हो, सो कुराको चर्चा गर्छन्।

पहिले, पावल सुसमाचारको सेवक थिए। यस विषयमा श्री केन्नेथ एस. वूष्टले यसो लेखेका छन्ः 'मिनिस्टर भन्ने शब्दको अर्थ बिग्रेर वर्तमान समयमा पदको रूपमा प्रयोग गरिएको छ अनि मन्त्रीदेखि लिएर स्थानीय मण्डलीको धर्मगुरु र पास्टरसम्म सबैजना मिनिस्टर भएका छन् ।' तर नयाँ नियममा 'मिनिस्टर'को अर्थ कहिल्यै त्यही भएको छैन, तर यस शब्दको सामान्य अर्थ सेवक नै हो। अनि पावलले भन्न खोजेको कुरा यही होः तिनले यस रहस्यको संयोजनाअन्तर्गत प्रभुको सेवा गर्दैथिए।

पावलको सेवकाइचाहिँ *'तिनलाई दिइएको परमेश्वरको अनुग्रहको दानअनुसार'* थियो, अर्थात् तिनको योग्यताअनुसार तिनलाई यो सेवकाइ दिइएको थिएन, तर यो त एउटा दान, परमेश्वरको निगाहको फल थियो। योचाहिँ अनुग्रहको प्रदर्शन मात्र होइन, तर परमेश्वरको शक्तिको प्रदर्शन पनि थियो; किनभने ती अहङ्कारी, दम्भी फरिसीको जीवनमा परमेश्वरको शक्ति कार्यकारी भयो। यस प्रभावकारी ईश्वरीय शक्तिले तिनलाई बचायो, अनि तिनलाई प्रेरितको रूपमा नियुक्त गरेर पठायो; परमेश्वरबाट तिनले प्रकाशहरू प्राप्त गर्ने र उहाँको सेवा गर्ने शक्ति पाए। यसकारण पावलले ' *"उहाँको शक्तिको प्रभावकारी कार्यद्वारा"* मैले यो दान पाएँ' भनेर भन्छन्।

**एफेसी ३:८ः** प्रेरित पावलले आफ्नो विषयमा *'पवित्र जनहरूमध्ये जो सबैभन्दा सानो छ, त्योभन्दा पनि सानो हुँ'* भन्छन्। कतिजनाले यसमा तिनको बनावटी नम्रता देख्लान्। तर पवित्र आत्माले भरिएका पावलले यहाँ आफ्नो सठीक मूल्याङ्कन गरेका छन्; किनकि वास्तवमा तिनले आफूलाई यस्तै ठाने। ख्रीष्ट येशूलाई उहाँको महिमामा देखेको हरेक मानिसले आफूलाई पापी र निकम्मा सम्झन्छ। अनि पावलको विषयमा अर्को कुरा के थियो भने, तिनले प्रभु येशूलाई सताएको तिनको सम्झना अझै पनि आलो थियो (प्रेरित ९:४); किनकि तिनले परमेश्वरको मण्डलीलाई सताएका थिए (गलाती १:१३; फिलिप्पी ३:६)। यसो भए पनि प्रभु येशूले तिनलाई विशेष रूपले नियुक्ति गरेर मुक्तिको सुसमाचार अन्यजातिहरूकहाँ पुऱ्याउने कार्यभार सुम्पनुभयो (प्रेरित ९:१५, १३:४७

र २२:२१; गलाती २:२ र ८)। पत्रुस यहूदीहरूका निम्ति प्रेरित थिए भने पावलचाहिँ अन्यजातिहरूका निम्ति प्रेरित थिए। पावलको बहुमुखी सेवकाइ विशेष दुई कार्य-क्षेत्रमा थियो अर्थात् सुसमाचारको क्षेत्रमा र मण्डलीको क्षेत्रमा थियो। पहिले तिनले मानिसहरूलाई मुक्तिको उपाय प्रस्तुत गर्थे, त्यसपछि तिनले तिनीहरूलाई नयाँ नियमको मण्डलीमा र त्यसको सत्यतामा स्थापित गर्थे। पावलले आफ्नो सेवकाइ सुसमाचारको प्रचारमा सीमित राख्दैनथिए, तर त्यसमा नयाँ नियमअनुसार स्थानीय मण्डलीहरू स्थापित गर्ने र बलियो तुल्याउने लक्ष्यमा पुऱ्याउने पहिलो कदम देख्थे।

*'अन्यजातिहरूको बीचमा ख्रीष्टको खोजेर नसकिने धनको प्रचार गर्नु'* चाहिँ तिनको सेवकाइको पहिलो भाग थियो। श्री डब्ल्यू. जी. ब्लाइकीले यसको बड़ो सुन्दर टिप्पणी यसो गरेका छन्:

> 'खोजेर खोजिनसकिने धन कति चाखलाग्दा दुईवटा शब्दहरू! अरे, सबैभन्दा बहुमूल्य कुराहरू कसरी यति प्रचुर मात्रामा पाइन्छन्? किनकि प्रायः जसो बहुमूल्य कुराहरू विरलै मात्र पाइन्छन्। अनि यी चीजहरूको विरलताले यी वस्तुहरूको दाम बढ़ाउँछ। तर यहाँ सबैभन्दा बहुमूल्य कुरा असीमित रूपले उपलब्ध हुन्छ, जस्तैः दया र प्रेमरूपी धन, हामीलाई ग्रहणयोग्य तुल्याउने धन, हामीलाई पवित्र पार्ने, सान्त्वना दिने र परिवर्तन गराउने शक्तिको धन; यहाँ कुनचाहिँ कुरा छैन, जुन कुराले हाम्रो हरेक खाँचो पूरा गर्न सक्दैन, हाम्रो मनको लालसा र उत्कट इच्छा मेटाउन सक्दैन? अहिलेका निम्ति र सदासर्वदाका निम्ति यहाँ सबै कुराहरू छन्, सबै कुराहरू प्रशस्त छन्, सबै कुराहरू असीमित छन्।' [18)]

जुन बेलामा कुनै मानिसले प्रभु येशूमाथि विश्वास गर्छ, त्यस बेलामा ऊ आत्मिक करोड़पति भइहाल्छ; किनकि ख्रीष्ट येशूमा उसले अपार धनसम्पत्तिहरू पाएको छ।

**एफेसी ३:९:** 'रहस्यको प्रशासन के रहेछ, सो सबै मानिसहरूलाई देख्ने तुल्याउनु' पावलको सेवकाइको दोस्रो भाग थियो। अर्को शब्दमा भन्नु हो भने, यस रहस्यले व्यवहारमा उतार्दाखेरि केकस्तो रूप लिन्छ, सो

कुराको सम्बन्धमा तिनले मानिसहरूलाई ज्ञानले सुसम्पन्न गराउनु थियो। यस वर्तमान युगका निम्ति परमेश्‍वरको योजना के हो? उहाँ अन्य-जातिहरूको बीचबाट आफ्नो नामका निम्ति एउटा जाति निकाल्नुहुन्छ (प्रेरित १५ : १४) र आफ्ना पुत्रका निम्ति एउटी दुलही तयार पार्नुहुन्छ। यस ईश्‍वरीय योजनासित सम्बन्धित सबै कुराहरू प्रशासन वा भण्डारीपन[19)] भनिन्छन्। 'सबै मानिसहरूलाई देख्ने तुल्याउनु' भन्नाले 'सबै ख्रीष्ट-विश्‍वासीहरूलाई देख्ने तुल्याउनु' भनेको हुनुपर्छ; किनकि मुक्ति नपाएका मानिसहरूले यस रहस्यसम्बन्धी गहन-गहन तथ्यहरू के बुझ्थे र? (१ कोरिन्थी २ : १४)। यसकारण पावलले यहाँ 'सबैलाई' भन्दाखेरि मुक्ति पाएका विभिन्न मानिसहरूलाई सङ्केत गरेको हुनुपर्छ, जस्तै यहूदीहरू र अन्यजातिका मानिसहरू, दासहरू र स्वतन्त्र मानिसहरू आदि।

*'यो रहस्य युगयुगदेखि परमेश्‍वरमा लुकेर बसेको थियो।'* अनादिकालमा यो योजना परमेश्‍वरको मनको सोचमा थियो। तर यहाँ भन्न खोजेको कुरा यस प्रकारको छः मानव-इतिहासका जम्मै युगहरूभरि नै उहाँले यो रहस्य गुप्त राख्नुभयो। पवित्र आत्माले यस कुरामा कति होशियार हुनुभएको छ, के तपाईंले याद गर्नुभयो? एकलेसिया अर्थात् विश्‍वव्यापी मण्डलीचाहिँ नयाँ, अद्वितीय र अभूतपूर्व कुरा हो भन्ने छाप उहाँले हाम्रो मनमा अङ्कित गर्न खोज्नुभयो। अरू कसैलाई होइन, तर परमेश्‍वरलाई मात्र यो कुरा अघिबाट थाहा थियो। सबै थोकहरू सृष्टि गर्नुभएको परमेश्‍वरमा यो रहस्य लुकेर बसेको थियो। उहाँले भौतिक विश्‍व सृष्टि गर्नुभयो; उहाँले युगहरू सृष्टि गर्नुभयो; अनि उहाँले मण्डलीलाई सृष्टि गर्नुभयो। तर आफ्नो बुद्धिमा उहाँले ख्रीष्ट येशूको पहिलो आगमनसम्म यस नयाँ सृजनाको विषयमा कसैलाई केही ज्ञान नदिने निर्णय गर्नुभयो।

**एफेसी ३ : १०ः** यस रहस्यको सम्बन्धमा वर्तमान समयमा परमेश्‍वरका उद्देश्यहरू जति छन्, तीमध्ये स्वर्गदूतहरूका स्वर्गीय सेना-हरूलाई आफ्नो नाना प्रकारको बुद्धि प्रकट गर्नु उहाँको एक उद्देश्य हो।

पावलले यहाँ फेरि पनि सङ्केतिक भाषा प्रयोग गर्छन्। मानौं परमेश्वर शिक्षक हुनुहुन्छ; विश्व पाठशाला हो; उच्च पदका स्वर्गदूतहरू विद्यार्थी हुन्; परमेश्वरको नाना प्रकारको बुद्धिचाहिँ सिक्नुपर्ने विषय हो। अनि मण्डलीचाहिँ त्यसको निम्ति ज्वलन्त उदाहरण हो।

स्वर्गबाट स्वर्गदूतहरूले परमेश्वरका अथाह न्याय-फैसलाहरूका निम्ति उहाँको तारिफ नगरी बस्नै सक्दैनन्; किनकि परमेश्वर पापमाथि विजयी हुनुभएको, र यसरी आफ्नो महिमा बढ़ाउनुभएको देखेर तिनीहरू उहाँका अगम्य चालहरूमा मग्न हुन्छन्। उहाँले पृथ्वीका सबैभन्दा खराब हुनेहरूका निम्ति स्वर्गको सर्वोत्तम कुरा पठाउनुभएको तिनीहरू देख्छन्। उहाँले आफ्ना शत्रुहरूलाई दाम तिरेर छुटाउनुभएको, यिनीहरूलाई प्रेमले जित्नुभएको र यिनीहरूलाई आफ्ना पुत्रकी दुलही हुन तयार गर्दै गर्नुभएको तिनीहरूले पनि देख्न पाउँछन्। उहाँले ख्रीष्टमा हुनेहरूलाई स्वर्गीय स्थानहरूमा सबै आत्मिक आशिषहरूले आशिषित तुल्याउनुभएको तिनीहरू देख्छन्। अनि तिनीहरू यो पनि देख्छन्, कि क्रूसमा प्रभु येशूले पूरा गर्नुभएको उहाँको त्राणको काममार्फत परमेश्वरले झन् बढ़ी महिमा पाउनुभएको छ, अनि विश्वास गर्ने यहूदी र अन्यजातिका मानिसहरूले बढ़ी आशिष पाएका छन्; यस संसारमा पापको प्रवेश नभएको भए यसो हुनेथिएन। परमेश्वर सत्य ठहरिनुभयो; ख्रीष्ट उच्च पारिनुभयो; शैतानको हार भयो; अनि ख्रीष्टमा विराजमान् भएको मण्डलीचाहिँ उहाँको महिमामा सहभागी भयो।

**एफेसी ३ः११ः** *'त्यस अनन्त संकल्पअनुसार, जुनचाहिँ उहाँले ख्रीष्ट येशू हाम्रा प्रभुमा संकल्प गर्नुभयो।'* यस रहस्यको रचना, यसलाई गुप्त राख्दा र यो प्रकट गर्दा र यसबाट परमेश्वरको नाना प्रकारको बुद्धि प्रकट भएको कुरा सबको सब उहाँको अनन्त संकल्पअनुसारको थियो।

संसारको उत्पत्तिभन्दा पहिले परमेश्वरलाई सबै कुरा थाहा थियो, जस्तैः शैतानको पतन हुनेछ, र त्यसको फकाइफुस्ल्याइमा परेर मानिस पापमा गिर्नेछ। अनि यसका निम्ति उहाँले प्रतियोजनारूपी गुरु-योजना तयार गर्नुभएको थियो। अनि त्यस पूर्वयोजनामा ख्रीष्ट येशूको देहधारण,

उहाँको मृत्यु, उहाँको बौरिउठाइ, उहाँको स्वर्गारोहण र उहाँको महिमा-प्राप्ति समावेश थियो। सारा योजना ख्रीष्ट-केन्द्रित थियो र उहाँद्वारा पूरा भयो। अबचाहिँ परमेश्वरले भक्तिहीन यहूदी र अन्यजातिका मानिस-हरूलाई बचाउन सक्नुहुन्छ र उनीहरूलाई ख्रीष्टको देहमा अङ्गहरू तुल्याउन सक्नुहुन्छ। अँ, उहाँले उनीहरूलाई आफ्ना पुत्रको रूपमा ढाल्न र उनीहरूलाई अनन्तसम्म 'थुमाकी दुलही' भनेर सर्वोच्च आदर दिन सक्नुहुन्छ।

**एफेसी ३ः१२ः** ख्रीष्ट येशूको त्राणको कामको फलस्वरूप र उहाँसित हाम्रो एकीकरणको फलस्वरूप हामी हरेक समयमा साहससित परमेश्वरको उपस्थितिमा जाने अवर्णनीय सौभाग्य पाएका छौं। उहाँले हाम्रो कुरा सुन्नुहुन्छ भन्ने कुरामा हामी ढुक्कै र निर्धक्क छौं; उहाँले हामीलाई हप्काउनुहुने हामीसँग केको डर? (याकूब १ः५)। हाम्रो साहस दुःसाहस होइन, तर त्यसमा दुवै श्रद्धाको भावना छ, र डरको अभाव हुन्छ; किनभने हामी परमेश्वरलाई आफ्ना बुबा भनेर सम्बोधन गर्छौं। हाम्रो प्रवेश गर्ने अधिकारचाहिँ प्रार्थनामा परमेश्वरसित बातचित गर्ने हाम्रो स्वतन्त्रता हो। अनि हाम्रो निश्चित भरोसा के हो? हामीप्रति उहाँको शुभेच्छा छ, हाम्रा प्रार्थनातिर उहाँका कानहरू सधैं खुला रहन्छन्, अनि उहाँले हामीलाई बुद्धिमानीसाथ र प्रेमले पूर्ण उत्तरहरू दिनुहुन्छ भन्ने निश्चयता हाम्रो भरोसा हो। अनि *'उहाँमाथि राखिएको विश्वासद्वारा'* यो सब गरिन्छ; किनकि हाम्रो विश्वास प्रभु येशू ख्रीष्टमाथि अड़िएको छ।

**एफेसी ३ः१३ः** पावलले आफ्नो गौरवशाली सेवकाइ र त्यसका अद्‌भुत उपलब्धिहरू ध्यानमा राखेर पवित्र जनहरूलाई उत्साह दिन्छन्। उनीहरूले तिनका दुःखकष्टहरूमा हरेश खानुहुँदैन। अन्यजातिहरूका निम्ति आफ्नो कार्यभार पूरा गर्दै गरेकोमा तिनले सङ्कष्टहरू सहनुपरे ता पनि तिनलाई आनन्द लागेको छ। वास्तवमा तिनले उनीहरूलाई यसो भन्न चाहेका छन्ः 'मेरा समस्याहरू देखेर तिमीहरू हतोत्साहित नहोओ! बरु म प्रभु येशूका निम्ति दुःख भोग्न योग्य ठहरिएकोमा गर्व गर!' किनभने तिनले उनीहरूका निम्ति र अरू अन्यजातिका मानिसहरूका निम्ति सहेका

सङ्कष्टहरूबाट उठेको लाभमाथि उनीहरूले आफ्नो विचार पुऱ्याउनुपरेको र त्यसमा आनन्दित हुनुपरेको थियो। यसकारण उनीहरूले तिनको वर्तमान कैदी अवस्था शर्मको होइन, तर महिमाको कारण सम्झनुपरेको थियो।

## छ) एफेसी ३:१४-१९: पवित्र जनहरूका निम्ति प्रेरित पावलको दोस्रो प्रार्थना

**एफेसी ३:१४:** अबचाहिँ प्रेरित पावल एफेसी ३:१ पदमा फर्कन्छन् र त्यसको प्रसङ्ग फेरि उठाउँछन्; किनकि रहस्यको सम्बन्धमा तिनीद्वारा बीचमा हालिएको अन्तरालरूपी खण्ड यहाँ सकिएको छ। यसर्थ 'यही कारणले' भन्ने शब्दले एफेसीको पत्रको दुई अध्यायसित आफ्नो सम्बन्ध जोड्छ, जहाँ अन्यजातिहरूको स्वाभाविक ख्रीष्टरहित अवस्था केकस्तो थियो र ख्रीष्ट येशूसित एक भई उनीहरू के-के भए र बने, सो कुराको वर्णन गरिएको थियो। उनीहरू कसरी आत्मिक गरिबी र आत्मिक मृत्युबाट आत्मिक धन र महिमाले पूर्ण अवस्थामा उठाइएको उनीहरूको यस अचम्मको उत्थानले पावललाई उनीहरूका निम्ति प्रार्थना गर्ने प्रेरणा दिलायो। उनीहरू सधैं आफ्नो यस उच्च ठहरअनुसार जिउन सकून् र आफ्नो दैनिक जीवनमा त्यसको आनन्द उपभोग गर्न सकून्।

प्रार्थना गर्दा तिनको शरीरको मुद्रा कस्तो थियो? तिनले घुँड़ा टेकेर प्रार्थना गर्थे। यसबाट प्रार्थना गर्दा हामीले सधैं घुँड़ा टेक्नुपर्छ भन्ने अर्थ लिनुहुँदैन, तर प्रार्थनामा हाम्रो मनले सधैं घुँड़ा टेक्नुपर्छ। किनकि हिँड्दाखेरि, बस्दाखेरि र सुत्दाखेरि हामीले प्रार्थना गर्छौं होला; तर हाम्रो आत्मा सदैव विनीत र श्रद्धाभक्तिले झुकेको हुनुपर्छ।

प्रार्थनामा हामी पिता परमेश्वरलाई सम्बोधन गर्नुपर्छ। सामान्य रूपले परमेश्वर सारा मानव-जातिका पिता हुनुहुन्छ, अर्थात् उहाँ तिनीहरू सबैको सृष्टिकर्ता हुनुहुन्छ (प्रेरित १७:२८-२९)। तर सीमित अर्थमा परमेश्वर सबै ख्रीष्ट-विश्वासीहरूको पिता हुनुहुन्छ; किनभने उहाँले उनीहरूलाई

आफ्नो आत्मिक परिवारमा जन्माउनुभयो (गलाती ४ः६)। अनि अद्वितीय अर्थअनुसार परमेश्वर हाम्रो प्रभु येशू ख्रीष्टका पिता हुनुहुन्छ; पिता र पुत्र एकसमान हुनुहुन्छ (यूहन्ना ५ः१८)।

**एफेसी ३ः१५ः** जब पावलले परमेश्वर पितालाई सम्झना गर्छन्, तब तिनले उहाँलाई निम्न भूमिकाअनुसार विचार गर्छन्: *'उहाँबाट स्वर्गमा र पृथ्वीमाथि सारा घरानाको नाम राखिन्छ।'* यस भनाइको अर्थ यस प्रकारको हुन सक्छः

**क)** स्वर्गमा र पृथ्वीमाथि दाम तिरेर छुट्टाइएकाहरू सबैले परमेश्वरलाई आफ्नो परिवारको शिर सम्झन्छन्।

**ख)** सृष्टि गरिएका सबै प्राणीहरूले, चाहे तिनीहरू स्वर्गदूतहरू, चाहे मानिसहरू होऊन्, आफ्नो अस्तित्वका निम्ति त्यसको श्रय परमेश्वरलाई दिनुपर्छ। व्यक्ति-व्यक्तिमा र परिवार-परिवारमा यो सत्य ठहरिन्छ। स्वर्गमा भएका परिवारहरू भन्नाले हामीले विभिन्न श्रेणीका स्वर्गदूतहरू बुझ्नुपर्छ। अनि पृथ्वीमाथिका परिवारहरू भनेको हामीले नूहको वंशबाट पैदा भएका बेग्ला-बेग्लै कुलहरू बुझ्नुपर्छ। यी कुलहरू अहिले विभिन्न देश र जातिहरूमा विभाजित भएका हुन्छन्।

**ग)** विश्वमा सबै किसिमको पितृत्वले परमेश्वरबाट आफ्नो नाम पायो। परमेश्वरको पितृत्वचाहिँ मौलिक नमुना र आदर्श हो; अनि त्यही पितृत्व अरू सबै पितृसुलभ सम्बन्धहरूका निम्ति सर्वोच्च उदाहरण हो। यसकारण यो वाक्य श्री फिलिप्सले यस प्रकारले अनुवाद गरेका छन्: 'जसबाट पृथ्वीको वा स्वर्गको सारा पितृत्वले आफ्नो नाम पायो।'

**एफेसी ३ः१६ः** पावलको विन्ती कति ठूलो छ? के हामी यस कुरामा छक्क पर्दैनौं र? यसको विशालताबाट हामीलाई निक्कै घत लाग्नुपर्छ। यो अनिवार्य हो। *'उहाँले तिमीहरूलाई यो दान दिऊन्, कि उहाँको महिमाको धनअनुसार ...;'* त्यसपछि पावलले यी पवित्र जनहरूका निम्ति

आफ्नो अनुरोध पेश गर्छन्ः उनीहरूले आत्मिक बल पाऊन्। तर उनीहरूले कति बल पाऊन्? श्री जमिएसन, श्री फोस्सेट र श्री ब्राउनले यसको उत्तर यस प्रकारले दिएका छन्ः

'हामीले पाउने शक्ति प्रशस्त हुन्छ, परमेश्वरको महिमाको धनअनुसार हुन्छ, हाम्रो साँघुरो हृदयअनुसार चाहिँ होइन।' [20)]

'आफ्नो धनबाट दिनु' र 'आफ्नो धनअनुसार दिनु'को बीचमा ठूलो भिन्नता छ भन्ने कुरामा प्रचारकहरूले जोड़ दिने गर्छन्। धनी मानिसले आफ्नो ठूलो धनबाट थोरै अनुदान दिन सक्छ; 'आफ्नो धनबाट दिनु' भनेको त्यो हो। तर आफ्नो धनको अनुपातको हिसाबले दिनु अर्को कुरा हो। पावलले परमेश्वर पितालाई विन्ती गर्दा उहाँले उनीहरूलाई आफ्नो सर्वश्रेष्ठ महिमाको धनअनुसार बल दिएका होऊन्। प्रभु येशूको महिमाको धन असीमित छ; यसकारण यी पवित्र जनहरू यस धनरूपी सागरमा अवश्य डुब्छन्। महाराजाबाट हामी थोरै कुरा किन मागिबस्ने?

यस सम्बन्धमा नेपोलियनको कुरा आयो। एकजना मानिस सम्राट नेपोलियनबाट ठूलो दयाको भिक्षा माग्यो, जुन दयाको दान उसले तुरुन्तै पाइहाल्यो। यस सम्बन्धमा नेपोलियनले यसो भनेः 'किनकि उसले आफ्नो ठूलो अनुरोधद्वारा मेरो सम्मान गरेको छ।'

*परमेश्वरकहाँ आउँदाखेरि सम्झः उहाँ राजाहरूका महाराजा हुनुहुन्छ;*
*यसकारण ठूला-ठूला विन्तीहरू साथमा लिएर उहाँकहाँ आऊ!*
किनकि उहाँको अनुग्रह र शक्ति यति विघ्न छ, कि
*कसैको विन्तीले पनि उहाँलाई समस्यामा वा अप्ठ्यारोमा पार्न सक्दैन।*

*श्री जोह्न न्यूटन*

आउनुहोस्, अबचाहिँ हामी पावलको प्रार्थनाका विशेष विषयहरूमा ध्यान दिऔं! हामी ती विषयहरू अलग-अलग विन्तीहरूको माला सम्झनुहुँदैन, तर ती विन्तीका विषयहरू एक विषयको आधारमाथि अर्को विषय बिछाइएको एउटा प्रक्रम ठान्नुपर्छ। एउटा पिरामिड सम्झनुहोस्, जसको पहिलो तहका ढुङ्गाहरू पावलले मागेको पहिलो विन्ती हुन्। अनि

जब पावलको प्रार्थना अघि बढ्दै जान्छ, तब तिनले एक विन्तीमाथि अर्को थप्दै महिमित चरमबिन्दुमा पुगेर आफ्ना विन्तीहरू टक्राउन छोड्छन् ।

पावलको पहिलो निवेदन के हो ? परमेश्‍वरको आत्माद्वारा उनीहरूले भित्री मानिसमा सामर्थ्यले बल पाऊन् । तिनले उनीहरूका निम्ति मागेको आशिष आत्मिक शक्ति थियो । यो आत्मिक शक्तिचाहिँ आश्‍चर्यकर्महरू गर्ने शक्ति होइन, तर परिपक्व, सुदृढ़ र समभ्कदारी ख्रीष्ट-विश्‍वासी हुनलाई चाहिएको आत्मिक बल हो । अनि यो शक्ति पवित्र आत्माले प्रदान गर्नुहुन्छ। निस्सन्देह, उहाँले हामीलाई केवल त्यस बेलामा शक्ति दिन सक्नुहुन्छ, जुन बेलामा हामी परमेश्‍वरको वचनको खुराक लिन्छौं, प्रार्थनाको स्वच्छ सास लिने गर्छौं र दिन प्रतिदिन प्रभुको सेवामा कार्यरग भइरहन्छौं; यसमा शङ्का छैन ।

अनि यो आत्मिक शक्ति भित्री मनुष्यत्वमा अनुभव गरिन्छ। भित्री मनुष्यत्वचाहिँ हाम्रो प्रकृतिको आत्मिक हिस्सा हो, जुन भित्रको मानिसले परमेश्‍वरको व्यवस्थामा आनन्द लिन्छ (रोमी ७:२२)। अनि *'हाम्रो बाहिरको मानिस नष्ट हुँदै गइरहेको भए ता पनि त्यो भित्रको मानिस दिन-दिनै नयाँ हुँदै गइरहेको छ'* (२ कोरिन्थी ४:१६)। हाम्रो भित्रको मानिस परमेश्‍वरबाट भएको हो; यसो भए पनि त्यसले शक्ति पाउनुपर्छ, अनि त्यसले वृद्धि र विकास गर्नुपर्छ।

**एफेसी ३:१७:** दोस्रो चरणः *'विश्‍वासद्वारा ख्रीष्ट तिमीहरूका हृदयहरूमा वास गरून् ।'* पवित्र आत्माको शक्ति पाएर हामी बलवान् भएको फलस्वरूप हाम्रो हृदयमा ख्रीष्टले वास गर्नुहुँदो रहेछ। वास्तवमा जुन समयमा कुनै मानिसले मुक्ति पाउँछ, त्यस बेलामा नै प्रभु येशूले त्यस नयाँ विश्‍वासीको हृदय आफ्नो व्यक्तिगत वासस्थान बनाएर त्यहाँ वास गर्न थाल्नुहुन्छ (यूहन्ना १४:२३; प्रकाश ३:२०)। तर पावलको प्रार्थनाको अनुरोध यो होइन। उहाँ यी ख्रीष्ट-विश्‍वासीहरूमा वास गर्न आऊन् भन्ने विन्ती छैन; तर उहाँले यिनीहरूको हृदय आफ्नो घर सम्भन सक्नुपर्छ र हाम्रो हृदयमा आफ्नो घरको न्यानो अनुभव गर्न सक्नुपर्छ। उहाँ मुक्ति पाएको हरेक व्यक्तिमा स्थायी निवासी हुनुहुन्छ; तर उहाँलाई उसको

हृदयको हरेक कोठा र दराजमा पूरा प्रवेश गर्ने अनुमति मिलोस्; पापमय शब्दहरू, पापमय विचारहरू, पापमय भावनाहरू र पापकर्महरूले उहाँलाई शोकित नपारून् । अनि त्यस विश्वासीसँगको अटुट सङ्गतिबाट उहाँले नित्य आनन्द उठाउन सकून् – यस विन्तीको उद्देश्य र मतलब थियो । यस प्रकारले ख्रीष्ट-विश्वासीको हृदयचाहिँ ख्रीष्ट येशूको घर बन्दछ – बेथानीमा मरियम, मार्था र लाजरसको घरजस्तो, जहाँ रहन, बस्न उहाँ खूब रुचाउनुहुन्थ्यो । अवश्य, हामीले आफ्नो हृदयलाई आत्मिक जीवनको केन्द्र मान्नुपर्छ, जुन केन्द्रले हाम्रो आचरणव्यवहारको एक-एक कुरा नियन्त्रण गर्छ । ख्रीष्ट येशूको प्रभुत्व हामीले पढ़ेका किताबहरूमाथि, हामीले हेरिरहेका फ्लिमहरू र सोसल्-मिडियामाथि, हामीले गरेका कामहरूमाथि, हामीले खाँदै गरेका खानेकुराहरूमाथि, हामीले खर्च गरेका रुपियाँपैसामाथि, हामीले बोलेका शब्दहरूमाथि, अँ, हाम्रो जीवनका सानातिना कुराहरूमाथि बढ़ेर जाओस् – वास्तवमा प्रेरित पावलको प्रार्थनाको अनुरोध यो थियो ।

हामी पवित्र आत्माको शक्तिमा जति बढ़ी बलवान् हुन्छौं, त्यति बढ़ी हामी प्रभु येशूजस्तै हुन्छौं । अनि जति बढ़ी हामी येशू ख्रीष्टजस्तै भएका हुन्छौं, त्यति नै बढ़ी उहाँ 'हाम्रो हृदयमा शान्तिसँग बस्नुहुन्छ र ढुक्क भएर त्यसलाई आफ्नो घर सम्झनुहुन्छ ।' (केन्नेथ एस. वूस्ट)

हामी विश्वासद्वारा उहाँले हामीमा वास गर्नुभएको अनुभव गर्न र त्यसबाट आनन्द उठाउन सक्छौं । यस सम्बन्धमा उहाँमाथि अटुट भरोसा राख्नु, लगातार आफूलाई उहाँको हातमा समर्पण गर्नु र हाम्रो हृदयमा घरको न्यानोपन पाउने उहाँको हक छ भन्ने कुरा नित्य सम्झना गर्नु आवश्यक छ । अनि विश्वासद्वारा नै हामीले ब्रदर लाव्रेन्सले कुशलतापूर्वक र दक्षतासाथ भनेझैं 'उहाँको उपस्थिति अनुभव गर्ने अभ्यास' गर्छौं ।

यहाँसम्म आइपुग्दा हामीलाई के याद भयो भने, पावलको प्रार्थनामा त्रीएक परमेश्वरको एक-एक व्यक्तिलाई समावेश गरिएको छ । एफेसी ३:१४ पदमा परमेश्वर पितालाई यो प्रार्थना टक्राइन्छ । अनि ख्रीष्ट-विश्वासीहरू उहाँको आत्माद्वारा बलवान् तुल्याइन्छन् (एफेसी ३:१६),

यस हेतुले कि ख्रीष्ट येशूले उनीहरूको हृदयमा आफ्नै घरको मीठो आनन्द उठाउन सकून् (एफेसी ३:१७)। प्रार्थना गर्ने मानिसका सौभाग्यहरू ठूला र धेरै छन्, ती सौभाग्यमध्ये पिता, पुत्र र पवित्र आत्मा अनन्त त्रीएक परमेश्वरलाई प्रार्थनाद्वारा आफ्नो पक्षमा र अरू मानिसहरूको पक्षमा काममा लगाउनुचाहिँ एउटा हो।

तेस्रो चरणः ख्रीष्टलाई हाम्रो हृदयमाथि कुनै रोकटोकविना पूरा प्रवेश गर्ने अधिकार दिएको फलस्वरूप हामी ख्रीष्ट-विश्वासीहरू प्रेममा जरा गाड़िएको र जग बसालिएका हुन्छौं। यहाँ पावलले वनस्पति-जगत्को र निर्माण-कलाको शब्द चलाइरहेका छन्। बोटविरुवाको जराले पोषणको काम गर्छ र टेकुवा दिन्छ। अनि भवनको जगमाथि सम्पूर्ण भवन बसालिन्छ। यस विषयमा श्री डब्ल्यू. ग्राहाम स्क्रोग्गीले यसो भनेका छन्ः

> 'प्रेमचाहिँ त्यो माटो हुनुपर्छ, जुन माटोमा हाम्रो जीवनले आफ्ना जराहरू हाल्नुपर्छ। प्रेम त्यो चट्टान हुनुपर्छ, जुन चट्टानमाथि हाम्रो विश्वास अड़िएको छ।' [21)]

'प्रेममा जरा हालिनु र जग बसालिनु' भनेको प्रेमचाहिँ आफ्नो एक मात्र जीवन-चर्यारूपी आचरण हुने गरी प्रेममा सुदृढ़ हुनु हो। अनि प्रेमको आचरणचाहिँ दया, निःस्वार्थ, चूर्णता र दीनताको जीवन हो। अनि बल्ल, ख्रीष्टको जीवनले ख्रीष्ट-विश्वासीमा आफूलाई प्रकट गर्न पायो (१ कोरिन्थी १३:४-७)।

**एफेसी ३:१८ः** अघिका विन्तीहरूले आत्मिक वृद्धि र विकासको योजनाको रूपरेखा दिएका छन्, जुन योजनाले परमेश्वरका छोराछोरीहरूलाई सबै पवित्र जनहरूसित चौड़ाइ, लमाइ, गहिराइ र उचाइ के रहेछ, सो बुझ्न तयार पार्छ।

'सबै पवित्र जनहरूसित' भन्ने वाक्यांशमा पहिले ध्यान दिन्छौं, त्यसपछि हामी यी आयामरूपी विस्तारहरूमा आफ्नो विचार पुऱ्याउँछौं। यहाँ प्रस्तुत गरिएको विषय यति विशाल, यति विघ्न छ, कि एकजना विश्वासीले त्यसको एक छेउभन्दा बढ़ी बुझ्न सक्दैन रहेछ। यसकारण

हामीले वचन अध्ययन गर्नुपर्छ, अध्ययन गरेको कुरा छलफल गर्नुपर्छ र अरूसित बाँड्चुड् गर्नुपर्छ। पवित्र आत्माले अभ्यस्त ख्रीष्ट-विश्वासी-हरूको सामूहिक मनन-चिन्तनद्वारा पवित्र धर्मशास्त्रमाथि अधिक प्रकाशको किरणको पुञ्ज दिन सक्नुहुन्छ।

यी आयामरूपी विस्तारहरूको सन्दर्भ ख्रीष्टको प्रेम हो भन्ने सर्वमान्य विचार व्यापक छ; तर वचनले यसो भन्दैन। खास गरी त्यसपछिको उपवाक्यमा अलग्गै ख्रीष्टको प्रेमको चर्चा गरिन्छ। जे होस्, यहाँ लेखिएको कुरा ख्रीष्टको प्रेमसित सम्बन्धित छ भने, निम्न अर्थ निस्किन्छः

*चौड़ाइः* परमेश्वरको प्रेम सारा संसारका मानिसहरूका निम्ति हो (यूहन्ना ३ः१६)।

*लमाइः* उहाँको प्रेम सधैंभरि रहिरहन्छ (१ कोरिन्थी १३ः८)।

*गरहिराइः* उहाँको क्रूसको मृत्यु प्रेमको गहिराइ मान्नुपर्छ (फिलिप्पी २ः८)।

*उचाइः* उहाँको प्रेमले हामीलाई स्वर्गसम्म उचालिएको छ (१ यूहन्ना ३ः१-२)।

श्री एफ. बी. मेयरले यसको असल परिभाषा दिएका छन्ः

'क्षितिजको कुरा आयोः हामीदेखि क्षितिजसम्म दूरी जति धेरै छ, त्यसको पछाड़िको आकाशको विस्तार पनि उत्तिकै हुन्छ। अनि हामीले स्वर्गमा येशूको अनुहारमा हजारौंहजार वर्ष नियालेर हेरेपछि उहाँको अनुहारको सुन्दरता अलिकति कम भएको हुनेछैन नै, तर हामीले स्वर्गको ढोकामा त्यसको प्रथम झलक पाएको क्षणमा झैं त्यो अझै पनि उत्तिकै ताजा, उत्तिकै मनमोहक र उत्तिकै अगाध हुनेछ।' [22)]

तर हुन सक्छ, यी आयामरूपी विस्तारहरू रहस्यका विस्तारहरू हुन सक्छन्; किनभने रहस्यचाहिँ एफेसीको पत्रको मूल-विषय हो। वास्तवमा, यी विस्तारहरू यस पत्रको लेखमै भेट्टाउन हामीलाई सजिलो पर्छ।

**क)** एफेसी २:११-१८ पदको खण्डमा रहस्यको चौधाइको चर्चा गरिएको छ। परमेश्वरको अनुग्रहको चौधाइ कहाँदेखि कहाँसम्म पुग्छ? त्यसले दुवै यहूदीहरू र अन्यजातिका मानिसहरूलाई बचाउँछ। त्यसले तिनीहरूलाई अङ्गहरूको रूपमा मण्डलीभित्र मिलाइराख्छ। रहस्यले मानव-जातिका यी दुई भागका मानिस-हरूलाई अँगाल्छ।

**ख)** रहस्यको लमाइ कति छ? अनादिकालदेखि अनन्तकालसम्म यसको दूरी छ (एफेसी १:४)। किनकि भूतकालमा, संसारको उत्पत्तिभन्दा अगाड़ि ख्रीष्ट-विश्वासीहरू ख्रीष्टमा चुनिए। अनि भविष्यमा, परमेश्वरले हामीप्रति भएको आफ्नो दयामा ख्रीष्ट येशूद्वारा आफ्नो अनुग्रहको असीम धन प्रकट गरिरहनुहुनेछ (एफेसी २:७)।

**ग)** अनि एफेसी २:१-३ पदको खण्डमा यस रहस्यको गहिराइको सुस्पष्ट चित्रण गरिएको छ। किनभने हामी पाप र भ्रष्टाचारमा कतिसम्म डुबेका थियौं, त्यसको साध्यै छैन। अनि ख्रीष्ट येशू यस दूषित र भ्रष्ट गन्दगी दुनियाँमा आउनुभयो। अनि उहाँ हाम्रा निम्ति मर्नुभयो।

**घ)** यस रहस्यको उचाइ एफेसी २:६ पदले बयान गरेको छ। किनभने ख्रीष्ट येशूसँग-सँगै हामी बौरेर उहाँमा स्वर्गीय स्थानहरूमा बस्न पाएका छौं, जहाँ हामी उहाँको महिमामा सहभागी भएका छौं।

यसो हो भने, यस रहस्यका विस्तारहरू यिनै हुन् – अपरिमित र असीमित। यी विस्तारहरूको विषयमा सोच्दाखेरि श्री स्क्रोग्गीले भनेझैं 'हामीले आफ्नो दिमागले कहाँसम्म भ्याउन सक्छौं? हामी कम्तीमा एक पवित्र शब्दमाथि अर्को पवित्र शब्द थुपारिएको यस शब्दको रासमा यी शब्दहरूको सुव्यवस्था देख्न सक्छौं।'

**एफेसी ३:१९:** प्रेरित पावलको अर्को प्रार्थनाको विषय यस प्रकारको छः ख्रीष्ट-विश्वासीहरूले आफ्नो अनुभवमा ख्रीष्टको प्रेम जान्न सक्नुपर्छ,

जुन प्रेमले ज्ञानको सीमा पनि नाघ्छ। हुन त, उनीहरूले खोजेर पनि उहाँको प्रेम कहिले पूरा जान्न सक्थे र? किनभने उहाँको प्रेम किनारा नभएको सागर हो। तर कम्तीमा, उनीहरूले दिन प्रतिदिन उहाँको प्रेमको विषयमा अलि-अलि सिक्न सक्नेछन्। अनि यही कारणले तिनले उनीहरूका निम्ति प्रार्थना गर्छन्, कि उनीहरूले हाम्रा अचम्मका प्रभु येशूको अद्‌भुत प्रेमको ज्ञानको गहन अनुभव गर्न सकून् र त्यसबाट ठूलो आनन्द उपभोग गर्न सकून्।

अबचाहिँ पावलको प्रार्थना चरमसीमामा आइपुग्छ, जब तिनले यसो प्रार्थना गर्छन्ः *'यसैले कि तिमीहरू परमेश्वरको सारा परिपूर्णताले भरपूर होओ।'* प्रभु येशूमा परमेश्वरत्वको सारा परिपूर्णताले शारीरिक रूपमा वास गर्छ (कलस्सी २ः९)। विश्वासद्वारा उहाँ हाम्रो हृदयमा जति बढ़ी वास गर्न पाउनुहुन्छ, त्यत्ति नै बढ़ी हामी परमेश्वरको परिपूर्णतासम्म भरिँदै जानेछौं। परमेश्वरको सारा परिपूर्णताले भरिनु हाम्रा निम्ति असम्भव नै छ। तर हाम्रो लक्ष्य त्यही हो, र हामी त्यतातिर लाम्किरहेका छौं।

व्याख्या गर्दै-गर्दा हामी यहाँसम्म आइपुग्यौं। तर हामीले स्वीकार गर्नुपर्छ, कि यहाँ, यस खण्डको अर्थमा गहिराइहरू छन्, जहाँसम्म हामी अझै पनि आइपुग्न सकेका छैनौं। पवित्र धर्मशास्त्रसित व्यवहार गर्दा हामीलाई थाहा लाग्छ, कि पवित्र बाइबलका तथ्यहरू महान्, हाम्रो दिमागले भ्याउनदेखि वा हाम्रा शब्दले बयान गर्नदेखि बाहिर छन्। हामीले यस पदको अर्थ खोल्दै गर्दा केही उदाहरणहरू दिन सक्छौं, जस्तैः अमलतुनु; त्यो भरिएर समुद्रबाट कति पानी निकाल्ला, आफै भन्नुहोस्! अमलतुनुमा समुद्रको कति पानी अटाउँला? जे भने पनि, जति भने पनि केवल हाम्रो मुख सुख्ला, तर रहस्यका कतिपय कुराहरू रहस्य नै रहिरहन्छन्। हामीले परमेश्वरको वचनको भय मान्नुपर्छ र त्यसको असीमतामा ताजुप मान्नुपर्छ।

## ज) एफेसी ३:२०-२१: प्रेरित पावलको स्तुतिगान

**एफेसी ३:२०:** पावलको प्रार्थना एउटा मर्मस्पर्शी स्तुतिसँग अन्त हुन्छ। तिनले चढ़ाएका प्रार्थना-विषयहरू विशाल थिए, साहसी थिए, सम्भव नभएका जस्तै देखिन्थे। तर परमेश्वर बढ़ी गर्न सक्नुहुन्छ। यस सिलसिलामा उहाँ हामीले मागेका वा सोचेका भन्दा बढ़ी गर्न सक्नुहुन्छ। परमेश्वर कति सक्षम हुनुहुन्छ? उहाँ कहाँसम्म गर्न सक्नुहुन्छ? पावलले शब्दमाथि शब्दहरू थुपार्दै शब्दहरूद्वारा एउटा पिरामिड बनाउँछन्, जुन शब्दहरूले यी अत्यधिक, प्रचुर, बेहिसाब आशिषहरूको वर्णन गर्छन्:

**उहाँ सक्षम हुनुहुन्छ**
**उहाँ गर्न सक्षम हुनुहुन्छ**
**हामीले मागेका कुरा गर्न उहाँ सक्षम हुनुहुन्छ**
**हामीले सोचेका कुरा गर्न उहाँ सक्षम हुनुहुन्छ**
**हामीले मागेक र सोचेका कुरा गर्न उहाँ सक्षम हुनुहुन्छ**
**हामीले मागेका र सोचेका सबै कुराहरू गर्न उहाँ सक्षम हुनुहुन्छ**
**हामीले मागेका र सोचेका सबै कुराहरूभन्दा बढ़ी गर्न उहाँ सक्षम हुनुहुन्छ**
**हामीले मागेका र सोचेका सबै कुराहरूभन्दा अत्यन्तै बढ़ी गर्न उहाँ सक्षम हुनुहुन्छ**

परमेश्वरले *'हामीभित्र कार्य गर्ने शक्तिअनुसार'* प्रार्थनाको उत्तर दिनुहुन्छ। यसको सन्दर्भ पवित्र आत्मा हुनुहुन्छ, जसले निरन्तर हाम्रो जीवनमा काम गर्दै हुनुहुन्छ। उहाँले हामीमा ख्रीष्टजस्तै गुणवान् चरित्र पैदा गर्दै हुनुहुन्छ; उहाँले हामीलाई पापको दोष लगाइदिनुहुन्छ र पापको सम्बन्धमा हप्काउनुहुन्छ। उहाँले हामीलाई प्रार्थना गर्दा अगुवाइ गर्नुहुन्छ। उहाँले हामीलाई परमेश्वरको आराधना गर्ने प्रेरणा दिनुहुन्छ। उहाँले हामीलाई सेवामा मार्गदर्शन दिनुहुन्छ। जति बढ़ी हामी प्रभुमा समर्पित हुन्छौं, त्यत्ति नै बढ़ी उहाँले हामीलाई ख्रीष्टको रूपमा ढाल्नुहुन्छ।

**एफेसी ३:२१:** *'उहाँलाई नै मण्डलीमा ख्रीष्ट येशूद्वारा पुस्ता-पुस्तासम्म युगानुयुग महिमा भइरहोस्, आमेन!'* परमेश्वर अनन्त-

अनन्तसम्म स्तुतिको योग्य हुनुहुन्छ। स्वर्गदूतका सेनाहरूमा; सूर्य, चन्द्रमा र ताराहरूमा; पशुहरू, चराहरू र माछाहरूमा; आगो, असिना, हिउँ र कुइरोमा; आँधीबतासमा; पहाड़हरू, डाँड़ाहरू र रूखहरूमा; राजाहरू र तिनीहरूका प्रजाहरूमा; वृद्ध र जवान मानिसहरूमा; इस्राएली जाति र संसारका अन्य जातिहरूमा उहाँको बुद्धि र उहाँको शक्तिको प्रदर्शन गरिएको छ। यी सृष्टिहरू सबैले परमप्रभुको नामको प्रशंसा गर्नुपर्छ (भजन १४८)।

तर परमेश्वरलाई अनन्तसम्म महिमा दिने अर्को झुण्ड पनि छः मण्डली, जसको शिर ख्रीष्ट येशू हुनुहुन्छ, र ख्रीष्ट-विश्वासीहरू त्यसको देह हुन्। ती दाम तिरेर छुट्टाइएकाहरूको यो समूह अनन्तसम्म उहाँको अनुपम, अद्वितीय, अचम्मको अनुग्रहको साक्षी बस्नेछ। यस सम्बन्धमा श्री जोर्च विलियम्सले यसो लेखेका छन्ः

> 'युगानुयुगसम्म परमेश्वर र पिताको रूपमा उहाँको अनन्त महिमा मण्डलीमा र ख्रीष्ट येशूमा प्रकट भइरहनेछ। कति अचम्म घोषणा! ख्रीष्ट र उहाँको मण्डली एकै शरीर भई यस अनन्त प्रदर्शनको पात्र हुनुहुँदो रहेछ।' 23)

वर्तमान समयमा पनि मण्डलीले उहाँको नामको महिमा गर्नुपर्छ। कसरी? 'उहाँलाई स्तुति-प्रशंसा चढ़ाउने त्यसका सेवाहरूद्वारा, त्यसका सदस्य-सदस्याहरूको पवित्र जीवनद्वारा, संसारभरि सुसमाचार-प्रचार गर्ने त्यसको धावाद्वारा, अनि सङ्कष्टमा र खाँचोमा परेका मानिसहरूका निम्ति गरिने त्यसका कल्याण-सेवाहरूद्वारा नै।' (श्री चार्लस् आर. एर्डम्यान)

उहाँको प्रशंसा गरिएको अवधिचाहिँ पुस्ता-पुस्तासम्म, युगानुयुग हुनेछ। प्रेरित पावलले मण्डलीमा र ख्रीष्ट येशूमा अनन्तसम्म परमेश्वरको स्तुति-प्रशंसा गर्ने आह्वान गरेको सुनेर हामी सहर्ष र सारा हृदयको साथ 'आमेन, तथास्तु' भन्छौं।

# खण्ड २) एफेसी ४ः-६ः प्रभुमा विश्‍वासीहरूको व्यवहार कस्तो हुनुपर्छ ?

## क) एफेसी ४ः१-६ः ख्रीष्टीय सङ्गतिमा एकताका निम्ति हुने आह्वान

**एफेसी ४ः१ः** एफेसीहरूलाई लेखिएको पावलको पत्रको लेखाइमा यहाँ एउटा क्रमभङ्ग आउँछ। अघिका अध्यायहरूमा ख्रीष्ट-विश्‍वासी-हरूको बोलावटको सम्बन्धमा लेखिएका थिए भने आउँदा तीनवटा अध्यायहरूमा पावलले ख्रीष्ट-विश्‍वासीहरूलाई यस बोलावटको योग्य चालमा हिँड्ने आग्रह गर्छन्। यहाँसम्म हाम्रो आत्मिक ठहर प्रमुख विषयवस्तु थियो, जुन ठहरमा परमेश्‍वरको अनुग्रहले हामीलाई उठाइ-दियो। अनि अबदेखि यस ठहरअनुसारको व्यवहार नै यस पत्रको बाँकी

भागको प्रमुख विषयवस्तु हुनेछ। ख्रीष्टमा हाम्रो उच्च ठहरको माग यससित सुहाउँदो भक्तिपूर्ण चाल हो। एफेसीहरूलाई लेखिएको पावलको पत्र एफेसी १:-३: अध्यायमा प्रस्तुत गरिएका स्वर्गीय स्थानहरूबाट अघि बढ़ेर अब स्थानीय मण्डली, इसाई परिवार र समाजमा आइपुग्छ (एफेसी ४:-६:)। श्री जोह्न आर. स्टोटले टिकाटिप्पणी गर्दा यी अन्तिम अध्यायहरूको शिक्षाको सार यस प्रकारले दिएका छन्: 'हामीले मण्डलीमा एकता कायम राख्नुपर्छ; हामीले आफ्नो व्यक्तिगत जीवन पवित्र राख्नुपर्छ; हाम्रो घरपरिवारहरूमा मेलमिलाप हुनुपर्छ र शैतानिक दुष्ट शक्तिहरूसितको हाम्रो लड़न्तमा दृढ़ता हुनुपर्छ।'

पावलले आफूलाई 'कैदी' भनेको यो यसको दोस्रो पल्ट हो (एफेसी ३:१)। यसपालि तिनले आफूलाई 'प्रभुको कैदी' भन्ने नाम दिएका छन्। (इस्वी संवत् ३९३-४५७) साइरसका श्री थेओडोरेटले यस प्रकारको टिप्पणी गरेका छन्: 'जुन कुरा संसारले बदनामी सम्झन्छ, त्यो कुरा तिनले सर्वोच्च सम्मान ठानेका छन्; अनि राजाले आफ्नो राजमुकुटमा निक्कै घमण्ड गर्लान्, तर पावलले ख्रीष्ट येशूका निम्ति सहनुपरेको नेलजेल र बन्धनमा त्योभन्दा बढ़ी गर्व गर्छन्।'

यस पत्रमा 'हिँड्नु' भन्ने क्रियापदको शब्द सातपल्ट भेट्टिन्छ, जस्तै एफेसी २:२ र १०, एफेसी ४:१ र १७; एफेसी ५:२, ८ र १५)। मानिसको हिँड़ाइले त्यसको सम्पूर्ण चाल वर्णन गर्छ। अनि ख्रीष्टको देहमा अङ्गको रूपमा ख्रीष्ट-विश्वासीहरूको जुन उच्च ठहर छ, त्यही गौरवशाली ठहर सुहाउँदो चालचाहिँ योग्य चाल भनिन्छ।

**एफेसी ४:२:** जीवनको हरेक क्षेत्रमा हामीले ख्रीष्टको जस्तो मनमुद्रा देखाउन सक्नुपर्छ।

**क)** ख्रीष्टको मनमुद्रामा नम्रता छ। साँचो नम्रता प्रभु येशूसितको सम्बन्धबाट आउँछ। यस प्रकारको विनीतताले हामीलाई हाम्रो अगण्यताको बोध गराउँछ र अरूलाई आफूभन्दा श्रेष्ठ ठान्न सक्षम तुल्याउँछ। अहङ्कार र आडम्बर यसको ठीक विपरीत अवगुणहरू हुन्।

**ख)** उहाँको मनमुद्रामा दीनता छ। आफ्नो जीवनमा परमेश्वरका बर्तावहरू जेजस्ता भए पनि यी बर्तावहरूको विरोधमा कुनै विद्रोह नगरी आफूलाई परमेश्वरको इच्छामा सुम्पने मनको भाव दीनता भनिन्छ। हृदयमा दीन भएको विश्वासीले मानिसहरूको निर्दयी व्यवहारको बदला पनि गर्दैन। प्रभु येशूको जीवनमा हामी यो सद्‌गुण सबैभन्दा राम्रो देख्न सक्छौं; किनभने उहाँले आफ्नो विषयमा यसो भन्नुभयोः *‘मबाट सिक; किनकि म नम्र र हृदयमा दीन छु’* (मत्ती ११ः२९)। यस विषयमा श्री वाल्टर सी. व्राइटले यस प्रकारको टिप्पणी गरेका छन्ः

> ‘यो कति आश्चर्यचकित लाग्ने उदेकको उक्ति! उहाँ, जसले विश्वको रचना गर्नुभयो, जसले ताराहरू आकाशमा राख्नुभयो, र ती सबैलाई नाम काढ़ी-काढ़ी बोलाउनुहुन्छ, जसले अनगिन्ती तारा-मण्डलहरू तिनीहरूका नक्षत्र-पथहरूमा हिँड़ाउनुहुन्छ, जसले पहाड़-हरू पल्लामा र डाँड़ाहरू तराजुमा तौलनुहुन्छ, जसले टापुहरू एउटा कणझैं उठाउनुहुन्छ, जसले समुद्रलाई आफ्नो हातको हत्केलामा नाप्नुहुन्छ, जसको सामु पृथ्वीका बासिन्दाहरू फट्याङ्‌ग्रासरह छन्, जब उहाँले मानिसको चोला धारण गर्नुभयो, तब उहाँचाहिँ नम्र र हृदयमा दीन हुनुहुन्थ्यो। उहाँले सिद्ध मानिसको आदर्श स्थापना गरेर त्यस आदर्शअनुसार जिउन खोज्नुभएको थिएन; किनकि त्यो सिद्ध मानिस उहाँ स्वयम् हुनुहुन्थ्यो।’ [24)]

**ग)** प्रभु येशूको मनमुद्रामा सहनशीलता छ। सहनशीलताचाहिँ माथि-तल नहुने सन्तुलित मनोवृत्ति र धैर्यवान् मानसिक शक्ति हो, जुन मनोवृत्ति र शक्तिचाहिँ छेड़पेचमा परेको र चिढ़ाइएको दीर्घकालीन परिस्थितिमा देखिन्छ। हामी यहाँ यसको एउटा सरल उदाहरण दिन्छौंः मानौं, एउटा ठूलो कुकुरको साथमा एउटा कुकुरको सानो बच्चा छ, जुन बच्चाले ठूलो कुकुरको सामु भुकिरहन्छ र त्यसपट्टि झम्टी-झम्टी त्यसलाई दिक्क तुल्याइदिन्छ; तर त्यस ठूलो कुकुरले केही पर्वाह मान्दैन, तर त्यस छाउराको ढीठ धीरजसाथ सहन्छ, यद्यपि ठूलो कुकुरले मुख मारेर त्यस छाउरालाई एकैपल्टमा चुप पार्न सक्नेथियो।

**घ)** उहाँको मनमुद्रामा प्रेम छ। *'प्रेमले एक-अर्कालाई सह!'* यसर्थ हामीले अरू मानिसहरूका भूलदोष र घटीकमीहरू अन्देखी गर्नुपर्छ; किनकि तिनीहरूका व्यक्तित्वहरू, तिनीहरूका क्षमताहरू, तिनीहरूका स्वभावहरू हाम्रा भन्दा फरक छन्। भित्रभित्रै रिसले मुरमुरिएर बाहिर देखावटी शिष्टाचार देखाउन पुग्दैन। प्रेम सकारात्मक छ; प्रेम गर्ने मानिसले चिढ़ाउने, दिक्क लाउने, व्याकुल तुल्याउने र लाजमा पार्ने व्यक्तिहरूलाई सहन्छ।

**एफेसी ४:३:** *'मेलमिलापको बन्धनमा आत्माको एकता कायम राख्ने प्रयत्न गर!'* परमेश्वरले मण्डलीको रचनाद्वारा यहूदीहरू र अन्य-जातिहरूको बीचमा भएको फाटो हटाइदिएर मानिसहरूको बीचमा सबैभन्दा ठूलो विभाजन नष्ट गर्नुभयो। ख्रीष्ट येशूमा यी भेदभावका सबै कारणहरू नामेट गरिए। तर यो कुरा उनीहरूको जनजीवनमा कसरी व्यवहारमा उतार्नुपर्छ, कार्यान्वित गर्नुपर्छ? के उनीहरूमा केही विरोध-प्रतिरोध बाँकी रह्यो त? यहूदीहरूका निम्ति ख्रीष्टको एउटा मण्डली र अन्यजातिहरूको निम्ति छुट्टै अर्को मण्डली स्थापित गर्नु सम्भव थियो, उनीहरूको झुकाउ यस्तै थियो। यसकारण पावलले अब यस प्रकारका फूटहरू र भित्र-भित्र जलिरहेका वैरभावहरूको विषयमा एकदम होशियार बसेर ख्रीष्ट-विश्वासीहरूको बीचमा स्थापित भएको एकता कायम राख्नू भन्ने आग्रह गर्छन्।

उनीहरूले आत्माको एकता कायम राख्नुपर्छ; यसका निम्ति सकभर प्रयत्न गर्नुपर्छ। पवित्र आत्माले सबै साँचो ख्रीष्ट-विश्वासीहरूलाई ख्रीष्टमा एक तुल्याउनुभयो। ख्रीष्टको देहमा एकै आत्माले वास गर्नुभएको छ। यो एक आधारभूत एकता हो; अनि कुनै कुराले पनि यो एकता भङ्ग गर्न सक्दैन। तर आपसमा झगड़ा गर्ने र बाझ्ने ख्रीष्ट-विश्वासीहरूको व्यवहारले यो कुरा नकार्न खोज्छ। आत्माको एकता कसरी कायम राखिन्छ? आपसमा मेलमिलापमा रहेर नै। शरीरका अङ्गहरूको बीचमा स्वाभाविक भिन्नताहरू धेरै छन्, तर मेलमिलापरूपी नसाले उनीहरूलाई परस्पर बाँधिदिन्छ। मतभेद हुने बेलामा छुट्टिएर अर्को

दल शुरु गर्नु स्वाभाविक कुरा हो । तर त्यस बेलामा आत्मिक प्रतिक्रिया यस प्रकारको छः 'महत्त्वपूर्ण कुराहरूमा एकता हुनुपर्छ; शङ्कापूर्ण विषयहरूमा स्वतन्त्रता हुनुपर्छ; सबै कुराहरूमा प्रेम हुनुपर्छ।' हामी हरेकको पापी स्वभावमा एउटा स्थानीय मण्डलीलाई भत्काउन सक्ने अथवा परमेश्वरको कुनै काम बिगार्न सक्ने क्षमता छ । यसकारण हामीले आफ्ना तुच्छ, संकीर्ण, व्यक्तिगत भावना र तरङ्गहरू वशमा राख्नुपर्छ, र परमेश्वरको महिमाका निम्ति र मानिसहरूको भलाइका निम्ति सँगै मिलेर मिलिजुली काम गर्नुपर्छ ।

**एफेसी ४ः४ः** आ-आफ्ना भिन्नताहरूमा महत्त्व राख्नुभन्दा हामीले त एकताका सातवटा खाँबारूपी सत्यतामाथि विचार पुर्‍याउनुपर्छ, जुनचाहिँ साँचो इसाई एकताको सत्‌आधार हुन्, जस्तैः

**क)** एउटै शरीर छ । जाति, वर्ण, नागरिकता, संस्कृति, भाषा र स्वभावको हिसाबले हामी भिन्न भएका मानिसहरू हौं; यसो भए ता पनि हामी एउटै शरीर हौं। यो त पेन्टेकोष्टको दिनदेखि ख्रीष्ट-विश्वासीहरूलाई आकाशमा उठाइलगिने क्षणसम्मका सबै साँचो विश्वासीहरूले रचिएको शरीर हो। सम्प्रदायहरू, पन्थहरू र मतहरूले यो सत्यता काममा परिणत गर्न बाधा पुर्‍याउँछन्। तर मुक्तिदाता प्रभुको दोस्रो आगमनमा मानिसहरूले खड़ा गरेका यी विभाजनहरू सबका सब बढ़ारेर लगिनेछन्। यसकारण वर्तमान समयमा सङ्केत-शब्दरूपी हाम्रो नारा यस्तो हुनुपर्छः 'के नामहरू, के पन्थहरू, के मतहरू, ख्रीष्ट येशू सबका सब हुनुपर्छ।'

**ख)** एकै आत्मा हुनुहुन्छ। जुन पवित्र आत्माले एक-एक विश्वासीमा वास गर्नुहुन्छ (१ कोरिन्थी ६ः१९), त्यही पवित्र आत्माले ख्रीष्टको देहमा पनि वास गर्नुहुन्छ (१ कोरिन्थी ३ः१६) ।

**ग)** एउटै आशा छ। अनि मण्डलीको एक-एक सदस्य-सदस्याको एकै बोलावट र एउटै लक्ष्य छः ख्रीष्ट येशूको साथमा हुने, उहाँजस्तो हुने र अनन्तसम्म उहाँको महिमामा सहभागी हुने । प्रभु

येशूको दोस्रो आगमनमा र त्यसपछिको समयमा प्राप्त हुने सबै कुराहरू यस एउटै आशामा समावेश हुन्छन्, जुन कुराहरूको बाटो सबै पवित्र जनहरूले हेर्दछन्।

**एफेसी ४:५: घ)** एकै प्रभु हुनुहुन्छ। *'किनकि चाहे आकाशमा होस्, चाहे पृथ्वीमा, ईश्वर भनिनेहरू त छन् नै, जसरी धेरै ईश्वरहरू र धेरै प्रभुहरू छन्; तर हाम्रा निम्ति चाहिँ एकमात्र परमेश्वर हुनुहुन्छ ... र एकमात्र प्रभु हुनुहुन्छ अर्थात् येशू ख्रीष्ट, जसद्वारा सबै कुराहरू भएका हुन् र हामी उहाँद्वारा नै हौं'* (१ कोरिन्थी ८:५-६; अनि १ कोरिन्थी १:२ पद पनि)।

**ङ)** एकै विश्वास छ। एकै विश्वास भन्नाले त्यो ख्रीष्टीय विश्वास बुझिन्छ, जुन विश्वास पवित्र जनहरूलाई एकैचोटि सदाका निम्ति सुम्पिएको छ (यहूदा १:३); अनि त्यही विश्वास नयाँ नियमको पुस्तकमा हाम्रा निम्ति सुरक्षित राखिएको छ।

**च)** एउटै बप्तिस्मा छ। बप्तिस्मा केवल एउटै छ भन्ने कुरा दुई अर्थमा सत्य ठहरिन्छ। एक, योचाहिँ आत्माको बप्तिस्मा हो, जुन आत्माद्वारा एउटै शरीरभित्र हामी ख्रीष्ट येशूमाथि विश्वास गर्नेहरूको बप्तिस्मा भयौं (१ कोरिन्थी १२:१३)। दुई, पानीको बप्तिस्मा पनि एउटै छ, जुन बप्तिस्माद्वारा नयाँ विश्वासीहरूले ख्रीष्ट येशूसित आफ्नो एकीकरण भएको कुरा स्वीकार गर्छन्, जसको एकीकरण उहाँको मृत्यु, उहाँको दफन र उहाँको बौरिउठाइसित भएको हो। हिजोआज विभिन्न बप्तिस्मा दिने तरिकाहरू अपनाइन्छन्; तर नयाँ नियमले केवल ख्रीष्ट-विश्वासीहरूको एउटै बप्तिस्मा पारित गरेको छः पिता, पुत्र र पवित्र आत्माको नाममा दिइएको बप्तिस्मा। पानीको बप्तिस्मा लिने चेलाहरूले ख्रीष्ट येशूसित आफ्नो निष्ठा र स्वामी-भक्ति व्यक्त गर्छन्, पुरानो स्वभावलाई दफन गरेको र नयाँ जीवनको नयाँ चालमा हिँड्ने अठोट गरेको आफ्नो निर्णय र सत्भावना प्रकट गर्छन्।

**एफेसी ४ः६ः छ)** एकै परमेश्वर हुनुहुन्छ। परमेश्वरका सबै छोराछोरीहरूले उहाँलाई दाम तिरेर छुटाइएकाहरू सबैका एकै परमेश्वर र एकै पिताको रूपमा मान्छन्।

'उहाँ सबैमाथि हुनुहुन्छ'; किनभने उहाँ सारा ब्रह्माण्डको एकमात्र सर्वाधिकारी मालिक र शासक हुनुहुन्छ।

'उहाँ सबैद्वारा हुनुहुन्छ'; किनकि आफ्ना उद्देश्यहरू पूरा गर्न उहाँले सबै थोकहरू प्रयोग गर्नुहुन्छ र सबै कुराहरूद्वारा काम गर्नहुन्छ।

*'उहाँ तिमीहरू सबैमा हुनुहुन्छ'*; किनकि उहाँ सबै ख्रीष्ट-विश्वासीहरूमा वास गर्नुहुन्छ; अनि उहाँ एकै समयमा सबै ठाउँहरूमा उपस्थित हुनुहुन्छ।

## ख) एफेसी ४ः७-१६ः ख्रीष्टको देहका अङ्गहरू सठीक काम गर्ने पद्धति

**एफेसी** ४ः७ः ख्रीष्टको देहमा हुने एकताको शिक्षामा दोस्रो पक्ष पनि छः त्यसका अङ्गहरूको असमानता। किनकि त्यसको एक-एक अङ्गको आ-आफ्नो निर्धारित काम छ। कुनै दुईवटा अङ्गहरू एकै किसिमका हुँदैनन्। अनि कुनै दुईवटा अङ्गहरू एकै किसिमको काम हुँदैन। *'ख्रीष्टको वरदानको नापअनुसार हामी हरेकलाई'* कुनै न कुनै काम निर्धारित गरिएको छ; अनि त्यहीअनुसार हामीले आफ्नो जिम्मेवारी पूरा गर्नुपर्छ। उहाँलाई जस्तै ठीक लागेको छ, त्यस्तै उहाँले काम गर्नुहुन्छ। अनि यूहन्ना १४ः१६-१७ र प्रेरित २ः३८-३९ पदहरूअनुसार यदि 'ख्रीष्टको वरदान'ले यहाँ पवित्र आत्मालाई सङ्केत गरेको छ भने यस वाक्यबाट पवित्र आत्माले हरेक पवित्र जनको वरदान निर्धारित गर्नुहुन्छ भन्ने अर्थ निस्कन्छ। अनि जुन वरदान उहाँले दिनुभएको छ, त्यो वरदान ठीक किसिमले प्रयोग गर्ने क्षमता पनि उहाँ नै दिनुहुन्छ। अनि जब हरेक अङ्गले उसका निम्ति निर्धारित गरिएको काम पूरा गर्छ, तब ख्रीष्टको देह बढ्दै जान्छ, चाहे आत्मिक तवरले, चाहे सङ्ख्याको हिसाबले।

**एफेसी ४:८:** प्रभु येशूले मण्डलीलाई सेवकाइका विशेष दानहरू यस हेतुले दिनुभएको छ, कि परमेश्वरको हरेक छोरालाई र उहाँकी हरेक छोरीलाई आ-आफ्नो जिम्मेवारी बुझ्न र आ-आफ्नो कार्यभार पूरा गर्न मद्दत मिलोस्। अघिको पदमा बताइएका वरदानहरू र यहाँ उल्लेख गरिएका दानहरूको बीचमा हामी अलमलिनुहुँदैन। सात पदअनुसार हरेक विश्वासीसँग कुनै न कुनै वरदान छ; तर हामीमध्ये कोही-कोही मात्र एफेसी ४:११ पदमा उल्लेख गरिएका दानहरू हुन्। किनकि यी दानहरू-चाहिँ विशेष दानहरू हुन्, अँ, ख्रीष्टको देहको वृद्धिको सम्बन्धमा दिइएका दानहरू हुन्।

पहिले हामी यस पदबाट के सिक्छौं भने, यी विशेष दानहरू दिनुहुने दाताचाहिँ बौरिउठ्नुभएको, स्वर्गारोहण हुनुभएको र महिमित हुनुभएको प्रभु येशू ख्रीष्ट हुनुहुन्छ। प्रेरित पावल यहाँ भजन ६८:१८ पद भविष्यवाणीको रूपमा उद्धृत गर्छन्। त्यस भविष्यवाणीअनुसार ख्रीष्ट स्वर्गमा उक्लनुहुनेछ, आफ्ना शत्रुहरूमाथि विजयी हुनुहुनेछ, र आफ्नो विजयको पुरस्कारस्वरूप मानिसहरूका निम्ति दानहरू प्राप्त गर्नुहुनेछ।

**एफेसी ४:९:** तर यस कुराले एउटा समस्या सृजना गर्छ। ख्रीष्ट कसरी स्वर्गमा उक्लिजान सक्नुहुन्छ? के अनादिकालदेखि नै उहाँ परमेश्वर पितासँग स्वर्गमा हुनुहुन्नथियो र? कुरा स्पष्ट छः स्वर्गमा उक्लिनुभन्दा अघि उहाँ पहिले स्वर्गबाट ओर्लिनुभएको हुनुपर्छ। यसो हो भने, भजन ६८:१८ पदमा उहाँको स्वर्गारोहणको विषयमा गरिएको भविष्यवाणीबाट त्योभन्दा अघि उहाँ स्वर्गबाट ओर्लनुभएको अर्थ निक्लिन्छ। यसकारण हामीले नौ पदको भावानुवाद यस प्रकारले गर्न सक्छौंः 'अब भजन ६८ः अध्यायमा "उहाँ उक्लनुभयो" भन्ने अर्थ के हो त? उहाँ पहिले पृथ्वीका तल्ला भागहरूमा ओर्लनु पनि भयो भनी भनेको बाहेक अरू के अर्थ हुन सक्छ त?' अनि हामीलाई थाहै छ, कि सब कुरा ठीक त्यस्तै हुन आयो। प्रभु येशू स्वर्गबाट ओर्लेर बेतलेहेमको डुँड़मा आउनुभयो, अनि उहाँ क्रूसको मृत्युसम्म, अँ, चिहानसम्म ओर्लनुभयो। तर पृथ्वीका यी तल्ला भागहरू के हुन्? कतिले यी भागहरूको सन्दर्भ

पाताल वा अधोलोक हो भन्छन्। तर यसको अर्थ यहाँ मिल्दैन। उहाँ पहिले स्वर्गबाट यस पृथ्वीमा ओर्लेर आउनु उहाँको स्वर्गारोहणको माग थियो। अनि उहाँ पृथ्वीमा ओर्लेर आउनुभयो, अधोलोकमा होइन। अनि पवित्र धर्मशास्त्रको साक्षीअनुसार ख्रीष्ट येशूको मृत्यु हुँदा उहाँको आत्मा अधोलोकमा होइन, तर स्वर्ग गइगयो (लूका २३:४३ र ४६)।

यस पदमा न्यू इङ्गलिश बाइबलको अनुवाद यस प्रकारको छः 'अब "उहाँ उक्लनुभयो" भन्ने वचनमा उहाँ पहिले सबैभन्दा तल्लो तहमा, अर्थात् यही पृथ्वीमा ओर्लनु पनि भयो भन्ने सङ्केतिक अर्थ लाग्छ।'

**एफेसी ४:१०:** प्रभु येशूको स्वर्गाहोरणको विषयमा दिइएको भजन ६८:१८ पदको भविष्यवाणी, साथै त्योभन्दा अघि उहाँ यस पृथ्वीमा ओर्लेर आउनुभएको थियो भन्ने त्यसको सङ्केतिक अर्थ प्रभु येशूको देहधारण, उहाँको मृत्यु र उहाँको दफनमा अक्षरशः पूरा भए। स्वर्गबाट ओर्लनुभएको प्रभुले पाप, शैतान, दुष्ट आत्माहरू र मृत्युमाथि जय पाउनुभयो। अनि सबै कुराहरू भरिदिनलाई उहाँ आकाशमण्डल र तारामण्डल नाघेर उच्च स्वर्गमा उक्लनुभयो।

उहाँ सबै कुराहरू भरिदिनुहुन्छ। कुन हिसाबले ? कसरी ? उहाँ सबै आशिषहरूको स्रोत हुनुहुन्छ; उहाँ सबै सद्‌गुणहरूको खानि हुनुहुन्छ; उहाँ सबै कुराहरूका सर्वाधिकारी शासक हुनुहुन्छ। यस सिलसिलामा श्री एफ. डब्ल्यू. ग्राण्टले यसो लेखेका छन्ः

> 'क्रूसको मृत्युको गहिराइ र स्वर्गको महिमाको उचाइको बीचमा यस्तो कुनै ठावैं छैन, जुन ठाउँ उहाँले अधिकार गर्नुभएको छैन।' [25)]

एफेसी ४:८-१० पदको खण्डमा प्रस्तुत गरिएको मुख्य विचार हामी पक्रन नभुलौं ! यी विशेष दानहरू दिनुभएको दाता स्वर्गारोहण हुनुभएको ख्रीष्ट हुनुहुन्छ। उहाँ स्वर्गमा फर्केर जानुभन्दा अघि यस किसिमका दानहरू दिइएका थिएनन्। यसबाट पुरानो नियममा मण्डली थिएन भन्ने तर्क पुष्टि गर्ने आधार अझै दह्रो पारिएको छ; नत्र त्यो मण्डली दान-हरूविनाको मण्डली हुनेथियो।

**एफेसी ४ः११ः** अब यी दानहरूका नामहरू प्रस्तुत गरिन्छन् । अचम्म र उदेकलाग्यो कुरा के हो भने, यी दानहरूचाहिँ मानिसहरूका स्वाभाविक क्षमताहरू वा प्रतिभाहरू होइनन्, तर मानिसहरू पो हुन्छन् । *'उहाँले कतिजनालाई प्रेरितहरू, कतिजनालाई भविष्यवक्ताहरू, कतिजनालाई सुसमाचार-प्रचारकहरू, अनि कतिजनालाई पास्टरहरू र शिक्षकहरू हुन दिनुभयो ।'*

*प्रेरितहरूः* तिनीहरू सीधा प्रभु येशूबाट वचन प्रचार गर्ने र मण्डलीहरू स्थापित गर्ने कार्यभारको जिम्मेवारी पाएका मानिसहरू थिए । तिनीहरूले बौरिउठ्नुभएको ख्रीष्ट येशूलाई आफ्नै आँखाले देखे (प्रेरित १ः२२) । तिनीहरूसँग अचम्मका कामहरू गर्ने शक्ति थियो (२ कोरिन्थी १२ः१२), जुन अचम्मका कामहरूले तिनीहरूले प्रचार गरेको सुसमाचारको सन्देश पुष्टि गर्थे (हिब्रू २ः४) । नयाँ नियमका भविष्यवक्ताहरूको साथमा प्रेरितहरूको प्रमुख सेवकाइ मण्डलीको जग बसाल्ने सेवकाइ थियो (एफेसी २ः२०) । यहाँ, यस पदमा उल्लेख गरिएका प्रेरितहरूले ख्रीष्ट येशूको स्वर्गारोहण भएपछि मात्र प्रेरित हुने सेवकाइ पाए ।

*भविष्यवक्ताहरूः* उनीहरू परमेश्वरको मुखपत्ररूपी उहाँको वचन बोल्ने प्रवक्ता हुन् । उनीहरूले सीधा प्रभुबाट प्रकाशहरू पाउने गर्थे, जुन प्रकाशहरू उनीहरूले मण्डलीलाई सुनाउँथे । उनीहरूले पवित्र आत्माको शक्तिले बोलेका शब्दहरू परमेश्वरको वचन हुन्थे ।

मौलिक अर्थअनुसार हामीसँग प्रेरितहरू र भविष्यवक्ताहरू छँदैछैनन् । मण्डलीको जग बसालिसकेपछि तिनीहरूको सेवकाइ पूरा भयो । अनि तिनीहरूद्वारा नयाँ नियमको कानुन लेख्ने काम पनि समाप्त भयो । हामीले अगाड़ि भनिसक्यौं र फेरि पनि जोड़ दिएर भन्छौं, कि पावलले यहाँ नयाँ नियमका भविष्यवक्ताहरूको कुरा गरेका हुन् । ख्रीष्ट येशूको स्वर्गारोहण भएपछि उहाँले उनीहरूलाई दानस्वरूप मण्डलीलाई दिनुभयो । जसले यस खण्डमा उल्लेख गरिएका भविष्यवक्ताहरूलाई पुरानो नियमका भविष्यवक्ताहरू सम्झन्छ, उसले समस्याहरू सृजना गर्छ र यस खण्डमा अनर्थहरू हालिदिन्छ ।

*सुसमाचार-प्रचारकहरू:* यिनीहरू मुक्तिको सुसमाचार प्रचार गर्छन्। यिनीहरूसँग हराएका आत्माहरू ख्रीष्ट येशूकहाँ ल्याउने ईश्वरीय क्षमता छ। पापी मानिसको आत्मिक अवस्था जान्ने र उसको आत्मिक रोग खुट्ट्याउने, उसको विवेक जगाउने, आपत्ति जनाउनेहरूका प्रश्नका चित्तबुझ्दा उत्तरहरू दिन सक्ने, ख्रीष्ट येशूमाथि विश्वास गर्ने निर्णय लिन खोज्ने व्यक्तिहरूलाई प्रोत्साहन दिने र प्रभुकहाँ फरेकाहरूलाई वचनबाट मुक्तिको निश्चयता दिलाउन सक्ने यिनीहरूको विशेष खूबी हो। सुसमाचार-प्रचारकहरूले स्थानीय मण्डलीबाट निस्केर संसारका मानिसहरूलाई प्रचार गर्नुपर्छ, त्यसपछि प्रभुकहाँ फर्केकाहरूलाई स्थानीय मण्डलीमा ल्याउनुपर्छ, जहाँ तिनीहरूको उचित पालन-पोषण हुँदै गर्छ र तिनीहरूले उत्साह पाउने गर्छन्।

*पास्टरहरू:* तिनीहरू ख्रीष्ट येशूका उप-गोठालाहरू हुन्, जसले उहाँका भेड़ाहरू देखरेख गर्छन्। तिनीहरूले बगाललाई अगुवाइ गर्छन् र त्यसलाई चराउने गर्छन्। तिनीहरूको सेवकाइअन्तर्गत बुद्धिमान् सल्लाह दिने, सुधार गर्ने, उत्साह दिने र सान्त्वना दिने काम पर्छ।

स्थानीय मण्डलीका एल्डरहरूको सेवकाइ पास्टरीय सेवकाइ हो। एल्डर हुनु एउटा पद हो भने पास्टर हुनु एउटा वरदान हो। यी दुई कुरामा मुख्य भिन्नता यसैमा छ। स्थानीय मण्डलीअन्तर्गत पास्टरीय सेवकाइका केही उदाहरणहरू नयाँ नियममा दिइएका छन् (प्रेरित २०:१७ र २८; १ पत्रुस ५:१-२); पास्टरीय सेवकाइको चित्र कस्तो छ? नयाँ नियमको समयमा एकजना पास्टर वा प्रमुख एल्डरले होइन, तर केही पास्टरहरू अथवा केही एल्डरहरूले मिलेर मण्डलीको देखरेख गर्थे।

*शिक्षकहरू:* यी मानिसहरूको ईश्वरीय क्षमता यस प्रकारको छः यिनीहरूले पवित्र बाइबलले भन्न खोजेको कुरा स्पष्ट पार्न र त्यसको अर्थ खोल्न सक्छन्, साथै बाइबलका कुराहरू पवित्र जनहरूको हृदय र विवेकमा हालिदिन सक्छन्। सुसमाचार-प्रचारकहरूले कुनै बाइबलको खण्डबाट त्यसको सन्दर्भमा नरही सुसमाचार प्रचार गर्लान्, तर शिक्षकहरूले सधैं शिक्षा दिने खण्डको सन्दर्भ ध्यानमा राखी शिक्षा दिने प्रयास गर्छन्।

पास्टरहरू र शिक्षकहरू यस पदमा जोड़िएका देखिन्छ; यसकारण कतिजनाले ‘वरदान त एउटै रहेछ नि ! यसैले यस्ताहरूलाई बरु गोठाला-शिक्षकहरू भनिएका भए असल हुनेथियो’ भन्ने गर्छन् । तर यस प्रकारको निचोड़मा आइपुग्नु अनिवार्य होइन । किनभने कुनै शिक्षकसँग गोठालोको हृदय नहोला; अनि कुनै पास्टरले शिक्षाको वरदान नभए पनि वचनको सठीक प्रयोग गर्न सक्छन् । यहाँ व्याकरणको कुरा[26)] छः यदि एफेसी ४ः११ पदमा पास्टरहरू शिक्षक हुन् भने एफेसी २ः२० पदमा प्रेरितहरू भविष्यवक्ता हुनुपर्छ ।

यस सम्बन्धमा हाम्रो अन्तिम सल्लाह छः हामीले परमेश्वरका वरदानहरू र मानिसहरूका स्वाभाविक प्रतिभाहरूको बीचमा छुट्ट्याउन सक्नुपर्छ । नयाँ नियमको अर्थमा मुक्ति नपाएको कुनै पनि मानिस सुसमाचार-प्रचारक, पास्टर वा शिक्षक हुनै सक्दैन, त्यसको क्षमता जत्तिसुकै किन नहोस् । अनि ख्रीष्ट-विश्वासीको कुरा उस्तै छः जबसम्म उसले यी विशेष वरदानहरूमध्ये कुनै एउटा पाउँदैन, तबसम्म ऊ पनि सुसमाचार-प्रचारक, पास्टर वा शिक्षक हुनै सक्दैन । पवित्र आत्माका वरदानहरू अलौकिक वरदानहरू हुन् । एउटा वरदानले मानिसलाई यस्तो क्षमता दिन्छ, जुन क्षमताद्वारा उसले यस्तो काम गर्छ, जुन काम गर्नु उसलाई मानिसको हिसाबले असम्भव हुनेथियो ।

**एफेसी ४ः१२ः** अब हामी यी दानहरूको कार्य वा उद्देश्यपट्टि जान्छौं । पवित्र जनहरूलाई सेवाको कामका निम्ति आवश्यक साधनहरूले युक्त, सक्षम तुल्याउनु यी दानहरूको काम हो, यस हेतुले कि ख्रीष्टको देहको उन्नति होस् । यसको प्रक्रिया यस प्रकारको छः

**क)** यी दानहरूले पवित्र जनहरूलाई आवश्यक साधनहरू जुटाइ-दिन्छन् र सक्षम तुल्याउँछन् ।

**ख)** तब पवित्र जनहरूले सेवा गर्छन् ।

**ग)** त्यसपछि शरीरको वृद्धि हुनेछ ।

सेवा अर्थात् सेवकाइचाहिँ पेशागत तालिम प्राप्त मानिसहरूका निम्ति मात्र सीमित राखिएको विशेष कामधन्धा होइन। किनभने शब्दको अर्थअनुसार यसको मतलब सेवा नै हो। जुनसुकै किसिमको आत्मिक सेवा यसैमा आउँछ। अनि हरेक ख्रीष्ट-विश्वासी सेवारग हुनुपर्छ – यस पदको खास शिक्षा यही हो।

यी दानहरूलाई किन दिइयो? सबै ख्रीष्ट-विश्वासीहरूलाई प्रभुको सेवा गर्न सम्पूर्ण अथवा सक्षम तुल्याउन यी दानहरू दिइए, जुन ख्रीष्ट-विश्वासीहरूको सेवाद्वारा ख्रीष्टको देहको वृद्धि गरिनेछ। श्री वान्स् हाव्नरले यसको अतुलनीय स्पष्टीकरण यस प्रकारले दिएका छन्ः

> 'हरेक ख्रीष्ट-विश्वासीको कार्यभार छ; किनकि हरेक ख्रीष्ट-विश्वासी मिशनरी हो। यस्तो भनिएको सुनिन्छः सुसमाचारचाहिँ गिर्जामा आएर सुन्ने कुरा होइन, तर गिर्जाबाट लिएर अरू मानिसहरूलाई सुनाउनुपर्ने कुरा हो। यसो हो भने, हामी सबैजनाले सुसमाचार सुनाउनैपर्छ; यो हाम्रो जिम्मेवारी हो। अनि यो पनि सुन्नमा आएको छः इसाईधर्मचाहिँ साधारण साक्षीहरूको झुण्डबाट शुरु भएको हो। तब त्यो कसरी प्रवचन-मञ्चमा सीमित रहेको, साधारण श्रोतागणको खर्चमा चलिरहेको पेशा हुन पुग्यो त? हिजोआजको चलन कस्तो छ? मण्डलीले एक-दुईजना कर्मचारीलाई भाड़ामा लिन्छ, जुन कर्मचारी-हरूले एकलै पूर्णकालीन सेवकाइ गर्नुपर्छ; अनि हामीचाहिँ? हामी आइतवारपिच्छे गिर्जामा आएर तिनीहरूलाई सेवा गरेको हेरिबस्छौं। तर हरेक ख्रीष्ट-विश्वासी पूरा समयमा सेवारत हुनुपर्छ। ... हो, पास्टर, शिक्षक र सुसमाचार-प्रचारकरूपी विशेष सेवकाइहरू छँदैछन्। तर यी सेवकाइहरू केको लागि हुन् त? यी सेवकाइहरू पवित्र जनहरूलाई तिनीहरूकै सेवाका निम्ति सम्पूर्ण रूपले सक्षम तुल्याउनको लागि पो दिइएका दानहरू हुन्।' 27)

परमेश्वरको देनले दिइएका यी दानहरूरूपी मानिसहरूले अरू मानिसहरू यिनीहरूमाथि सधैं भर पर्ने गरी सेवा गर्नुहुँदैन। तर पवित्र जनहरूले एकदिन काम आफैले गर्न सक्ने दिन ताकेर यिनीहरूले यो नै

आफ्नो सेवकाइको लक्ष्य बनाइराखून्। निम्न चित्रद्वारा हामी यो कुरा स्पष्ट पार्न चाहन्छौंः



मानौं, नक्साको केन्द्रमा भएको बिन्दुचाहिँ शिक्षाको वरदान भएको मानिस हुन्, जसले आफ्नो वरिपरिका विश्वासीहरूलाई सेवा गर्दै उनीहरूलाई विश्वासमा बलियो तुल्याउँछन्, कि उनीहरू सेवा गर्नको निम्ति पूरा सक्षम होऊन्। अनि उनीहरू गएर आफ्नो वरिपरि परमेश्वरले उनीहरूलाई दिनुभएका वरदानहरूअनुसार अरूको सेवा गर्छन्। यस प्रकारले मण्डलीको वृद्धि हुन्छ र त्यसको विस्तार हुन्छ। ख्रीष्टको देहमा वृद्धि ल्याउने ईश्वरीय तरिका यही हो, चाहे त्यो वृद्धि आत्मिक होस्, चाहे सङ्ख्यामा होस्।

ख्रीष्टको निम्ति गरिने सेवकाइ नियुक्ति गरिएका विशेष अधिकार-वर्गका मानिसहरूमा सीमित राख्दाखेरि परमेश्वरका जनहरूको विकास-कार्यमा बाधा आइरहन्छ र संसारका सबै मानिसहरूकहाँ सुसमाचार पुर्‍याउने कोशिश रोकिराखिन्छ, साथै मण्डलीको वृद्धि भनेजस्तै हुँदैन। अधिकारवर्ग र साधारण विश्वासीहरूको बीचमा छुट्ट्याउने चलन

बाइबलीय होइन। अनि हुन सक्छ, सुसमाचार फैलाउने काममा सबैभन्दा ठूलो रोकावट ल्याउने सिङ्गै कारण त्यही कुरा होला।

**एफेसी ४:१३:** यस वृद्धिको कार्य कहिलेसम्म जारी रहन्छ? यस प्रश्नको उत्तर यस पदले यसरी दिन्छः 'जबसम्म हामी सबैजना ... एकतामा आइपुग्दैनौं, पूरा बढ़ेको मानिसको परिपक्वता र ख्रीष्टको परिपूर्णतारूपी कदको नापको समानतामा आइपुग्दैनौं।'

*एकताः* जुन समयमा प्रभु येशूले आफ्नो मण्डलीलाई स्वर्गको घरमा उठाइलैजानुहुनेछ, त्यस समयमा हामी सबैजना विश्वासको एकतामा आइपुग्नेछौं। धेरै कुराहरूको सम्बन्धमा 'अहिले हामी ऐनामा धमिलो देख्छौं;' अनि धेरै विषयहरूमा अहिले हाम्रो राय मिल्दैन होला। तर त्यस बेलामा हामी सबै एकमत हुनेछौं। अनि त्यस बेलामा हामी परमेश्वरको पहिचानको एकतामा आइपुग्नेछौं। यहाँ प्रभुको विषयमा 'उहाँ यस्ता हुनुहुन्छ', 'उहाँ उस्ता हुनुहुन्छ' भनेर हाम्रो बीचमा आ-आफ्नो विचार होला, अनि हामी उहाँका शिक्षाहरूमा पनि भिन्नभिन्नै अर्थ लगाइदिन्छौं। तर त्यस बेलामा हामी उहाँलाई उहाँ जस्ता हुनुहुन्छ, त्यस्तै देख्नेछौं, र जसरी हामी जानिएका छौं, त्यसरी नै जान्नेछौं।

*परिपक्वताः* पूरा बढ़ेको अवस्था परिपक्वता हो। अनि ख्रीष्ट-विश्वासीहरूलाई आकाशमा उठाइलगिने क्षणमा हामी यस अवस्थामा आइपुग्नेछौं। चाहे व्यक्तिगत तवरले होस्, चाहे सामूहिक तवरले ख्रीष्टको देहको रूपमा होस्, हामी आत्मिक वृद्धिको पूर्णता प्राप्त गर्नेछौं।

*समानताः* अनि हामी उहाँको आकारमा बदल्नेछौं; किनभने नैतिक हिसाबले हामी सबैजना ख्रीष्टजस्ता हुनेछौं। अनि सर्व-मण्डलीचाहिँ देहको निम्ति निर्धारित गरिएको पूरा बढ़ेको कदमा आइपुग्नेछ, र महिमित शिरको निम्ति सम्पूर्ण, अँ, पूरा योग्य हुनेछ। यस सिलसिलामा श्री एफ. डब्ल्यू. ग्राण्टले यसो भनेका छन्ः 'ख्रीष्टको मण्डली नै उहाँको परिपूर्णता हो, जसले सबैजनामा सबै कुराहरू भरिदिनुहुन्छ।' मण्डलीको कदको नाप भन्नाले मण्डलीको पूरा विकास भएको अवस्था हो; तब त्यसको वृद्धिको सम्बन्धमा परमेश्वरको योजना पूरा हुनेछ।

**एफेसी ४:१४:** जब परमेश्वरले निर्धारित गर्नुभएको तरिका-अनुसार यी दानहरूले आ-आफ्नो काम गर्दै रहन्छन् र पवित्र जनहरू प्रभुको सेवामा सक्रिय रहिरहन्छन्, तब तीनवटा खतराहरूबाट बाँचिन्छः अपरिपक्वताबाट, अस्थिरताबाट र धोका खानुबाट।

*अपरिपक्वताः* प्रभुको सेवामा सक्रिय नभएका ख्रीष्ट-विश्वासीहरू आफ्नो आत्मिक बालकपनबाट कहिल्यै उठ्नै सक्दैनन्। अभ्यासको कमीले गर्दा तिनीहरू भनेजस्तै विकसित हुन सक्दैनन्। यस्ताहरूलाई हिब्रूको पुस्तकका लेखकले यसो लेखेका छन्ः *'समयअनुसार तिमीहरू शिक्षकहरू भइसक्नुपर्नेथियो, तर ... तिमीहरूलाई पो फेरि सिकाउन तिमीहरूलाई खाँचो छ'* (हिब्रू ५:१२)।

*अस्थिरताः* आत्मिक चञ्चलता अर्को खतरा हो। परिपक्व नभएका ख्रीष्ट-विश्वासीहरू पेशागत ठगहरूका अनौठा-अनौठा नौलापना, ढङ्ग र धुनहरूले भावुक हुन सक्छन्। तिनीहरू यता एउटा मोहमा पार्ने भ्रान्तिमा र उता अर्को मोहमा पार्ने भ्रान्तिमा फसेर धार्मिक फिरान्ते बन्नेछन्।

*धोका खानुः* छलचाहिँ सबैभन्दा ठूलो खतरा हो। आत्मिक दूधेबालकहरू धार्मिकताको वचनमा सिपालु हुँदैनन्; किनकि तिनीहरूका ज्ञानेन्द्रियहरू काममा परी-परीकन असल र खराब खुट्ट्याउनका निम्ति अभ्यस्त भएकै छैनन् (हिब्रू ५:१३-१४)। यस्ताहरूले कुनै न कुनै झूटा समुदायको अनुयायीलाई भेट्छन्-भेट्छन्, जसले तिनीहरूलाई आफ्नो जोश र उमङ्गद्वारा प्रभावित पार्छ, तर जसको इमानदारी देखावटी हो। त्यसका बाइबलीय शब्दहरूले गर्दा तिनीहरूले त्यसलाई साँचो ख्रीष्टियान ठान्छन्। तर तिनीहरूले पवित्र बाइबल आफ्नो निम्ति अध्ययन गरेका भए, तिनीहरूले त्यसका छली शब्दको इन्द्रजाल थाहा पाउनेथिए। तर के गर्ने ? अब तिनीहरू त्यसको शिक्षारूपी बतासद्वारा यता र उता पारिन्छन्। त्यसको बेइमानदार र अनैतिक धूर्ततादद्वारा तिनीहरू त्यसको दुष्ट, सिद्धान्तबद्ध भ्रममा फसिहाल्छन्।

**एफेसी ४:१५:** यस अनुच्छेदका बाँकी दुईवटा पदहरूमा ख्रीष्टको देहमा वृद्धिको सठीक विकासक्रम कस्तो हुनुपर्छ, सो बयान गरिएको छ।

पहिले, *'तर ... सत्य बोल्दै'* हामी शिक्षाप्रति निष्ठावान् रहनुपर्छ। विश्वासका आधारभूत सिद्धान्तहरूको सम्बन्धमा यहाँ सम्झौता गर्ने कुनै जग्गै छैन। दोस्रो, *'तर प्रेममा सत्य बोल्दै'* हाम्रो बोल्ने मनोभाव पनि सठीक हुनुपर्छ। किनकि सत्य बोले ता पनि प्रेमले सत्य बोलिँदैन भने हाम्रो यो साक्षी अधूरो हुन्छ। श्री डब्ल्यू. जी. ब्लाइकीले हामीलाई निम्न चेताउनी दिएका छन्ः

> 'सत्यता त्यो मूलतत्त्व हो, जुन तत्त्वमा हामी जिउनुपर्छ, हिँड्डुल गर्नुपर्छ र आफ्नो अस्तित्व राख्नुपर्छ। तर सत्यता प्रेमसित नछुट्टिने गरी जोड़िएको हुनुपर्छ। रूखो पाराले बोलिएको सुसमाचार सुसमाचार ठहरिँदैन; किनकि सन्देशवाहकको असङ्गत मनोभावले सुसमाचारको शोभा र आकर्षण बिगारेको छ।' [28)]

जब यी दानहरूले पवित्र जनहरूलाई सेवाका निम्ति सक्षम तुल्याइरहेका छन् र पवित्र जनहरू प्रभुको सेवामा सक्रिय भइरहेका छन्, तब उनीहरू सबै कुराहरूमा ख्रीष्टसम्म बढ़ेर जान्छन्। उनीहरूको वृद्धिले ख्रीष्टमा आफ्नो लक्ष्य र आफ्नो निशाना पाएको छ। अनि उनीहरू बढ्नुपर्ने क्षेत्रचाहिँ 'सबै कुराहरूमा' हो। उनीहरू आफ्नो जीवनको हरेक क्षेत्रमा झन्-झन् उहाँजस्तै हुँदै जान्छन्। अनि मण्डलीको शिर भईकन उहाँले त्यसमा स्वतन्त्रतासाथ आफ्नो इच्छा पूरा गर्दै आफ्नो उद्देश्य अगाड़ि बढ़ाउँदै लानुहुन्छ; ठीक त्यहीअनुसार उहाँको शरीरले संसारलाई उहाँको रूपको यथार्थ चित्र दिन सक्छ।

**एफेसी ४:१६:** प्रभु येशू वृद्धिको लक्ष्य मात्र हुनुहुन्न, तर उहाँ वृद्धिको स्रोत पनि हुनुहुन्छ। उहाँबाट सम्पूर्ण शरीर यस वृद्धिको कार्यक्रममा लगाइएको हुन्छ। शरीरका अङ्गहरूको अचम्म प्रकारको सङ्गठन निम्न शब्दद्वारा व्यक्त गरिएको छः *'सम्पूर्ण शरीर टम्म मिलेको र एकसाथ बाँधिएको हुन्छ।'* यसर्थ शरीरको एक-एक अङ्ग आ-आफ्नो स्थानमा आ-आफ्नो काम गर्नको निम्ति जस्तो हुनुपर्ने हो, ठीक त्यस्तै रचिएको हो रहेछ। अनि यस शरीरको एक अङ्ग त्यसको अर्को अङ्गसित टम्मै एकसाथ गाँसिएको छ, कि सबै अङ्गहरू मिलेर एउटा जिउँदो र पूर्ण

शरीर-रचना बन्दछन्। यस शरीरमा कुनै यस्तो अङ्ग नै छैन, जसको आवश्यकता र महत्त्व हुँदैन। हरेक अङ्ग महत्त्वपूर्ण हुन्छ, नभई हुँदैन। *'हरेक जोर्नीको सहायताद्वारा'* भन्ने उपवाक्यले यो कुरा देखाउँछ।

अब मानिसको शरीरको कुरा आयोः मानिसको शरीरमा हड्डीहरू, मांसपेशीहरू र भित्री अङ्गहरू हुन्छन्। अनि शरीरका हड्डीहरू जोड्न जोर्नीहरू र नसाहरू छन्। अनि भित्री अवयवहरू पनि आपसमा जोड़िएका हुन्छन्। शरीरको वृद्धि र त्यसको उपयोगिताका निम्ति एक-एक जोर्नी र नसाले आफ्नो काम पूरा गर्नुपर्छ। ख्रीष्टको देहमा कुरा पनि उस्तै हुन्छ। त्यसको कुनै अङ्ग बढ़ी भएको छैन। सबैभन्दा सादा विश्वासी नभई हुँदैन।

हरेक विश्वासीले आ-आफ्नो निर्धारित कार्यभार पूरा गर्नुपर्छ; तब शरीर बढ्दै जान्छ र एउटा सुव्यवस्थित, सुस्पष्ट एकाइ बन्छ। कुरा साँचो होः शरीरले आफ्नो वृद्धि आफूले गर्छ। यो कस्तो सुनिन्छ? शरीरको वृद्धिमा उद्दीपक तत्त्व त्यसका सक्रिय अङ्गहरू हुन्, जसले पवित्र बाइबलको आत्मिक भोजन लिँदै गर्छन्, प्रार्थना गर्छन्, प्रभुको आराधना गर्छन् र ख्रीष्ट येशूको साक्षी दिन्छन्। यस विषयमा श्री लूइस एस. चाफरले यसो भनेका छन्ः 'मानिसको शरीरजस्तै मण्डली पनि स्व-विकसित हुन्छ।' मण्डलीको कदको मात्र वृद्धि हुनुहुँदैन, तर त्यसले प्रेममा पनि उन्नति गर्नुपर्छ। अङ्गहरूले एक-अर्काको ख्याल र वास्ता गर्नुपर्छ। ख्रीष्ट-विश्वासीहरू ख्रीष्टमा रहनुपर्छ, र मण्डलीमा आफ्नो निर्धारित कार्यभार पूरा गर्नुपर्छ; तब उनीहरू प्रेम र एकतामा एक-अर्कोको नजिक हुँदै जान्छन्।

## ग) एफेसी ४ःः१७-५ःः२१ः नयाँ नैतिकताका निम्ति हुने आह्वान

**एफेसी ४ः१७ः** यस पदबाट प्रेरित पावलले नयाँ नैतिकताको सम्बन्धमा आफ्नो अर्थपूर्ण आह्वान पेश गर्न थाल्छन् र एफेसी ५ः२१

पदसम्म तिनको विषयवस्तु रहिरहन्छ। 'प्रभुमा गवाही दिँदै गरेको' पावलले प्रभुबाट पाएको अधिकारमा र ईश्वरीय प्रेरणाद्वारा ख्रीष्ट-विश्वासीहरूलाई आग्रह गर्छन् । उनीहरूले बितेको जीवनबाट बाँकी रहेको हरेक शेष-अंश मैला थाङ्ना सम्झेर त्यसलाई फाल्नुपर्छ र प्रभु येशू ख्रीष्टका सद्‌गुणरूपी परमश्रेष्ठ विशेषताहरू धारण गर्नुपर्छ। *'तिमीहरू अबदेखि उसो अरू अन्यजातिहरूजस्तो नहिँड़ !'* बितेको समयमा उनीहरू अन्यजातिका मानिसहरू थिए, तर अब उनीहरू ख्रीष्ट-विश्वासीहरू हुन् । अनि उनीहरूको जीवनमा त्यससित मिल्ने परिवर्तन पनि आउनैपर्छ। पावलले जातिहरूको ख्रीष्टरहित दुनियाँको चाल देख्छन्; तिनीहरू अज्ञानता र भ्रष्टाचारमा डुबेका छन् । सातवटा अवगुणहरूले तिनीहरूको भ्रष्ट चालको परिचय दिन्छन्, जस्तैः

**तिनीहरूको लक्ष्यहीनताः** तिनीहरू आफ्नो मनको व्यर्थतामा चल्थे । तिनीहरूको जीवन रित्तो थियो, उद्देश्यहीन र फलहीन थियो । तिनीहरूका क्रियाकलापहरू धेरै, तर तिनीहरूको प्रगति भने थिएन । तिनीहरू हावाका फोका र घामका छायाहरूको पछि लागेछन्; यसो गर्दा तिनीहरूले जीवनका ठूला वास्तविकताहरू भुले ।

**एफेसी ४:१८: तिनीहरूको अन्धापनाः** जे. बी. फिलिप्स्को अनुवादअनुसार 'तिनीहरू भ्रान्तिको दुनियाँमा आफ्ना आँखाहरूमा पट्टी बाँधिएको अवस्थामा जिउँथे।' *'तिनीहरूको समझ अँध्यारो भएको थियो।'* पहिले, तिनीहरू स्वभावैले आत्मिक तथ्यहरू बुझ्नुमा असक्षम थिए। अनि दोस्रो, सत्य परमेश्वरको ज्ञान रद्द गरेको हुनाले तिनीहरू आत्मिक अन्धा भए; प्रभुबाट भएको तिनीहरूको दण्ड यस्तो थियो ।

**तिनीहरूको भक्तिहीनताः** *'तिनीहरू परमेश्वरको जीवनदेखि बिराना भएका थिए'* अथवा तिनीहरू उहाँबाट धेरै टाढ़ामा जिउँथे । यो कसरी हुन आयो ? यो तिनीहरूको दुर्निवार्य अज्ञानता र तिनीहरूको हृदयको कठोरताको फल थियो। तिनीहरूको दुर्भाव यस्तो थियो। तिनीहरूले सृष्टिमा र विवेकमा भएको परमेश्वरको ज्ञानको प्रकाश रद्द गरे, र

मूर्तिपूजापट्टि लागे। त्यसपछि तिनीहरू गिरे र ओरालो लागे, अनि परमेश्वरबाट टाढ़ा, झन् टाढ़ा पुगे।

**एफेसी ४:१९: तिनीहरूको निर्लज्जता:** तिनीहरूको मन लाटिएको थियो। यस सम्बन्धमा श्री डब्ल्यू. सी. व्राइटले निम्न स्पष्टीकरण दिएका छन्:

> 'श्री मूलको अनुवादअनुसार 'तिनीहरूलाई दुख्न छोड़ियो'; कति ज्ञानले युक्त टुक्का! जब विवेकको साक्षी इन्कार गरिन्छ, तब शुरुमा त्यो चसक्क दुख्छ। त्यसले सुन्ने गरी पापको विरोधमा आफ्नो आवाज उठाउँछ। तर विवेकको आवाज चुप गराएपछि त्यो आवाज तत्कालै कम हुन्छ, र त्यसले हामीलाई हाँक्न र सताउन छोड्छ। आपत्ति जनाउने आवाज निस्साइयो, चस्स दुख्न पनि कम भयो, अनि अन्तमा हामीलाई दुःख लाग्न पनि छोड़िन्छ।' [29)]

**तिनीहरूको नीचता:** तिनीहरूले जानीबुझी आफूलाई कामुताको वशमा सुम्पे। तिनीहरूको कस्तो नीज व्यवहार! अन्यजातिहरूको प्रमुख पाप व्यभिचार थियो र अझै पनि व्यभिचार नै हो। तिनीहरूको भ्रष्टाचारको सीमा छैन। दक्षिण इटालीमा अवस्थित प्राचीन पोम्पेइ शहरका पर्खालहरूले त्यसका बासिन्दाहरूको शर्म र चरित्रहीनताको कथा सुनाउँछन्। अनि अन्यजातिहरूको वर्तमान दुनियाँ यी किसिमका पापहरूले चिनिन्छ।

**तिनीहरूको अश्लीलता:** मैथुनिक पाप-सम्बन्ध राखेर तिनीहरूले कुनचाहिँ अशुद्धता गरेनन्!? तिनीहरूले सबै किसिमको अशुद्ध काम गर्थे। हर किसिमको अशुद्धता गर्दै जानुमा लीन हुनेहरूले कामुकता आफ्नो कामधन्धा वा आफ्नो व्यापार सम्झेको जस्तै लाग्छ।

**तिनीहरूको अतिलोभ:** 'लालचसाथ'; कुनै कुराले पनि तिनीहरूलाई कहिल्यै सन्तोष पार्न सकेन। तिनीहरूले 'पुग्यो' कहिल्यै भन्दैनथिए। तिनीहरूको पापले तिनीहरूको मनमा तिनीहरूलाई त्यही किसिमको पाप अझै खाऊँ-खाऊँ लाग्ने अत्यधिक कुइच्छा जगाउँथ्यो।

**एफेसी ४:२०:** यी सबै कुराहरू अनि एफेसी विश्वासीहरूले चिन्न पाएका र प्रेम गर्न थालेका ख्रीष्ट येशूको बीचमा कति ठूलो भिन्नता छ ! ! उहाँ पवित्रता र शुद्धताको शरीरधारी आदर्श-व्यक्ति हुनुहुन्छ। उहाँले पाप भन्ने कुरा केही पनि जान्नुभएन; उहाँले कुनै पाप गर्नुभएन; उहाँमा कुनै पनि पाप थिएन र छँदैछैन।

**एफेसी ४:२१:** *'... यदि तिमीहरूले साँच्ची नै उहाँको सुनेका छौ र उहाँद्वारा सिकाइएका छौ भने'* भन्ने वाक्यमा 'यदि ... भने' भन्ने शब्दले यी एफेसीहरू प्रभुकहाँ फर्केको कुरामा कुनै शङ्का उठाउन खोजेनन्। तर उनीहरूले ख्रीष्ट येशूको विषयमा सुने र उहाँको शिक्षा पाए; यसकारण उनीहरूले उहाँलाई पवित्रता र भक्तिको सत्त्वगुणको रूपमा चिन्न पाएका छन्। ख्रीष्ट येशूको कुरा सुन्नु भनेको विश्वासका कानले उहाँको वचन सुन्नु हो अर्थात् उहाँलाई प्रभु र मुक्तिदाताको रूपमा ग्रहण गर्नु हो। अनि 'उहाँद्वारा सिकाइएको' कुरा के हो ? मुक्ति पाएपछि यी एफेसी विश्वासी-हरूले उहाँको सङ्गतिमा हिँड्दा उहाँको शिक्षा पाएका छन्। यहाँ श्री डब्ल्यू. जी. ब्लाइकीको टिप्पणी यस प्रकारको छः

> 'प्रभु येशूसितको व्यक्तिगत सम्बन्धद्वारा सत्यताले अर्को रङ, रूप र गुण प्राप्त गर्छ; ख्रीष्ट येशूबाट अलग भएको सत्यताको प्रभाव गर्ने शक्ति सानो हुन्छ।' [30)]

*'येशूमा भएको सत्यताअनुसार;'* प्रभु येशूले सत्यताको शिक्षा दिनुहुन्छ; त्यति मात्र होइन, तर उहाँ शरीरधारी सत्यता हुनुहुन्छ (यूहन्ना १४:६)। यहाँ प्रयोग गरिएको येशूको नामले हामीलाई त्यस समयमा फर्काएर लान्छ, जुन समयमा उहाँ यस पृथ्वीमा जिउनुहुन्थ्यो; किनभने उहाँले मानिसको चोला धारण गर्नुभएको बेलामा 'येशू' उहाँको नाम थियो। उहाँ यस धरतीमा मानिस भएर जिउनुहुन्थ्यो; अनि उहाँको यस निर्दोष र निष्कलङ्क जीवनमा हामी अन्यजातिहरूको उल्टो चालको सुल्टो सचरित्र देख्छौं, जुन अन्यजातिहरूको उल्टो चाल पावलले भर्खर वर्णन गरेका छन्।

**एफेसी ४:२२:** ख्रीष्टको पाठशालामा हामी के सिक्छौं भने, मुक्ति पाएको बेलामा हामीले आफ्नो पुरानो मानिसरूपी मनुष्यत्व फालिदिएका छौं, जुन पुरानो मनुष्यत्वचाहिँ धोकापूर्ण अभिलाषाहरूद्वारा भ्रष्ट हुन्छ। पुरानो मानिस भन्नाले प्रभुकहाँ फर्कनुभन्दा अघि हामी आदमका सन्तान भएर जेजस्ता थियौं, त्यो सबका सब बुझिन्छ। पुरानो मानिस किन भ्रष्ट हुन्छ? किनभने त्यसले धोकापूर्ण, दुष्ट अभिलाषाहरूलाई ठाउँ दिन्छ, जुन अभिलाषाहरू पूरा गर्नुभन्दा अघि मनोहर र लाभदायक देखिन्छन्, तर पूरा गरेपछि घृणित र निराशा पैदा गर्ने हुन्छन्। ख्रीष्ट-विश्‍वासीको ठहरको सम्बन्धमा कुरा यस्तो छः पुरानो मानिस ख्रीष्ट येशूसँग क्रूसमा टाँगिएको थियो र उहाँसित गाड़िएको थियो। अनि हाम्रो व्यवहारमा कुरा कस्तो छ? ख्रीष्ट-विश्‍वासीले पुरानो मानिसलाई मरिसकेको मुर्दा ठान्नुपर्छ। अनि यहाँ, यस पदमा पावलले ठहरपट्टिको सत्यतामा जोड़ दिएर के भन्छन् भने, हामीले पुरानो मानिसलाई एकैपल्टमा सधैंका निम्ति फालिदिएका छौं।

**एफेसी ४:२३:** यी एफेसी विश्‍वासीहरूले ख्रीष्ट येशूको चरणमा सिकेको दोस्रो पाठ के थियो भने, उनीहरू आफ्नो मनको आत्मामा नयाँ हुँदै गइरहेका थिए। यसर्थ उनीहरूको सोचविचारमा एउटा ठूलो दिशा-परिवर्तन आएको हुनुपर्छ, मानसिक अशुद्धताबाट पवित्रतामा उनीहरूको मन फर्केको हुनुपर्छ। मुक्ति नपाएका मानिसहरूको दृष्टिकोण लिएर होइन, तर परमेश्‍वरको दृष्टिकोण लिएर विचार गर्न सक्नलाई परमेश्‍वरको आत्माले उनीहरूको विचारका रचना र लहरहरू प्रभावित पार्नुहुन्छ।

**एफेसी ४:२४:** उनीहरूले सिक्नुपर्ने तेस्रो पाठ यस प्रकारको छः उनीहरूले नयाँ मानिसलाई धारण गर्नुपर्छ, अँ, त्यसलाई एकैपल्टमा सधैंका निम्ति पहिरनुपर्छ। नयाँ मानिस भन्नाले ख्रीष्ट-विश्‍वासी ख्रीष्ट येशूमा जे छ, त्यो बुझिन्छ। ख्रीष्टमा ऊ एउटा नयाँ सृष्टि हो; पुराना कुराहरू बितिसके, र सबै कुराहरू नयाँ भए (२ कोरिन्थी ५:१७)। त्यो नयाँ मानिस परमेश्‍वरअनुसारको मानिस हो, अर्थात् परमेश्‍वरको समानतामा सृष्टि गरिएको मानिस हो। अनि नयाँ मानिसलाई कसरी

चिनिन्छ ? साँचो धार्मिकता र पवित्रतामा त्यो नयाँ मानिस प्रकट हुन्छ। धार्मिकता भन्नाले अरू मानिसहरूप्रति सठीक व्यवहार बुझिन्छ। अनि पवित्रताचाहिँ ? श्री एफ. डब्ल्यू. ग्राण्डका शब्दहरूमा भन्नु हो भने 'यो परमेश्वरप्रति गरिने श्रद्धाभक्ति हो; श्रद्धाभक्ति गर्नेले परमेश्वरलाई उहाँलाई दिनुपर्ने स्थानमा दिन्छ।' 31)

**एफेसी ४:२५:** अबचाहिँ पावल ख्रीष्ट-विश्वासीहरूको ठहरदेखि अघि बढ्छन् र उनीहरूको व्यावहारिक अवस्थामाथि ध्यान दिन्छन्। ख्रीष्ट येशूसित विश्वासद्वारा एक भएका हुनाले उनीहरूले पुरानो मानिसलाई फालेका छन् र नयाँ मानिसलाई धारण गरेका छन्। यसकारण उनीहरूले यो आश्चर्यजनक साटफेर आफ्नो दैनिक जीवनमा देखाउनुपर्छ।

उनीहरूले यो कसरी देखाउन सक्छन् ? पहिले, उनीहरूले झूट बोल्न छोड़ेर र सत्यनिष्ठा भएर यो देखाउन सक्छन्। झूट भन्नाले इमानदार नभएको जुनसुकै कुरा बुझिन्छ, जस्तैः सत्यतालाई ओझेल पार्नु, आफ्नो बढ़ाइचढ़ाइ गर्नु, छल्नु, ठग्नु, कबोल भङ्ग गर्नु, विश्वासघात गर्नु, खुसामद-चापलुसी गर्नु र आयकरको झूटो हिसाब देखाउनु आदि। ख्रीष्ट-विश्वासीको वचन पूरा भरपर्दो हुनुपर्छ। उसको हो चाहिँ हो र उसको होइन चाहिँ होइन हुनुपर्छ। ख्रीष्ट-विश्वासी सत्यनिष्ठा र इमानदार हुनदेखि चुक्छ भने उसको जीवन ख्रीष्टको पात्र हुन छोड्छ, र निन्दाको पात्र पो बन्छ।

हामीलाई सबै मानिसहरूको तिनीहरूसित सत्य बोल्नुपर्ने ऋण लागेको छ। तर जब पावलले यहाँ छिमेकीको शब्द प्रयोग गर्छन्, तब तिनले खास गरी हाम्रा सङ्गी-विश्वासी भाइबहिनीहरूको विचार गरेका छन्। *'किनकि हामी एक-अर्काका अङ्गहरू हौं'* भन्ने वाक्यबाट यो कुरा स्पष्ट हुन्छ, जुन वाक्यले हामी सत्य किन बोल्नुपर्ने हो, सो कारण बताएको छ। (एक-अर्काका अङ्गहरू हुने सम्बन्धमा रोमी १२:५ र १ कोरिन्थी १२:१२-२७ पदको खण्ड पनि हेर्नुहोस्)। एक ख्रीष्ट-विश्वासीले अर्को ख्रीष्ट-विश्वासीसित झूट बोल्नु कसरी ? यो त

मानिसको शरीरको एउटा नसाले त्यसको मस्तिष्कलाई झूटो आभास गराएको जस्तो हो; अथवा कुनै खतरा आइरहेको देख्ने त्यसको आँखाले बाँकी सारा शरीरलाई यसको विषयमा छल गरेको बराबर हो। यसो हुनु असम्भव छ।

**एफेसी ४:२६:** हाम्रो जीवन व्यवहारमा नयाँ हुनुपर्ने दोस्रो क्षेत्रचाहिँ रिस हो; किनकि पापमय रिस र धार्मिक रिस हुन्छ। यस्ता परिस्थितिहरू होलान्, जुन बेलामा ख्रीष्ट-विश्वासीका निम्ति रिसाउनु ठीक हुन्छ, जस्तै कसैद्वारा परमेश्वरको नामको बदनाम गरिँदाखेरि रिस उचित होला। यस्तो अवस्थामा परमेश्वरको आज्ञा छः 'रोसाओ !' किनभने खराबीको विरोधमा उठ्ने रिस धार्मिक रिस हो। तर धेरैजसो हाम्रो रिस पाप हो। तब हाम्रो मनमुद्रा बिग्रिन्छ, र हाम्रो अन्याय भएको हुनाले हाम्रो मनमा उठ्ने आवेगचाहिँ द्वेष, वैरभाव, दुस्मन, डाहा, नाराज, प्रतिशोध वा घृणा हो भने यो पाप हो। यसो गर्नु मनाही गरिएको छ। श्री अरिस्टोटलले यसो भनेः 'जो पनि रिसाउन सक्छ, यो सजिलो छ। तर ठीक समयमा ठीक व्यक्तिसँग ठीक मात्रामा, ठीक प्रकारले, ठीक मनसायले रिसाउनुचाहिँ गाह्रो छ।'

ख्रीष्ट-विश्वासीले रिसरागको पापमा फसेमा त्यो पाप मानिलिनु र तुरुन्तै छोड्नुपर्छ। उसले त्यो पाप परमेश्वरको सामु मानिलिनुपर्छ, साथै जुन व्यक्तिसँग उसले रिस गरेको छ, त्यस व्यक्तिको सामु पनि उसले आफ्नो पाप मानिलिनुपर्छ। हाम्रो हृदय मनमुटाउको नर्सरी हुनुहुँदैन र नाराजको ओड़ार हुनुहुँदैन; हामीले झर्कोफर्को मान्नुहुँदैन। तर *'घाम अस्ताउनुभन्दा पहिल्यै तिमीहरूको रिस मरोस्।'* जुन कुराले परमेश्वरसितको हाम्रो सङ्गति र हाम्रा विश्वासी भाइबहिनीहरूको सङ्गति बिगार्छ, त्यो कुरा हामीले तुरुन्त ठीकठाक गरिहाल्नुपर्छ।

**एफेसी ४:२७:** जहाँ हामीले रिसका पापहरू मानिलिँदैनौं, त्यहाँ हामीले शैतानलाई पाइला टेक्ने मौका दिन्छौं, जहाँबाट त्यसले काम गर्ने दाउ पाउँछ। हामीले शैतानलाई किन सहायता पुर्‍याउने ? त्यसका काम गर्ने अड्डाहरू हजारौं छन्। यसकारण द्वेष, रिस, क्रोध, डाहा, घृणा र

क्षोभको प्रकोप हाम्रो जीवनमा हुनुहुँदैन। त्यस्ता पापहरूको निम्ति कुनै बहाना नगरौं! किनभने यी पापहरूले हाम्रो साक्षी बिगार्छन्। हाम्रा यी पापहरूमा विश्वास नगर्ने मानिसहरूले ठेस खान्छन्; यी पापहरूले अरू विश्वासीहरूको मन दुःखाउँछन्; यी पापहरूबाट हाम्रो आत्मा र शरीरको हानि ठूलो हुन्छ।

**एफेसी ४ः२८ः** अब पावलले चोरी गर्ने बानी बाँड़चुड़ गर्ने व्यवहारसित तुलना गर्छन्। पुरानो मानिसले चोरी गर्थ्यो भने, नयाँ मानिसले बाँड़चुड़ गर्छ। यस सम्बन्धमा आज्ञा छः पुरानो मानिसलाई फाल, नयाँ मानिसलाई धारण गर!

जब पावलले *'जसले चोर्थ्यो, त्यसले अबदेखि नचोरोस्'* भन्ने आदेश दिन्छन्, तब 'ख्रीष्ट-विश्वासीहरू सिद्ध, पापरहित हुन्छन्' भन्ने गलत विचार तिनले एकैपल्टमा च्वट्टै काटेर नकार्छन्। विश्वासीहरू सिद्ध कहाँ छन् र? होइन नि! उनीहरूमा त्यो पुरानो, दुष्ट, स्वार्थी स्वभाव अझै पनि छँदैछ, जुन स्वभाव उनीहरूले आफ्नो दैनिक जीवनमा मुर्दा ठान्नुपर्छ। धेरै प्रकारले चोरी गर्न सकिन्छ। डकैती गर्नु, ऋण नतिर्नु, जमिन मिच्नु जस्तै ठूलो चोरीदेखि नापजोखमा छल गरेको सानोतिनो चोरी पनि हुन्छ; आफ्नो काम गर्ने मालिकको समय खेर फाल्नु चोर्नु हो; साहित्यमा अर्कोको रचना चोर्नु चोरी गर्नु हो। परीक्षामा चिट गरेर चोरिन्छ। छिमेकीको बारीमा घाँस काट्नु वा दाउरा उठाउनु चोर्नु हो। हिसाबकिताबमा भए-नभएको खर्च देखाउनु चोरी गर्नु हो।

हुन त, 'चोरी गर्नुहुँदैन' भन्ने आज्ञा कुनै नयाँ आदेश होइन। मोशाको व्यवस्थाले चोर्नु मनाही गरेको थियो (प्रस्थान २०ः१५)। तर यहाँ, यस खण्डमा त्यस आज्ञामा ख्रीष्टीय सद्गुण थपिएको छ। किनकि हामीले चोर्न छोड्नुपर्छ; तर यत्तिले पुग्दैन। तर हामीले कुनै इमानदार काम-धन्धामा परिश्रम पनि गर्नुपर्छ, यसैले कि हामी गरिबदुःखीहरूसित बाँड़चुड़ गर्न सकौं। पवित्रताको शक्ति व्यवस्थामा होइन, तर अनुग्रहमा छ। केवल अनुग्रहको सकारात्मक शक्तिले चोरलाई बदलाएर लोक-उपकारी मानिस तुल्याउन सक्छ। कत्रो मूलभूत परिवर्तन! कति क्रान्तिकारी हेरफेर!!

सामान्य हिसाबले हेर्नु हो भने, मानिसहरूले आफ्ना आवश्यकताहरू र आफ्ना योजनाहरू पूरा गर्नलाई काम गर्छन् । अनि मानिसहरूको आमदानी बढ्‌यो भने, तिनीहरूको जीवन-स्तर पनि बढ्छ। किनभने तिनीहरूको जीवन हरेक कुरामा स्वकेन्द्रित हुन्छ। तर यस पदमा हाम्रो कामधन्धा, नोकरी र जागिरलाई त्योभन्दा उत्तम र उच्च उद्देश्य दिइएको छ। किनभने काम गरेर हामीले आफ्नो परिवारको चिटिक्क जीवन-स्तरको लागि प्रबन्ध गर्नुको साथै अरू मानिसहरूको आत्मिक र शारीरिक खाँचोमा मद्दत पुर्‍याउन र यसरी नै देश-विदेशमा मानिसहरूको त्यो विशाल आवश्यकता कम गर्न सक्छौं ।

**एफेसी ४ः२९ः** अब प्रेरित पावलको ध्यान हाम्रो बोलीमा पर्न जान्छ; अनि तिनले बित्थाको गफ उन्नति गर्ने ज्ञानवर्द्धक कुराकानीसित तुलना गर्छन् । कुवचन अर्थात् भ्रष्ट बोलीवचन भन्नाले प्रायः फोहोर र अश्लील बोली बुझिन्छ, जसमा अभद्र हँसी-ठट्टा, कलुषित बदख्वाइँ, अशुद्ध कथाहरू पनि पर्दछन् । तर मलाई के लाग्छ भने, कुवचनको अर्थ त्योभन्दा अझै फराकिलो हुनुपर्छ। जुनसुकै तुच्छ, सारहीन, गम्भीर नभएको, बेहोशी, व्यर्थ, अर्थहीन, बिनसित्तिको बातचित, कुराकानी र गफ भ्रष्ट बोली मान्नुपर्छ । एफेसी ५ः४ पदमा पावलले फोहोर र घिनलाग्दो शब्दको कुरा उठाउँछन्, तर यहाँ तिनले हामीलाई लाभहीन बोलचाल फाल्ने आदेश दिन्छन् । त्यसको बदलीमा हामीले अरूको उन्नति र प्रगति गर्ने-गराउने कुरा बोल्नुपर्छ। ख्रीष्ट-विश्वासीको बोलचालचाहिँ कस्तो हुनुपर्छ ?

***उन्नति गराउने किसिमकोः*** हामो बोलीले हाम्रो कुरा सुन्नेहरूको हित गर्नुपर्छ ।

***उपयुक्तः*** हामीले बोलेका शब्द परिस्थिति-अनुकूल भएको हुनुपर्छ ।

***अनुग्रहले युक्तः*** *'त्यसले सुन्नेहरूलाई अनुग्रह प्रदान गरोस् ।'*

**एफेसी ४:३०:** *'अनि परमेश्वरको पवित्र आत्मालाई शोकित नपार, जसद्वारा तिमीहरू छुटकाराको दिनका निम्ति छाप मारिएका छौ।'* यस पदले अघि बताइएको कुरासित आफ्नो सम्बन्ध जोड्छ भने, यसबाट व्यर्थ बातचितले पवित्र आत्मालाई शोकित पार्छ भन्ने अर्थ निस्कन्छ। तर यस पदको सम्बन्ध एफेसी ४:२५-२८ पदको खण्डसित जोड्दा झूट बोलेर, रिसराग राखेर र चोरी गरेर हामीले उहाँलाई चोट पुऱ्याउँछौं। अथवा यस आज्ञाको अर्थ त्योभन्दा अझै लम्बाचौड़ा हुन सक्छः हामी पवित्र आत्मालाई दुःखित र शोकित पार्ने जुनसुकै कुराबाट अलग बस्नुपर्छ।

पवित्र आत्मालाई किन शिकित पार्नुहुँदैन? यस सम्बन्धमा पावलले निम्न तीनवटा बलिया कारणहरू पेश गर्छन्ः

**क)** पवित्र आत्मा पवित्र हुनुहुन्छ। अपवित्र भएको जुनसुकै कुरा उहाँलाई घिन लाग्छ।

**ख)** पवित्र आत्मा परमेश्वरको आत्मा हुनुहुन्छ। परमधन्य त्रिएक परमेश्वरका तीन व्यक्तिमा उहाँ एकजना हुनुहुन्छ।

**ग)** छुटकाराको दिनका निम्ति हामीमाथि उहाँको छाप लगाइएको छ। हामीले यसको कुरा अघि गरिसक्यौं (एफेसी १:१३ पदको टिप्पणीमा)। यस छापले दुईवटा कुराहरू पुष्टि गर्छः आफ्नो सम्पत्तिमाथि हुने हकिकत अधिकार र त्यस सम्पत्तिको सुरक्षा। अनि पवित्र आत्माचाहिँ त्यही छाप हुनुहुन्छ। ख्रीष्ट येशू हाम्रा निम्ति फर्केर नआउन्जेल र हाम्रो मुक्तिको यस अन्तिम चरणमा आइनपुगुन्जेल पवित्र आत्मा हाम्रो सुरक्षाको बैना हुनुहुन्छ। अनि ख्रीष्ट-विश्वासीको सुरक्षाको यस ज्ञानले हामीलाई पाप गर्नदेखि रोक्दो रहेछ! हामीलाई पाप गर्नदेखि रोक्ने सबैभन्दा बलियो कारण यही हो भन्ने पावलको यस तर्कमा हामी ताजुप किन नहुने, हामीलाई चाख कसरी नलाग्ने?

पवित्र आत्मालाई शोकित गर्नु सम्भव छ; यसर्थ पवित्र आत्मा एक व्यक्ति हुनुपर्छ; उहाँ एउटा प्रेरणा र प्रभाव मात्र हुनुहुन्न। अनि उहाँ हामीलाई प्रेम गर्नुहुन्छ; किनकि हामीलाई प्रेम गर्ने व्यक्ति मात्र हामीसित

दु:खित हुन्छ। अनि परमेश्‍वरको आत्माको प्रमुख सेवकाइ ख्रीष्ट येशूको महिमा गर्नु हो, साथै ख्रीष्ट-विश्‍वासीहरूलाई ख्रीष्ट येशूको रूपमा परिवर्तन गर्नु हो (२ कोरिन्थी ३ :१८)। जब कुनै ख्रीष्ट-विश्‍वासीले पाप गर्छ, तब पवित्र आत्माको सेवकाइमा हेरफेर आउँछ; तब उहाँले यस्तोलाई पुनर्स्थापना गर्नुपर्छ। यस पापले गर्दा विश्‍वासीको आत्मिक प्रगतिमा बाधा आएको देखेर उहाँ दु:खित हुनुहुन्छ। उहाँले त्यस पाप गरेको विश्‍वासीलाई पश्‍चात्तापतिर डोर्‍याउनुहुन्छ र उसलाई उसले गरेको यो पाप मानि-लिनलाई बाटो देखाइदिनुहुन्छ।

**एफेसी ४ :३१ः** मनका र जिब्रोका सबै पापहरू हामीले फाल्नुपर्छ। प्रेरित पावलले यहाँ यीमध्ये केही पापहरूको सूचि दिन्छन्। यी पापहरू एक-अर्काबाट छुट्ट्याउन खोज्नु हाम्रो असफल कोशिश हो। तर यी पापहरू के-के हुन्, सो कुरा प्रायः सबैलाई स्पष्ट भएकै छ।

*तीतोपनाः* भित्र-भित्र बेखुशीले जल्नु; अरूलाई क्षमा दिन नमान्नु; रूखो, कटु, कर्रो, कर्कश हुने स्वभाव।

*क्रोधः* रिसले बम्कनु; अपकारक आवेग; सनकरूपी रिसको झोक।

*रिसः* चिढ़िनु; द्वेष, दुस्मनी, शत्रुता, वैरभाव।

*कलहः* रिसले कुर्लनु; कराउनु-चिच्च्याउनु, होहल्ला गर्नु; सानोतिनो कुरामा पनि झैझगड़ा गर्नु; प्रतिवादीहरूको विरोधमा कोलाहल मच्चाउनु आदि।

*निन्दाः* अपमान र मानहानि गर्ने बोली; बदनाम गर्नु; अपशब्द चलाएर गाली गर्नु।

*वैरभावः* अरूको कुभलो चिताउनु; मनोमालिन्य, अपहेलना; वैमन र नीच व्यवहार।

**एफेसी ४ :३२ः** अघि सूचित गरिएका र यी हाम्रो असन्तुलित मनस्थितिसित सम्बन्धित पापहरूको अन्त हुनुपर्छ; यिनको ठाउँमा हामीले ख्रीष्टका सद्‌गुणहरू हाल्नुपर्छ। हाम्रो स्वभावका यी अवगुणहरूको सट्टामा निम्न अलौकिक सद्‌गुणहरू आउनुपर्छः

*दयाः* निस्वार्थसाथ अरूको भलाइ चिताउने वास्ता; आफ्नो दाम जत्ति चुकाउनु किन नपरोस्, अरूलाई सहायता गर्ने चाहना ।

*कोमल मनः* अरू मानिसहरूप्रति संवेदना, स्नेह र दयामाया; अनि अरूको दुःखमा सहभागी हुन खोज्नु र तिनीहरूको भार बोक्न चाहनु ।

*क्षमाः* अरूका गल्तीहरू छिटो क्षमा गर्नु; आफूप्रति गरिएको अन्याय देखेर नदेख्नु र आफ्नो विरोधमा गरिएको खराबी माफ गर्न सक्नु । आफ्नो मनमा बदला लिने भावनाको अभाव ।

क्षमा गर्ने व्यक्तिको सबैभन्दा असल उदाहरण परमेश्वर हुनुहुन्छ। गलगथाको क्रूसमा ख्रीष्ट येशूले पूरा गर्नुभएको त्राणको कामको आधारमा परमेश्वरले हामीलाई हाम्रा पापहरू क्षमा गर्नुहुन्छ। हामी पापको क्षमा पाउनु योग्य हुँदैनौं । अनि परमेश्वरले हामीलाई हाम्रा पापको क्षमाको दाम चुक्ता नभएसम्म पापको क्षमा कहाँ गर्न सक्नुहुनेथियो र ? यसकारण उहाँ आफूले यसका निम्ति आफ्नो धार्मिकताको योग्य प्रबन्ध गर्नुभयो। ख्रीष्टमा पापको क्षमा छ। ख्रीष्ट येशूमा र उहाँको त्राणको काममा परमेश्वरले हामीलाई पापको क्षमा दिने सत्आधार पाउनुभयो ।

मत्ती १८ः२३-२८ पदको खण्डअनुसार परमेश्वरले हामीलाई करोड़ौं रुपियाँको ऋण माफ गर्नुभयो; तब हामीले आफ्ना ऋणीहरूलाई एक सय रुपियाँ जत्तिकै सानो ऋण किन माफ नगर्ने ? होइन, हामीले तिनीहरूलाई तिनीहरूको ऋण माफ गर्नुपर्छ। यस सम्बन्धमा श्री आर. सी. एच. लेन्स्कीले जे भनेका छन्, सो कुरा हामी सुनौंः

> 'क्षमा दिने सम्बन्धमा कुरा यस्तै छः मानौं, कुनै मानिसले मेरो विरोधमा केही खराबी गर्ला। तत्कालै मैले त्यस मानिसलाई क्षमा दिनुपर्छ। तब मेरो मन मुक्त रहन्छ। किनकि जब म त्यस मानिसलाई क्षमा दिँदिनँ, तब म फस्छु, तब म परमेश्वरको विरोधमा र त्यस मानिसको विरोधमा पाप गर्छु; अनि हुन सक्छ, मलाई पापको क्षमा खाँचो परेको बेलामा परमेश्वरबाट क्षमा नपाउनु सम्भव छ। त्यस मानिसले

पश्चात्ताप गरोस् वा नगरोस्, त्यसले माफ मागोस् कि नमागोस्, त्यसले क्षतिको पूर्ति गरोस् वा नगरोस्, यसमा कुनै पर्वाह छैन। मैले त्यस मानिसलाई तुरुन्तै क्षमा गर्नैपर्छ। त्यसले मेरो खराबी गरेकै हो; तर यसको लेखा त्यसले परमेश्वरलाई दिनुपर्छ। तर यो त मेरो कुरा होइन, तर त्यसको र परमेश्वरको बीचको कुरा हो। यसमा मत्ती १८:१५ पदअनुसार मेरो हिस्सा छ, मैले त्यसलाई परमेश्वरसित त्यसको सम्बन्ध सठीक राख्न सहायता गर्नुपर्छ। तर यसो हुनु र नहुनु पनि सम्भव छ। जेजसो भए पनि त्यस मानिसले कदम चाल्नुभन्दा अघि मैले त्यसलाई क्षमा गर्नुपर्छ।' 32)

**एफेसी ५:१:** यहाँ, यस पदमा दिइएको पावलको अर्तीको जग एफेसी ४:३२ पद हो, जहाँ परमेश्वर क्षमा गर्ने सर्वोत्तम उदाहरण हुनुभयो। अनि यी दुईवटा पदहरूमा कुरा यसरी जोड़िन्छः 'परमेश्वरले तिमीहरूलाई ख्रीष्टमा क्षमा गर्नुभयो; अब यस कुरामा परमेश्वरको देखासिकी गरेर एक-अर्कालाई क्षमा गर!' 'प्रिय छोराछोरीहरूजस्ता' भन्ने शब्दहरूमा परमेश्वरको देखासिकी किन गर्नुपर्ने हो, सो प्रेरणा दिलाउने कारण दिइएको छ। प्राकृतिक हिसाबले कुरा गर्नु हो भने, छोराछोरीहरूले परिवारको समानताका केही लक्षणहरू लिएर आउँछन्; अनि तिनीहरूले परिवारको नामको महिमा गर्नुपर्छ। आत्मिक हिसाबले कुरा उस्तै छः हामीले संसारलाई परमेश्वर पिताको परिचय दिनुपर्छ। अनि उहाँका प्रिय छोराछोरीहरू भएको नाताले हामी आफ्नो यस उच्च पदको योग्य चाल चल्नुपर्छ।

**एफेसी ५:२:** अनि अर्को क्षेत्रमा हामीले परमेश्वरको देखासिकी गर्नुपर्छ। प्रेममा हिँड़ेर हामीले प्रभुको देखासिकी गर्नुपर्छ। यस पदको बाँकी भागमा प्रेममा हिँड़्नु भनेको के हो, सो स्पष्ट पारिएको छः हामीले आफूलाई अरू मानिसहरूका निम्ति दिइहाल्नुपर्छ। यसमा ख्रीष्ट येशू हाम्रो सिद्ध उदाहरण हुनुहुन्छ, किनभने उहाँले त्यही गर्नुभयो। उहाँले हामीलाई प्रेम गर्नुभयो – कति अमूल्य तथ्य! उहाँको प्रेमको प्रमाण के हो? उहाँले हाम्रा निम्ति आफूलाई दिइहाल्नुभयो र क्रूसको मृत्युमा सुम्पनुभयो।

*'उहाँले आफूलाई भेटी र बलिदानको रूपमा हाम्रा निम्ति परमेश्वरकहाँ अर्पण गर्नुभयो ।'* परमेश्वरलाई दिइएको जुनसुकै कुरा भेटी भनिन्छ; तर एउटा बलिदान दिँदा परमेश्वरलाई अर्पण गरिएको बलिपशुको मृत्यु हुनु अनिवार्य हो । यस हिसाबले प्रभु येशू त्यो साँचो होमबलि हुनुहुन्थ्यो; किनभने परमेश्वरको इच्छामा उहाँ यति समर्पित हुनुहुन्थ्यो, कि उहाँ क्रूसमा मर्न तयार हुनुभयो । अनि *'मीठो बास्ना दिने सुगन्ध'* भनेर उहाँको यस असाध्य ठूलो समर्पणयुक्त बलिदानको प्रशंसा गरिएको छ । यस विषयमा श्री एफ. बी. मेयरको यस टिप्पणी ध्यान दिनु योग्य देखिन्छः

> 'रमिता हेर्नु हो भने हेर्नुहोस्, त्यो तमासा, जसको सुगन्धले स्वर्ग भरिदियो र जसको मिठासले परमेश्वरको हृदय हर्षले गद्‌गद पाऱ्यो । प्रेमको अपारता हेर्नुहोस् ! स्वभावैले हामीजस्तै नालायकहरूका निम्ति आफ्नो अनमोल रगतको मूल्य चुकाउन हिचकिच नगर्नुहुने प्रभु येशूको प्रेमको महत्त्व बुझ्नुहोस् !' [33)]

प्रभु येशूले अरूका निम्ति आफूलाई अर्पण गरेर आफ्ना पितालाई खुसी पार्नुभयो । अनि यसबाट सिक्नुपर्ने पाठ यही होः हामीले पनि अरूका निम्ति आफूलाई अर्पण गरेर परमेश्वरलाई खुशी पार्न सक्छौं र सक्नुपर्छ ।

*हो, अरूका निम्ति, अरूका निम्ति,*
*विन्ती छ, प्रभु, यो नै मेरो जीवन-सूत्र हुन दिनुहोस् !*
*अनि अरूका निम्ति जिउन मलाई सहायता गर्नुहोस् !*
*म तपाईजस्तै जिउन पाऊँ !*

*श्री चार्ल्स डी. मैग्स*

**एफेसी ५ः३ः** तीन र चार पदहरूमा प्रेरित पावल यौनको सम्बन्धमा गरिने पापहरूकहाँ फर्कन्छन् । पवित्र जनहरू यस्ता पापहरूबाट अलग बस्नुपर्छ । यो तिनको सुदृढ़ र सुस्पष्ट आह्वान हो । पहिले तिनले व्यभिचारका पापहरूको सूचि दिन्छन् ।

*व्यभिचारः* जब कुनै एउटा पदमा परस्त्रीगमन र व्यभिचार सँगै लेखिएका हुन्छन्, तब व्यभिचार भन्ने शब्दले अविवाहित व्यक्तिले अनुचित, अवैध यौनको सम्बन्ध राखेको अर्थ लिन्छ। तर यहाँ, यस पदमा जस्तो व्यभिचार मात्र लेखिएको खण्डमा यस शब्दबाट यौनको जुनसुकै अनुचित सम्बन्धबाट हुने पाप बुझिन्छ। योचाहिँ रन्डी, वेश्य भन्ने शब्दबाट आएको शब्द हो।

*अशुद्धताः* अनैतिक कामकुरा अशुद्धता हो, जस्तैः अश्लील नक्सा, चित्र र फोटोहरू, अनि अश्लील साहित्य र लाजभाँड़ बुझाउने जेसुकै कुरा र साधन, जुन कुरा र साधनहरू निर्लज्ज, अनैतिक जीवनसित सम्बन्ध राख्छन्, र कामोत्तेजना पैदा गर्छन्।

*लोभः* हामी सामान्य अर्थमा लोभको वस्तु पैसा सम्झन्छौं। तर यहाँ यसको अर्थ अर्को छः यो वैवाहिक सम्बन्धदेखि बाहिर आफ्नो यौनेच्छा पूरा गर्ने चाहना, त्यो कहिल्यै तृप्त पार्न नसकिने भोगविलासा हो। प्रस्थान २०:१७ पद हेर्नुहोस्, जहाँ यस्तो लेखेएको छः *'तिमीले आफ्नो छिमेकीकी पत्नीको लालच नगर्नू !'*

ख्रीष्ट-विश्वासीहरूको बीचमा यस्ता फोहोर कुराहरूको नाम समेत लिनुहुँदैन। 'फलाना विश्वासीले व्यभिचार गर्‍यो है' भन्ने कुरा हामीले कहिल्यै सुन्नु नपरोस् ! भाइबहिनीहो, यी अनैतिक कुराहरूको छलफल र चर्चा नगर्नुहोस् ! यी अधम पापहरूको घिनलाग्दो शर्म किन घटाऔं र ती कुकर्महरूको दुष्ट्याइँ फ्यात्लो पारौं ! यी कुराहरू हल्का लिनुहुँदैन। यी पापहरूका निम्ति बहाना गर्नुहुँदैन। यी कुराहरू कुनै समयमा पनि आफ्नो बातचितको विषय तुल्याउनुहुँदैन। यस प्रकारका खतराबाट होशियार बस्नुहोस् ! पावलको अर्तीमा निम्न मसाला हालिएको छः *'जस्तो पवित्र जनहरूलाई सुहाउँछ।'* ख्रीष्ट-विश्वासीहरू यस संसारमा भइरहेको भ्रष्टाचारबाट बचाइएका छन्; यसकारण उनीहरू आफ्नो व्यवहारमा – काम र वचनमा – हर प्रकारको पापमय कामवासनाबाट अलग बस्नुपर्छ।

**एफेसी ५:४:** उनीहरूको बातचित कस्तो हुनुपर्छ? उनीहरूका शब्दमा निम्न कुराहरूको गन्ध समेत हुनुहुँदैन, जस्तैः

*फोहोर कुराः* अश्लील र अशुद्ध कथाहरू, यौनको सम्बन्धमा गरिने अनैतिक ठट्यौली, अनि सबै किसिमको शिष्टता, श्लीलता, शर्म र लाज पचेका कुराहरू।

*मूर्खतापूर्ण बातचितः* मन्दबुद्धि भएको मानिसलाई मात्र सुहाउने बातचितचाहिँ अर्थहीन, सारहीन र व्यर्थ हुन्छ। त्यसमा गन्दगी शब्द र भाषा पनि बुझ्नुपर्छ।

*ठट्टादिल्लगीः* कसैसँग जिस्काएर टाढ़ोबाट गनाउने ख्यालठट्टा, मजाक र गफ गर्नुहुँदैन। किनभने कुनै अनुचित कुराको विषयमा गफ गर्दा, त्यसको विषयमा ठट्टा गर्दा, घरिघरि त्यो आफ्नो बातचितको विषय तुल्याउँदा हामीले आफ्नो मनमा त्यसको नराम्रो बीउ छर्छौं, अनि यो पाप पूरा गर्न एकै कदम मात्र बाँकी रहन्छ।

यसकारण पापको विषयमा ठट्टा गर्नु हुँदै-हुँदैन। योजस्तो खतरनाक अरू के हुन सक्छ र? असुहाउँदो र अनुचित बातचितमा ख्रीष्ट-विश्वासीले आफ्नो मुख किन सुकाउने, जब उनीहरूले आफ्नो जिब्रोको सदुपयोग गरेर आफ्ना जीवनका सबै आशिषहरू र उपकारहरूका निम्ति परमेश्वरलाई धन्यवाद चढ़ाउन सक्छन्? यसैले धन्यवाद चढ़ाउने बानी बसाल्नुहोस्, किनभने यस कुराले प्रभुलाई खुशी तुल्याउँछ; यो कुरा अरूका निम्ति असल उदाहरण हुन्छ, र यसले तपाईंको मनको स्वास्थ्य बढ़ाउँछ।

**एफेसी ५:५:** व्यभिचारी मानिसहरूको विषयमा परमेश्वरको मनसाय र फैसला सुस्पष्ट छ; यसमा शङ्काको निम्ति कुनै ठावैं रहँदैन। ख्रीष्ट र परमेश्वरको राज्यमा व्यभिचारीहरूको कुनै अधिकारको भाग छैन, र हुनेछैन पनि। वर्तमान संसारको विचार उहाँको यस न्याय-फैसलाको ठीक विपरीतमा छ; यौन-अपराधीहरू बिरामी छन्, र तिनीहरूले मनोचिकित्सकको सहायता पाउनुपर्छ अरे। मानिसहरूको विचारमा व्यभिचार एउटा रोग होला; तर परमेश्वरको दृष्टिमा यो पाप हो। मानिसहरूले यस्तोलाई छोड्लान्, माफ देलान्, तर परमेश्वरले यस पापलाई न्यायको आज्ञा दिइसक्नुभएको छ। मानिसहरूले

मनोविश्लेषणमा यसको उपचार देख्छन्, तर परमेश्वरको विचारमा व्यभिचारीले नयाँ जन्म पाउनुपर्छ; व्यभिचारीहरूका निम्ति परमेश्वरको एकमात्र उपाय यही हो।

एफेसी ५:३ पदमा पाइएका तीनवटा कुराहरू यहाँ यस अपराधीहरूको सूचिमा फेरि उल्लेख गरिएका छन्ः व्यभिचारीहरू, अशुद्ध हुनेहरू र लोभीहरू। लोभी मानिस मूर्तिपूजक हो भन्ने विचार यहाँ थपिएको छ। लोभी मानिस कुन हिसाबले मूर्तिपूजक हुन्छ त? एक, परमेश्वरको विषयमा त्यस मानिसको विचार गलत हो। त्यसको विचारमा, परमेश्वरले कामुक लालच गर्नलाई छुट दिनुभएको छ, नत्र ता त्यसले यस प्रकारको लालच गर्ने आँट कहाँबाट पायो त? लोभचाहिँ मूर्तिपूजा हो; यसको दोस्रो कारण यस प्रकारको छः किनभने त्यस मानिसले आफ्नो इच्छा परमेश्वरको इच्छाभन्दा माथि राखेको छ। अनि तेस्रो, यसो गर्दा सृष्टिकर्ताको आराधना नभई सृष्टिको थोकको पूजा गरिन्छ, गर्न पुगिन्छ (रोमी १:२५)।

जब पावलले 'परमेश्वरको राज्यमा त्यस्ताहरूको अधिकारको भाग हुँदैन' भनेर भन्छन्, तब तिनले भन्न खोजेको कुरा त्यही हो। यस प्रकारका पापहरूको बानीले ग्रसित भएका मानिसहरू हराएका छन्; तिनीहरू आफ्ना पापहरूमा छन्; तिनीहरू नरकको बाटोमा छन्। वर्तमान समयमा अदृश्य हुने परमेश्वरको राज्यमा तिनीहरूको भाग छैन। आउँदो राज्यमा, जब ख्रीष्ट येशू फर्केर आउनुहुनेछ, र आफ्नो राज्य स्थापित गर्नुहुनेछ, त्यस राज्यमा पनि तिनीहरूको अधिकार हुनेछैन, अनि स्वर्गको अनन्त राज्यदेखि तिनीहरू सधैंका निम्ति वञ्चित हुनेछन्। प्रेरित पावलको कुरा स्पष्ट छः तिनीहरू राज्यभित्र छैनन्; यसकारण तिनीहरूको विषयमा कुरा गर्दै तिनले ख्रीष्टको न्यायआसनको सामु तिनीहरूले हानि भोग्नुपर्नेछ भन्ने कुरा गर्दैनन्। किनभने मुक्ति यस पदको सन्दर्भ हो, इनाम होइन। तिनीहरूले आफूलाई इसाई हुँ भन्लान्, तर तिनीहरूको जीवनले स्पष्ट साक्षी र प्रमाण दिन्छः तिनीहरूले मुक्ति पाएका छैनन्। हो, तिनीहरूले मुक्ति पाउन सक्छन्, जब तिनीहरूले पश्चात्ताप गर्छन् र प्रभु येशूमाथि

विश्वास गर्छन्; यसमा शङ्का छैन। तर तिनीहरूको मनको परिवर्तन वास्तविक भएको हो भने, तिनीहरूले यस प्रकारका पापहरू फेरि दोहोऱ्याउँदैनन्।

'ख्रीष्ट र परमेश्वरको राज्य' भन्ने उप-वाक्यमा तपाईंले ध्यान दिनुहोला; किनभने यसमा ख्रीष्ट येशूको परमेश्वरत्व सङ्केत गरिएको छ। ख्रीष्ट येशूचाहिँ परमेश्वर पितासित बराबर राज्यको शासक हुनुभएको स्थानमा राखिनुभएको छ।

**एफेसी ५:६:** संसारका धेरै मानिसहरूले यौनको सम्बन्धमा गरिने पापहरूको विषयमा झन्-झन् खुकुलो र उदार भावना अपनाउँछन्। मानिसलाई शरीरका अभिलाषाहरू पूरा गर्नु आवश्यक पर्छ र यो त्यसका निम्ति लाभदायक हुन्छ, नत्र ता त्यसको व्यक्तित्वमा अन्तर्बाधा आउँछन् र त्यो टेढ़ामेढ़ा हुन जान्छ अरे। तिनीहरूको शब्दमा विश्वास गर्नु हो भने, जुन समाजमा हामी जिउँछौं, नैतिकता केवल त्यस समाजको संस्कृतिको एउटा फल हो। यसकारण विवाह गर्नुभन्दा अघि, विवाहको बन्धनदेखि बाहिर र समलिङ्गीहरू बीचको यौन-सम्बन्ध कुनै समाजको संस्कृतिले स्वीकार गर्छ भने यस्ता यौन-सम्बन्धहरू कानुनी बनाउनुपर्छ रे। तर परमेश्वरको वचन यसको विषयमा सफा छ, र यस्ता पापहरू व्यभिचार, परस्त्रीगमन र कामविकृतिरूपी घोर दुष्टता भन्ने नाम दिन्छ। अचम्मको कुरा के हो भने, यौनको सम्बन्धमा गरिने पापहरू समाजको योग्य तुल्याउने आन्दोलनमा अग्रसर हुने र त्यसको पक्षमा बोल्नेहरूमध्ये यू.एस.ए.का कतिपय सुसमाचारमा समर्पित इसाई मण्डलीका उच्च पदहरू ओगटिरहेका छन्। यसकारण यी इसाई मण्डलीहरूका उच्च धर्माधिकारीहरूले व्यभिचार पाप सम्झिने साधारण विश्वासीहरूलाई यस प्रकारको विचार पुरानो, समयअनुकूल नभएको विश्वास दिलाउन खोज्छन्।

यस प्रकारको दुईजिब्रे कुराद्वारा ख्रीष्ट-विश्वासीहरू धोकामा पर्नुहुँदैन; *'किनकि यी कुराहरूले गर्दा परमेश्वरको क्रोध आज्ञा नमान्ने सन्तानहरूमाथि आइपर्छ।'* व्यभिचार र परस्त्रीगमनजस्ता पापहरूको

विषयमा परमप्रभुको विचार के हो र उहाँ ती पापहरूसित केकस्तो व्यवहार गर्नुहुन्छ, सो सम्बन्धमा कुनै शङ्का हुँदैन। गन्ती २५ः१-९ पदको खण्ड पढ्नुहोस्! परमप्रभुको महामारीको प्रहारले चौबीस हजार इस्राएलीहरूको मृत्यु भयो, जसले मोआबी स्त्रीहरूसित व्यभिचार गरेका थिए। अनि पुरुषगामी र समलिङ्गगामीहरूको विषयमा कसो हो? यी घिनलाग्दा पापहरूले गर्दा परमेश्वरले स्वर्गबाट सदोम र गमोरा शहरहरूमाथि आगो र गन्धक बर्साएर तिनीहरूलाई सम्पूर्ण रूपले नष्ट गर्नुभएको थियो (उत्पत्ति १९ः२४ र २८)।

तर परमेश्वरको क्रोधको प्रदर्शन यस प्रकारका अलौकित न्यायरूपी सजायका कामहरूमा सीमित हुँदैन। तर यौनको सम्बन्धमा पाप गर्नेहरूले उहाँको न्याय अरू तरिकाले पनि अनुभव गर्छन्, जस्तैः अन्य रतिरोग, स्त्रीरोग, एड्स आदि शरीरमा हुने नराम्रा असरहरू; साथै मानसिक रोगहरू, शारीरिक तन्तुसम्बन्धी रोगहरू र दोषात्मक भावाकुलता आदि मनका गड़बड़ीहरू। अनि तिनीहरूको व्यक्तित्वमा पनि बदलाउ आउँछ। पौरुषहीन, स्त्रैण व्यक्ति अझ बढ़ी त्यस्तै हुन जान्छ (रोमी १ः२७)। अनि अन्तमा परमेश्वरले व्यभिचारी र परस्त्रीगामीहरूको अन्तिम, अनन्त न्याय गर्नुहुनेछ (हिब्रू १३ः४)। आज्ञा नमान्ने सन्तानहरूमाथि कुनै दयामाया गरिनेछैन (प्रकाश २१ः८)। अनाज्ञाकारिताका सन्तान भन्नाले अनाज्ञाकारी आदमका सन्तान बुझिन्छन्, जसले आफ्नो हठमा चलेर परमेश्वरको आज्ञापालन नगर्नलाई आदमको पछि लागेका छन्।

**एफेसी ५ः७ः** ख्रीष्ट-विश्वासीहरूलाई यस प्रकारको भक्तिहीन व्यवहारसित कुनै सम्बन्ध नराख्ने कड़ा आज्ञा दिइएको छ। ख्रीष्टको नामको बदनाम किन गर्ने? अरूका जीवन किन बर्बाद गर्ने? आफ्नो साक्षी किन बिगार्ने? आफूमाथि दण्डको झरी किन निम्त्याउने?

**एफेसी ५ः८ः** सात पदमा दिइएको चेताउनी अझ कड़ाकड़ी गराउन प्रेरित पावलले आफ्नो त्यस जरुर-आदेशको महत्त्व बढ़ाउने हिसाबले एफेसी ५ः८-१४ पदको खण्डमा अन्धकार र ज्योतिको सम्बन्धमा एउटा अर्थगर्भित उपदेश दिन्छन्। बितेको समयमा एफेसी विश्वासीहरू

अन्धकार थिए, तर अहिले उनीहरू प्रभुमा ज्योति भएका छन्। पावलले भनेको कुरामाथि ध्यान दिनुहोस्! उनीहरू अन्धकारमा थिए भनेर तिनले भन्दैनन्। तर उनीहरू स्वयम् त्यो अन्धकार, अन्धकारको साक्षात् रूप थिए। तर अबचाहिँ प्रभु येशूसित उनीहरूको एकीकरण भयो; उनीहरू ज्योति बनेका छन्। किनकि उहाँ ज्योति हुनुहुन्छ; अनि उनीहरू उहाँमा छन्; यसकारण अहिले उनीहरू प्रभुमा ज्योति भएका छन्। अबदेखि उसो उनीहरूको अवस्था उनीहरूको ठहरसित मिल्नुपर्छ। उनीहरू ज्योतिका सन्तान भएर हिँड्नुपर्छ।

**एफेसी ५:९:** यस बीचमा आएको पदले ज्योतिमा हिँड्नेहरूले कस्तो प्रकारको फल फलाउँछन्, सो स्पष्ट पार्छ।

आत्माको फल अथवा ज्योतिको फल[34)] हर प्रकारको भलाइ, धार्मिकता र सत्यता हुन्छ। भलाइमा सबै नैतिक श्रेष्ठता पनि समावेश हुन्छ। धार्मिकताको मतलब परमेश्वर र मानिसहरूसितको सबै व्यवहारमा पूरा निष्कपट र सत्यनिष्ठा हुनु हो। अनि सत्यताचाहिँ? इमानदार, निष्पक्ष र सत्यवान् हुनु यसको अर्थ हो। यी तीनवटा गुणहरू सँग राख्दाखेरि ख्रीष्टका सद्‌गुणले भरिएको जीवनको प्रकाश कस्तो हुन्छ, सो स्पष्ट देखिन्छ, जुन प्रकाशले उदासलाग्दो, अन्धकारमय वातावरण उज्ज्वल पार्छ।

**एफेसी ५:१०:** ज्योतिमा हिँड्नेहरूले उक्त पदले बताएको किसिमको फल फलाउँछन्; त्यत्ति मात्र होइन, तर उनीहरूले प्रभुलाई मनपर्ने कुराहरू के हुन्, सो पनि जाँचेर पत्ता लगाउँछन्। उनीहरूले आफ्नो हरेक विचार, हरेक बोलीवचन र हरेक काम ज्योतिको कसीले जाँच्छन्। 'प्रभुले यसको विषयमा के विचार गर्नुहुन्छ? उहाँको सामु यो कस्तो देखिन्छ?' उनीहरूको जीवनको हरेक क्षेत्रमा ज्योतिको प्रकाशको तलासी किरण पर्छ, जस्तैः हामीले गरेको बातचित, हाम्रो जीवन-शैली र स्तर, हामीले लगाउने लुगाफाटा, हामीले पढ्ने किताबहरू, हाम्रो कामधन्धा, हामीले उपभोग गरेका सुख र मनोरञ्जनहरूको आमोदप्रमोद र हाम्रा सज्जा-समाग्रीहरू, हाम्रो साथीसङ्गत, हामीले बिताएका छुट्टीहरू, हामीले किनेका कार र हामीले खेलेका खेलकुद आदि।

**एफेसी ५ः११ः** अन्धकारका निष्फल कामहरूसित ख्रीष्ट-विश्वासी-हरूको कुनै सँगत हुनुहुँदैन। अन्धकारका निष्फल कामहरूमा हाम्रो सहभागिता हुनु कसरी? हामी तिनलाई कसरी सहने वा ती कामप्रति कसरी दयामाया देखाउने? चाहे परमेश्वरका निम्ति, चाहे मानिसहरूका निम्ति होस्, अन्धकारका कामहरू सधैं निष्फल हुन्छन्। यस सिलसिलामा पावलले रोमका विश्वासीहरूलाई यो प्रश्न सोधेः *'जुन कुराहरूको विषयमा तिमीहरू अहिले लाज मान्छौ, ती कुराहरूमा तिमीहरूले त्यस बेलामा केकस्तो फल पायौ त?'* (रोमी ६ः२१); किनकि बितेको समयमा तिनीहरूको जीवन पूरा बाँझो थियो। निश्चय नै मधुरा बत्तीहरू बलेका, पर्दाहरू तानिएका, ढोकाहरू बन्द गरिएका र गुप्त कोठाहरूको दुनियाँबाट अन्धकारका कामहरूले आफ्नो नाम पाए। मानिसले अन्धकारलाई रुचाउँछ र ज्योतिलाई घृणा गर्छ, विशेष गरी त्यस बेलामा, जब त्यसका कामहरू दुष्ट हुन्छन् भन्ने कुरा यी अन्धकारका कामहरूबाट स्पष्ट हुन्छ (यूहन्ना ३ः१९)।

ख्रीष्ट-विश्वासी अन्धकारका निष्फल कामहरूबाट अलग बस्नु मात्र कहाँ हो र? उसले ती कामहरूको दोष पनि देखाइदिनुपर्छ। उसको बोलावट यही हो। उसले यो कुरा दुई प्रकारले गर्छ। एक, एउटा पवित्र जीवन जिएर; अनि दुई, पवित्र आत्माको अगुवाइमा उचित सुधारको शब्द बोलेर।

**एफेसी ५ः१२ः** ख्रीष्ट-विश्वासीले नैतिक भ्रष्टाचारसित किन कुनै सङ्गत गर्नुहुँदैन, तर त्यसको दोष देखाइदिनुपर्छ, सो कुराको सम्बन्धमा प्रेरित पावलले अब यहाँ आफ्नो स्पष्टीकारण दिन्छन्ः मानिसहरूले गुप्तमा गरेका पापहरू यति दुष्ट, यति नीच छन्, कि यी पापहरू केवल गर्नु मात्र होइन, तर तिनको चर्चा गर्नु समेत शर्मको कुरा हो, छिःछिः। मानिसले आविष्कार गरेका पापहरू यति विकराल हुन्छन्, कि ती पापहरूको कुरा गर्दा सुन्नेहरूको मन पनि अशुद्ध हुनेछ। यसकारण ख्रीष्ट-विश्वासीले ती पापहरूको विषयमा कुरै पनि नगर्नू भन्ने शिक्षा पायो।

**एफेसी ५:१३:** अन्धकारमा भएको जुनसुकै कुरा ज्योतिले प्रकट गर्छ। यसरी नै ख्रीष्ट-विश्वासीको पवित्र जीवनले नयाँ जन्म नपाएका मानिसहरूको जीवनको पापी अवस्था प्रकट गर्छ; किनभने एउटा पवित्र जीवन तिनीहरूको भन्दा कति भिन्नै, कति असमान हुन्छ। अनि हप्कीका उचित शब्दले पनि पापको दोष देखाइदिन्छन् र पापको भन्डाफोर गर्छन्। यस सिलसिलामा श्री डब्ल्यू. जी. ब्लाइकीले निम्न उदाहरण दिएका छन्:

> 'हामी यहाँ यसका निम्ति एउटा उदाहरण दिन्छौं: जबसम्म प्रभु येशूले फरिसीहरूलाई तिनीहरूको कपटको विषयमा हप्काउनुभएन, तबसम्म उहाँका चेलाहरूका आँखाहरूमा फरिसीहरूको व्यवहार त्यत्ति दुष्ट थिएन। तर जब ख्रीष्ट येशूले तिनीहरूमाथि सत्यतारूपी कञ्चन ज्योति लगाइदिनुभयो, तब तिनीहरूको वास्तविक रूपको पर्दाफास भयो। तिनीहरू घृणित देखा परे, र अझै पनि कति नालायक देखा पर्छन्।' [35)]

यस पदको बाँकी भागको अनुवाद यसो गरे ठीक हुन्छ होला: 'किनकि जे प्रकट गरिएको छ, त्यो ज्योति हो।' [36)] यस अनुवादअनुसार निम्न अर्थ निस्कन्छ: जब ख्रीष्ट-विश्वासीहरूले ज्योतिको रूपमा आफ्नो भूमिका निभाउँछन्, तब अरू मानिसहरू ज्योतिकहाँ आउँछन्। ज्योतिको भूलदोष देखाउने सेवकाइद्वारा दुष्ट मानिसहरू ज्योतिका सन्तानमा परिवर्तन हुनेछन्।

यस्तो कुनै नियम छैन, जसका अपवादहरू छैनन्; यसमा शङ्का छैन। यसर्थ ज्योतिको प्रभावमा परेका सबै मानिसहरू ख्रिष्ट-विश्वासीहरू बन्दैनन्। तर आत्मिक क्षेत्रमा लागू भएको सर्वमान्य नियम यस प्रकारको छ: ज्योतिले ज्योति जन्माउँछ। अनि यस नियमको असल उदाहरण १ पत्रुस ३:१ पदमा पाइन्छ, जहाँ विश्वास गर्ने पत्नीहरूले आफ्नो उदाहरणीय जीवनद्वारा विश्वास नगर्ने पतिहरूलाई ख्रीष्टका निम्ति जित्ने आदेश पाएका छन्। १ पत्रुस ३:१ पदमा यसो लेखिएको छ: '*हे पत्नीहरूहो, तिमीहरू आ-आफ्ना पतिको अधीनतामा बस, यसैले कि कसै-कसैले वचन पालन गर्दैनन् भने पनि पत्नीहरूको चालचलनद्वारा*

*अर्थात् तिमीहरूको डरसहितको पवित्र चालचलन देखेर उनीहरू विनावचन नै जितिएका होऊन्।'* यसरी नै ख्रीष्टीय पत्नीहरूको ज्योति अन्यजातिका पतिहरूको अन्धकारमाथि प्रबल हुन्छ, र तिनीहरूका पतिहरू ज्योति बन्नेछन्।

**एफेसी ५:१४:** ख्रीष्ट-विश्वासीहरूको जीवनचाहिँ प्रचार गरिएको एउटा उपदेश होस्; त्यसले आफ्नो वरिपरि अन्धकारका कामहरूको दोष देखाइदेओस् र विश्वास नगर्ने मानिसहरूलाई सधैं ख्रीष्टकहाँ आउने निम्न निम्तो दिएको होस्:

*'हे निदाउने, बिउँझ र मुर्दाहरूको बीचबाट उठ;*
*तब ख्रीष्ट तिमीमाथि चम्कनुहुनेछ।'*

यो नै ज्योतिको आह्वान हो, जसले अन्धकारमा सुतिरहेका र आत्मिक मृत्युमा पड़िरहेका मानिसहरूलाई जगाउँछ। ज्योतिले तिनी-हरूलाई 'जीवन र प्रकाश पाओ' भनेर बोलाउँछ। जस-जसले यो निम्तो ग्रहण गर्छन्, तिनीहरूमाथि ख्रीष्ट चम्कनुहुनेछ, र तिनीहरूलाई उहाँले ज्योति दिनुहुनेछ।

**एफेसी ५:१५:** अबका सात पदहरूमा पावलले नकार्ने र सकार्ने अर्तीहरू दिएर मूर्ख कदमहरू र होशियारी चाल आपसमा तुलना गर्छन्। तिनका पाठकहरूका निम्ति पहिलो आदेश एउटा सामान्य आदेश हो: 'बुद्धिहीन भएकाहरूजस्ता होइन, तर बुद्धिमान् भएकाहरूजस्ता हिँड़!' अनि अगाड़ि भनेअनुसार हिँड़्नुचाहिँ यस पत्रको कुञ्जी-शब्द हो; किनकि यो क्रियापद यस पत्रमा सात पल्ट प्रयोग गरिएको छ, र त्यसले हाम्रो व्यक्तिगत जीवनका क्रियाकलापहरूको लम्बाचौड़ा बयान गर्छ। होशियारीसाथ हिँड़्नु भनेको परमेश्वरका छोराछोरीहरूको रूपमा हाम्रो आत्मिक ठहर जे छ, त्यस उच्च आत्मिक ठहरको प्रकाशअनुसार जिउनु हो। मूर्ख मानिसजस्तै हिँड़्नु भनेको यस उच्च स्तरबाट झरेर सांसारिक मानिसहरूको चालअनुसार चल्नु हो।

**एफेसी ५ः१६ः** बुद्धिमान् चालले कुनै समय खेर जान दिँदैन, तर त्यसलाई दिइएको हरेक मौका छोप्छ। हरेक दिन आफ्ना खुला ढोकाहरू र धेरै सम्भावनाहरूसित शुरु गर्छ। समय खेर नफाल्नु भनेको यस्तो जीवन जिउनु हो, जुन जीवन पवित्रता, दानपुण्यहरू र हितकारी सुवचनका निम्ति नाम चलेको होस्। हामी बाँचिरहेका दिनहरू खराब भएका हुनाले हाम्रा निम्ति छिटो-छिटो गर्ने आवश्यकता छ। परमेश्वरले सधैंभरि मानिस-हरूसित विवाद गर्नुहुनेछैन नै; अनुग्रहको युग चाँड़ै समाप्त हुनेछ। यस संसारमा परमेश्वरको आराधना गर्ने, आफ्नो साक्षी दिने र प्रभुको सेवा गर्ने हाम्रा अवसरहरू चाँड़ै सकिरहेका हुन्छन्।

**एफेसी ५ः१७ः** *'यसैकारण मूर्ख नहोओ, तर प्रभुको इच्छा के रहेछ, सो बुझ्ने होओ !'* यो अति महत्त्वपूर्ण कुरा हो। किनकि खराबी अति नै बढ़ेको र समय धेरै छोटो भएको हुनाले हामी उन्मत्त र विह्वल भएर आफ्नो इच्छाअनुसारका क्रियाकलापहरूमा फुर्ती देखाउने डर छ। तर आफ्नो बल खेर फालेको बाहेक यसो गरेकोमा कुनै पनि फाइदा नहोला। हामीले हरेक दिनमा आफ्नो निम्ति परमेश्वरको इच्छा जान्नुपर्छ र पूरा गर्नुपर्छ। महत्त्वपूर्ण कुरा यही हो। कार्यकारी, कार्यकुशल हुने र सफलता प्राप्त गर्ने एकमात्र तरिका यही हो। प्रभुको सेवा आफ्नो विचारअनुसार गर्नु र आफ्नो बलले गर्नु धेरै सम्भव छ; अनि प्रभुको इच्छादेखि बाहिर काम गर्ने सम्भावना ठूलो छ। बुद्धि-मार्ग के हो ? आफ्नो व्यक्तिगत जीवनका निम्ति परमेश्वरको इच्छा जाँचेर पत्ता लगाएर पूरा तवरले उहाँको यो इच्छा पूरा गर्नु नै बुद्धिमान् मानिसको चाल हो।

**एफेसी ५ः१८ः** *'अनि दाखमद्यले नमात, जसमा चरित्रहीनता हुन्छ।'* उत्तर अमेरिकाको संस्कृतिको हिसाबले यस प्रकारको आज्ञा नदिए पनि हुनेथियो। कसै-कसैलाई त्यसको धक्का लाग्ला, र अनावश्यक लाग्ला। किनभने धेरै ख्रीष्ट-विश्वासीहरू मद्यत्यागी हुन्, र दाखमद्य, मदिरा र अरू लागू पदार्थहरू छुदैनन्। तर हामीले एउटा कुरा याद गर्नुपर्छः पवित्र बाइबल सबै संस्कृतिहरूका पृष्ठभूमिबाट आएका विश्वासीहरूका निम्ति लेखिएको हो। अनि धेरै देशहरूमा दाखमद्य चल्छ र साधारण पिउने कुरा

हुन्छ। पवित्र धर्मशास्त्र बाइबलले दाखमद्य पिउन मनाही गर्दैन, तर त्यसको दुरुपयोगमा आरोप लगाउँछ। बरु त्यसले दाखमद्य औषधीको रूपमा प्रयोग गर्ने सल्लाह दिन्छ (हितोपदेश ३१ः६ र १ तिमोथी ५ः२३)। अनि प्रभु येशूले कानाको विवाहमा पिउनका निम्ति पानीबाट दाखमद्य बनाउनुभयो (यूहन्ना २ः१-११)।

दाखमद्य पिउने पक्षमा यति भनेपछि हामीले त्यसको दुरुपयोगको विषयमा निम्न कुराहरू पेश गर्नुपर्छ। दाखमद्य पिउन मनाही गरिएको छ, जब ...

**क)** हितोपदेश २३ः२९-३५ः त्यसको अधिक सेवन हुने डर हुन्छ।

**ख)** १ कोरिन्थी ६ः१२[ख]ः त्यसको आदत बस्न खोज्छ।

**ग)** रोमी १४ः१३; १ कोरिन्थी ८ः९ः त्यसको सेवनले कमजोर विवेक भएको कुनै विश्वासीलाई ठेस खुवाउँछ।

**घ)** १ कोरिन्थी १०ः३१ः त्यसको सेवनले समाजमा ख्रीष्ट-विश्वासीको गवाहीमा आघात पुऱ्याउँछ; यस बेलामा परमेश्वरको महिमा हुने होइन।

**ङ)** रोमी १४ः२३ः जब दाखमद्य पिउनु हुन्छ कि हुँदैन भन्ने विषयमा कसैलाई शङ्का लाग्छ, तब यस विश्वासीले दाखमद्य पिउनु-हुँदैन।

दाखमद्यले किन मात्ने, जब त्योभन्दा असल कुरा छ? पावलले त्यसको सट्टामा *'आत्माले भरपूर होओ'* भन्ने सल्लाह दिन्छन्। अनि शुरु-शुरुमा यस कुराबाट पनि हामीलाई घत लाग्ला; तर जब हामी यी दुई कुराहरू आपसमा तुलना गर्दाखेरि यी दुईवटा अवस्थाहरूको भिन्नता देख्न थाल्छौं, तब प्रेरित पावलले यी दुईवटा कुराहरू यहाँ किन सँगै राखेका छन्, सो बुझिन्छ.

पहिले, यी दुई कुराहरूमा केही गुण बराबर छन्, जस्तैः

**क)** दुवै अवस्थाहरूमा बाहिरको कुनै शक्तिले मानिसलाई नियन्त्रण गर्छ। एक अवस्थामा मद्यचाहिँ नियन्त्रण गर्ने शक्ति हुन्छ, अनि अर्को अवस्थामा पवित्र आत्माचाहिँ नियन्त्रण गर्ने शक्ति हुनुहुन्छ।

**ख)** दुवै अवस्थाहरूमा मानिस खूबै उत्सहित हुन्छ। पेन्टेकोष्टको दिनमा पवित्र आत्माको जोशले कसै-कसैमा त्यो त नयाँ मद्यको काम हो भन्ने गलत विचार पैदा गऱ्यो (प्रेरित २:१३)।

**ग)** दुवै अवस्थाहरूमा मानिसको चालको राम्रो-नराम्रो असर हुन्छ। मातेको मानिसका खुट्टा लड़बड़ाउने त्यसको हिँड़ाइ मद्यको प्रभावको नराम्रो असर हो भने, पवित्र आत्माले भरिएको मानिसको आत्मिक चाल पवित्र आत्माको प्रभावको असल नतिजा हो।

तर यी दुवै अवस्थाहरूमा निम्न दुईवटा ठूला भिन्नताहरू पनि देखा पर्छन्, जस्तैः

**क)** मद्यपानले मातेको मानिसमा चरित्रहीनता र भोगविलास पैदा गर्छ। तर पवित्र आत्माले भरपूर भएको मानिसमा यस्ता कुलतहरू कहिल्यै देखिँदैन।

**ख)** मद्यपानको प्रभावमा परेको मानिसले आफूलाई वशमा राख्न र संयमी हुन छोड्छ। तर आत्माको फल संयम हो (गलाती ५:२३)। पवित्र आत्माले भरिएको विश्वासीले आफ्नो व्यवहारमाथि आफ्नो नियन्त्रण कहिल्यै हराउँदैन; उसको दिमाग जहिले पनि ठेगनामा रहिरहन्छ। भविष्यवक्ताको आत्मा सधैं भविष्यवक्ताको अधीनतामा बस्छ (१ कोरिन्थी १४:३२)।

पवित्र बाइबलमा पवित्र आत्माको भरपूरी कहिलेकाहीं सर्वाधिकारी परमेश्वरको दान जस्तो देखिन्छ, जस्तैः बप्तिस्मा दिने यूहन्नाको जीवनमा। आफ्नी आमाको गर्भमा उनी पवित्र आत्माले भरिए (लूका १:१५)। यस विशेष अवस्थामा आत्माको भरपूरी पाउने मानिसले कुनै तयारी गर्दैन, कुनै सर्त पूरा गर्नुपर्दैन। त्यसका निम्ति उसले न कुनै काम गर्छ, न प्रार्थना गर्छ। प्रभुले आफ्नो खुशीले त्यो दिनुहुन्छ। तर यहाँ

एफेसी ५:१८ पदमा ख्रीष्ट-विश्वासीहरूले आत्माद्वारा भरपूर हुने आज्ञा पाएका छन्। यसर्थ त्यसमा उनीहरूको भूमिका छ। उनीहरूले केही सर्तहरू पूरा गर्नुपर्छ। त्यो आफैआफ हुने कुरा होइन, तर उनीहरूको आज्ञाकारिताको फल हो।

यसकारण हामीले आत्माको भरपूरीचाहिँ पवित्र आत्माका अरू सेवकाइहरूबाट छुट्टै अनुभवको रूपमा लिनुपर्छ। आत्माको भरपूरी निम्न कुराहरूमध्ये एक होइन, जस्तैः

**क)** आत्माको भरपूरी पवित्र आत्माको बप्तिस्मा होइन।
आत्माको बप्तिस्मा पवित्र आत्माको छुट्टै काम हो, जुन कार्यद्वारा उहाँले ख्रीष्ट-विश्वासीहरूलाई ख्रीष्टको देहमा गाभ्नुहुन्छ (१ कोरिन्थी १२:१३)।

**ख)** आत्माको भरपूरी विश्वासीहरूमा पवित्र आत्माको वासबसाइ होइन।
यस सेवकाइद्वारा शान्तिदाताले ख्रीष्ट-विश्वासीको शरीरमा वास गर्नुहुन्छ। उहाँले उसलाई पवित्र हुनलाई, सेवा गर्नलाई र परमेश्वरको आराधना गर्नलाई शक्ति दिनुहुन्छ (यूहन्ना १४:१६)।

**ग)** आत्माको भरपूरी अभिषेक होइन।
पवित्र आत्मा स्वयम् त्यो अभिषेक हुनुहुन्छ, जुन अभिषेकले परमेश्वरका छोराछोरीहरूलाई प्रभु येशूसित सम्बन्धित कुराहरू सिकाउँछ (१ यूहन्ना २:२७)।

**घ)** आत्माको भरपूरी बैना र छाप पनि होइन।
हामीले देखिसक्यौं, कि पवित्र आत्माचाहिँ त्यो बैना हुनुहुन्छ, जुन बैनाले पवित्र जनहरूका निम्ति अधिकारको भाग सुनिश्चित गर्छ; अनि उहाँ त्यो छाप पनि हुनुहुन्छ, जुन छापले पवित्र जनहरूलाई त्यस अधिकारको भागका निम्ति सुरक्षित राख्छ (एफेसी १:१३-१४)।

पवित्र आत्माका विभिन्न सेवकाइहरूको बीचमा उक्त चार-पाँचवटा कार्यहरू मुक्ति पाएको क्षणमा विश्वासीको जीवनमा पूरा हुन्छन्। ख्रीष्टमा हुनेहरू सबैमा पवित्र आत्माको बप्तिस्मा भएकै छ; उहाँले उनीहरू सबैमा वास गर्नुभएको हो। उनीहरू सबैसँग त्यो अभिषेक छँदैछ। उनीहरू सबैसँग पवित्र आत्मारूपी बैना भएकै हो। उनीहरू सबैमाथि उहाँको छाप लगाइएको छ।

तर आत्माले भरिनु वा पवित्र आत्माको भरपूरी अर्को कुरा हो। यो ख्रीष्टको चेला-चेलीको जीवनमा उसको कुनै आत्मिक सङ्कष्ट-स्थितिमा एकपल्ट सधैंका निम्ति गरिने अनुभव होइन। तर यो त उसको जीवनमा भइरहने क्रिया हो। अनि यस आज्ञाको अक्षरशः अनुवाद यस्तो छः 'आत्माले भरिँदै जाओ !' हुन सक्छ, शुरुमा आत्माको भरपूरी आत्मिक सङ्कष्ट-स्थितिको अनुभव हुन सक्ला, तर त्यसपछि यो हाम्रो जीवनको क्षण-क्षणमा भइरहने क्रिया हुनुपर्छ। मानौं, आज आत्माले हामीलाई भरिनुभयो, तर भोलिको निम्ति यो पर्याप्त हुँदैन। पवित्र आत्माको भरपूरी धेरै चाहना गर्न लायक कुरा हो। किनकि यस पृथ्वीमा ख्रीष्ट-विश्वासीको सर्वोत्तम अवस्था यही हो। पवित्र आत्माले भरिएको अवस्थामा पवित्र आत्मा ख्रीष्ट-विश्वासीको जीवनको विषयमा शोकित हुनुपर्दैन, तर उसको जीवनमा आफ्नो इच्छा पूरा गर्न पाउनुहुन्छ; किनभने यस ख्रीष्ट-विश्वासीले त्यस समयमा परमेश्वरको योजनामा आफ्नो भूमिका निभाउँछ।

यसो भए ख्रीष्ट-विश्वासी कसरी आत्माले भरिन्छ? प्रेरित पावलले यो कुरा हामीलाई यस पत्रमा बताउँदैनन्। तिनले खालि *'आत्माले भरपूर होओ'* भन्ने आज्ञा दिन्छन्। तर परमेश्वरको वचनका अरू खण्डहरूबाट आत्माले भरिन र भरपूर हुनका निम्ति हामीले निम्न सर्तहरू पूरा गर्नुपर्छ, जस्तैः

**क)** हामीले आफ्नो जीवनमा भएका सबै जानिएका पापहरू मानिलिनु र छोड्नुपर्छ (१ यूहन्ना १:५-९)। जुन मानिसको जीवनमा पाप छ, त्यस मानिसमा पवित्र आत्माले स्वतन्त्रतापूर्वक काम गर्न

सक्नुहुन्न; किनकि पवित्र आत्मा पवित्र हुनुहुन्छ, र पवित्र वातावरण मन पराउनुहुन्छ।

**ख)** हामीले आफूलाई पूरा रूपले प्रभु येशूको हातमा समर्पण गर्नुपर्छ (रोमी १२:१-२)। हामीले आफ्नो इच्छा समर्पण गर्नुपर्छ; हामीले आफ्नो मन र मगज अर्पण गर्नुपर्छ; हामीले आफ्नो शरीर, आफ्नो समय, आफ्ना प्रतिभाहरू र आफ्नो धनसम्पत्ति समर्पण गर्नुपर्छ। हामीले आफ्नो जीवनको हरेक क्षेत्र उहाँको प्रभुत्यमा सुम्पनुपर्छ।

**ग)** *'ख्रीष्टको वचनले हामीमा प्रशस्त गरी वास गर्नुपर्छ'* (कलस्सी ३:१६)। यसो हुनलाई हामीले परमेश्‍वरको वचन पढ्नुपर्छ, अध्ययन गर्नुपर्छ र पालन गर्नुपर्छ। जब ख्रीष्टको वचनले हामीमा प्रशस्त गरी वास गर्न पाउँछ, तब त्यसको नतिजा र पवित्र आत्माको भरपूरीको नतिजा एउटै हुँदो रहेछ (कलस्सी ३:१६ र एफेसी ५:१९)।

**घ)** अन्तमा, आत्माको भरपूरी हुने बाटो छेक्ने हाम्रो अहम् हामीले निकाल्नुपर्छ, अँ, क्रूसमा टाँग्नुपर्छ (गलाती २:२०)। किनकि कुनै कचौरा नयाँ कुराले भरिनुभन्दा अघि त्यो त पहिले रित्तो हुनुपर्छ; त्यसमा भएको पुरानो कुरा हामीले निकाल्नुपर्छ। यसकारण पवित्र आत्माले भरिनु हो भने हामी रित्तो हुनुपर्छ; हाम्रो अहम् हामीले पहिले निकाल्नुपर्छ।

यस विषयमा एकजना अज्ञात लेखकले यसो लेखेका छन्ः

'जसरी हामीले आफ्नो सम्पूर्ण पापको भारी प्रभुको हातमा छोड़िराख्यौं र उहाँले क्रूसमा पूरा गर्नुभएको उहाँको त्राणको काममा भरोसा राख्यौं, ठीक त्यसरी नै हामीले आफ्नो जीवन र सेवाको सम्पूर्ण भार उहाँको हातमा राखिछोड़ौं, र हालैमा हामीभित्र काम गर्नुभएको पवित्र आत्माको कार्यमाथि भरोसा राखौं! हरेक बिहान हामी आफूलाई समर्पण गरौं, र पवित्र आत्माको अगुवाइ पाऔं! प्रभुको प्रशंसा गर्दै र

ढुक्कै भई हामी आफ्नो दिन शुरु गरौं; हाम्रो दिनको व्यवस्था मिलाउने जिम्मा उहाँको हो; यसैले उहाँको कुरा उहाँको जिम्मामा छोड़िराखौं! आउनुहोस्, हामी दिनभरि खुशीसाथ उहाँमाथि भरोसा गर्दै र उहाँको आज्ञापालन गर्दै गरेको आदत बसालौं! उहाँले हामीलाई अगुवाइ गर्नुहुन्छ; उहाँले हामीलाई समझ र बुद्धि दिनुहुन्छ; आवश्यक परेको खण्डमा उहाँले हामीलाई हप्काउनुहुन्छ, सुधार्नुहुन्छ, सिकाउनुहुन्छ र चलाउनुहुन्छ, अँ, आफ्नो इच्छा हामीमा र हामीद्वारा पूरा गर्नुहुन्छ; यस कुरामा ढुक्कै होऔं! आफूले देखेको दृष्टिको भरमा होइन, आफ्नो मनको भावनाको भरमा पनि होइन, तर उहाँले हामीमा यी सबै कामहरू गर्नुहुन्छ भन्ने तथ्यरूपी वास्तविकतामाथि भर परौं! पवित्र आत्मा हाम्रो जीवनको शासक हुनुहुन्छ; यसमा विश्वास गरौं र उहाँको आज्ञापालन गरौं! अनि आफ्नो जीवनको व्यवस्था आफूले मिलाउनुपर्ने, आफ्नो मालिक आफै हुनुपर्ने त्यो झिँजो, त्यो लन्ठा एकैचोटि सधैंको निम्ति छोड़ौं! तब परमेश्वरको महिमाका निम्ति हामीमा पवित्र आत्माको फल देखा पर्नेछ; अनि यही उहाँको इच्छा हो।'

के पवित्र आत्माको भरपूर भएको मानिसले आफू आत्माले भरिएको कुरा जान्दछ? वास्तवमा, हामी जति प्रभुको नजिक हुन्छौं, त्यति नै बढ़ी हामीले आफूलाई अयोग्य र पापी महसुस गर्छौं (यशैया ६:१-५)। प्रभुको उपस्थितिमा हामी आफूमा गर्व गर्ने कुनै कुरा देख्दैनौं (लूका ५:८)। यसकारण पवित्र आत्माको भरपूरी हुँदा हामी आफूलाई अरूभन्दा आत्मिक ठान्दैनौं, आफूलाई अरूभन्दा श्रेष्ठ गन्दैनौं। अँ, 'लौ, हामी आत्मिक शिखरमा आइपुग्यौं है' भएजस्तै पनि लाग्दैन। आत्माले भरिएको ख्रीष्ट-विश्वासी आफू-केन्द्रित होइन, तर ख्रीष्ट-केन्द्रित हुन्छ र रहन्छ।

यस सम्बन्धमा यति भनेपछि हामीले यसो पनि भन्नुपर्छः आत्माले भरपूर भएको मानिसले त्यही अवस्थामा परमेश्वरले उसको जीवनमा र उसद्वारा काम गर्दै हुनुहुन्छ भन्ने कुरा पनि महसुस गर्ला। कामकुराहरू अलौकिक ढङ्गमा सुसम्पन्न भइरहेको उसले देख्छ। उसका निम्ति परिस्थितिहरू अद्‌भुत रीतिले ठीक-ठीक मिल्न जान्छन्; उसको

सेवकाइद्वारा मानिसका जीवनहरू परमेश्वरका निम्ति गहिरो प्रभावमा परेका हुन्छन्; घटनाहरू परमेश्वरको समय-तालिकाअनुसार घटिरहन्छन्, यहाँसम्म कि प्रकृतिका शक्तिहरूले पनि, मानौं प्रभुको रथका चक्काहरूमा साङ्लाले बाँधिएका कैदीहरूजस्तो उसको पक्षमा काम गर्दा रहेछन्। उसले यो सब देख्छ, र बुझ्छः परमेश्वर उसकै निम्ति र उसद्वारा काम गर्नुहुँदो रहेछ। तर यसका निम्ति श्रेय कसको हुनेछ? उसले यसको निम्ति केही श्रेय लिँदैन, यसो गर्नदेखि ऊ अलग बस्छ – कति अनौठो अनुभव! किनभने यी सबै कुराहरू प्रभुबाट भएका हुन् भन्ने उसलाई आफ्नो अन्तरात्मामा थाहा लागेको छ।

**एफेसी ५ः१९ः** पवित्र आत्माको भरपूरी भएको नतिजा के हो? पावलले यहाँ चारवटा नतिजाहरू प्रस्तुत गर्छन्। एक, आत्माले भरिएका ख्रीष्ट-विश्वासीहरूले *'आपसमा भजन, स्तुतिगान र आत्मिक गीतहरूद्वारा कुरा गर्छन्।'* यस दिव्य भरिभराउले प्रभुका कुराहरूको विषयमा खुला रूपले बोल्ने मुख र अरू मानिसहरूसित यी कुराहरू बाँड्ने उदार हृदय दिन्छ। कतिजनाले भजन, स्तुतिगान र आत्मिक गीतहरूमा भजनको पुस्तकका खण्डहरू देख्छन् भने, हाम्रा निम्ति खालि भजनसंग्रहका भजनहरू दाऊद, आसाफ र अन्य भजन-लेखकहरूले परमेश्वरको प्रेरणाद्वारा रचेका रचना हुन्। स्तुतिगानहरू परमेश्वरको प्रेरणाले नरचिएका गीतहरू हुन्, जुन स्तुतिगानहरूले परमेश्वरको आराधना र प्रशंसा गर्छन्। आत्मिक गीतहरू आत्मिक विषयहरूको सिलसिलामा रचिएका गीतिकाव्य हुन्, जुन आत्मिक गीतहरूले परमेश्वरलाई सम्बोधन गर्दैनन्।

*'प्रभुका निम्ति आ-आफ्नो हृदयमा गाओ र भजन गर!'* भनेजस्तो आत्माको भरपूरीको दोस्रो प्रमाण विश्वासीको हृदयभरिको आनन्द र परमेश्वरको प्रशंसा गर्ने धारा फुटेको अनुभव हो। आत्माले भरिएको जीवनचाहिँ बुद्बुद आनन्दै-आनन्द उम्रिरहने मुहान हो (प्रेरित १३ः५२)। यसको उदाहरण जकरिया हुन्। जब तिनी पवित्र आत्माले भरिए, तब तिनले सारा हृदयले परमप्रभुका निम्ति गीत गाए (लूका १ः६७ -७९)।

**एफेसी ५ः२०ः** *'हाम्रा प्रभु येशू ख्रीष्टको नाममा परमेश्वर र पितालाई सबै कुराहरूका निम्ति सधैंभरि धन्यवाद चढ़ाओ !'* यसो भए आत्माले भरिएको तेस्रो नतिजा के हो त ? यसको नतिजा परमेश्वरप्रतिको कृतज्ञता, र धन्यवाद-ज्ञापन हो। जहाँ पवित्र आत्माले राज्य गर्नुहुन्छ, त्यहाँ मानिसहरू परमेश्वरप्रति कृतज्ञ हुन्छन्। गहन गुणग्रहण गर्नेले आफ्नो आभार व्यक्त गर्छ-गर्छ। धन्यवाद फाट्टफुट्ट, कताकतै चढ़ाउने होइन, तर हामीले लगातार रूपले धन्यवाद चढ़ाउनुपर्छ। खालि आनन्ददायक कुराहरूका निम्ति मात्र होइन, तर सबै कुराहरूका निम्ति हामीले धन्यवाद चढ़ाउनुपर्छ। घमाइलो दिनका निम्ति जो पनि धन्यवाद चढ़ाउन सक्छ। तर जीवनमाथि आइपरेका आँधीबेह्रीहरूको माझमा परमेश्वरलाई धन्यवाद चढ़ाउन पवित्र आत्माको शक्ति चाहिन्छ।

निश्चय नै सुखैसुख भएको स्थानमा आइपुग्न सबैभन्दा छोटो बाटो यही होः

> 'आउनुहोस्, हाम्रो जीवनमाथि आइपरेका सबै कुराहरूका निम्ति परमेश्वरलाई धन्यवाद चढ़ाउने र उहाँको प्रशंसा गर्ने आदत बसाऔं ! किनभने यो कुरा सुनिश्चित छः जुन विपत्ति हामीमाथि आइलाग्छ, त्यस विपत्तिका निम्ति हामीले परमेश्वरलाई धन्यवाद चढ़ाउन सके र उहाँको प्रशंसा गर्न सके, त्यो विपत्ति आशिषमा पो परिणत हुन्छ। हामीले आश्चर्यकर्म गर्न सकेका भए पनि यस गुणग्राही कृतज्ञताले हाम्रा निम्ति गरेको भन्दा बढ़ी केही पनि गर्न सक्नेथिएनौं। किनभने यस गुणग्राही कृतज्ञताले एक शब्द पनि बोल्नुपर्दैन, तर त्यसले स्पर्श गर्ने जुनसुकै कुरा, त्यसको स्पर्शले सुखमा परिणत हुन्छ।'
>
> संकलित

**एफेसी ५ः२१ः** अनि आत्माको भरपूरी भएको-नभएको चौथो कसी यस प्रकारको छः *'परमेश्वरको डरमा आफूलाई एक-अर्काको अधीनतामा सुम्प !'* यस सम्बन्धमा श्री चार्लस आर. एर्डम्यानले यसो भनेका छन्ः

> ' *"परमेश्वरको डरमा आफूलाई एक-अर्काको अधीनतामा सुम्प'* भन्ने वाक्य धेरैजसो किन बिर्सिन्छ, जब यसमा हाम्रो आत्मिकता जाँच्ने

कसी छ? अनि ख्रीष्ट-विश्वासीहरूले यो कसी किन प्रयोग गर्दैनन्? किनकि धेरै मानिसहरूको विचारमा, 'हल्लेलूयाह, हल्लेलूयाह!' कराएकोमा, उच्च सोरमा उलासपूर्ण गीत गाएकोमा, धेरथोरै अन्य भाषामा केही प्रशंसाका शब्द फलाकेकोमा पवित्र आत्माको भरपूरीको पक्का प्रमाण भएको ठानिन्छ। तर यीजस्तै बनावटी, यीजस्तै छली, यीजस्तै अर्थहीन कुरा अरू के हुन सक्थे? तर आफूलाई सङ्गी-विश्वासीहरूको अधीनतामा सुम्पनु, व्यवहारमा सुशीलता र शालीनता देखाउनु, नम्र हुनु, सबैसित सकेसम्म मेलमिलाप राख्नु, कसैसँग झगड़ा गर्न नचाहनु, धीरजी र सहनशील हुनु अनि विनीत हुनु – पवित्र आत्माको शक्तिका अकाट्य प्रमाणहरू यी गुणहरू हुन्। ... "ख्रीष्टको डरमा" हामीले आफूलाई सङ्गी-विश्वासीहरूको अधीनतामा सुम्पनुपर्छ; किनभने उहाँलाई सबैका प्रभु र मालिकको रूपमा मान्ने श्रद्धापूर्ण भावना यसरी प्रकट गरिन्छ।' [37)]

आत्माले भरिएका नतिजाहरू चारवटा छन्ः आत्मिक कुरा गर्नु, गीत गाउनु, धन्यवाद चढ़ाउनु र आफूलाई एक-अर्काको अधीनतामा राख्नु। तर यस सम्बन्धमा अझै पनि अरू चारवटा नतिजाहरू छन्, जस्तैः

**क)** पापको दोष देखाउने र प्रभुको साक्षी दिने साहस (प्रेरित १३ः९-१२; प्रेरित ४ः८-१२, ३१; प्रेरित १३ः५२-१४ः३)।

**ख)** प्रभुको सेवा गर्ने शक्ति (प्रेरित १ः८; प्रेरित ६ः३ र ८; प्रेरित ११ः२४)

**ग)** स्वार्थ-त्याग गर्ने उदारता (प्रेरित ४ः३१-३२)

**घ)** ख्रीष्टको बढ़िबढ़ाइ र परमेश्वरको उच्च प्रशंसा (प्रेरित ९ः१७ र २०; प्रेरित २ः४ र ११; प्रेरित १०ः४४ र ४६)।

हामीले पवित्र आत्माको भरपूरीका निम्ति उत्कट चाहना गर्नुपर्छ; तर यसमा हामीले आफ्नो होइन, तर परमेश्वरको महिमा खोज्नुपर्छ।

## घ) एफेसी ५ः२२-६ः९ः ख्रीष्टीय परिवारमा व्यक्तिगत भक्तिका निम्ति हुने आह्वान

**एफेसी ५ः२२ः** यहाँबाट एउटा नयाँ खण्ड शुरु हुन्छ; यसो भए पनि अघिल्लो पदसित यसको घनिष्ठ सम्बन्ध छ। पावलको शिक्षाअनुसार आत्माले भरपूर भएका मानिसहरूले आफूलाई एक-अर्काको अधीनतामा सुम्पन्छन्। पवित्र आत्माले भरिएको नजिता यो हो। अनि एफेसी ५ः२२-६ः९ पदको खण्डमा तिनले ख्रीष्टीय परिवारमा परमेश्वरको इच्छाअनुसार अधीनतामा बस्ने तीनवटा विशेष क्षेत्रहरू प्रस्तुत गर्छन्।

**क)** पत्नीहरूले आफूलाई आ-आफ्ना पतिको अधीनतामा सुम्पनुपर्छ।

**ख)** छोराछोरीहरू आफ्ना बुबाआमाको अधीनतामा बस्नुपर्छ।

**ग)** दासहरूले आफूलाई आ-आफ्ना मालिकको अधीनतामा सुम्पनुपर्छ।

ख्रीष्ट येशूमा सबै विश्वासीहरू एक भएका छन्; यसो भए पनि पृथ्वीमा लागू हुने सम्बन्धहरू स्थगित भएका, खारिज भएका छैनन्। हामीमाथि विभिन्न अधिकारहरू छन् र सरकार पनि छ, जुन अधिकारहरू र सरकार हामीले मान्नुपर्छ; किनभने तिनीहरू परमेश्वरले ठहराउनुभएको प्रबन्ध हुन्। हरेक सुव्यवस्थित समाजको सञ्चालन दुईवटा खाँबामाथि स्थापित हुन्छः शासन-अधिकार र अधीनता। कसैले शासन-अधिकार चलाउनुपर्छ, र कोही त्यस शासन-अधिकारको अधीनतामा रहनुपर्छ। परमेश्वरत्वमा पनि हामी यही नियम लागू भएको देख्छौं, जसरी लेखिएको छः *'तर तिमीहरूले यो जानेको म चाहन्छुः ... अनि ख्रीष्टको शिर परमेश्वर हुनुहुन्छ'* (१ कोरिन्थी ११ः३)। परमेश्वरले मानिसहरूमाथिको सरकार निर्धारित गर्नुभयो। कुनै सरकार दुष्ट किन नहोस्, तर परमेश्वरको दृष्टिमा 'न मामाभन्दा काना मामा निको' भनेझैं सरकार नहुनुभन्दा त्यही

दुष्ट सरकार हुनु असल हुन्छ। अनि प्रभुको आज्ञापालन गरेर र उहाँलाई इन्कार नगरीकन हामीले जतिसक्दो सरकारको नियमकानुन पालन गर्नुपर्छ। सरकारको अभावको फल अराजकता हो; अनि अराजकताले जुनसुकै समाजलाई पनि नष्ट गर्छ।

अनि यही कुरा घरपरिवारका निम्ति पनि सत्य ठहरिन्छ। हरेक घरपरिवारमा एक शिर हुनुपर्छ, जुन शिरको आज्ञापालन गर्नुपर्छ। अनि परमेश्वरले पुरुषलाई घरपरिवारको शिर हुने अधिकार दिनुभयो। उहाँले पुरुषलाई पहिले सृष्टि गर्नुभयो, त्यसपछि पुरुषका निम्ति एउटी स्त्रीलाई रच्नुभयो। यसकारण सृष्टिको क्रममा र त्यसको उद्देश्यमा परमेश्वरले पुरुषलाई अधिकारको स्थानमा राख्नुभयो र स्त्रीलाई पुरुषको अधीनतामा राख्नुभयो। त्यो स्त्रीका निम्ति परमेश्वरद्वारा निर्धारित गरिएको उसको स्थान हो।

अधीनतामा हीनता सम्झनुहुँदैन। प्रभु येशू परमेश्वर पिताको अधीनतामा बस्नुहुन्थ्यो; तर प्रभु येशू कुनै कुरामा परमेश्वर पिताभन्दा कम हुनुहुन्न। हुन सक्छ, धेरै कुराहरूमा स्त्री पुरुषभन्दा उच्च होली, जस्तैः भक्ति गर्नुमा, सहानुभूति देखाउनुमा, मेहनत गर्नुमा र वीरतासाथ धीरज धर्नुमा, तरै पनि पत्नीहरूले प्रभुको अधीनतामा रहेझैं आफूलाई आ-आफ्ना पतिको अधीनतामा सुम्पने उहाँको आज्ञा पाएका छन्। अनि जुन पत्नीले आफूलाई आफ्नो पतिको अधिकारको अधीनतामा राख्छिन्, ती पत्नीले आफूमाथि प्रभुको अधिकार स्वीकार गर्छिन् र आफूलाई प्रभुको अधिकारमनि राख्छिन्। तब यसो गर्न नचाहने इच्छा र यस प्रकारको अधीनताको विरोधमा उठेको विद्रोह कहाँबाट आयो त? यो त प्रभुको अधीनतामा नरहेको लक्षण पो रहेछ।

परमेश्वरले निर्धारित गर्नुभएको यस आदर्शअनुसार नचल्दा त्यसले कस्ता-कस्ता गड़बड़हरू सृजना गर्छ, सो कुरा देखाउन मानव-इतिहास साक्षी छ, जसका नराम्रा उदाहरणहरू अनेक छन्।

हव्वाको कुरा आयोः जब तिनले अगुवाको स्थान ओगटेर आफ्ना पतिको स्थानमा काम गरिन्, तब तिनले मानव-जातिभित्र पाप प्रवेश

गराइन्, र त्यस पापसित त्यसका सबै विनाशकारी आपद्विपद्रूपी नतिजाहरू पनि आए।

अनि हालको चालको कुरा गरौंः बढ़ी समय पनि भएको छैन, जब स्त्रीहरूले अधिकारको स्थान हड़प गरे, जुन अधिकारको स्थान परमेश्वरले कुनै हालतमा पनि तिनीहरूलाई दिनुभएको थिएन; अनि त्यसको नतिजा-स्वरूप तिनीहरूद्वारा विभिन्न झूटा पन्थहरू शुरु भए। जुन स्त्रीहरूले परमेश्वरले तिनीहरूका निम्ति निर्धारित गर्नुभएको स्थान छोड्छन्, ती स्त्रीहरूले स्थानीय मण्डलीलाई बिगार्न, विवाहको सम्बन्ध विच्छेद गर्न र घरपरिवारलाई नाश गर्न सक्छन्।

तर यस सम्बन्धमा सकारात्मक कुरा पनि छः जुन स्त्रीले परमेश्वरद्वारा तिनका निम्ति निर्धारित भूमिका पूरा गर्छिन्, ती स्त्रीभन्दा मनोहर र सुन्दर कुरा केही पनि हुँदैन। अनि यस प्रकारकी गुणवती स्त्रीको विस्तृत विवरण हितोपदेशको पुस्तकको एकतीस अध्यायमा छ। यो अध्याय परमप्रभुलाई खुशी पार्ने स्त्री र आमाको स्थायी स्मारक हो।

**एफेसी ५:२३:** पत्नीको पति तिनको शिर हुन्; यसकारण तिनी उनको अधीनतामा बस्नुपर्छ। ख्रीष्टले मण्डलीमा जुन स्थान ओगट्नुहुन्छ, त्यही स्थान तिनको पतिले ओगटिरहेका छन्। ख्रीष्ट मण्डलीको शिर हुनुहुन्छ; अनि उहाँ नै त्यस शरीरको मुक्तिदाता हुनुहुन्छ। मुक्तिदाता भन्नाले परिरक्षण गर्ने रक्षक बुझ्नुपर्छ, जसरी १ तिमोथी ४:१० पदमा पनि त्यही अर्थ लाग्छ। ठीक त्यस्तै पति पत्नीको शिर र संरक्षक हुन्। शिर भईकन उनले तिनलाई प्रेम गर्छन्, तिनलाई मार्गदर्शन दिन्छन् र अगुवाइ गर्छन्। अनि संरक्षक भईकन उनले तिनका निम्ति प्रबन्ध गर्छन्, तिनलाई सुरक्षा दिन्छन् र तिनको वास्ता गर्छन्।

हाम्रो समयमा यस प्रकारको शिक्षाको विरोधमा ठूलो जुगुप्सा छ भन्ने हामीलाई थाहै छ। मानिसहरूले 'मताग्रही कुमार', 'अन्धभक्त नरवादी' र 'स्त्री-जातिको वैरी' भनेर पावलको निन्दा गर्छन्। अथवा अरूले पावलको यस शिक्षामा तिनको जमानामा लागू भएका सामाजिक नियमहरू देख्छन्, जुन नियमहरू आजभोलि लागू हुँदैनन् रे। तर यस प्रकारका आपत्तिहरूले

सीधा पवित्र धर्मशास्त्रको ईश्वरीय प्रेरणामा बन्चरो हानेका छन्। किनकि यी शब्दहरू पावलका आफ्नै शब्दहरू होइनन्, तर परमेश्वरका वचनहरू हुन्। अनि जसले यी वचनहरू अस्वीकार गर्छ, त्यसले परमेश्वरलाई इन्कार गर्छ, र आफूमाथि समस्या र विपत्ति निम्त्याउँछ।

**एफेसी ५:२४:** पत्नीको भूमिका ख्रीष्टकी दुलहीरूपी मण्डलीको भूमिकासित तुलना गर्दा त्यसको शोभा उच्च पारिएको छ। मण्डलीको अधीनता त्यसको आदर्श हो, जुन आदर्श पत्नीले अपनाउनुपर्छ। तिनी हरेक कुरामा आफ्नो पतिको अधीनतामा रहनुपर्छ। अनि यहाँ हरेक कुरा भन्नाले हामीले परमेश्वरको इच्छाअनुसार भएको हरेक कुरा बुझ्नुपर्छ। किनभने जब पतिले आफ्नी पत्नीलाई प्रभु येशूप्रति आफ्नो आस्था बेच्न लाउँछन्, तब पत्नीले कुनै हालतमा पनि उनको आज्ञापालन गर्नुपर्दैन। तर जीवनका अरू सबै सामान्य सम्बन्धहरूमा तिनले आफ्ना पतिको आज्ञापालन गर्नुपर्छ; तिनको पति विश्वास गर्ने मानिस नभए पनि तिनले उनको आज्ञापालन गर्नुपर्छ।

**एफेसी ५:२५:** पत्नीहरूलाई मात्र उक्त आदेशहरू दिनु, तर तिनका पतिहरूलाई ती आदेशहरूसित बराबर कुनै आज्ञा नदिनु अन्याय र पक्षपात मान्नुपर्नेथियो। तर पवित्र धर्मशास्त्रमा सत्यताको प्रस्तुतिमा कति सुन्दर सन्तुलन छ, सो याद गर्नुहोस्! किनभने परमेश्वरको वचनमा पत्नीहरूको स्तरसित बराबर पतिहरूका निम्ति उच्च मापदण्ड छ। पतिहरूले आफ्ना पत्नीहरूलाई अधीनतामा राख्नुपर्छ भन्ने एक शब्द छैन यहाँ; तर जसरी ख्रीष्टले मण्डलीलाई प्रेम गर्नुभयो, ठीक त्यसरी नै उनीहरूले आफ्ना पत्नीहरूलाई प्रेम गर्नुपर्छ। यस दिव्य आदेशको माग यही हो। कुनचाहिँ पत्नी होली, जो यस्तो पतिको अधीनतामा रहँदिन, जसले उसलाई ख्रीष्टले मण्डलीलाई प्रेम गर्नुभएझैं प्रेम गर्छन्।

यस प्रकारको मानिसको कहानी छ, जसको डर आफ्नी पत्नीलाई बढ़ी प्रेम गरेर परमेश्वरको अनादर पो गर्छु भन्ने डर थियो। तब प्रभुको एकजना दासले उसलाई सोधेः 'के तपाईंले तिनलाई ख्रीष्टले मण्डलीलाई प्रेम गर्नुभएको जत्तिकै प्रेम गर्नुहुन्छ?' उसले भन्योः 'होइन नि।' तब प्रभुको

यी दासले भनेः 'ठीक छ, केही पर्बाह छैन। तपाईं प्रभुको प्रेमको यो हद नाघेर जानुभयो भने त त्यस बेलामा मात्र तपाईंले आफ्नी पत्नीलाई बढ़ी प्रेम गर्नुभएको हो।'

ख्रीष्ट येशूले मण्डलीलाई कुन प्रकारले प्रेम गर्नुभयो ? भूतकालमा उहाँले मण्डलीलाई प्रेम गर्नुभयो; वर्तमान समयमा उहाँ मण्डलीलाई प्रेम गर्नुहुन्छ; भविष्यमा उहाँले मण्डलीलाई प्रेम गर्नुहुनेछ। उहाँको प्रेमको अद्‌भुत कार्यक्रमको प्रस्तुति यस प्रकारको पो छ। भूतकालमा मण्डलीप्रति उहाँको प्रेमको प्रदर्शन यसैमा थियोः उहाँले मण्डलीका निम्ति आफूलाई अर्पण गर्नुभयो। प्रभुको बलिदानयुक्त क्रूसको मृत्यु यसको सन्दर्भ हो। क्रूसमा उहाँले दुलहीका निम्ति उसको दाइजोको रूपमा सबैभन्दा धेरै दाम तिरिदिनुभयो। जसरी हव्वा आदमको कोखाबाट निकालिए, त्यसरी नै मुक्तिदाता प्रभुको भाला रोपिएको कोखाबाट मण्डली सृष्टि गरियो।

**एफेसी ५ः२६ः** वर्तमान समयमा प्रभु येशूले मण्डलीप्रति आफ्नो प्रेम यसरी प्रकट गर्नुहुन्छः उहाँले मण्डलीलाई वचनद्वारा जलको स्नानले शुद्ध गरी पवित्र पार्नुहुन्छ; उहाँले मण्डलीको पवित्रीकरणमा आफ्नो काम पूरा गर्नुहुन्छ। यस सन्दर्भमा पवित्र पार्नु भनेको अलग पार्नु हो। ठहरको हिसाबले मण्डली पवित्र भइसकेको हो। तर दिन-दिनको जीवनमा मण्डली व्यावहारिक तवरले अलग पारिँदै जानु छ। यसैले मण्डलीको नैतिक र आत्मिक तयारी हुँदैछ – एउटा यस्तो प्रक्रियाद्वारा, जुन प्रक्रिया त्यस परिष्कार समान छ, जुन परिष्कारचाहिँ एस्तारका निम्ति राजा अहासूरसकहाँ प्रस्तुत हुने पालो आउनुभन्दा अगाड़ि एक वर्षसम्म तिनलाई सुन्दर बनाउन अपनाइएको थियो (एस्तार २ः१२-१६)। पवित्रीकरणचाहिँ वचनद्वारा जलको स्नानको रूपमा हुँदैछ। यहाँ हामी यसको साधारण परिभाषा दिन्छौंः ख्रीष्ट-विश्वासीहरूको जीवन तब शुद्ध पारिन्छ, जब उनीहरूले ख्रीष्टका वचनहरू सुन्छन् र तिनलाई पालन गर्छन्। यसकारण प्रभु येशूले आफ्ना चेलाहरूलाई यसो भन्नुभयोः *'मैले तिमीहरूलाई भनेको वचनद्वारा तिमीहरू शुद्ध भइसकेका छौ'* (यूहन्ना १५ः३)। अनि

महापूजाहारीको रूपमा चढ़ाउनुभएको प्रार्थनामा उहाँले पवित्र पार्ने यस पवित्रीकरणको सम्बन्ध वचनसित यसरी जोड्नुभयो: *'आफ्नो सत्यताद्वारा तिनीहरूलाई पवित्र पार्नुहोस्; तपाईंको वचन सत्य हो'* (यूहन्ना १७:१७)। जसरी ख्रीष्टको रगतले एकैपल्टमा हामीलाई हाम्रा पापको सबै दोषबाट शुद्ध पार्छ र हाम्रा पापको सजाय सम्पूर्ण रूपले मेटाइदिन्छ, त्यसरी नै परमेश्वरको वचनले निरन्तर हामीलाई पापको कलङ्क लागेको र मैला भएको देखि पखाल्छ र शुद्ध पार्छ। यस खण्डको शिक्षाअनुसार वर्तमान समयमा मण्डलीको स्नान भइरहेको समय रहेछ; अनि त्यसको स्नान वास्तविक पानीमा हुने होइन, तर परमेश्वरको वचनरूपी पानीमा हुँदो रहेछ। शुद्ध पार्ने माध्यम परमेश्वरको वचन हो।

**एफेसी ५:२७:** बितेको समयमा हामीलाई मोल तिरेर छुटाउनु-भएकोमा ख्रीष्ट येशूको प्रेम प्रकट भएको थियो भने र वर्तमान समयमा उहाँको प्रेम हाम्रो पवित्रीकरणमा प्रकट हुन्छ। तर भविष्यमा उहाँको प्रेम हाम्रो महिमा-प्राप्तिमा प्रकट हुनेछ। किनभने *'उहाँले त्यसलाई महिमित मण्डलीको रूपमा आफ्नो सामु उपस्थित गराउनुहुनेछ, जसमा दाग वा चाउरी वा यस्तै अरू कुनै कुरा हुँदैन, तर त्यो पवित्र र निष्कलङ्क हुन्छ।'* त्यस बेलामा मण्डली आफ्नो सुन्दरताको चरमसीमामा र आफ्नो आत्मिक सिद्धता र सम्पूर्णतामा आइपुग्नेछ।

यस सम्बन्धमा श्री ए. टी. पीयर्सनले यसो भन्दै उद्घोषणा गरेका छन्:

> 'यसको विषयमा सोच्नुहोस्! जब सबै कुराहरू जान्नुहुनेले अन्त्यमा हामीमाथि आफ्नो दृष्टि लगाउनुहुनेछ, तब उहाँले हाम्रो अनुहारमा आफ्नो विशुद्ध पवित्रतासित नमिल्ने कोठी, डन्डीफोर, बिमिराजस्तो कुनै पनि दाग भेट्टाउनुहुनेछैन। कति गजबको कुरा!!' 38)

अनि यसमा श्री एफ. डब्ल्यू. ग्राण्टले आफ्नो सहमति यस प्रकारले व्यक्त गरेका छन्:

> 'त्यस बेलामा मण्डलीमा बुढ़्यौलीको कुनै चिन्ह देखिनेछैन, त्यसको कमी केही पनि हुनेछैन। तब त्यसको अनन्त यौवनको लालिमाले हाम्रा

प्रभुलाई अनन्त-अनन्तसम्म पूरा तृप्त पार्नेछ; किनकि त्यसको सिद्ध शोभाप्रति उहाँको रागको आगो कहिल्यै कम हुनेछैन, क्षीण हुनै सक्नेछैन; किनभने त्यस बेलाको मण्डली पवित्र र निष्कलङ्क हुनेछ। परमेश्‍वर पाप र दुष्टतामाथि आफ्नो प्रतापी विजय अवश्य कायम राख्नुहुन्छ भन्ने कुरा हामीले नजानेका भए मण्डलीको इतिहासको धेरथोरै जानकारी भएपछि यस प्रकारको कुरा पढ्न हामीलाई कति अनौठो लाग्नेथियो।’ 39)

**एफेसी ५ः२८ः** माथि उड़ेर पावलले मण्डलीका निम्ति ख्रीष्टको प्रेमको भव्य कीर्ति-गाथा गरेपछि तिनी अब फर्केर आउँछन्, र यसो भन्दै पतिहरूलाई त्यस्तै प्रेमको अनुसरण गर्ने आह्वान दिन्छन्ः *‘यसरी नै पतिहरूले आ-आफ्ना पत्नीहरूलाई आफ्नै शरीरहरूलाई झैं प्रेम गर्नुपर्छ।’* ख्रीष्ट येशूको प्रेमको देखासिकी गर्दा पतिहरूले आफ्ना पत्नीहरूलाई आ-आफ्नो शरीर सम्झेर प्रेम गर्नुपर्दो रहेछ।

ग्रीक भाषाको कुरा होः एफेसी ५ः२२-३३ पदको खण्डमा ‘आफ्नो’ भन्ने शब्द छ पल्ट पाइन्छ। परमेश्‍वरका जनहरूका निम्ति एक पतिकी एकै पत्नी र एक पत्नीको एकै पतिको एकविवाह परमेश्‍वरको इच्छा रहेछ भन्ने कुरा यस ‘आफ्नो’ शब्दको जोड़दार प्रयोगबाट बुझिन्छ। पुरानो नियमको समयमा बहुविवाहको चलन त थियो, तर परमेश्‍वरले यसको अनुमोदन कहिल्यै गर्नुभएको थिएन; उहाँले यो चलन सहनुभयो, बस् यति।

पावलले पति-पत्नीको बीचको घनिष्ठ सम्बन्ध विभिन्न तरिकाले बयान गरेकोमा हामीलाई अचम्म लाग्छ। तिनले यसो भनेका छन्ः

**क)** एफेसी ५ः२८[क]ः जसले आफ्नी पत्नीलाई प्रेम गर्छ, उसले आफ्नो शरीरलाई प्रेम गरेको हुन्छ।

**ख)** एफेसी ५ः२८[ख] र ३३ः जसले आफ्नी पत्नीलाई प्रेम गर्छ, उसले आफूलाई प्रेम गर्छ।

**ग)** एफेसी ५ः२९ः जसले आफ्नी पत्नीलाई प्रेम गर्छ, उसले आफ्नो मासुरूपी शरीरलाई प्रेम गर्छ।

विवाहको सम्बन्धद्वारा दुईजना व्यक्तिहरू साँच्चै एक भएका छन्; दुईजना एउटै शरीर भएका छन्। यसकारण जुन पतिले आफ्नी पत्नीलाई

प्रेम गर्छ, त्यही पतिले आफूलाई प्रेम गरेको हुन्छ। यो सत्य र वास्तविक कुरा हो।

**एफेसी ५ः२९ः** हरेक मानिसमा आफ्नै शरीरको ख्याल गर्ने सहज-ज्ञान छ। यसकारण मानिसले आफ्नो शरीरको पालनपोषण गर्छ, त्यसलाई लुगा लगाइदिन्छ र नुहाइधुवाइ गर्छ। मानिसले आफ्नो शरीरलाई दुःख-कष्ट, पीड़ा र हानि भोग्नुबाट रक्षा गर्छ। मानिसको शरीरको उत्तरजीवन त्यसको वास्ता गरेको फल हो। मानिसले आफ्नो शरीरको ख्याल गरेको यो वास्ताचाहिँ प्रभुले मण्डलीलाई कति वास्ता गर्नुहुन्छ, सो कुरा देखाउने फिका, धमिलो छाया मात्र हो।

**एफेसी ५ः३०ः** *'किनकि हामी उहाँकै शरीरका अङ्गहरू हौं।'* परमेश्वरको अनुग्रह कति अचम्मको छ!! आफ्नो अनुग्रहमा उहाँले हामीलाई पाप र नरकबाट बचाउनुभएको छ; यति मात्र होइन, तर उहाँले हामीलाई ख्रीष्टमा पनि गाभ्नुभएको छ; यसरी हामी उहाँको अलौकिक शरीरका अङ्गहरू भएका छौं। उहाँले हामीलाई कहाँसम्म प्रेम गर्नुभएको छ, यसको बलियो प्रबल प्रमाण यही हो। उहाँले हामीलाई आफ्नै शरीरलाई जस्तै गरी स्याहार-सुसार गर्नुहुन्छ। कति वास्ता! उहाँले हाम्रो पालनपोषण गर्नुहुन्छ, उहाँले हामीलाई पवित्र पार्नुहुन्छ; उहाँले हामीलाई तालिम दिनुहुन्छ। उहाँमा हामी कति सुरक्षित छौं! आफ्ना शरीरका अङ्गहरू साथमा नभई उहाँ स्वर्गमा बस्नै सक्नुहुन्न। उहाँसित हाम्रो एकीकरण भएको छ; उहाँ र हामी – दुवैमा एउटै जीवन छ। अनि जुन कुराले शरीरका अङ्गहरूलाई असर गर्छ, त्यही कुराले शरीरको शिरलाई पनि असर पारिहाल्छ।

**एफेसी ५ः३१ः** यस ठाउँमा प्रेरित पावलले उत्पत्ति २ः२४ पद उद्धृत गर्छन् र विवाहको सम्बन्धमा शुरुमा परमेश्वरको उद्देश्य के थियो, सो प्रस्तुत गर्छन्। पहिले, आफ्नो बुबाआमासित जुन सम्बन्ध छ, त्यस सम्बन्धको स्थानमा पुरुषका निम्ति त्योभन्दा उच्च कर्तव्यप्रति विश्वासी रहने जिम्मेवारी आएको छः ऊ आफ्नो पत्नीप्रति विश्वासी रहनुपरेको छ। वैवाहिक सम्बन्दको उच्च आदर्श व्यवहारमा ल्याउने स्थानमा आइपुग्नलाई

ऊ आफ्ना बुबाआमालाई छोड़िजान्छ र आफ्नी पत्नीसँग मिलिरहन्छ। दोस्रो कुराः पति र पत्नी एउटै शरीर भएका छन्। दुईजना व्यक्तिको एकीकरण वास्तविक हो। यी दुईवटा आधारभूत तथ्यहरूमाथि ख्याल राखेमा ससुरालीका झमेलाहरू र वैवाहिक झगड़ा मेटिजानेछन्।

**एफेसी ५ः३२ः** *'यो त एउटा ठूलो रहस्य हो, तर म ख्रीष्ट र मण्डलीको विषयमा बोल्दछु।'* अब पावल विवाहको सम्बन्धमा आफ्नो तर्कको चरमसीमामा आइपुगेका छन्; किनभने तिनले अघि कहिल्यै नजानिएको एउटा उदेकको सत्यता पेश गर्छन्ः पतिका निम्ति पत्नी जे हो, ख्रीष्टका निम्ति मण्डली त्यही हो।

जुन कुरालाई पावलले ठूलो रहस्य भनेका छन्, त्यस कुरामा हामीले अति गुप्त, निगूढ़ कुरा बुझ्नुहुँदैन। तर तिनले भनेको तात्पर्य के हो भने, यहाँ पेश गरिएको सत्यताले धेरै क्षेत्रमा हाम्रो व्यवहार प्रभावित पार्छ; यसको प्रभाव ठूलो हो। त्यो दिव्य उद्देश्य रहस्य भनिन्छ, जुन अद्भुत उद्देश्य बितेका युगहरूभरि परमेश्वरमा लुकिएको थियो, तर अब प्रकट भएको छ। अनि त्यो उद्देश्य यस प्रकारको छः अन्यजातिहरूबाट उहाँले कति मानिसहरूलाई बोलाउँदै हुनुहुन्छ, जुन मानिसहरू उहाँको महिमावान् पुत्रका निम्ति एउटा देह र उहाँका निम्ति एउटी दुलही बन्छन्। यसरी विवाहको सम्बन्धले ख्रीष्ट र मण्डलीको सम्बन्धमा आफ्नो सिद्ध प्रतिरूप पाएको छ।

*प्रभुसित आत्मामा एक भएको मतलब यही होः*
*जुन मण्डलीका निम्ति प्रभु येशूले आफ्नो रगत बगाउनुभयो,*
*त्यस मण्डलीलाई महिमावान् प्रभुले आफ्नो शरीर र आफ्नै दुलही ठान्नुहुन्छ।*
*श्रीमत्ती मेरी बोउली पिटर्स*

**एफेसी ५ः३३ः** यहाँ यस अध्यायको अन्तिम पदमा एकै वाक्यद्वारा प्रेरित पावलले पतिहरू र पत्नीहरूलाई भन्न खोजेको कुराको सार प्रस्तुत गरिएको छ। पतिहरूका निम्ति अर्ती यस प्रकारको छः *'पतिहरूहो, तिमीहरूमध्ये हरेकले आफ्नी पत्नीलाई आफैलाई झैं प्रेम गरोस्!'* यसमा कसैलाई छुट दिइएको छैन। पत्नीलाई आफूलाई झैं प्रेम त गरिएला, तर

के यसो गर्दा पत्नी आफूसित एक भएको कुरा पतिले बुझेको छ? पत्नीहरूका निम्ति पावलको अर्ती यस प्रकारको छः *'पत्नीले आफ्नो पतिको आदर गरोस्!'* पतिको आदर गरेमा उसले निरन्तर उनको आज्ञापालन पनि गरोस्! अब एकक्षण घोरिएर सोच्नुहोस्! तपाईंले कल्पना गर्न सक्नुभयो भने, वर्तमान समयमा ख्रीष्टीय लोकहरूले यी दिव्य अर्तीहरू पालन गरेका भए उनीहरूको हालत केकस्तो हुनेथियो, सो कल्पना गर्नुहोस्! तब लोग्ने-स्वास्नीको बीचमा कुनै झगड़ा-रगड़ा हुनेथिएन, कुनै बिछोड़ हुनेथिएन, कुनै विवाहको सम्बन्ध-विच्छेद हुनेथिएन; अनि हाम्रा घरपरिवारहरूले स्वर्गको पूर्वस्वाद गर्नेथिए-दिनेथिए। के हाम्रो घरपरिवारले यस प्रकारको स्वर्गको पूर्वस्वाद दिन सक्यो त? दिन सकेको छैन भने, किन सकेको छैन, यसको उत्तर यहाँ छ।

**एफेसी ६:१:** पाँच अध्यायमा हामीले के सिक्यौं भने, आत्माले भरिएको मानिसहरूले आफूलाई एक-अर्काको अधीनतामा सुम्पन्छन्। पवित्र आत्माको भरपूरीको एउटा नतिजा यो हो। उदाहरणको लागि, आत्माले भरिएको पत्नी आफ्नो पतिको अधीनतामा बस्छे। अनि अबचाहिँ आत्माले भरिएका छोराछोरीहरूको कुरा आयो। तिनीहरूले राजीखुशीले आफूलाई आफ्ना बुबाआमाको अधिकारमनि सुम्पन्छन्। यस सम्बन्धमा सबै छोराछोरीहरूका निम्ति आधारभूत नियम एउटै होः तिनीहरूले प्रभुमा आफ्ना बुबाआमाको आज्ञापालन गर्नुपर्छ। छोराछोरीहरू ख्रीष्ट-विश्वासी हुन् कि होइनन् अथवा तिनीहरूका बुबाआमाहरू ख्रीष्ट-विश्वासीहरू हुन् कि होइनन्, यसमा कुनै पर्बाह छैन। बुबाआमा-छोराछोरीहरूको सम्बन्धमा दिइएको नियम सबै मानिसहरूका निम्ति लागू गरिएको छ, ख्रीष्ट-विश्वासीहरूका निम्ति मात्र होइन।

'प्रभुमा बुबाआमाको आज्ञापालन गर्नु' भनेको अर्थ दुई किसिमको बुझिन्छ। एक, जब छोराछोरीहरूले बुबाआमाको आज्ञा पालन गर्छन्, तब तिनीहरूले प्रभुको आज्ञापालन गरेको मनसायले यसो गर्नुपर्छ। बुबाआमाप्रति तिनीहरूको आज्ञाकारिता प्रभुप्रति जस्तै आज्ञाकारिता हुनुपर्छ। दुई, तिनीहरूले परमेश्वरको इच्छाअनुसार भएका सबै कुराहरूको

सम्बन्धमा बुबाआमाको आज्ञापालन गर्नुपर्छ। यसर्थ तिनीहरूका बुबाआमाले तिनीहरूलाई पाप गर्ने आदेश दिन्छन् भने तिनीहरू यस आज्ञाप्रति आज्ञाकारी हुनुपर्दैन। यस अवस्थामा तिनीहरूले नम्रतापूर्वक बुबाआमाको आदेश अस्वीकार गर्नुपर्छ, अनि यसको परिणाम जेजस्तो भए पनि तिनीहरूले विनम्रतासाथ यो सहनुपर्छ र कुनै प्रतिकार गर्नुहुँदैन। तर अरू सबै अवस्थाहरूमा तिनीहरू आज्ञाकारी हुनुपर्छ।

बुबाआमाप्रति आज्ञाकारी हुनुपर्ने चारवटा कारण दिइएका छन्। एक, *'किनकि यो उचित छ।'* पारिवारिक जीवनको व्यवस्थाको एक आधारभूत नियम यो होः छोराछोरीहरू जो अपरिपक्व छन्, जो चञ्चल र आवेगशील हुन्छन्, र जो अनुभावी हुँदैनन्, तिनीहरू बुबाआमाको अधिकारमनि बस्नैपर्छ, जुन बुबाआमाहरू तिनीहरूभन्दा उमेरदार र बुद्धिमान् हुन्छन्।

**एफेसी ६ः२ः** दुई, किनकि यो बाइबलीय छ। यहाँ पावलले प्रस्थान २०ः१२ पद उद्धृत गर्छन्, जहाँ यसो लेखिएको छः *'आफ्ना बुबा र आफ्नी आमालाई आदर गर!'* (तपाईंले व्यवस्था ५ः१६ पद पनि हेर्नुहोला)। बुबाआमाको आदर गर्ने यो आज्ञा दस आज्ञाहरूभित्र पर्छ, र त्यस आज्ञामा विशेष आशिषको प्रतिज्ञा पनि जोड़िएको छ; अरू आज्ञाहरूमा यस प्रकारको आशिषको प्रतिज्ञा छैन। तब आफ्ना बुबाआमाहरूलाई आदर र प्रेम किन नगरौं? उनीहरूको आज्ञापालन किन नगरौं? यो अवश्य गर्नैपर्छ।

**एफेसी ६ः३ः** तेस्रो कारण यस प्रकारको छः *'... र तिम्रो भलाइ हुनेछ;'* किनभने यो छोराछोरीहरूको हितको लागि हो। आफ्नो बुबा-आमाबाट कुनै अर्ती र कुनै सुधार नपाएको छोरा वा छोरीलाई कल्पना गर्नुहोस्! त्यस छोरा वा त्यस छोरीको हालत कस्तो हुन्छ होला, सो विचार गर्नुहोस्! यस प्रकारको छोराछोरी कति अभागी र दुःखी हुनेथियो, र समाजका निम्ति असहनीय हुनेथियो!

चौथो कारण यसो दिइएको छः *'... र यस पृथ्वीमा तिम्रो आयु लामो हुनेछ।'* बुबाआमाप्रति आज्ञकारी छोराछोरीको जीवन सम्पूर्ण हुनेछ। पुरानो नियमको समयमा यहूदी बुबाआमाको छोराछोरी आफ्नो आज्ञापालन गरेको

फलस्वरूप आयुष्मान् हुन्थ्यो। तर सुसमाचारको यस युगमा यो नियम अपवादहरूविना हुँदैन। किनकि छोराछोरीको आज्ञाकारिता र उसको दीर्घआयुको बीचमा सधैं सम्बन्ध रहँदैन रहेछ। अँ, अनुशासित छोराछोरीको अकालिक मृत्यु हुनु सम्भव छ। तर सामान्य हिसाबले कुरा साँचो छः अनुशासन र आज्ञाकारितायुक्त जीवनले स्वास्थ्य र दीर्घआयुलाई साथ दिन्छ, तर लापरवाह, दुःसाहस र विद्रोहले युक्त जीवनको प्रायः अकालिक अन्त हुँदो रहेछ।

**एफेसी ६:४:** यतापट्टि छोराछोरीहरूका निम्ति पावलका आदेशहरू छन्, उतापट्टि बुबाहरूका निम्ति तिनको यो सल्लाह छः तिनीहरूले हददेखि बाहिरका मागहरू गरेर, चाहिँदोभन्दा बढ़ी कड़ाकड़ी र निरन्तर कचकचद्वारा हैरान पारेर आफ्ना छोराछोरीहरूलाई रिस उठाउनुहुँदैन। तर छोराछोरीहरूलाई प्रभुको अनुशासन र चेताउनीमा हुर्काउनु-बढ़ाउनुपर्छ। अनुशासन भन्नाले तह लगाउनु वा ताड़ना दिनु हो। ताड़ना मुखले गरिन्छ, तर शारीरिक ताड़ना पनि हुन्छ। चेताउनी भन्नाले होशियार गराउनु, हप्की, धम्की र गाली दिनु हो। छोराछोरीहरूको अनुशासन प्रभुमा हुनुपर्छ, अर्थात् उहाँको इच्छाअनुसार हुनुपर्छ, पवित्र बाइबलमा प्रकट गरेअनुसार हुनुपर्छ, उहाँको प्रतिनिधि भएर गर्नुपर्छ।

श्रीमती सुसन्ना वेस्ली जोह्न र चार्लस् लगायत सत्रजना छोरा-छोरीहरूकी आमा थिइन्; तिनले यसो लेखेकी छिन्ः

> 'आफ्नो छोराछोरीमा भएको हठ वशमा ल्याउने प्रयत्न गर्ने बुबा-आमाले परमेश्वरलाई साथ दिन्छन्, जसले त्यस छोराछोरीको आत्मा बचाउन र त्यसको नवीकरण गर्न चाहनुहुन्छ। तर जुन बुबाआमाले आफ्नो छोराछोरीलाई पुलपुलाएर जिद्दी गर्न दिन्छन्, ती बुबाआमाले शैतानको काम पो गर्छन्, र इसाईधर्म व्यावहारिक तुल्याउँदैनन्; यस्तो छोराछोरीले मुक्ति पाउनु असम्भव भएको देखिन्छ। बुबाआमाको यस प्रकारको गलत मायाले तिनीहरूको छोराछोरीको आत्मा, प्राण र शरीर अनन्तसम्म नष्ट पार्नुमा ठूलो भूमिका खेल्छ।' [40)]

**एफेसी ६:५:** ख्रीष्टीय घरपरिवारमा कसले आफूलाई कसको अधीनतामा राख्नुपर्ने सिलसिलामा तेस्रो र अन्तिम क्षेत्र यो होः दासहरू आफ्ना मालिकहरूको अधीनतामा बस्नुपर्छ। पावलले यहाँ प्रयोग गरेको दासको शब्दको अर्थ जुनसुकै नोकरचाकर, अँ, रोजगार, नोकरी, जागिर खाने जुनसुकै कामदार र कर्मचारी लागू हुन्छ।

पहिलो कुराः कामदारहरूले शरीरअनुसार तिनीहरूका मालिक-हरूप्रति आफ्नो कर्तव्य पूरा गर्नुपर्छ। *'शरीरअनुसार तिमीहरूका मालिकहरू'* भन्ने उपवाक्यले हामीलाई के याद दिलाउँछ भने, हामीलाई काममा खटाउने मालिकहरूको अधिकार शारीरिक र मानसिक कामको क्षेत्रमा मात्र हुँदो रहेछ। तिनीहरूले हामीलाई आत्मिक कुराहरूको सम्बन्धमा आदेश दिन र हाम्रो विवेकमाथि अधिकार जमाउन पाउँदैनन्।

दोस्रो कुराः कामदार र नोकरहरूले आफ्ना मालिकहरूको आदर गर्नुपर्छ। *'डराउँदै र काम्दै'* भनेको मतलब डरले लुत्रुक्क परेर जीहजुरी गर्नु र आफूलाई नीच सम्झनु होइन; तर यसको खास अर्थ इमानदार र कर्तव्यनिष्ठा भएर आफ्ना मालिकहरूको आदर-सम्मान गर्नु, अनि आफ्नो प्रभुलाई वा काम खटाउने आफ्नो मालिकलाई कतै बेखुशी तुल्याउँछु कि भन्ने डर राख्नु हो।

तेस्रो कुराः हामीले *'हृदयको सच्चाइअनुसार'* अर्थात् शुद्ध विवेकले काम गर्नुपर्छ। हामीले तलब त्यसै खानुहुँदैन, तर त्यसको योग्य, शत-प्रतिशत काम गर्नुपर्छ।

त्यसपछि हामीले गरेको काम सधैं ख्रीष्टकै निम्ति गरेझैं हुनुपर्छ। के तपाईंले याद गर्नुभयो ? साधारण काम पनि पवित्र हुँदो रहेछ; अपवित्र मान्नुपर्ने काम केही पनि छैन रहेछ। यसो हो भने, जे हामी गर्दछौं, यो सबै हामीले उहाँका निम्ति गर्नुपर्छ; यसर्थ काम गरेर हामी उहाँलाई खुशी पारौं, उहाँलाई आदर दिऔं र मानिसहरूको मन उहाँतिर खिचौं ! मामुलीभन्दा मामुली र साधारणभन्दा साधारण कामहरू परमेश्वरको महिमाका निम्ति गरेमा ती कामहरूको मान र गौरव बढ्छ – अँ, भाँड़ाहरू धुने कामको मान पनि बढ्छ है ! ! यसकारण कति गृहस्थी दिदीबहिनीहरूले भाँड़ाहरू धुने

ठाउँदेखि मास्तिर निम्न आदर्श-वाक्य झुन्ड्याएका छन्: 'यहाँ दिनमा तीनैपल्ट परमेश्वरको सेवा भइरहेको छ।'

**एफेसी ६ः६ः** हामीले सधैं मेहनत गर्नुपर्छ; हामी सदैव कर्मठ हुनुपर्छ – मालिकका आँखाहरूको सामु मात्र होइन; किनभने हाम्रा मालिक सधैं हेरिरहनुहुन्छ। के हामी यो महसुस गर्छौं? मालिक उपस्थित नहुँदा काम गर्ने जोश र जागर घट्नु स्वाभाविक कुरा हो। तर यस प्रकारको व्यवहार इमानदार भन्न मिल्दैन। आफ्ना नाइके नजिक-टाढ़ो भएकोमा ख्रीष्ट-विश्वासीको काम गर्ने तामेल के पर्बाह? त्यसमा ज्वार-भाटा, घटबढ़ हुनु, कसरी?

कुनै एउटा पसलमा यस प्रकारको घटना घटेछः एकजना ग्राहकले त्यस पसलमा काम गर्ने ख्रीष्ट-विश्वासी बिक्रेतालाई यसो भनेछः 'तपाईंको मालिक अहिले हेर्नुहुन्न; मलाई यसको अलि थपिदिनुहोस्!'; यसो भनेर त्यसले तिरेको भन्दा बढ़ता पाउने चेष्टा गर्‍यो। तर यी विश्वासी बिक्रेताले त्यस मानिसलाई उत्तर दिएः 'होइन, हजुर! मेरा मालिक सधैं, अहिले पनि हरिरहनुहुन्छ।'

हामी ख्रीष्टका दासहरू हौं; यसैकारण हामी *'हृदयदेखि नै परमेश्वरको इच्छा पूरा गर्ने'* हुनुपर्छ। यस विषयमा श्री चार्लस आर. एर्डम्यानले यसो भनेका छन्:

> 'यस प्रकारको दृष्टिकोण लिएर हाम्रो परिश्रमको इज्जत साह्रै बढ़ेछ! साधारण नोकर-चाकरले गर्ने सानोतिनो कामको मान तब बढ़्छ, जब त्यो काम ख्रीष्ट येशूलाई खुशी पार्ने गरी गरिन्छ, जब भलो चिताउने र प्रभुको स्याबासी पाउने हिसाबले हृदयभरिको जोश र तयारी मनको साथ त्यो काम गरिन्छ।' **41)**

**एफेसी ६ः७ः** त्यसपछि हामीले भलो इच्छाले काम गर्नुपर्छ। भित्रभित्रै रिसले चूर भएर बाहिर देखावटी नमनता देखाउन चल्दैन। जे हामी गर्छौं, त्यो हामीले तनमनले गर्नुपर्छ, खुशीसाथ र राजीखुशीले गर्नुपर्छ। सबै मालिकहरू उस्तै होइनन्; कतिजनाले साह्रै दमन गर्छन् र दुर्व्यवहार गर्छन्, अँ, तिनीहरू समझदार नहोलान्, तै पनि हामीले गर्ने

काम मानिसहरूका निम्ति होइन, तर प्रभुका निम्ति गर्न सकिन्छ। यस प्रकारको काम-गराइ अलौकिक व्यवहार हो, जुन प्रकारको व्यवहार हामीले गुजारा गरिरहेको संसारमा ठूलो सोरले बोल्छ।

**एफेसी ६ः८ः** जे हामी गर्छौं, त्यो प्रभुका निम्ति गरेझैं गर्नलाई प्रेरणा कहाँबाट आउँछ ? उहाँले हरेक असल कामको इनाम दिनुहुने आश्वासनले नै यसो गर्न हामीलाई ठूलो प्रेरणा दिन्छ। किनभने यस प्रकारका असल कामहरू जो पनि गर्न सक्छ, चाहे ऊ दास होस्, चाहे स्वतन्त्र; यसमा कुनै पर्बाह छैन। प्रभुले उहाँका निम्ति गरिएका हाम्रा सबै कामहरू ख्याल गर्नुहुन्छ, चाहे ती कामहरू मन पराउने, इच्छा लाग्ने किसिमका, अथवा मन नपराउने, इच्छा नलाग्ने किसिमका कामहरू किन नहोऊन्। उहाँले हरेक कामदारलाई इनाम दिनुहुनेछ।

दासहरूको सम्बन्धमा लेखिएको यो खण्ड छोड्नुभन्दा अघि हामी यस सम्बन्धमा यहाँ केही टिप्पणीहरू दिन्छौंः

**क)** नयाँ नियममा दास-प्रथा मनाही गरिएको छैन। वास्तवमा, एफेसी ५ः६ पदअनुसार ख्रीष्ट-विश्वासीचाहिँ ख्रीष्टको दासको रूपमा प्रस्तुत गरिएको छ। तर सुसमाचारको सन्देश जहाँ-जहाँ पुग्छ, त्यहाँ-त्यहाँ विशेष गरी नैतिक परिवर्तन र सुधारद्वारा दासत्वमा हुने दुरुपयोगहरू सबै हराउँदा रहेछन्।

**ख)** नयाँ नियममा राजाहरूका निम्ति होइन, तर दासहरूका निम्ति बढ़ी आदेशहरू लेखिएका छन्। यसमा धेरै बुद्धिमान्, धेरै बलवान् र धेरै धनवान् हुनेहरूले बोलावट नपाउलान् भन्ने सङ्केत छ (१ कोरिन्थी १ः२६)। प्रायः सबै ख्रीष्ट-विश्वासीहरू आर्थिक र समाजिक हिसाबले निम्न स्तरका हुन्छन्। तल्लो दर्जाका दासहरू ख्रीष्टमा भएका उत्तमभन्दा उत्तम आशिषहरूदेखि वञ्चित गरिएका छैनन्। दासहरूमाथि जोड़ गरिएको तात्पर्य यही होला।

**ग)** इसाईधर्मको शुरुका दिनहरूमा दासहरूलाई दिइएको शिक्षाको प्रभाव केमा देखियो ? दास-व्यापारमा इसाई दासदासी-

हरूको दाम अइसाई दासदासीहरूको भन्दा ज्यादा हुन्थ्यो। यो कुरा पनि वर्तमान समयमा सत्य हुनुपर्छः परमेश्वरको अनुग्रहको स्पर्श अनुभव नगरेका कर्मीहरूको भन्दा ख्रीष्ट-विश्वासी कामदारहरूको मूल्य उनीहरूका मालिकहरूका आँखामा ज्यादा हुनुपर्छ, होइन र ?

**एफेसी ६ः९ः** दासहरूलाई दिइएका सामान्य नियमहरू तिनीहरूका मालिकहरूमा पनि लागू हुन्छन्। तिनीहरू पक्षपाती हुनुहुँदैन, तर दयालु र इमानदार हुनुपर्छ। तिनीहरू दुर्व्यवहार गर्नदेखि होशियार बस्नुपर्छ; तिनीहरूले अपशब्द बोलेर र गाली गरेर धम्की दिन छोड्नुपर्छ। तिनीहरूले यस प्रकारले आफ्नो मुखमा लगाम लगाए भने, तिनीहरूले कहिल्यै आफ्ना दासहरूसित शारीरिक दुराचार गर्ने सहारा लिनुपर्दैन। स्वर्गमा तिनीहरूको पनि मालिक हुनुहुन्छ भन्ने कुरा तिनीहरूले कहिल्यै भुल्नुहुँदैन। तिनीहरूको र तिनीहरूका दासहरूको मालिक एकैजना हुनुहुन्छ। पृथ्वीमा हुने भेदभाव र भिन्नताहरू प्रभुको उपस्थितिमा सम्म पारिएका हुन्छन्। के मालिक, के दास, तिनीहरू सबैले एक दिन उहाँको सामु आ-आफ्नो लेखा दिनुपर्नेछ।

## ङ) एफेसी ६ः१०-२०ः आत्मिक लड़ाइँका निम्ति हातहतियाररूपी अर्तीहरू

**एफेसी ६ः१०ः** पावलको पत्र सिद्धिन लागेको छ। परमेश्वरको सम्पूर्ण घरानालाई सम्बोधन गर्दै तिनले उनीहरूलाई उत्तेजित पारेर ख्रीष्टका सिपाहीको भूमिका खेल्ने आह्वान गर्छन्। परमेश्वरको हरेक छोराछोरीले इसाई जीवन लड़ाइँको जीवन हो भन्ने कुरा छिटो सिक्छ। शैतानका फौजहरू ख्रीष्टको काममा बाधा दिने र त्यो रोकिराख्ने पक्षमा सुदृढ़ र समर्पित छन्। तिनीहरूले एक-एक सिपाहीलाई रणभूमिबाट हटाउने सकभर प्रयास गर्छन्। प्रभुका निम्ति प्रभावकारी र उपयोगी भएको विश्वासीले शत्रुका क्रूर हमलाहरू बढ़ी अनुभव गर्छ। शैतानले नामधारी इसाईहरूमाथि आफ्नो गोला-बारुद खर्च गर्दैन। अनि आफ्नो बल

र बुद्धिले हामी शैतानसित भिड्ने त्यसको योग्य जोड़ा बन्दैनौं। यसकारण लड़ाइँ गर्न तयार हुनलाई हाम्रा निम्ति पहिलो आज्ञा यो होः *'प्रभुमा र उहाँको बलको सामर्थ्यमा बलवान् होओ!'* आत्मिक लड़ाइँमा उहाँको शक्तिचाहिँ हाम्रो असीमित स्रोत हो। उहाँमा बलवान् हुनु अनिवार्य छ। परमेश्वरका सबैभन्दा असल सिपाहीहरू उनीहरू हुन्, जसले आफ्नो कमजोरी र आफ्नो अक्षमता जान्दछन् र महसुस गर्दछन्, अनि यसैले उहाँमाथि पूरा भरोसा गर्छन्। *'शक्तिशाली कुराहरूलाई शर्ममा पार्नका निम्ति परमेश्वरले संसारका कमजोर कुराहरू चुन्नभयो'* (१ कोरिन्थी १:२७[ख])। हाम्रो कमजोरीले उहाँको बलको सामर्थ्यको माग गर्छ।

**एफेसी ६:११ः** दोस्रो आज्ञाले ईश्वरीय हातयारहरूको आवश्यकता प्रकट गर्छ। किनभने शैतानका धूर्त चालबाजीहरूको विरुद्धमा खड़ा हुन सक्नलाई विश्वासीले परमेश्वरको सम्पूर्ण हतियार धारण गर्नुपर्छ। एक-दुई हतियारले पुग्दैन, हामीले सम्पूर्ण हतियार धारण गर्नुपर्छ। परमेश्वरले प्रबन्ध गर्नुभएको सम्पूर्ण शस्त्रले मात्र हामीलाई शैतानका विभिन्न प्रहारहरू लाग्नदेखि जोगाउँछ। शैतानका युक्तिहरू धेरै छन्, जस्तैः निराशा, हार, भ्रम, अन्योल, नैतिक पतन र भ्रान्तिपूर्ण झूटो शिक्षा आदि। त्यसले हाम्रो सबैभन्दा कमजोर कुरा के हो, सो जान्दछ र त्यो नै ताक्छ। त्यसले पहिलो युक्तिद्वारा हामीलाई निष्फल र निष्क्रिय तुल्याउन सकेन भने त्यसले दोस्रो युक्ति निकालिहाल्छ।

**एफेसी ६:१२ः** हाम्रो यो युद्ध भक्तिहीन दर्शनशास्त्रीहरू, चलाख धर्मगुरुहरू, ख्रीष्टलाई अस्वीकार गर्ने झूटा पन्थका सदस्यहरू अथवा ईश्वरको डर नमान्ने शासकहरूसँग गरिने मुकाबिला होइन। यो युद्धचाहिँ शैतानिक फौजहरूको विरोधमा, पतित स्वर्गदूतहरूका सेनाहरूको विरोधमा र शक्तिशाली दुष्ट आत्माहरूको विरोधमा पो छ। हामीले आफ्ना शत्रुहरूलाई देख्न सक्दैनौं, तर हाम्रो वरिपरि सधैं दुष्ट आत्माहरू छँदैछन्। हो, तिनीहरूले कुनै साँचो ख्रीष्ट-विश्वासीमा वास गर्नै सक्दैनन्, तर तिनीहरूले उसलाई थिच्न, पेल्न, दुःख दिन र सताउन सक्छन्। ख्रीष्ट-विश्वासीहरू दुष्ट आत्माहरूमाथि केन्द्रित जीवन जिउनुहुँदैन; उनीहरू

दुष्ट आत्माहरूसँग डराउनुहुँदैन। तिनीहरूका आक्रमणहरूको सामना गर्नलाई सक्षम हुन उनीहरूलाई परमेश्वरको शस्त्ररूपी हतियारको खाँचो पर्छ, बस् पुग्यो।

प्रेरित पावलले पतित स्वर्गदूहरूको परिभाषा यस प्रकारले दिन्छन्ः तिनीहरू प्रधानहरू र अधिकारीहरू, अँ, यस संसारका अँध्यारा शासकहरू हुन्। तिनीहरू आकाशी स्थानहरूमा भएका दुष्ट, आत्मिक शक्तिहरू हुन्। तिनीहरूको श्रेणीहरूको बीचमा छुट्ट्याउन हाम्रो ज्ञान सीमित छ। हुन सक्छ, यी दुष्ट आत्माहरूका शासकहरूका पनि विभिन्न ओहदाहरू छन् होला, जस्तै मानिसका शासन-अधिकारीहरूमा राष्ट्रपति, मन्त्री, राज्यपाल, नगर-महानगरपति वा गाउँबूढ़ा/पञ्चायतका मुख्य आदि हुन्छन्।

**एफेसी ६ः१३ः** हुन सक्छ, पावलले यो पत्र लेख्दाखेरि सशस्त्र रोमी सिपाहीले तिनलाई पहरा दिइरहेको थियो होला। आफ्नो वरिपरि भएको भौतिक संसारबाट तुरुन्तै आत्मिक पाठहरू देख्न सक्ने निपुण पावलले त्यो कुरा प्रयुक्त उपयोगमा ल्याउँछन्ः हामी शक्तिशाली शत्रुहरूले घेरिरहेका हुन्छौं; यसकारण हामीले परमेश्वरका सबै हतियारहरू उठाउनुपर्छ; तब हामी तिनीहरूको सामना गर्न सक्छौं, र घमासान युद्ध चल्ने बेलामा र धूमधाम भिड़न्त नसकेसम्म खड़ा रहन सक्नेछौं। खराब दिन भन्नाले सायद त्यो समय बुझ्नुपर्ला, जब शत्रु बाढ़झैं हामीमाथि आइलाग्छ। शैतानिक आक्रमणहरू छालझैं आउँदा रहेछन्, उर्लेर र फेरि साम्य भएर। अँ, उजाड़स्थानमा हाम्रा प्रभुको परीक्षा गरिसकेपछि शैतानले उहाँलाई केही समयका निम्ति छोड़्यो (लूका ४ः१३)।

**एफेसी ६ः१४ः** हाम्रा हतियारहरूमध्ये पहिलोचाहिँ सत्यताको कम्मरपेटी हो। निश्चय नै परमेश्वरको वचनको सत्यता कायम राख्नलाई विश्वासयोग्य हुनु हाम्रा निम्नि अनिवार्य हो। तर के सत्यताले हामीलाई पक्रेको छ? यसो हुनलाई हामीले आफ्नो दैनिक जीवनमा परमेश्वरको सत्यता व्यवहारमा उतार्नुपर्छ। हामी सबै कुराहरू सत्यताको कसीले जाँच्छौं भने लड़ाइँ चलेको बेलामा हामी बल पाउँछौं र सुरक्षित रहन्छौं।

दोस्रो हतियार धार्मिकताको कवच हो। हरेक ख्रीष्ट-विश्वासीलाई परमेश्वरको धार्मिकतारूपी वस्त्रले ढाकिरहेको छ (२ कोरिन्थी ५:२१); तर ऊ आफ्नो व्यक्तिगत जीवनमा इमानदार र निष्कपटी हुनुपर्छ। हामी यहाँ एकजना अज्ञान मानिसको कुरा सुनौं, जसले यसो भनेका छन्ः

> 'जब मानिसको आत्मिक पहिरन उसको व्यावहारिक धार्मिकताको वस्त्र हो भने ऊ अजेय हुन्छ। आरोपहरूको विरुद्ध हामी शब्दहरूमा शरण नलिऔं, किनकि हाम्रा शब्दहरूमा कुनै रक्षा छैन; यसका निम्ति एउटा असल जीवन चाहिन्छ; त्यसले लगाइएका आरोपहरू चुप पारिदिन्छ, ठीक पार्छ।'

परमेश्वर र मानिसहरूप्रति हामीले आफ्नो विवेक सधैं निर्दोष राख्न सक्नुपर्छ; तब शैतानले हामीमा ताक्न सक्ने निशाना पाउँदैन। भजन ७:३-५ पदको खण्डमा दाऊदले आफ्नो धार्मिकताको कवच धारण गरे। अनि प्रभु येशूले धार्मिकताको कवच सधैंभरि धारण गर्नुहुन्थ्यो (यशैया ५९:१७)।

**एफेसी ६:१५ः** सिपाहीका जुत्ता हुनुपर्छ। मेलमिलापको सुसमाचारको तयारी उसका जुत्ता हो। शान्तिको सुसमाचार लिएर हामी निस्केर जानुपर्छ। यहाँ यसको सुस्पष्ट सङ्केत हो। हामीले शत्रुका इलाकाहरूमाथि हमला गर्नुपर्छ। आफ्ना डेराहरूमा बिसाउनु हाम्रा निम्ति खतरा छ, घातक हो। हाम्रो सुरक्षा ख्रीष्ट येशूका सुन्दर पाउहरूको पछि लाग्नुमै छ, जसले डाँड़ाकाँड़ाहरू काट्दै शान्तिको सुसमाचार हामीलाई प्रचार गर्नुभयो र असल कुराहरूको शुभ सन्देश हामीकहाँ ल्याउनुभयो (यशैया ५२:७; रोमी १०:१५)।

> मेरा पाउहरू लिनुहोस्, प्रभु,
> ती पाउहरू तपाईंका निम्ति उपयोगी, फुर्तिला र सुन्दर होऊन्!
>
> श्रीमती फ्रान्सेस रिड्ली हवरगेल

**एफेसी ६:१६ः** अनि कम्मरपेटी, कवच र जुत्ताको साथमा सिपाहीले विश्वासको ढाल पनि उठाउनुपर्छ। त्यस ढालसित उसले उसलाई ताक्ने दुष्टका सबै अग्निवाणहरू निभाउन सक्छ। शत्रुले हान्न त हान्छ, तर ती

तीरहरू ढालमा ठोकिन्छन्, लाग्छन्, तर कुनै हानि नगरी भुइँमा खस्छन्। यहाँ विश्वासको ढाल भन्नाले प्रभुमाथि र उहाँको वचनमाथि गरिने त्यो निर्धक्क भरोसा हो। पापका दन्किरहेका परीक्षाहरूको बीचमा, परिस्थितिहरू प्रतिकूल भएको अवस्थामा, शङ्काहरूको भुमारीमा पर्दा, वा विश्वासको जहाज डुब्न खोज्दा विश्वासले आफ्नो शिर उठाउँछ र 'जेजसो भए पनि म परमेश्वरमाथि भरोसा राख्छु-राख्छु' भन्छ।

**एफेसी ६:१७:** परमेश्वरले बन्दोबस्त गर्नुभएको टोपचाहिँ मुक्ति हो (यशैया ५९:१७)। युद्ध जति घमासान किन नहोस्, ख्रीष्ट-विश्वासीले हार खानुपर्दैन; किनकि अन्तमा जित उसकै हुनेछ, निश्चित उसको हुनेछ; अनि उसले त्यो जान्दछ। अनि अन्तमा उसको छुटकारा सुनिश्चित भएको यस निश्चयताले गर्दा ऊ पछि हट्दैन, र आत्मसमर्पण गर्दैन। *'परमेश्वर हाम्रो पक्षमा हुनुहुन्छ भने हाम्रो विरोधमा को हुन सक्छ?'* (रोमी ८:३१)।

अन्तमा, सिपाहीले आत्माको तरवार उठाउँछ; आत्माको तरवार परमेश्वरको वचन हो। हाम्रा प्रभुले शैतानसित भिड्नुहुँदा यो तरवार कसरी चलाउनुभयो? हाम्रा निम्ति तरवारको सदुपयोगको ज्वलन्त उदाहरण यही हो। किनकि उहाँले तीनैपल्ट परमेश्वरको वचनको कुनै उचित खण्ड उद्धृत गर्नुभयो। उहाँले जथाभावी बाइबलका पदहरू प्रयोग गर्नुभएन, तर पवित्र आत्माले उहाँलाई एक-एक परिस्थितिअनुसार दिनुभएका उपयुक्त वचनहरू शत्रुको विरोधमा चलाउनुभयो (लूका ४:१-१३)। यहाँ, यस ठाउँमा परमेश्वरको वचन[42] को अर्थ पनि त्यही रहेछ। किनभने यहाँ ग्रीक भाषाको कुरा आयोः 'रेह्मा'को अर्थ सम्पूर्ण धर्मशास्त्र बाइबललाई सङ्केत गर्दैन, तर त्यसको कुनै विशेष खण्ड बुझ्नुपर्छ, जुन खण्ड हामीले सामना गर्नुपर्ने परिस्थितिलाई बढ़ी सुहाउँछ।

यस सिलसिलामा श्री डेविड वाट्सनले यसो भनेका छन्ः

'परमेश्वरले हामीलाई, हामीलाई जति पहरा चाहिन्छ, त्यति नै दिनुहुन्छ। हाम्रा प्रभुसितको हाम्रो चाल सत्यताको घेराभित्र रहनुपर्छ। परमेश्वरसित र एक-अर्कासित हाम्रो जीवन सठीक र निर्दोष हुनुपर्छ।

अनि जहाँ गए पनि हामीले शान्ति कायम राख्नुपर्छ; हामी मेलमिलाप गराउने हुनुपर्छ। दुष्टका अग्निवाणहरू निभाउनलाई हामी एकसाथ आफ्नो विश्वासको ढाल उठाऔं !' 43)

**एफेसी ६ः१८ः** प्रार्थनाचाहिँ यी हतियारहरूमध्ये एक त होइन; तर प्रार्थना ज्यादा महत्त्वपूर्ण हो। सिपाही जिउने वातावरण प्रार्थना हो, र उसको श्वास-प्रश्वास प्रार्थना हुनुपर्छ; यसो भनेर पनि प्रार्थनामाथि अत्युक्त जोड़ गर्नै सकिँदैन। किनकि प्रार्थना गरेर उसले हतियारहरू धारण गर्नुपर्छ, प्रार्थना गरेरै उसले शत्रुको सामना गर्नुपर्छ। प्रार्थना एउटा मनोभाव हुनुपर्छ। यसकारण प्रार्थना बेलाबखतमा गरिने कुरा मात्र हुनुहुँदैन, तर हाम्रो प्रार्थना अटुट हुनुपर्छ। प्रार्थना एउटा छुट्टै गतिविधि हुनुहुँदैन; प्रार्थना हाम्रो आदत हुनुपर्छ। हामी यो पनि भनिहालौं, कि सिपाहीले हर प्रकारको प्रार्थना गर्न जान्नुपर्छ, जस्तैः सामूहिक र व्यक्तिगत प्रार्थना, बेला र अबेलामा गरिने प्रार्थना, प्रार्थनाको निर्धारित समयमा गरिने र अन्तःप्रेरणाले गरिने प्रार्थना; निवेदन, पुकार र अन्तर्विन्ती-प्रार्थना; आफ्नो पाप स्वीकार गर्ने र आफूलाई विनम्र तुल्याइदिने प्रार्थना; स्तुति, प्रशंसा र धन्यवादको प्रार्थना आदि।

अनि हाम्रो प्रार्थना 'आत्मामा' गरिएको हुनुपर्छ। पवित्र आत्माको अगुवाइ र प्रेरणाअनुसार गरिएको प्रार्थना यही हो। हामीले नरकका सेनाहरूसित भिड़न्त गर्नुपर्दा सोचविचार केही नगरी केवल रटेर गरिएका प्रार्थनाहरूमा के अर्थ हुन्छ? प्रार्थना गर्दा हामी पूरा सतर्क र सचेत रहनुपर्छ। प्रार्थना गर्दा हामी निद्राले लट्ठिनुहुँदैन, हाम्रो मन बरालिनुहुँदैन र अन्य विषयहरूको चिन्ता गर्नुहुँदैन। प्रार्थना गर्ने मानिसमा आत्मिक उत्सुकता र जोश, सचेतता र ध्यान चाहिन्छ। अनि दृढ़तासाथ हामीले प्रार्थनामा लागिपर्नुपर्छ। हामीले मागिरहनु, खोजिरहनु र ढकढक्याइ-रहनुपर्छ (लूका ११ः९)। हामीले सबै पवित्र जनहरूका निम्ति अन्तर्विन्ती गर्नुपर्छ। किनकि उनीहरूले त्यही लड़ाइँमा सङ्घर्ष गरिरहेका छन्, अनि उनीहरूलाई सङ्गी-सिपाहीहरूबाट प्रार्थनाको सहयोगको खाँचो पर्छ।

**एफेसी ६:१९:** *'अनि मेरो निम्ति पनि'* भनेर पावलले आफ्नो व्यक्तिगत प्रार्थनाको विषय यहाँ पेश गर्छन् । यस विषयमा श्री डब्ल्यू. जी. ब्लाइकीले यस प्रकारको टिप्पणी गरेका छन्ः

'के तपाईंले यहाँ पावलको गैर-पूजाहारीको धारणा याद गर्नुभयो ? एफेससका सबै विश्वासीहरूका निम्ति पर्याप्त अनुग्रहको भण्डार तिनीसँग कहाँ थियो र ? होइन नि, तिनलाई उनीहरूको प्रार्थनाको खाँचो परेको थियो, यस हेतुले कि तिनलाई खाँचो परेको अनुग्रह तिनलाई एकमात्र जीवित प्रभुरूपी भण्डारबाट दिइएको होस् ।' [44)]

याद रहोस्, पावलले झ्यालखानाबाट यो कुरा लेख्दैथिए । तर 'छिटो जेलबाट मुक्त होऊँ' भन्ने तिनको विन्ती थिएन । तर यसो नगरेर तिनले 'सुसमाचारको रहस्य प्रकट गर्ने साहससित बोल्ने मुख र उचित बोलीवचन पाऊँ' भन्ने विन्ती गर्छन् । एफेसीहरूलाई लेखेको यस पत्रमा पावलले यहाँ अन्तिम पल्ट यस रहस्यको कुरा गर्छन् । किनकि सुसमाचारको रहस्यको खातिर तिनी जेलमा बसे । तर त्यसमा तिनलाई कुनै खेद थिएन । होइन, उल्टो तिनले सुसमाचारको रहस्य अझै पनि बढ़ी प्रचार-प्रसार गर्न चाहन्छन् ।

**एफेसी ६:२०:** राजदूतको कुरा आयो । साधारणतः राजदूतहरूका निम्ति पक्रा नपर्ने र जेलमा जानु नपर्ने राजनयिक स्वतन्त्रताको व्यवस्था छ । मानिसहरूले जे पनि सहन सक्छन्, तर ख्रीष्टको सुसमाचारचाहिँ सहन सक्दैनन् । अरू कुनचाहिँ विषयले मानिसहरूको बीचमा यति आवेग मच्चाउँछ र ? मुक्तिको सुसमाचारले कति वैरभाव र शङ्का, कति सतावट पैदा गर्छ । यसैकारण ख्रीष्टको प्रतिनिधि गर्ने पावलचाहिँ साङ्लाले बाँधिएको राजदूत हुन् । यस विषयमा श्री जोह्न इडीले सारा मजाले यसो भनेका छन्ः

'सर्वोच्च सर्वाधिकारीका यी राजदूत, जसले सर्वश्रेष्ठ र अत्यावश्यक कर्तव्य र कार्यभार पाएका थिए, र जससित आफ्नो सिफारिस गराउने र सुपरिचय दिने अकाट्य मौलिकता थियो, कसरी कैदमा थुनिए ?' [45)]

पावलले प्रचार गरेको सन्देशमा सङ्कीर्ण धर्मान्धहरूले ठेसठक्कर खाने मुख्य कारण यस खण्डमा थियोः विश्वास गर्ने यहूदीहरू र विश्वास गर्ने अन्यजातिका मानिसहरू अब एउटा नयाँ समाज बनेका छन्; उनीहरूले बराबर सौभाग्यहरू पाएका छन्; अनि उनीहरूले ख्रीष्टलाई आफ्नो शिर मान्दछन् ।

## च) एफेसी ६ः२१-२४ः प्रेरित पावलका विभिन्न व्यक्तिगत अभिवादनहरू

**एफेसी ६ः२१-२२ः** पावलले एफेससका पवित्र जनहरूलाई आफ्नो कामकुरा केकस्तो भइरहेको छ, सो जानकारी दिन तुखिकसलाई रोमबाट एफेससमा पठाए । तिनले *'प्रिय भाइ र प्रभुमा विश्वासयोग्य सेवक'* भनेर तुखिकसको सिफारिस गर्छन् । नयाँ नियममा हामी तुखिकसको विषयमा पाँच पल्ट पढ्न पाउँछौं । प्रेरित २०ः४ पदअनुसार उनी त्यस सङ्गी-यात्रीको टोलीमा थिए, जुन टोलीले ग्रीसदेखि एशियासम्म पावलसँग यात्रा गर्दैथियो । उनी प्रेरित पावलको सन्देशवाहक थिए, जसले एक समयमा कलस्सेमा भएका ख्रीष्ट-विश्वासीहरूकहाँ पावलको पत्र र खबर पुर्‍याए (कलस्सी ४ः७); अनि यही कामको सिलसिलामा उनी एफेससमा पनि पठाइए (एफेसी ६ः२१ र २ तिमोथी ४ः१२) । अनि हुन सक्छ, उनी क्रेटमा तीतसकहाँ पनि पठाइए (तीतस ३ः१२) ।

यसपालि उनको कार्यभार यस प्रकारको थियोः **क)** उनले एफेससका पवित्र जनहरूलाई कैदमा रहेका पावलको कुशलक्षेम सुनाउनुपर्‍यो, साथै **ख)** उनले उनीहरूका हृदयहरू सान्त्वना दिनुपर्‍यो; उनीहरूले पावलको विषयमा कुनै चिन्ता गर्नुपर्दैनथियो । तिनको विषयमा उनीहरूको डर अनावश्यक थियो ।

**एफेसी ६ः२३ः** यी अन्तिम पदहरूमा शान्ति र अनुग्रहको शुभेच्छारूपी पावलको अभिवादन छ । यस प्रकारको अभिवादन तिनको विशेषता थियो । शान्ति र अनुग्रहमा सबै आशिषहरू समावेश छन् । तिनले

आफ्ना पाठकहरूलाई सबै आशिषहरू पाउने शुभेच्छा गरेका छन्। शान्ति यहूदीको प्रमुख शब्द र अनुग्रह ग्रीकको प्रमुख शब्द भएको हुनाले हुन सक्छ, तिनले यी दुईवटा शब्द चलाएर सुसमाचारको रहस्यको अन्तिम अस्पष्ट सङ्केत गर्न खोजेका छन् कि, जुन रहस्यअनुसार यहूदीहरू र अन्यजातिका मानिसहरू अब ख्रीष्टमा एक भएका छन्? तेइस पदमा तिनले आफ्ना पाठकहरूलाई *'शान्ति र विश्वाससित प्रेम मिलोस्'* भन्ने शुभेच्छा टक्राउँछन्। शान्तिको पहरामा उनीहरूका हृदयहरूले जीवनको हरेक परिस्थितिमा रक्षा पाउनेछन्। प्रेमले उनीहरूलाई परमेश्वरको उपासना गर्न र एक-अर्कासँग मिलेर काम गर्न सक्षम तुल्याउनेछ। विश्वासले उनीहरूलाई आत्मिक युद्धमा ख्रीष्टका निम्ति वीरता देखाउने शक्ति दिनेछ। अनि यी सबै आशिषहरू परमेश्वर पिता र प्रभु येशू ख्रीष्टबाट आउँछन्। परमेश्वर पिता र प्रभु येशू ख्रीष्ट एकसमान हुनुपर्छ, नत्र ता यसो हुनु असम्भव छ।

**एफेसी ६:२४:** अन्तमा हामीलाई प्रिय भएका प्रेरित पावलले *'हाम्रा प्रभु येशू ख्रीष्टलाई चोखो मनले प्रेम गर्नेहरू सबैसित अनुग्रह भइरहोस्'* भन्ने शुभकामना टक्राउँछन्। प्रभु येशू ख्रीष्टका निम्ति हाम्रो प्रेम निर्मल, सच्च र चोखो हुनुपर्छ। साँचो ख्रीष्टीय प्रेममा स्थायित्व हुन्छ। यसको प्रेमको ज्वाला धिपधिप गर्ला, र कतै मधुरो भइजाला, तर यसको प्रेमको ज्वाला कहिल्यै निभ्दैन।

रोमको झ्यालखाना खालि भएको धेरै वर्ष भइसक्यो; किनकि त्यसको महान् कैदी अघिबाट त्यहाँबाट निस्के; हालैमा महान् प्रेरित पावलले स्वर्गमा आफ्नो इनाम उपभोग गर्दैछन्, र आफ्नो प्रिय प्रभुको अनुहार देख्नुमा मग्न भइरहेका छन्। तर तिनको यो पत्र अझ हामीसँग छ, यसको रस ताजा र आलो छ, त्यस दिनमा जस्तै, जब पावलको हृदय र कलमले यसको रचना गऱ्यो। एक्काइसौं शताब्दीमा पनि तिनको यो पत्र हामीसँग बोल्छ। यसका शिक्षा दिने शब्दहरूमा हाम्रा निम्ति कति प्रेरणा र कति हितकारी अर्ती हुन्छन्!! यो पत्र विश्वासको खानि हो।

हामी एफेसीहरूलाई लेखिएको पावलको पत्रको टिप्पणीको अन्तमा आइपुग्यौं। श्री एच. डब्ल्यू. वेब-पेप्लोएका निम्न शब्दसित हाम्रो राय पूरा मिल्छ, जसले यसो भनेका छन्ः

> ‘हाम्रो विचारमा, परमेश्वरको वचनमा एफेसीको पत्रजस्तै तेजस्वी र अजिव अरू कुनै लेख छैन होला। यसकारण हाम्रा निम्ति ठहराइएको ठाउँ र समयभित्र हामीले यसको उचित विवेचना र छानबिन गर्न सकेनौं; यसो गर्नु असम्भव छ। अनि परमेश्वरको कुनचाहिँ दास होलान्, जसले यसको पूरा व्याख्या गर्न सक्लान्? मलाई लाग्छ, यस्तो सक्षम र सुयोग्य व्यक्ति नै छैनन् होला। तर मलाई आशा छ, कि हामी यस पत्रद्वारा आकर्षित भयौं, यहाँसम्म कि हामी यस पत्रबाट पवित्रताको सम्बन्धमा शिक्षा पाउन खोज्नेछौं – यस्तो एउटा शिक्षा खोज्नेछौं, जुन शिक्षाले हामीलाई आजभन्दा बढ़ी चरित्रवान् र उच्च कोटिको जीवन जिउने प्रेरणा दिन्छ र हामीलाई परमेश्वरको महिमा गर्न सक्षम तुल्याइदिन्छ।’ 46)

## ENDNOTES:

**1)** Introduction: William G. Moorehead, Outline Studies in Acts and the Epistles, p. 214.

**2)** 1:3: Lewis Sperry Chafer, The Ephesian Letter, p. 74.

**3)** Excursus on election: W. G. Blaikie, ‘‘Ephesians,” Pulpit Commentary, XLVI:3.

**4)** 1:10: John G. Bellett, Brief Notes on the Epistle to the Ephesians, pp. 6, 7.

**5)** 1:17: R. W. Dale, The Epistle to the Ephesians; Its Doctrines and Ethics, p. 133.

**6)** 1:18: Both the oldest and the vast majority of existing mss. read hearts (lit. kardias, the singular), not understanding (dianoias). The marginal reading is thus undoubtedly correct.

**7)** 1:19: F. B. Meyer, Key Words of the Inner Life, p. 92.

**8)** 1:19: L. S. Chafer, Ephesian Letter, p. 57.

**9)** 1:20: F. B. Meyer, Key Words, p. 93.

**10)** 2:3: Ibid, p. 140.

**11)** 2:4: John Eadie, Commentary on the Epistle to the Ephesians, p. 141.

**12)** 2:5: A. T. Pierson, ‘‘The Work of Christ for the Believer,” The Ministry of Keswick, First Series, pp. 118-119.

**13)** 2:7: First Corinthians 13:12 and 1 John 3:2 are sometimes used to prove that we will be omniscient in heaven. However, the first reference deals only with recognition of one another in heaven and the second with moral and physical likeness to Christ.

**14)** 2:18: J. Eadie, Ephesians, p. 187.

**15)** 2:21: W. B. Blaikie, ‘‘Ephesians,” XLVI:68.

**16)** 3:1: Ruth Paxson, The Wealth, Walk and Warfare of the Christian, p. 57.

**17)** 3:4: W. B. Blaikie, ‘‘Ephesians,” XLVI:104.

**18)** 3:8: Ibid, XLVI:105, 106.

**19)** 3:9: The Greek word for stewardship or dispensation, especially in the large (uncial) letters of the earliest mss., could easily be mistaken for the similar-looking word for fellowship (cf. OIKONOMIA and KOINO÷NIA). The margin is correct; the traditional reading has very weak support.

**20)** 3:16: Jamieson, Fausset, and Brown, Commentary Practical and Explanatory on the Whole Bible, VI:408.

**21)** 3:17: W. Graham Scroggie, ‘‘Paul’s Prison Prayers,” the Ministry of Keswick, Second Series, p. 49.

**22)** 3:18: F. B. Meyer, Key Words, pp. 53, 54.

**23)** 3:21: George Williams, The Student’s Commentary on the Holy Scriptures, p. 925.

**24)** 4:2: Walter C. Wright, Ephesians, p. 85.

**25)** 4:10: F. W. Grant, ‘‘Ephesians,” The Numerical Bible, Acts to 2 Corinthians, VI:341.

**26)** 4:11: ‘‘Granville Sharp’s rule” states that in Greek two nouns of office, title or quality joined by kai (and), with only the first having the definite article, refer to the same person. A good example of this construction is ‘our God and Savior Jesus Christ” in 2 Peter 1:1, where the liberal RSV translators felt constrained by grammar to be stronger for the deity of Christ than even the King James Version. (The grammatical rule was not clearly defined till the late 1700’s.) In the plural, as here, the rule does not always apply, though the construction at least closely associates the two nouns (cf. Scribes and Pharisees etc.).

**27)** 4:12: Vance Havner, Why Not Just Be Christians, p. 63.

**28)** 4:15: W. B. Blaikie, ‘‘Ephesians,” XLVI: 150.

**29)** 4:19: W. C. Wright, Ephesians, p. 100.

**30)** 4:21: W.B. Blaikie, ‘‘Ephesians,” XLVI: 151.

**31)** 4:24: F. W. Grant, ‘‘Ephesians,” p. 344.

**32)** 4:32: R. C. H. Lenski, The Interpretation of St. Paul’s Epistles to the Galatians, to the Ephesians, and to the Philippians, p. 588.

**33)** 5:2: F. B. Meyer, The Heavenlies, p. 25.

**34)** 5:9: The NU text reads light (phoμtos) for Spirit (Pneumatos).

**35)** 5:13: W. B. Blaikie, ‘‘Ephesians,” XLVI: 209.

**36)** 5:13: Bishop Ellicott and Dean Alford preferred this translation.

**37)** 5:21: Charles R. Erdman, Ephesians, p. 106.

**38)** 5:27: A. T. Pierson, ‘The Work of Christ,” p. 138.

**39)** 5:27: F. W. Grant, ‘Ephesians,” VI:350.

**40)** 6:4: Quoted by William W. Orr in Bible Hints on Rearing Children, p. 19.

**41)** 6:6: C. R. Erdman, *Ephesians*, p. 119.

**42)** 6:17: Paul does not use the widely known word *logos* here, but *rheµma* (related to our word *rhetoric*), an expressed word or saying, here a specific ‘‘word” from God for a specific need. Sometimes *logos* and *rheµma* are virtually synonymous.

**43)** 6:17: David Watson, *Discipleship*,p. 183.

**44)** 6:19: W. B. Blaikie, “Ephesians,” XLVI: 260.

**45)** 6:20: J. Eadie, *Ephesians*, p. 480.

**46)** 6:24: Webb-Peploe, H. W. “Grace and Peace in Four Pauline Epistles,” *The Ministry of Keswick, First Series*, p. 69.

# BIBLIOGRAPHY


Bellett, John G. *Brief Notes on the Epistle to the Ephesians*. London: G. Morrish, not dated.

Blaikie, W. G. 'Ephesians," *Pulpit Commentary, Vol. XLVI*. New York: Funk & Wagnalls, not dated.

Chafer, Lewis Sperry. *The Ephesian Letter*. Findlay, Ohio: Dunham Publishing Company, 1935.

Dale, R. W. The Epistle to the Ephesians: Its Doctrine and Ethics. London: Hodder and Stoughton, 1893.

Eadie, John. *Commentary on the Epistle to the Ephesians*. Grand Rapids: Zondervan Publishing House, 1957.

Erdman, Charles R. *The Epistle of Paul to the Ephesians*. Philadelphia: Westminster Press, 1931.

Flint, V. Paul. *Epistle to the Ephesians: To the Praise of His Glory*. Oak Park, IL: Emmaus Bible School, n.d.

Meyer, Frederick Brotherton. Key Words of the Inner Life: Studies in the Epistle to the Ephesians. Fleming H. Revell Company, 1893.

_____. *The Heavenlies*. Westchester, IL: Good News Publishers, n.d.

Paxson, Ruth. *The Wealth, Walk and Warfare of the Christian*. New York: Fleming H. Revell Co., 1939.

Wright, Walter C. *Ephesians*. Chicago: Moody Press, 1954.

विलियम म्याक डोनाल्डका अन्य टिप्पणीहरू र अन्य आत्मिक पुस्तक-पुस्तिकाहरू तपाईंले हाम्रो निम्न web-page बाट डाउन-लोड गरेर पढ्न सक्नुहुन्छः www.nbcinepal.org

हामीसित सम्पर्क गर्न हाम्रो ठेगानाः nbcinepal@gmail.com

विलियम म्याक डोनाल्डका अरू किताबहरू यस प्रकारका छन्ः

**१) साँचो चेलापन**
**२) मामुली जीवनभन्दा उच्च जीवन**
**३) आफ्नो भविष्यको विषयमा सोच्नुहोस् !**
**४) प्रश्नमाथि प्रश्न - जवाफ कसले दिने ?**
**५) अब यो परमेश्‍वरको अचम्मको अनुग्रह**
**६) मेरो हृदय, मेरो जीवन र मेरो सबै थोक**
**७) त्यो बिर्सेको आज्ञाः पवित्र होओ !**
**८) मत्तीको सुसमाचारको टिप्पणी**
**९) मर्कूसको सुसमाचारको टिप्पणी**
**१०) यूहन्नाको सुसमाचारको टिप्पणी**
**११) रोमीको पुस्तकको टिप्पणी**
**१२) गलातीको पुस्तकको टिप्पणी**
**१३) हिब्रूहरूको पुस्तकको टिप्पणी**
**१४) याकूबको पुस्तकको टिप्पणी**
**१५) १ र २ पत्रुसका पत्र र यहूदाको पत्रको टिप्पणी**
**१६) १-३ यूहन्नाका पत्रको टिप्पणी**
**१७) प्रकाशको पुस्तकको टिप्पणी**

यी किताबहरू तपाईंले निम्न ठेगानाहरूबाट पाउन सक्नुहुन्छः

Maranatha Books and Stationaries
Chabahil Chowk
P.O. Kathmandu
Nepal
Phone No. 00977/9841275267 or 00977/14478738